# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS – NEPALI

## SEMESTER-II

# नेपाली निबन्ध साहित्य

## NEP (DE) -PG-C 202

# BLOCK – 1

**UNIVERSITY OF NORTH BENGAL**
Postal Address:
The Registrar,
University of North Bengal,
Raja Rammohunpur,
P.O.-N.B.U., Dist-Darjeeling,
West Bengal, Pin-734013,
India.
Phone: (O) +91 0353-2776331/2699008
Fax: (0353) 2776313, 2699001
Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in
Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.
This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# नेपाली निबन्ध साहित्य

## BLOCK-1

**एकाइ – 1, निबन्धको अर्थ, परिचय, परिभाषा र उद्भव ।........................7**

**एकाइ – 2, निबन्धको सङ्घटक तत्वहरू ।........................................43**

**एकाइ – 3, निबन्धका प्रकार ।.........................................................63**

**एकाइ – 4, निबन्धको गठन, भाषाशैली तथा निबन्धकै समरूप अन्य साहित्यक रचनाहरूका बारेमा सामान्य परिचय ।.............................104**

**एकाइ – 5, निबन्धको विधागत स्वरूप र यसका अन्य विधासित तुलनात्मक अध्ययन.....................................................................140**

**एकाइ – 6, नेपाली निबन्धको थालनी ,स्वरूप, विकास......................179**

**एकाइ –7 ,नेपाली निबन्धका मुख्य मुख्य प्रवृत्ति र चरणगत मोडहरू ।...................................................................................224**

## BLOCK-2

एकाइ – 8, नेपाली निबन्ध र निबन्धकारको अध्ययन ।

एकाइ – 9. प्रमुख नेपाली निबन्धकारका निबन्धमा पाइने मुख्य विशेषताहरू ।

एकाइ – 10, नेपाली निबन्धका प्रमुख उपविधाहरू प्रबन्ध, नियात्रा, दैनन्दिनी ।

एकाइ – 11, भारतीय नेपाली निबन्ध विकास परम्परा र केही प्रमुख भारतीय निबन्धकारहरूको अध्ययन ।

एकाइ – 12, नेपाली निबन्ध लेखन परम्परामा पत्र-पत्रिकाको योगदान ।

एकाइ – 13, नेपाली समालोचनात्मक निबन्धको स्वरूप तथा विशेषता ।

एकाइ – 14, नेपाली निबन्धमा हास्य र व्यङ्ग्य ।

# BLOCK-1: नेपाली निबन्ध साहित्य

यस **नपाली निबन्ध साहित्य**अन्तर्गत रहेको यस प्रभाग - 1 लाई हामी यसरी अध्ययन गर्न सक्छौं

**एकाइ – 1, निबन्धको परिचय, अर्थ, परिभाषा र उद्भव ।-** यस एकाइमा निबन्धको विधाको परिचय, अर्थ, परिभाषा तथा साहित्यमा निबन्ध विधाको उद्भवबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ निबन्ध शब्दको व्युत्पत्तिमूलक अर्थ, निबन्धलाई पूर्वीय तथा पाश्चात्य विद्वानहरूले के कसरी परिभाषित गरेका छन् ? यसैगरी निबन्ध लेख्ने परम्पराको जन्म कहाँबाट कहिले र कसको प्रयासमा भयो भन्ने कुरोहरूको विवेचनालाई मुख्य आधार गरी यस एकाइलाई अध्ययन – विश्लेषण गरिने छ

**एकाइ – 2, निबन्धको सङ्घटक तत्त्वहरू ।-** यस एकाइमा निबन्धको आवशकीय विविध प्रकारहरूबारे विस्तृत रूपमा चर्चा गरिने छ । यस अध्ययन गर्नार्थ निबन्ध विधाको सङ्गठनमा प्रयुक्त हुने विविध तत्वहरूको विस्तृत अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – 3, निबन्धको प्रकार ।-** यस एकाइमा निबन्धको प्रकारहरूबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ निबन्धका विविध प्रकारहरूलाई मुख्यतः आत्मपरक तथा वस्तुपरक लगायत यसभित्र पर्न आउने अन्य उपविधाहरूको विस्तृत अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – 4, निबन्धको गठन र भाषाशैली ।-** यस एकाइमा निबन्धको गठन विषयक परिचर्चा र निबन्धमा प्रयुक्त हुने भाषाशैलीबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ निबन्ध गठनका स्थूल प्रकारहरू अनि विशेष निबन्ध लेखनमा परिलक्षित हुने भाषाशैलीका विविध प्रकारका स्वरूपहरूलाई उदाहरणसहित विवेचनाको अध्ययन यस एकाइमा गरिने छ ।

**एकाइ – 5, निबन्धको विधागत स्वरूप र यसका अन्य विधासित तुलनात्मक अध्ययन ।-** यस एकाइमा निबन्धको स्वरूप र यस विधाको साहित्यका अन्य विधाहरूसित तुलनात्मक अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ नेपाली निबन्धको स्वरूप के कस्ता छन् अनि साहित्यका अन्य विधाहरूसित निबन्धको स्वरूपगत तुलना गर्दा हुँदो थाहा पाइने कुरोलाई यस एकाइमा विशद् विवेचना गरिने छ ।

**एकाइ – 6, नेपाली निबन्धको थालनी, स्वरूप र विकास ।-** यस एकाइमा नेपाली निबन्धको थालनी, एवम् नेपाली निबन्ध लेखनको दिसामा समयको अन्तरालमा देखिएका स्वरूपगत विविधता तथा नेपाली निबन्धको विकासबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ नेपाली निबन्धको थालनी के कसरी हुँदै आयो, यसका लेखन स्वरूपमा कसरी परिवर्तन देखा परे अनि यसको विकास – परम्परा कसरी अघि बढेको पाइन्छ ? भन्ने कुरोलाई मुख्य आधार गरी नेपाली निबन्धको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – 7, नेपाली निबन्धका मुख्य मुख्य प्रवृत्ति र चरणगत मोडहरू । -**यस एकाइमा नेपाली निबन्धका मुख्य – मुख्य प्रवृत्ति तथा यसका चरणगत मोडहरूबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ नेपाली निबन्ध लेखन परम्परामा देखिएका विविध प्रवृत्तिहरूको परिचयात्मक विवेचना गर्दै नेपाली निबन्ध लेखनको इतिहामा देखिएका विविध प्रकारका मोडहरूको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

# एकाइ – 1, निबन्धको अर्थ, परिचय, परिभाषा र उद्भव ।

□ □ □ □ □ □


1.1 उद्देश्य

1.2 परिचय

1.3 निबन्ध शब्दको व्युत्पत्तिमूलक अर्थ

1.4 निबन्धको परिभाषा

- 1.4.1 शब्दकोश अनुसार निबन्धको परिभाषा
- 1.4.2 पूर्वीय विद्वानहरू अनुसार निबन्धको परिभाषा
- 1.4.3 पाश्यात्य विद्वानहरू अनुसार निबन्धको परिभाषा

1.5 निबन्धको उद्भव

1.6 उपसंहार

1.7 सार

1.8 अनुशीलनी

1.9 अतिरिक्त अध्ययन

1.10 मुल्यबृद्धिका निम्ति उत्तर


## 1.1 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- निबन्धबारे सङ्क्षिप्त परिचय
- निबन्ध शब्दको व्युत्पत्तिमूलक अर्थ

- निबन्धको परिभाषा – शब्दकोश एवम् पूर्वीय एवम् पाश्चात्य विद्वानहरूअनुसार
- निबन्धको उद्भवको इतिहास

## 1.2 परिचय

छोटो र छरितो आधुनिक गद्य भाषामा लेखिने साहित्यिक विधाको नाम निबन्ध हो । यसलाई एकप्रकारको कुरा गराइका रूपमा लिइन्छ । मनमा भएका कुराहरूको लिपिबद्ध श्रृङ्खलित रूप नै निबन्ध हो । हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो । निबन्ध साहित्यका विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो । मान्छेको सोचाइ, विचार, आग्रह, प्रतिभा, खूबी आदिको आँकलनका आधारमा व्यक्ति र विषयको बोध हुने हुँदा कृतिको स्तरीयता र स्तरहीनताका आधारमा निबन्धलाई दुवै (जेठो तथा कान्छो) विधा मानिएको हो । समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो लगभग बीसदेखि तीस मिनेट समयावधिको सीमामा पढिसकिने गद्यात्मक अभिव्यक्ति हो ।

## 1. 3 निबन्ध शब्दको व्युत्पतिमूलक अर्थ

निबन्ध संस्कृतको शब्द हो । यसलै नेपाली र हिन्दी साहित्यमा प्रचलित गद्यमय विधाविशेषलाई  जनाउँछ । 'निबन्ध' शब्दको अर्थ संस्कृत भाषामा 'बाँध्नु' भन्ने हुन्छ ,'निबन्धीति निबन्ध' अथवा 'निबध्नाति इति निबन्ध' वा 'निबध्नातीति' आदि । निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुना 'नि' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको हो । यसरी व्युत्पादित निबन्ध शब्दका विविध अर्थहरू प्रचलित छन् । यज्ञवल्क्य स्मृतिमा निबन्धो द्रव्यमेव तथा अमरकोशमा अनाहीतस निबन्ध : स्मात् भनेको पाइन्छ । यसका

अतिरिक्त साहित्यिक तात्पर्यमा पनि निबन्ध शब्दको प्रयोग भएको छ । साहित्यिक सन्दर्भमा प्रयुक्त निबन्ध शब्दले विशिष्ट रूपमा साहित्यिक विधाविशेषलाई जनाउँछ । प्रथमतः निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो । पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो । अहिले यसले विशिष्ट किसिमको साहित्यिक गद्यविधालाई बुझाउँछ । निबन्ध शब्दसङ्गै अर्को शब्द प्रबन्ध शब्दले केही समयपछि आख्यान वा कथात्मक काव्यलाई पन सङ्केत गर्न थालेको पाइन्छ । यसरी संस्कृत साहित्यमा प्रचलित यी दुवै शब्द एउटै तात्पर्यमा प्रयुक्त भए तापनि वर्तमान सन्दर्भमा लेखकले सविस्तार विवेचना गरेको ग्रन्थलाई प्रबन्ध शब्दले सङ्केत गरी थेसिसको पर्याय भएको छ भने विचार वा भावलाई बन्ध गरिएको रचनाविशेषलाई निबन्धले बुझाएको पाइन्छ । अङ्ग्रेजीमा यो 'निबन्ध' शब्दलाई 'एसे' वा 'एसाइ' (Essai) को शाब्दिक अर्थ अनुभवजन्य (Experiment) र प्रयास (attempt) हुँदछ । अतः निबन्ध भन्नाले अनुभवजन्य नयाँ कुराहरूमा बाँधिएर त्यसैलाई बताउने वा व्यक्त गर्ने प्रयासजन्य कला हो । अङ्ग्रेजी र फ्रान्सेली साहित्यमा प्रस्तुत विधा प्रारम्भमा प्रयोग वा प्रयासका रूपमा थियो । यसैले निबन्ध सर्वप्रथम प्रयासको रूपमा आयो र यसै नामबाट यो प्रसिद्ध भयो । यथार्थमा यो आत्मप्रकाशनको सर्वथा नौलो प्रयास एवम् जसको माध्ययम गद्य थियो र छ पनि । यसै पनि गद्यमा आत्मविश्लेषण र आत्मप्रकाशनको प्रशस्त अवसर रहन्छ । यसैले गद्य निबन्धका लागि एक मात्र माध्यम हुन सक्छ । फ्रान्सेली नागरिक निबन्घका जनक मिशेल दि मोतेञको प्रारम्भिक प्रयास नै पनि आफ्ना जीवनगत अनुभवजन्य कुराहरू थिए । यसरी विश्व साहित्य जगतमा शनैः शनैः निबन्ध शब्दले व्यापकता पाउँदै गयो ।

# 1. 4 निबन्धको परिभाषा

पाश्चात्य जगतबटा उदय भएको साहित्यका अन्य विधाहरूमध्ये निबन्ध विधा हो । साहित्यका अन्य विधाहरू सरह यसको आफ्नै छुट्टै विशेषता एवम् महत्तव रहेको पाइन्छ । विभिन्न शब्दकोशहरू तथा विद्वानहरूले निबन्ध विधालाई विविध प्रकारले परिभाषित गरेका पाइन्छन् –

## 1.4.1 शब्दकोश अनुसार निबन्धको परिभाषा -

(1) वामन शिवराम आप्टेद्वारा सम्पादित **संस्कृत हिन्दी शब्दकोष** अनुसार निबन्ध भन्नाले बाँध्नु, आसक्त कुनै साहित्यिक रचना – ग्रन्थ वा कुनै कृतिको टीका श्रृङ्खला भनेर अर्थ वोध गराएको भेटिन्छ ।

(2) निबन्ध भन्नाले 'कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना हो' – **वृहद नेपाली शब्दकोश** ।

(3) 'कथासूत्रमा नउनिएको, एक बैठकमा पढी सिद्धिने विचारप्रधान लेख' – **गोर्खा शब्दकोष** ।

(4) 'निबन्ध भनेको बाँध्नु हो, अतः कुनै एउटा निबन्धलाई योजनावद्ध पारेर सरल, रोचक, आकर्षक तथा स्पष्ट शब्दमा आफ्नो विचार प्रकट गर्नु नै निबन्ध हो' – **हिन्दी शब्द सागर** ।

(5) अ रिडर्स गाइड टू लिटरेरी टर्मस अनुसार निबन्ध भन्नाले -'एउटा छोटो रचना जो गद्यमा लेखिन्छ अनि एक वा त्योभन्दा अधिक शीर्षकहरूमा औपचारिक वा अनौपचारिक चर्चा गरिन्छ ।'

( A short composition which is usually in prose and which discusses, either formally or informally, one or more topics ). – A Reader's Guide to Literary Terms.

(6) 'A short piece of expository prose which 'attempts' to shed some light on a restricted subject of discussion. – **The Reader's Companion to World Literature**.

(7) 'A short literary composition of an analytical or interpretative kind, dealing with its subject usually from a personal point of view or in a limited way '. – David B. Guralnik, **Webster New World Dictionary**.

(8) **अक्सफर्ड पेपर ब्याक** अनुसार निबन्ध भनेको - 'एउटा छोटो साहित्यिक गद्यमय रचना' हो।

( Short literary composition in prose'. – Oxford paperback dictionary – by Joyce M. Hawkins. )

(9) **कम्प्याक्ट् अक्सफर्ड डिक्सनेरी थेसारस**अनुसार निबन्ध भन्नाले - 'कुनै एउटा निर्दिष्ट विषयमा लेखिएको एक छोटो रचना' हो ।

(A piece of writing on a particular subject'. – Compact Oxford dictionary Thesaurus.)

(10) '**Essay**, an analytic, interpretative, or critical literary composition usually much shorter and less systematic and formal than a dissertation or thesis and usually dealing with its subject from a limited and often personal point of view'. – **Britannica Encyclopedia.**

यसप्रकार विभिन्न शब्दकोशले आ-आफ्ना प्रकारले निबन्ध शब्दको अर्थ प्रतिपादन गरेका भएतापनि सबैको केन्द्रित अर्थवोध साहित्यिक

रचानभित्र नै पर्न गएको देखिन्छ । कोशकार आर एल टर्नरले पनि यस विधालाई लेख्यबन्ध, लेख्य प्रसङ्ग, लेख्य, लेख्यपत्र आदि भनेर उल्लेख गरेको पाइन्छ । अतः निबन्धलाई एक विशुद्ध साहित्यिक रचना नै हो भनी स्वीकार्न सठीक  ठहर्दछ ।

## 1.4.2 पाश्चात्य विद्वानहरूका मतानुसार निबन्धको परिभाषा

साहित्यका अन्य विधाका झैं निबन्धको परिभाषा यही हो भनेर औंल्याउनु सहज छैन । यस सन्दर्भमा अङ्ग्रेजी निबन्धका विज्ञ ज्ञाता ह्यूवाकरल पनि निबन्धको परिभाषा दिनलाई यो भनेर निबन्धको परिभाषाबारे आफ्नो अस्पष्टता जाहेर गरेका पाइन्छ- ‘While, therefore, we know fairly well what to expect of a poem called lyric, and even of one called an epic or a tragedy we have hardly the vaguest idea of what we shall find in a composition entitled an essay ?’ तथापि समय समयमा पाश्चात्य साहित्य र पूर्वीय साहित्यका निबन्धकारहरू र समालोचकहरूले निबन्ध सम्बन्धी दिएका परिभाषाहरू यहाँ निम्न प्रकारले उल्लेख गरिन्छ ।

आधुनिक निबन्धका अन्वेषक मोतेञले यस विधालाई लेखकसङ्गको अभिन्न तत्तव (Consubstantial) मान्दै यसो भनेका पाइन्छ – ‘यी (निबन्ध) द्वारा कुनै नवीन सत्यको रहस्योद्घाटन गरें भन्ने दावी गर्दिन । मेरो काम केवल पाठकलाई आफ्नु हृदय खोलेर देखाउनु  हो । ’ उनले अझ भनेका छन् – ‘म नै मेरा निबन्धको विषयवस्तु हुँ किनभने मलाई सबैले भन्दा राम्ररी चिन्ने व्यक्ति म स्वयं हुँ ।’ अतः निबन्ध लेखक नित्य नै स्वतन्त्र भाव- सम्प्रेषक, स्पष्टवादी, आत्मविश्लेषक र ईमान्दार वक्ता

हुँदछ । खास अर्थमा निबन्ध नितान्त वैयक्तिक (Essential Personal) हुन्छ त्यसर्थ निबन्ध साहित्य रचनामा आत्म-अभिव्यञ्जना (Self - expression) हो ।

निबन्धप्रतिको परिभाषा सन्दर्भमा सर्वप्रथम र संधै नै डा. जोन्सनको भनाई उद्धृत गरिन्छ । उनको भनाईमा निबन्ध भनेको 'मानसिक जगतको त्यो थाकेको बुद्धिविलास हो, जसमा न कुनै क्रम छ न कुनै नियम । यो विचारहरूको अपरिपक्व र अव्यवस्थित रचना हो ।' (..... a loose sally of mind, an irregular, indigested piece, not a regular and orderly performance.) निबन्ध नितान्त लेखकको व्यक्तिगत भावना र अनुभवको कलात्मक सृजना अथवा अभिव्यक्ति हो । निबन्ध लेखकको सामूहिक रूप नै निबन्धभित्र पौडी खेल्ने तरङ्ग र कल्पनाको समुद्र हो । लेखकले जस्तो पनि विषयलाई निबन्धको माध्यम निजी रूपमा सहजै खेलाउन सक्दछ । वास्तवमा निबन्धको विषय पनि एकप्रकारले निबन्धकार स्वयं नै हुने गरेको हुँदछ । यसैले निबन्धमा लेखकको 'व्यक्तित्व' र 'दृष्टिकोण' लाई प्रथम ध्यान दिनु पर्ने कुरो स्पष्ट हुन जान्छ । बेकनले निबन्धलाई 'विश्रृङ्खल चिन्तन' (dispersed meditation) भनी परिभाषित गरेका छन् । अर्कातिर मोतेञले निबन्धलाई अहंको अभिव्यक्तिका रूपमा लिए पाइन्छ । यसरी मोतेञले अहं र बेकनले चिन्तनको रूपमा लिएर निबन्धका लागि विषयक्षेत्र र सीमाको रेखाङ्कनसम्म भएको थाहा पाइन्छ ।

निबन्ध शब्दको अर्थ आधुनिक युगसहाउँदो बनाउन खोज्दै अक्सफोर्ड अङ्ग्रेजी शब्दकोशकार मरे (Murrey) ले निबन्धको परिभाषा आफ्नु शब्दकोशमा यसरी दिएका छन् – 'निबन्ध भनेको कुनै विशेष विषयमाथि वा विषयको शाखामाथि लेखिएको ठीकैको लमाइ भएको र आरम्भमा

पूर्णताको अभाव बुझिएको ओ डा. जोन्सनद्वारा 'एउटा अनियमित र अपरिपक्व रचना' ठानिएको तथापि वर्तमान युगमा भने विस्तारमा सीमित भए पनि शैलीमा प्रायः सुगठित भएको रचना हो ।' ("A composition of moderate length on any particular subject, or branch of a subject; originally implying want of finish; 'an irregular indigested piece' (Dr. Johnson), but now said of a composition more or less elaborate in style, though limited in range.")

ह्यू वाकर (Hugh Walker) ले 'अङ्ग्रेजी निबन्ध र निबन्धकारहरू' शीर्षक आफ्नु पुस्तकमा निबन्धको विशेषता र महत्वमाथि प्रकाश हाल्दै भनेका छन् – 'निबन्धको क्षेत्र अति विशाल र व्यापक छ । एककोषी जीवदेखि लिएर मानिससम्म वा धूलराशिदेखि लिएर आकाशका तारामण्डलसम्म व्याप्त कुनै पनि विषयमाथि निबन्ध लेख्न सकिन्छ ।' निबन्ध कस्तो हुनुपर्छ भन्ने विषयमा चाहिँ उनले यसो भनेका छन् – 'निबन्धकार र उनका पाठकका बीचको हलौं र आरामदायक तथा विश्वस्त सम्बन्ध झैं एउटा आदर्श निबन्ध हुनुपर्छ ।'

("There is no subject, from the stars to the dust heap and from the amoeba to man, which may not be dealt with in an essay.")

अर्का विद्वान क्रयाब (Crabbe) ले निबन्धलाई साहित्यको साह्रै हेय अङ्ग ठानेर भनेका छन् – 'निबन्ध भनेको सस्तो खाले लेखाइ हो । निबन्ध लेख्न त्यस्ता लेखकहरूलाई मात्र सुहाउँछ जसको न केही प्रतिभा छ न ता अनुसन्धान गर्ने हुतिकार नै छ । अनि त्यस्ता पाठकका निम्ति यो लेखिन्छ जो विविधता र बोक्रे ज्ञानमै मख्ख पर्छन् ।'

(The essay is the most popular mode of writing. It suits the writers who has neither talent nor inclination to pursue his inquiries farther, and….the generality of readers who are amused with variety and superficiality.)

सेण्ट ब्यूव (Sainte Beuve) को विचारनुसार निबन्ध साहित्यको कठिनतम र रमाइलो विदा पनि हो । किनभने यसमा सङ्क्षिप्तमै धेरै कुरा भन्न सकिन्छ । हुन पनि ब्यूवका निबन्धहरू यसै परिपाटीका छन् र उनको भनाइ आफ्ना निबन्धहरूमा पर्णतया लागु हुन्छ ।

प्रिस्टली (J. B. Priestly) ले साँचो निबन्धकारका अधीनमा प्रत्येक वस्तु छन् र उसको मुख्य कर्तव्य आफ्नै बारेमा कुरा गर्नु वा कुनै विषय र आफ्नु बीचको सम्बन्धलाई अभिव्यक्त गर्नु हो भनेका छन् ।

(The real essayist….has every subject in this world at his command for the simple reason, his business is to talk about himself or to express the relation between any subject and himself.)

उनले निबन्धको उत्कर्षता बारेमा यसो भनेका छन् – ‘साहित्यमा खूबै कम्ती कुराहरू छन् जो सफल निबन्धभन्दा राम्रा हुन्छन् औ फेरी खूबै कम्ती थोक छन् जो असफल निबन्धभन्दा नराम्रा पनि छन् ।’ उनले सफल निबन्धकार हुने दिशातिर औंल्याउँदै लेखकहरूलाई भनेका छन् – ‘असल निबन्ध लेख्नका निम्ति लेखकले अनुकरणवान् र प्रापक हुनु हुँदैन । आफ्ना प्रशंसापात्र श्रेष्ठ निबन्धकारहरूका अनुकरण बोक्रे ढङ्गबाट गर्नुभन्दा बरू मोतेञलेझैं ‘मैले खिंचेको तस्वीर मेरो आफ्नै हो’ (It is myself I portray) भन्न सक्नुपर्छ ।

यसरी नै कार्ल बेक्सन (Karl Beckson) र आर्थर गान्ज (Arthur Ganz) ले एक या एकभन्दा बढी विषयलाई औपचारिक रूपमा मूलतः

गद्यमा लेखिएको छोटो रचनाविशेषलाई निबन्धका रूपमा लिएका छन् । त्यस्तै काल्भिन एस् ब्राउन (Calvin S. Brown) ले छलफलको विषयमा केही प्रकाश पार्ने प्रयासको रूपमा लेखिएको व्याख्यात्मक गद्यको खण्डविशेष नै निबन्ध हो भनेका छन् ।

गुराल्निक को शब्दमा 'वैयक्तिक दृष्टिकोण वा सीमित रूपमा कुनै विषयलाई व्याख्यात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छोटो साहित्यिक रचनाविशेष नै निबन्ध हो ।'

हलवर्ड (Hallward) र हिल (Hill) नामक विद्वानद्वयले निबन्धलाई कुनै वस्तु देखेर मानसमा उत्पन्न भएको लेखकको प्रतिक्रियात्क चित्रको अभिव्यक्तिका रूपमा लिएका छन् । साथै उनीहरूले वैयक्तिकतालाई निबन्धको प्रमुख विशेषताका रूपमा चर्चा गरेका छन् ।

डब्ल्यू एच हड्सन (W. H. Hudson) ले निबन्धसम्बन्धी स्वतन्त्र परिभाषा नदिएका भए तापनि उनको 'An Introduction to the Study of Literature' भन्ने पुस्तकमा मोतेञ, बेकन, मरे, क्रयाब र सेण्ट ब्यूव इत्यादिका परिभाषाका आधारमा आफ्नु मन्तव्य लेखको पुछारतिर यसरी व्यक्त गरेका छन् – 'निबन्धको विषयवस्तु जे जस्तोसुकै भए पनि यसको क्षेत्र (विस्तार) असीमित छ र साँचो निबन्ध व्यक्तिपरक नै हुनुपर्छ । यो गीतिकाव्य झैं नै साहित्यमा आत्माभिव्यक्तिकै एउटा साधन र विधा हो । प्रबन्ध ( Dissertation, Treatise) वस्तुपरक हुनसक्ला तर निबन्धचाहिँ व्यक्तिपरक नै हुनुपर्छ ।'

(The true essay is essentially personal. Like its verse analogue, the lyric, it belongs therefore to the literature of self-expression. Treatise and dissertation may be objective; the essay is subjective. )

अलेक्जेन्डर स्मिथको धारणा अनुसार निबन्धको सादृश्य प्रगीत वा गीत छ । यसको रचना केन्द्रीय मनस्थिति, सनकपूर्ण, गम्भीर र व्यङ्ग्यबाट पनि हुन सक्छ भन्ने उनको विचार पाइन्छ । उनले हडसनले झैं नै निबन्धमा पाइने मार्मिकतालाई गीतिकाव्यसङ्ग तुलना गर्दै निबन्धको गठनलाई रेशमी कीराका रेशमी धागोको बुनावटसङ्ग तुलना गरेका छन् ।

(The essay as a literary form resembles the lyric, in so far as it is molded by some central mood-whimsical, serious, or satirical. Give the mood, and the essay, from the first sentence to the last, grows around it as the cocoon grows around the silkworm.) – 'On the Writing of Essays.'

अर्नेस्ट रीज (Earnest Rhys) ले आफ्नु सम्पादित ग्रन्थ (A Century of English Essays) अङ्ग्रेजी निबन्धको एक शताब्दी भन्ने पुस्तकमा निबन्धकारको शैली लेखाई र बात गराइका बीचको हुनुपर्छ भनेका छन् । निबन्धमा आवश्यक गुणहरूमध्ये मनोरञ्जकता, पाठ्य़ सुगमता, र स्मरणमा आनन्द हुनै पर्छ । प्रचार भए पनि यसमा स्पष्ट देखिने औपदेशिकता हुनुहुँदैन ।

('…..it be entertaining, easy to read, pleasant to remember. It may preach, but it must never be a sermon; it may moralise, but it must never be too forbidding; it may be witty, high spirited, and effervescent as you like, but it must never be flippant or betray a mean spirit or a too conscious clever pen.)

डब्लयु. ई विलियमले **ए बुक अफ इङ्लिस**मा लेखेका छन्-

'निबन्धको सबभन्दा लघुपरिभाषा के हो भने यो गद्यरचनाको एक प्रकार हो, जो बहुतै छोटो हुन्छ, जसमा वर्णन मात्र हुन्न । कहिलेकाहीँ

निबन्धलेखक आफ्नो कथ्यलाई सिद्ध गर्नका लागि विभिन्न प्रसङ्गहरूको सहायता लिन सक्छ । कहिले उपन्यासकारझैं पात्रहरूको निर्माण गर्न सक्छ, परन्तु उसको मुख्य उद्धेश्य कथा भन्नु होइन । निबन्धकारको मुख्य कार्य सामाजिक, दार्शनिक, आलोचक वा व्याख्याकारको जस्तै अथवा उसको समानार्थी हुन्छ ।'

यसरी नै निबन्धकारको कर्तव्यका मुख्य विवेचक ए सी बेन्सले 'The art of the essayist' नामक लेखमा लेखेका छन् –

'निबन्धकार जीवनको समग्रताको अनुभव एवम् आनन्दको अनुभूति एकसाथ गर्न खोज्छ । कविझैं जीवनको विराटता, सूक्ष्मता वा सुन्रता मात्रसित उसको प्रयोजन रहँदैन । ऊ त जीवनको आभाले सन्तुष्ट हुन्छ, पूर्ण प्रकाशको ज्वालाको अनुभूतिको इच्छुक हुँदैन । अतः निबन्धकारको रोमान्स लेखकसित बिलकुलै मेल हुन्न । निबन्धकार जीवनको तटस्थ द्रष्टा हो, ऊ व्यर्थको स्वप्नलोकमा आफूलाई बेपत्ता पार्न चाहँदैन । ऊ त हाम्रो लक्ष्यको साथी हो, गफको पथिक हो, यात्राको सहचर हो । निबन्धकारको मनोदशा जस्तोसुकै होस्, उसको जीवनलाई हेर्ने दृष्चि पचास प्रकारको होस्, केवल एक काम निबन्धकार गर्न सक्तैन र त्यो हो जीवनको उपेक्षा ।'

यसरी नै 'मेरा यी छोटा रचनाहरूलाई Essay नाम दिइएको छ, जहाँ विकीर्ण चिन्तनहरू छन्'- भनेर निबन्ध सम्बन्धी आफ्नु धारणा फ्रान्सिस बेकनले व्यक्त गरेका पाइन्छ ।

ए. सी. वेन्सन – 'निबन्धकार जीवनको तटस्थ द्रष्टा हो । ऊ व्यर्थको स्वप्नलोकमा आफूलाई बेपत्ता पार्न चाहन्न, ऊ त हाम्रो लक्ष्यको साथी हो, गफको पथिक हो र यात्राको सहचर हो ।'

यसरी निबन्धका परिभाषाहरू सम्बन्धी पाश्चात्य विद्वानहरूका मत-मतान्तरहरू पछि यस विधामाथि पूर्वीय विद्वानहरूद्वारा दिइएका परिभाषा र मन्तव्यतर्फ पनि दृष्टिपात गरिन्छ ।

## 1.4.3 पूर्वीय विद्वानहरूका मतानुसार निबन्धको परिभाषा

हिन्दीका आचार्य रामचन्द्र शुक्लको विचारमा – 'यदि गद्य कविहरूको कसी हो भने निबन्ध हो गद्यको कसी ।' यसबाहेक अन्यत्र उनले लेखेका छन् – 'आधुनिक पाश्चात्य लक्षणहरूका अनुसार निबन्ध त्यसैलाई भन्नुपर्दछ, जसमा व्यक्तित्व अथाव व्यक्तिगत विशेषता होस् । कुरा त बेसै हो यदि राम्रो गरी बुझियोस । व्यक्तिगत विशेषताको आशय के होइन भने त्यसको प्रदर्शनका लागि विचारहरूको श्रृङ्खला नै नराखियोस् अथवा जानी-जानी ठाउँ-ठाउँबाट टुटाइयोस्, भावहरूको विचित्रता देखाउनका लागि यस्तो अर्थयोजना गरियोस, जसले तिनको अनुभूतिको प्रकृत वा लोकसामान्य रूपसित कुनै सम्बन्ध नै नहोस् वा भाषासित कसरत वा हठयोगीहरूको जस्तो आसन गराइयोस्, जसको लक्ष्य रमिता देखाउनुबाहेक अरू केही नहोस् ।'

हरिहरनाथ टण्डनको कथन छ – 'निबन्धशब्दको अर्थ हो बाँधिएको, अतः थोरै अत्यन्त चुनिएका शब्दहरा कुनै विषयमा आफ्नो विचार प्रकट गर्ने प्रयत्नलाई निबन्ध भन्दछन् ।'

सीताराम चतुर्वेदीको मन्तव्य अनुसार 'साधारणतः निबन्ध साहित्यको एउटा यस्तो रूप हो जो न अधिक ठूलो न अधिक सानो हुन्छ अनि जुन गद्यात्मक हुनपर्छ ।'

यसैगरी अर्को विद्वान गुलाब राय अनुसार – 'निबन्ध त्यसप्रकारको रचनालाई भनिन्च जसमा सीमित आकारभित्र कुनै विषयको वर्णन वा प्रतिपादन एक विशेष निजीपन, स्वच्छन्दता, सौष्ठव औ सजीवता एवम् सङ्गीत र संबद्धतापूर्वक गरिएको हुन्छ ।'

नेपालीका विद्वान ईश्वर बराल – ले आफ्नु सम्पादित ग्रन्थ 'सयपत्री' को भूमिकामा निबन्धको परिभाषा यसरी दिएका छन् – निबन्ध एक किसिमको कुरागराइ हो । यो हो लेखकको मनका भावनाहरूलाई स्वगत कथनको रूपमा उद्ररिक्त गराउने विधा विशेष । आफ्नु गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्नु, हृदयलाई सकेसम्म छर्लङ्याइदिनु, आन्तरिक सन्देशलाई फिँजाइदिनु मानिसका आद्य तिर्सना हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ, साउती गरेर तिनलाई आफूप्रति सहानुभूतिशील बनाउन खोज्छ ।'

विजयबहादुर मल्ल – 'मस्तिष्कमा भिजेको कुनै भाव वा विचारको अभिव्यक्तिको प्रयास नै निबन्ध हो ।'

लक्ष्मीप्रसाद देवकोटा – निबन्धसम्बन्धी देवकोटाले छुट्टै परिभाषा लेखेका नभए तापनि 'लक्ष्मी निबन्ध संग्रह' को भूमिका र प्रथम निबन्ध 'श्री गणेशाय नमः' मा निबन्धप्रति उनको धारणाको जानकारी प्राप्त हुन्छ । 'श्री गणेशाय नमः' मा उनी लेख्छन् – " यो (निबन्ध) रौचिरा दर्शन होइन, न हो पण्डित्य प्रदर्शनको ठ्यासाफु ! यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरूरत छैन । यो एक किसिमको धूर्त बदमाश ठिटो हो – जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्दछ, तर घोरिँदैन – पाठघोकुवा हल्लन्तेका मिजाजले । यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो । यो

टेबिल गफ हो, चश्मादार अध्यापकको व्याख्यान होइन, न त बमन वेदान्त । ”

यसरी माइकल दी मोतेत्र, ह्यू वाकर, प्रिस्टली, हड्सन, आचार्य रामचन्द्र शुक्लले निबन्ध विधा सम्बन्धी जे जस्तो धारणा बनाएका छन्, नेपाली साहित्यका प्रथम आधुनिक निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको निबन्धसम्बन्धी मन्त्वय पनि उसरी नै मिल्दो पाइन्छ ।

बालकृष्ण पोखरेल – सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेको निजात्मक निबन्ध लेखकले आफ्नो हृद्यभित्र लुकेर बसेको अदृश्य श्रोतालाई सुनाएको गन्धन हो ।

हृदयचन्द्रसिंह प्रधान – प्रायः प्रायः देवकोटाकै भनाइलाई समर्थन गर्दै हृदयचन्द्रसिंह प्रधान निबन्ध कसरी लेखिन्छ भन्ने विषयमा आफ्नु निबन्ध सङ्ग्रह ‘जुँगा’ को भूमिकामा यस्तो विचार व्यक्त गर्छन् – “यस्तो निबन्धमा सफलता पाउनलाई लेखकमा प्रतिभा भएर मात्र हुँदैन, त्यसैले लेखकले कलमको पछि पछि मात्र दौडेर पुग्दैन, पाठकहरूलाई प्रभावित गर्न कलमलाई हृदय पक्राउने कोशिसि पनि गर्नुपर्छ । परिमार्जित र परिपक्व विचार, दृष्टिकोणलाई व्यङ्य, हास्य, ठठ्यौलोपन मामुली तवरमा पोख्दै जानुपर्छ । भाषा कविको काव्यात्मक कला, भावुकको भाव र तरूणीको हिसी हुनुपर्छ । तिहास कहँदै जस्तो लेखकले एक पाइलो पनि हिँडनु हुँदैन । आफ्नै मार्मिक कथा र अनुभव आफ्नो दिली दोस्तलाई बताउँदै कुनै गन्तव्य स्थानमा गइरहेको पाठकलाई पार्नु पर्छ । उपदेशको झल्का कतै हुनु हुँदैन, शत्रुलाई छासे जस्तो कसैलाई छास्न पाइँदैन । तर लेखकले भन्ने कुरा भनिहाल्नुपर्छ, दर्शाउने कुरा दर्शाइहाल्नुपर्छ, छास्नुपर्ने कुरा छासिहाल्नु पर्छ । राम्री तरूणीले मुस्काएर अनि घुमाएर दिएको

उपदेश र गलतीमा छासेको छासो मानिसहरूलाई अवश्य गलाको होल हुन जाला ।"

'पच्चीस प्रबन्ध' –भित्र निबन्ध सम्बन्धी प्रकाश पारिएको बदरीनाथ भट्टराईको मन्तव्य अनुसार – "....विज्ञ मस्तिष्कबाट बहेको स्वच्छ, सुन्दर, रसिलो तथा खँदिलो विचारधारा हो, उठानदेखि बैठानसम्म सुसम्बद्ध हुँदै, निराधार कुधारणालाई गलहत्याउने भावनाको भवन हो, अनि सत्य वस्तु देखाउने लेखकीय अन्तरज्योतिको शाब्दिक स्वरूप हो ।"

उल्लेखित परिभाषाहरूबाट हामी के भन्न सक्छौं भने निबन्ध एक प्रकारले कुरा गराई हो । आफ्ना मनका भावहरूलाई स्वागत कथनको रूपमा व्यक्त गर्ने विधाविशेष । अन्तरङ्ग विचार वा भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषयविशेषमा केन्द्रित कलात्मक गद्यरचनालाई 'निबन्ध' भनिन्छ । मुलतः विषयगत ऐक्य नभएको निबन्ध कलाको कोटीमा आउन सक्तैन । विषयान्तर हुनु वा अप्रासङ्गिक विषय समावेश हुनु कलागत कमजोरी हो । निर्दिष्ट विषयमा केन्द्रित निबन्धमा रचना-विधानगत अनुशासन पाइन्छ । आफ्नो गुनासो पोख्नु आफ्नो सन्देश ओसार्नु निबन्धकारको आद्य तृष्णा हुन् । निबन्धकार जहिले पनि आफ्नो पाठकसँग कुरा गर्न चाहन्छ । मेरो कुरा कसैले सुनिदेओस् भन्ने तिर्खा मानव मनोवृत्ति नै निबन्धको मूल प्रेरणा भूमि रहन गएको छ भने निबन्धमा आत्मकथाको प्रभावशाली टुक्राहरू पनि गुँथिएका हुन्छन् । यसप्रकार निबन्ध टोबल गफ, बोलचाल, कुराकानी, कुरा गराइ आदि धारणाभित्र परिभाषित हुन जाँदछ । ती कुराकानी वा बोलचाल वा टेबल गफ लेखकको आफ्ना निजी अनुभवजन्य विचार अथवा भावनाको कलात्मक गद्य शैलीमा रचिएको रचना मात्र

निबन्ध भन्न लायकको विधा हुँदछ । डा. ताना शर्मा यसोसले भन्छन् – "कुनै विषयको वर्णन र व्याख्या गर्दा लेखकले आफ्ना वैयक्तिक विचार, भावना र अनुभूतिहरूलाई मिसाएर सुन्दर र गतिमय गद्य प्रयोग गर्यो भने आधुनिक निबन्धको रचना हुन्छ ।" अझ थप के भन्न सकिन्छ भने निबन्धका सम्बन्धमा नाना थरीका विचारहरू पाइन्छन् । कोही यसलाई बकवासको मधुर कृति भन्दछन् त कोही सङ्गठित र क्रमिक रूपले गरिएको जीवनको व्याख्या मान्दछन् । कोही यसको शैलीमा शिथिलता, अव्यवस्थितता र अनियमितता देख्तछन् त कोही सङ्गठितता र पूर्वापरक्रमको निर्वाह भएको देख्छन् र यसभित्र निश्चित लक्ष्य र ठोस विश्लेषण फेला पार्दछन् । वास्तवमा प्राचीन निबन्धमा अपूर्णता, अनियमितता, शिथिलता अतएव बकवास आदि दोष पाउँछौ, तर आधुनिक निबन्ध एक प्रौढ र परिपक्व काव्यविधा बनिसकेको छ । प्रारम्भिक निबनधमा भावुकताको चञ्चल र निरङ्कुस प्रवाह छ । तिनमा न विचारको सङ्गठन छ, न कुनै विषयको ठोस, वैज्ञानिक र यथार्थिक विश्लेषण । तिनमा मुक्तविचरण मात्र छ । उत्तरदायित्वको निर्वाह गर्ने सचेष्टा तिनमा छैन । विगतका कतिपय नेपाली निबन्धकारहरू पनि यिनै दोषले ग्रस्त देखिन्छन् परन्तु वर्तमान निबन्धकार विषयको पूर्णज्ञान राख्तछ, विचारमा सन्तुलन राख्छ र पक्षविपक्षको आवश्यक र उचित विवेचन गर्दछ । आजको निबन्ध कलात्मक दृष्टिले सुगठित, दृढ एवम् अनुभव र विचारको दृष्टिले याथार्थिक र सन्तुलित छ । तसर्थ निबन्धगत प्राचीन मान्यता स्वतः खण्डित भइसकेका छन् ।

**निबन्ध** शब्द अङ्ग्रेजी Essay शब्दको नेपाली रूपान्तर हो । संस्कृतको 'बन्ध' धातु धञ् प्रत्यय लागेर 'बन्ध' शब्दको व्युत्पादन हुन्छ र त्यही 'बन्ध' शब्दमा संस्कृतकै 'नि' उपसर्ग लागेपछि 'निबन्ध' शब्दको व्युत्पादन

हुन्छ। निबन्ध तत्सम शब्द हो र यसले बाँध्नु भन्ने अर्थ दिन्छ। अङ्ग्रेजी Essay शब्दले पनि छरिएर रहेका भावहरूलाई एकै ठाउँमा बाँध्नु भन्ने अर्थ दिन्छ। साहित्यका सन्दर्भमा यो अर्थ साभिप्राय पनि देखिन्छ।

निबन्धलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले परिभाषित गरे पनि यो आख्याननिरपेक्ष गद्यरचनाका रूपमा देखिन्छ र यसको तात्पर्यगत अर्थ पनि यही हो । वैयक्तिकता निजात्मकता, आत्मप्रकटीकरण, सङ्क्षिप्तता, विषयवस्तुगत स्पष्टता, बौद्धिकता, हार्दिकता, विचारको प्रतिपादन आदि निबन्धका आधारभूत तत्त्व हुन् भने संवेदना र अनुभूतिको सहजता, भावको सघनता, तार्किकता पनि निबन्धका उपकरण हुन् ।

## 1.5 निबन्धको उद्भव

आधुनिक साहित्यका विभिन्न विधागत रूपका जन्म पाश्चात्य जगतबाट भए झैं निबन्ध विधाको जन्म पनि ईस्वीको सोह्रौं शताब्दीको उत्तरार्द्धमा फ्रान्समा भएपछि यसको विकास भने बेलायतमा भएको हो । विशेष फ्रान्सबाट र यस विधाको आविष्कारक फ्रान्सकै नागरिक मिशेल दि मोतेञ (ईस्वी 1533-92) लाई जाँदछ उनले आफ्ना जीवनमा भोगेका तथा अनुभव गरेका कुराहरूलाई निबन्धको रूप दिएर मा प्रकाशित गरे । जसको अङ्ग्रेजीमा अनुवाद जोन फ्लोरिओले ईस्वी 1603 मा गरेर प्रकाशित रूपमा निकालेपछि यूरोप वा पाश्चात्य जगतमा निबन्ध विधाको प्रसिद्धि फैलिएर गयो । फलस्वरूप अङ्ग्रेजी साहित्यले फ्रान्सिस बेकन (1561-1626) जस्ता सशक्त गद्य लेखक र निबन्धकार पाउन सक्यो । प्रभाव र प्रेरणास्वरूप पछि विश्वप्रसिद्ध निबन्धकारहरूमा विशेष विलियम हेजलिट् (1778-1830), चार्ल्स ल्याम्ब् (1775-1834), जोसेफ एडिसन

(1672-1719), रिचार्ड स्टीईल हुँदै रबर्ट लिण्ड (1871-1942) जस्ता आधुनिक निबन्धकारहरू देखा पर्दै आए । यसरी यो निबन्ध भन्ने आधुनिक विधा विश्वसाहित्यका अन्य प्रायः सबै भाषाका साहित्यमा प्रसिद्ध र प्रचलित हुनपुग्यो । आज आएर नेपाली साहित्यमा पनि हामीले लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने, हृद्यचन्द्रसिंह प्रधान, अच्छा राई 'रसिक', कमल दीक्षित, रामकृष्ण शर्मा, केशवराज पिंडाली प्रभृति निबन्धकारहरू पाएर धन्य बनेका छौं ।

**फ्रान्सिस बेकन** (Francis Bacon) – 1561 – 1626 - निबन्धको जन्म फ्रान्समा भएको भए पनि तत्कालैदेखि यसको भरण पोषण र सम्बर्दधन भने बेलाइतमै हुन्छ । तसर्थ नै धेरै विद्वानहरू निबन्धको जन्म फ्रान्समा भएको भए पनि यसले आहार र पुष्टिकारी तत्तव बेलाइतमै प्राप्त गरी पूर्ण विकसित र वयस्क भएको हो भनी यसको वास्तविक घर बेलाइतलाई नै मान्छन् । फ्रान्समा मोतेत्रको निबन्ध सङ्ग्रह प्रकाशित भएको (1580) ठीक सत्र वर्ष र मोतेत्रको मृत्यु भएको पाँच वर्षपछि सन् 1597 मा बेकनको निबन्ध सङ्ग्रह प्रकाशित भयो । यसमा उनका प्रथम दशवटा निबन्धहरू मात्रै परेका थिए । सन् 1612 मा उनको निबन्ध सङ्ग्रहमा जम्मा अठतीस वटा र सन् 1625 मा प्रकाशित संस्करणमा निबन्धहरूका सङ्ख्या अन्ठाउन्न वटा पुगेका थिए । तर बेकन भने आफ्ना अग्रज निबन्धकार मोतेत्र झै लोकप्रिय हुन सकेनन् । उनका निबन्धहरूद्वारा प्रभावित भएर उत्तिनै खेरि बेलाइतमा निबन्ध लेखिहाल्न पनि कोह तम्सिएनन् । यसको मूल कारण के थियो भने बेकनका निबन्धहरू मोतेत्रका निबन्धहरूभन्दा छोटा भए पनि तिनमा प्रतिपादित सिद्धान्त, ज्ञानको प्रदर्शनी र शास्त्रीय पूर्वाग्रहलाई बुझ्न साधारण मानिसका वशको कुरो थिएन । उनका निबन्धहरू प्रयत्न र मनको लहढ होइन तर ज्ञान र

परिपक्वताबाट उत्पन्न प्रमाणिक भनाइ थिए । उनका निबन्धहरू कतिसम्म खँदिला छन् भने तिनमा परेका प्रत्येक वाक्य वा परिच्छेदलाई विस्तार गर्दा पनि सिङ्गासिङ्गै निबन्धहरू बन्न सक्छन् । बेकनका गम्भीर चिन्तन अनुभव र बुद्धिले लादिएका निबन्धहरू देखेर त्यस्ता निबन्ध लेख्ने साहस अरूले नगरे पनि ती फ्रान्सेली, इटाली, ल्याटिनी भाषामा तत्कालै अनुवाद भएकाले तिनले यथोचित लोकसम्मान भने पाएको स्पष्ट हुन्छ ।

वास्तवमा बेकनमा निबन्ध लेखाइका दुई बेग्ला बेग्लै शैली उनको निबन्ध सङ्ग्रहको प्रथम संस्करण (1597) मा प्रकाशित सर्वप्रथम निबन्ध अध्ययन सम्बन्धी (of study) र दोस्रो संस्करण (1625) मा परेको सर्वप्रथम निबन्ध दुर्भाग्य सम्बन्धी (of adversity) पढदा स्पष्ट परिलक्षित हुन्छ । प्रथम प्रकारको शैली उनको आफ्नै शैली हो भने दोस्रो प्रकारको शैलीमा चाहीँ आफ्ना अग्रज निबन्धकार मोतेञका प्रभावको असर छ । यस्ता असीम ज्ञानका भण्डार बेकनका निबन्धहरूमा महानवाणी (quotation) को भण्डार छ । बेकनले निबन्धलाई छरपस्टिएको चिन्तन (Dispersed meditation) भनेका छन् । यसरी नै अन्य निबन्धकारहरूबारे चर्चा गर्नु पर्दा मोतेञ र बेकन जस्ता अनुभवी र ज्ञानी मानिसहरूद्वारा लेखिएको – यो शीर्षकमा बेलाइतमा हत्तपत्त कसैले हात हाल्ने साहस नगरेका भए पनि यसको अपवादस्वरूप सर विलियम कर्नवालिस निस्किए । उनले सन 1600 र सन् 1617 मा आफ्ना निबन्धहरूको सङ्ग्रह प्रकाशित गराएका थिए र ती उति स्तरीय र सफल नभएका भए पनि त्यस जमानाका पाठकहरूले केही मात्रामा भए पनि रूचि राखेरै पढेको बुझिन्छ ।

सन् 1668 मा अब्राहम काउलीको निबन्धको माध्यमद्वारा केही कुराकानी (Several Discourses by way of Essays) भन्ने एघारवटा निबन्धहरूको सङ्गालो प्रकाशित भयो । तिनको 'म आफैं सम्बन्धी' (of myself) भन्ने निबन्धमा निबन्धात्मक रचनामा हुनुपर्ने गुणहरूको परिचय पाइन्छ । धेरै विद्वानहरूले बेकनलाई अङ्ग्रेजी निबन्धका पिता मान्ने भएका भए पनि अन्य धेरैले चाहिँ बेकनको दानावाकार ज्ञानको श्रद्धाका अघि डरले झुकेर यसो नभनी यो अब्राहम काउली (1618-1667) लाई नै पाश्चात्य निबन्धका वास्तविक जनक हुन् भनेका पनि पाइन्छ ।

हुन पनि बडप्पन सम्बन्धी होस् वा उद्धानसम्बन्धी, एकान्त सम्बन्धी होस वा धेरै मित्रहरू हुँदा हुने खतरा सम्बन्धी होस् जुनसुकै विषयमा पनि प्रथम पुरूषमै लेख्न मन पराउने काउली (Abraham Cowley) ले बढप्पनप्रति आफ्नु उदासीनताको बारेमा आफूलाई सदैव मोतेत्रसङ्गै दाँकेका छन् । उनी लेख्छन् – "म के कुरा स्वीकार गर्छु भने म प्रायः सबै वस्तुमा बढप्पनको आभास नरहेको तर विनीतता, तुच्छता र नम्रता रहेकै देख्न मन पराउँछु । ठिक्क एक मानु खान र लाउन पुग्ने मात्र सम्पति, एउटा सानु चिटिक्क परेको घर, एउटा सामान्य मित्र, अलिकति भोजन र म फेरि कहिल्यै स्त्रीको प्रेममा फँसिहालेंछु नै भने पनि ठाँटबाँटको राजसिक सुन्दरीसँग होइन दिल बसेकी ठिक्ककी सामान्य सुन्दरीसँग फसूँ ।"

निबन्धकारको जन्मजात प्रतिभा लिएर आएका काउलीका निबन्धहरूमा शाश्वत आकर्षण पाइन्छ र काउलीको कवि कुनै दिन मरिहालेछ भने पनि उनको निबन्धकार सदैव बाँचि नै रहनेछ भनी अङ्ग्रेजी निबन्ध र निबन्धकारहरू का रचयिता ह्यू वाकर पनि भन्छन् ।

हुन पनि माथि भनिए झैं नै सत्रौं शताब्दीमा अङ्ग्रेजी साहित्यमा धेरै निबन्धकारहरू देखा परेनन् । उपर्युक्त निबन्धकारहरू बाहेक अन्यमा सर थोमस ब्राउनी, सर विलियम टेमपल र ड्राइडेन – ले निबन्ध लेखिसक्दा नसक्दै सत्रौं शताब्दी पनि बितिहाल्छ ।

अठारौं शताब्दीमा अङ्ग्रेजी निबन्धले विशेष प्रगति गर्यो । यसका खास कारणहरूमध्ये सावधिक पत्रिकाहरूको प्रकाशन नै हो । निबन्ध जस्ता छोटा – छोटा विधाको विकासका निम्ति सावधिक पत्रिका अझै पनि उतिकै उपयोगी हुन्छन् । अठारौं शताब्दीको आरम्भदेखि यसको मध्यभागसम्म धेरैवटा सावधिक पत्र-पत्रिकाको जन्म बेलाइतमा भएको थियो र तिनमध्ये यो शताब्दीको आरम्भमा प्रकाशित भएका प्रमुख पत्रिकाहरू 'ट्याटलर' (Tatler) – 1709 - 1711, 'स्पेक्टेटर' (Spectator) – 1711 - 1714, 'दि गार्जियन' - The Guardian , इत्यादि थिए । यो शताब्दीको मध्यभागतिर प्रकाशित हुन आरम्भ भएर निबन्ध साहित्यको विकासमा विशेष योगदान दिने पत्रिकाहरू थिए - 'रयाम्बलर' (Rambler) - 1750-1752 , 'आइडलर' (Idler) – 1758 - 1760 , 'एड्भेन्चरर' (Adventurer) – 1752 – 1754 , इत्यादि ।

उपर्युक्त पत्रिकाहरूमा आफ्ना निबन्ध प्रकाशित गराएर परिचित भएका निबन्धकारहरूमध्ये निम्नलिखितचाहिँ प्रमुख हुन्- रिचार्ड स्टिली – 1672 – 1729, दानियल डिफो - 1707 - 1754, स्मामुएल जोहन्सन – 1709 – 1784, जोनाथन स्विफ्ट - 1667 – 1745, अलिभर गोल्डस्मिथ – 1728 – 1774 आदि ।

यस युगका उपर्युक्त प्रमुख निबन्धकारहरूमध्ये पनि स्टिली र एडिसनचाहिँ अरू समकालीन निबन्धकारहरूभन्दा श्रेष्ठ थिए । गोल्डस्मिथपछि अङ्ग्रेजी

निबन्धको उन्नतिको गतिमा केही ह्रास आउन थाल्यो । बेलाइतमा सावधिक पत्रिकाहरू मार्फत प्रसिद्ध हुन लागेका नवीनतम विधा निबन्धलाई सबैले स्वागत र प्रशंसा मात्रै गरेका थिए भन्ने कुरो चाहिँ होइन । यसलाई ठ्याम्मै देखिनसहने, घृणित र हेय ठान्ने विद्वानहरू पनि तिनताक नभएका होइनन् । यस्ता निबन्ध – विरोधी व्यक्तिहरूमध्ये एन्थोनी एस्ली कूपर – 1671 – 1713 को नाम सर्वप्रथम आउँछ । उनी आफैंले पनि 'चारित्रिक विशेषता' (Miscellaneous Reflection) नामको प्रबन्ध सङ्ग्रह पनि प्रकाशित गराएका थिए । उनले निबन्धलाई 'मिसिलेनी' (Miscellany) भन्न रूचाउँथे र उनको विचारमा यस्ता मिसिलेनी वा साधारण निबन्ध भनेको त्यो उपाय थियो जुन उपायद्वारा गोबरे गिदी भएकाहरू लेखक कहलाउने दाउ छोप्थे । उनले निबन्धको बारेमा यस्तो लेखेका पाइन्छ –

"…… in which the most confused head, if fraught with a little invention and provided with Common place book learning, might exert itself to as much advantage, as the most orderly and well-settled judgment."

तथापि आफैं पनि निबन्धकार भएकाले उनले यो विधामा भनेजस्तो सफलता र ख्याति प्राप्त गर्न नसक्दा केही अंशमा यसलाई घृणा गरेको र हेय ठानेका भए पनि धेरचाहिँ आफ्ना समकालीन निबन्धकारहरूको सफलतालाई आँखी डाही गरेका हुन भन्ने गोप्य त्यति नै बेला खुलिसकेको थियो । उन्नाइसौं शताब्दीको प्रथम चतुर्थांश भागमा अङ्ग्रेजी निबन्धको पुनरूत्थान भयो । यो पुनरूत्थान कालका प्रवर्तक चार्ल्स ल्याम्ब – 1775 – 1834 थिए । हुन पनि चार्ल्स ल्याम्बकै हातबाट अङ्ग्रेजी निबन्धले चरमोत्कर्ष प्राप्त गरेको छ । मोतेञले झैं नै ल्याम्बले पनि सच्चा निबन्ध आत्मपरक हुनैपर्छ भन्ने तथ्यलाई

हृदयङ्गम गरेका थिए । त्यसैले आफ्ना निबन्धका आत्मपरकीय गुणमा उनले आफ्ना सबै अङ्ग्रेज निबन्धकारहरूलाई उछिनेका पनि हुन् ।

10 तारीख फरवरी 1775 मा जन्मिएका चार्ल्स ल्याम्बका निबन्धहरू नियमित रूपले 'लण्डन म्यागेजिन' नामको पत्रिकामा सन् 1820 देखि सन् 1822 सम्म प्रकाशित भएका थिए । यिनै प्रकाशित निबन्धहरूको सङ्ग्रह पछि 'इलियाका निबन्धहरू' - Essays of Elia को नामले सन् 1823 मा प्रकाशित भयो ।

मोतेञले 'मसँग भेट हुने पहिलो व्यक्तिसित कुराकानी गरे झै म कागजका माध्यमद्वारा बोल्छु ' भने झैं ल्याम्ब पनि आफ्ना निबन्धमार्फत पाठकसित कुराकानी गर्छन् । उनी पाठकलाई आफ्ना विश्वस्थ मित्रहरूलाई झैं केही नलुकाई आफ्ना व्यक्तिगत कुराहरू सबै खुलस्त सुनाउँछन् । तर ती घटनाहरू मोतेञका जस्ता आफूमा मात्र सीमित नरही उनका मित्रहरू, आफन्त र उनका सम्पर्कमा आउने व्यक्तिहरू आफू बसेका महानगरीका वासिन्दाहरूको जीवनसँग पनि सम्बन्ध राख्छन् । यस्ता व्यक्तिगत वस्तुहरूमध्ये उनको मृत्युप्रति घृणा, असफल वाक्शक्ति, सङ्गीतप्रति असमर्थत, व्यक्तिगत सौन्दर्यको चाहना, सैनिक हुन नसुहाउने पुढको कद, चुरोट र रक्सीप्रति मोह, इत्यादि सबै नालीबेलीसँग आफ्ना पाठकलाई सुनाउने ल्याम्ब केवल प्रमाद अवस्थाको बारेमा मात्र चूप छन् । मोतेञले प्रायः आफ्नै बारेमा लेखे, बेकनको युगमा मानव जीवन जटिल समस्याग्रस्त भएकोले त्यसैका विषयमा लेखे तर ल्याम्ब, ह्याज्लिट र हण्टका समयमा भने विषयवस्तुको व्यापकता भएकोले शिक्षित र चिन्तनशील पाठकका अभिरूचि अनुरूप लेखेका छन् ।

चार्ल्स ल्याम्बपछि निबन्धको क्षेत्रमा निकै प्रसिद्धि प्राप्त गर्ने निबन्धकारहरूमध्ये हामी यहाँ तल नाम दिइएका व्यक्तिहरू विशेष उल्लेखनीय छन् – ली हण्ट – 1784 – 1859, सिडनी स्मिथ – 1771 – 1845, विलियम ह्याजलिट् – 1778 – 1830, थामस डिक्विन्स – 1785 – 1859, थामस कारलाइल – 1795 – 1881, थामस बेबिङटन मेकाउले – 1800 – 1859, वाल्टर बेग्होट – 1826 – 1877, थेकरे, राबर्ट लुइस स्टिभेन्सन – 1850 – 1894 इत्यादि । यसरी नै अङ्ग्रेजी साहित्यमा चार्ल्स ल्याम्बपछिका अर्को सशक्त निबन्धकार स्टिभेन्सन हुन् । उनको ‘गधासितको सफर’ – Travels with a Donkey – निबन्ध सङ्ग्रह विश्वप्रसिद्ध छ । निबन्ध लेखन शैलीका निम्ति पनि यिनी खूबै प्रसिद्ध छन् । उनी प्रकृतिका प्रत्येक ससाना वस्तुमा पनि आफ्ना निबन्धका निम्ति विषयवस्तु पाउँथे । उनी प्रकृति – प्रेमी थिए तर उनका निम्ति मानिससहितको प्रकृति अझ प्रिय थियो । प्रकृतिले नै उनलाई निबन्धकार बनाएको हो र प्रकृतिले उनलाई जन्मजात दिएको निबन्धकारको प्रतिभालाई विकास गर्न र सुदृढ तुल्याउन आफैंले पनि निकै होस्टेमा हैंसे गरेका थिए ।

20 औं शताब्दीका आरम्भमा निबन्ध एक प्रकारको खेलवाड, लेखक र पाठकका बीचको मन बहलाउने साधन हुनथाल्यो । यस युगका अङ्ग्रेजी निबन्धकारहरूमध्ये मार्क्स बरबोहम, हिल्लेरी बेल्लोक, जी. के. चेस्टरटन, इ. भी. लुकास, ए. सी. बेन्सन, अगस्टिन बिर्रेन, एन्ड्रिन ल्याग, अस्टिन डबसन्, जर्ज सेण्ट्सब्युरी, ए. जी. गार्डीनर, र राबर्ट लिण्ड प्रमुख र प्रसिद्ध छन् ।

यसरी फ्रान्सको माटामा उम्रिएको निबन्धले बेलाइतमा सरेर जरा हालेपछि बेलाइती रूप – आकृति लिनु स्वाभाविक नै थियो । तसर्थ आज विश्वभरि

नै निबन्ध भन्नाले बेलाइतमा विकास भएको चार्ल्स ल्याम्ब र स्टिभेन्सनले लेखेका खाले निबन्ध भन्ने नै बुझिन्छ : यसप्रकारका निबन्ध अघि भनिए झैं फ्रान्समा चाहिँ मोतेञले आरम्भ गरेका धेरै पछि मात्र लेखिन थालियो । अहिलेसम्म फ्रान्सका प्रतिनिधि निबन्धकारहरूमध्ये भोल्टेयर, रूसो, ल्याममर्टिन, कजिन, माइकलेट, सेण्ट ब्यूव, अनातोले फ्रान्स, इमाइल फ्यागेण्ट, थियोफिल गौटियर, पाल – डि सेण्ट विक्टर, जुल्स लिमाइटर, फर्डिनाण्ड ब्रुनेटायर, इत्यादिका नाउँ सर्वोपरि छन् ।

अमेरिकाली प्रतिनिधि निबन्धकारहरूमध्ये निम्नलिखित व्यक्तिका नाउँ उल्लेखनीय छन् – डब्लु इर्भिङ, आर. डब्लु इमर्सन, नादनियल हथर्न, जे. आर. लोवेल ।

जर्मनीका निबन्धकारमध्ये लेसिंग, श्लेगल औ हरम्यान ग्रीम इत्यादिको स्थान प्रमुख छन् ।

## 1.6 उपसंहार

छोटो र छरितो आधुनिक गद्य भाषामा लेखिने साहित्यिक विधाको नाम निबन्ध हो । यसलाई एकप्रकारको कुरा गराइका रूपमा लिइन्छ । मनमा भएका कुराहरूको लिपिबद्ध श्रृङ्खलित रूप नै निबन्ध हो । हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो । निबन्ध साहित्यका विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो ।समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो लगभग बीसदेखि तीस मिनेट समयावधिको सीमामा पढिसकिने गद्यात्मक अभिव्यक्ति हो ।

निबन्ध संस्कृतको शब्द हो । यसलै नेपाली र हिन्दी साहित्यमा प्रचलित गद्यमय विधाविशेषलाई जनाउँछ । 'निबन्ध' शब्दको अर्थ संस्कृत भाषामा

'बाँध्नु' भन्ने हुन्छ ,'निबन्धीति निबन्ध' अथवा 'निबध्नाति इति निबन्ध' वा 'निबध्नातीति' आदि । निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुना 'नि' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको हो । प्रथमतः निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो । पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो । अहिले यसले विशिष्ट किसिमको साहित्यिक गद्यविधालाई बुझाउँछ ।

अङ्ग्रेजीमा यो 'निबन्ध' शब्दलाई 'एसे' वा 'एसाइ' (Essai) को शाब्दिक अर्थ अनुभवजन्य (Experiment) र प्रयास (attempt) हुँदछ । अतः निबन्ध भन्नाले अनुभवजन्य नयाँ कुराहरूमा बाँधिएर त्यसैलाई बताउने वा व्यक्त गर्ने प्रयासजन्य कला हो । वामन शिवराम आप्टेद्वारा सम्पादित संस्कृत हिन्दी-कुनै साहित्यिक ग्रन्थ वा ,रचना ,आसक्ति ,जोडनु ,शब्दकोष मा निबन्धका बाँध्नु कु ,कुनै कृतिको टीकानै सङ्ग्रह श्रृङ्खला आदि अनेक अर्थ दिएका पाइन्छ । , निबन्ध भन्नाले 'कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना हो' – वृहद नेपाली शब्दकोश । अ रिडर्स गाइड टू लिटरेरी टर्मस अनुसार निबन्ध भन्नाले -'एउटा छोटो रचना जो गद्यमा लेखिन्छ अनि एक वा त्योभन्दा अधिक शीर्षकहरूमा औपचारिक वा अनौपचारिक चर्चा गरिन्छ ।'

आधुनिक निबन्धका अन्वेषक मोतेञले यस विधालाई लेखकसङ्गको अभिन्न तत्तव (Consubstantial) मान्दै यसो भनेका पाइन्छ – 'यी (निबन्ध) द्वारा कुनै नवीन सत्यको रहस्योद्घाटन गरें भन्ने दावी गर्दिन । मेरो काम केवल पाठकलाई आफ्नु हृदय खोलेर देखाउनु हो । ' निबन्ध शब्दको अर्थ आधुनिक युगसहाउँदो बनाउन खोज्दै अक्सफोर्ड अङ्ग्रेजी शब्दकोशकार मरे (Murrey) ले निबन्धको परिभाषा आफ्नु शब्दकोशमा यसरी दिएका छन् – 'निबन्ध भनेको कुनै विशेष विषयमाथि वा विषयको शाखामाथि लेखिएको ठीकैको लमाइ भएको र आरम्भमा

पूर्णताको अभाव बुझिएको ओ डा. जोन्सनद्वारा 'एउटा अनियमित र अपरिपक्व रचना' ठानिएको तथापि वर्तमान युगमा भने विस्तारमा सीमित भए पनि शैलीमा प्रायः सुगठित भएको रचना हो ।'

हिन्दीका आचार्य रामचन्द्र शुक्लको विचारमा – 'यदि गद्य कविहरूको कसी हो भने निबन्ध हो गद्यको कसी ।' नेपालीका विद्वान ईश्वर बराल – ले आफ्नु सम्पादित ग्रन्थ 'सयपत्री' को भूमिकामा निबन्धको परिभाषा यसरी दिएका छन् – निबन्ध एक किसिमको कुरागराइ हो । लक्ष्मीप्रसाद देवकोटा – निबन्धसम्बन्धी देवकोटाले छुट्टै परिभाषा लेखेका नभए तापनि 'लक्ष्मी निबन्ध संग्रह' को भूमिका र प्रथम निबन्ध 'श्री गणेशाय नमः' मा निबन्धप्रति उनको धारणाको जानकारी प्राप्त हुन्छ ।

उल्लेखित परिभाषाहरूबाट हामी के भन्न सक्छौं भने निबन्ध एक प्रकारले कुरा गराई हो । आफ्ना मनका भावहरूलाई स्वागत कथनको रूपमा व्यक्त गर्ने विधाविशेष । अन्तरङ्ग विचार वा भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषयविशेषमा केन्द्रित कलात्मक गद्यरचनालाई 'निबन्ध' भनिन्छ । आधुनिक साहित्यका विभिन्न विधागत रूपका जन्म पाश्चात्य जगतबाट भए झैं निबन्ध विधाको जन्म पनि ईस्वीको सोह्रौं शताब्दीको उत्तरार्द्धमा फ्रान्समा भएपछि यसको विकास भने बेलायतमा भएको हो । विशेष फ्रान्सबाट र यस विधाको आविष्कारक फ्रान्सकै नागरिक मिशेल दि मोतेञ (ईस्वी 1533-92) लाई जाँदछ उनले आफ्ना जीवनमा भोगेका तथा अनुभव गरेका कुराहरूलाई निबन्धको रूप दिएर मा प्रकाशित गरे । फलस्वरूप अङ्ग्रेजी साहित्यले फ्रान्सिस बेकन (1561-1626) जस्ता सशक्त गद्य लेखक र निबन्धकार पाउन सक्यो । प्रभाव र प्रेरणास्वरूप

पछि विश्वप्रसिद्ध निबन्धकारहरूमा विशेष विलियम हेजलिट् (1778-1830), चार्ल्स ल्याम्ब् (1775-1834), जोसेफ एडिसन (1672-1719), रिचार्ड स्टीईल हुँदै रबर्ट लिण्ड (1871-1942) जस्ता आधुनिक निबन्धकारहरू देखा पर्दै आए । आरम्भमा प्रकाशित भएका प्रमुख पत्रिकाहरू ‘ट्याटलर’ (Tatler) – 1709 - 1711, ‘स्पेक्टेटर’ (Spectator) – 1711 - 1714, ‘दि गार्जियन’ - The Guardian , इत्यादि थिए । यो शताब्दीको मध्यभागतिर प्रकाशित हुन आरम्भ भएर निबन्ध साहित्यको विकासमा विशेष योगदान दिने पत्रिकाहरू थिए - ‘रयाम्बलर’ (Rambler) - 1750-1752 , ‘आइडलर’ (Idler) – 1758 - 1760 , ‘एड्भेन्चरर’ (Adventurer) – 1752 – 1754 , इत्यादि ।

आज विश्वभरि नै निबन्ध भन्नाले बेलाइतमा विकास भएको चार्ल्स ल्याम्ब र स्टिभेन्सनले लेखेका खाले निबन्ध भन्ने नै बुझिन्छ : यसप्रकारका निबन्ध अघि भनिए झैं फ्रान्समा चाहिँ मोतेञले आरम्भ गरेका धेरै पछि मात्र लेखिन थालियो । अहिलेसम्म फ्रान्सका प्रतिनिधि निबन्धकारहरूमध्ये भोल्टेयर, रूसो, ल्याममर्टिन, कजिन, माइकलेट, सेण्ट ब्यूव, अनातोले फ्रान्स, इमाइल फ्यागेण्ट, थियोफिल गौटियर, पाल – डि सेण्ट विक्टर, जुल्स लिमाइटर, फर्डिनाण्ड ब्रुनेटायर, इत्यादिका नाउँ सर्वोपरि छन् । अमेरिकाली प्रतिनिधि निबन्धकारहरूमध्ये निम्नलिखित व्यक्तिका नाउँ उल्लेखनीय छन् – डब्लु इर्भिङ, आर. डब्लु इमर्सन, नादनियल हथर्न, जे. आर. लोवेल । जर्मनीका निबन्धकारमध्ये लेसिंग, श्लेगल औ हरम्यान ग्रीम इत्यादिको स्थान प्रमुख छन् ।

## 1.7 सार

निबन्धको अर्थ, र यस शब्दको व्युत्पत्तिमूलक अर्थ, पूर्वीय तथा पाश्चात्य विद्वानहरूका अनुसार निबन्धको परिभाषा लगायत यस प्रखण्डमा निबन्धको उद्भवबारे पनि सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

● गद्य भाषामा लेखिने छोटो र छरितो साहित्यिक विधाको नाम निबन्ध हो । यसलाई एकप्रकारको कुरा गराइका रूपमा लिइन्छ ।

● मनमा भएका कुराहरूको लिपिबद्ध श्रृङ्खलित रूप नै निबन्ध हो । समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो लगभग बीसदेखि तीस मिनेट समयावधिको सीमामा पढिसकिने गद्यात्मक अभिव्यक्ति हो ।

● आधुनिक साहित्यका विभिन्न विधागत रूपका जन्म पाश्चात्य जगतबाट भए झैं निबन्ध विधाको जन्म पनि ईस्वीको सोह्रौं शताब्दीको उत्तरार्द्धमा फ्रान्समा भएपछि यसको विकास भने बेलायतमा भएको हो ।

● यसरी पछि अङ्ग्रेजी, बङ्गला, हिन्दी, हुँदै यो रोचक साहित्यिक विधा नेपाली साहित्यमा पनि  भित्रिएको हो ।

● आज आएर नेपाली साहित्यमा पनि हामीले लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने, हृयचन्द्रसिंह प्रधान, अच्छा राई 'रसिक', कमल दीक्षित, रामकृष्ण शर्मा, केशवराज पिंडाली प्रभृति निबन्धकारहरू पाएर धन्य बनेका छौं ।

● 'निबन्ध' शब्दको अर्थ संस्कृत भाषामा 'बाँध्नु' भन्ने हुन्छ, 'निबन्धीति निबन्ध' अथवा 'निबध्नाति इति निबन्ध' वा 'निबध्नातीति'

आदि । निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुना 'नि' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको हो ।

● अङ्ग्रेजीमा यो 'निबन्ध' शब्दलाई 'एसे' वा 'एसाइ' (Essai) को शाब्दिक अर्थ अनुभवजन्य (Experiment) र प्रयास (attempt) हुँदछ । अतः निबन्ध भन्नाले अनुभवजन्य नयाँ कुराहरूमा बाँधिएर त्यसैलाई बताउने वा व्यक्त गर्ने प्रयासजन्य कला हो ।

● आधुनिक निबन्धका अन्वेषक मोतेञले यस विधालाई लेखकसङ्गको अभिन्न तत्तव (Consubstantial) मान्दै यसो भनेका पाइन्छ – 'यी (निबन्ध) द्वारा कुनै नवीन सत्यको रहस्योद्घाटन गरें भन्ने दावी गर्दिन । मेरो काम केवल पाठकलाई आफ्नु हृदय खोलेर देखाउनु हो । ' उनले अझ भनेका छन् – 'म नै मेरा निबन्धको विषयवस्तु हुँ किनभने मलाई सबैले भन्दा राम्ररी चिन्ने व्यक्ति म स्वयं हुँ ।'

● निबन्ध लेखक नित्य नै स्वतन्त्र भाव- सम्प्रेषक, स्पष्टवादी, आत्मविश्लेषक र ईमान्दार वक्ता हुँदछ ।

● निबन्ध शब्दको अर्थ आधुनिक युगसहाउँदो बनाउन खोज्दै अक्सफोर्ड अङ्ग्रेजी शब्दकोशकार मरे-ले निबन्धको परिभाषा आफ्नु शब्दकोशमा यसरी दिएका छन् – 'निबन्ध भनेको कुनै विशेष विषयमाथि वा विषयको शाखामाथि लेखिएको ठीकैको लमाइ भएको र आरम्भमा पूर्णताको अभाव बुझिएको रचना विशेष हो ।

● डा. जोन्सनले निबन्धलाई एउटा अनियमित र अपरिपक्व रचना' ठानिएको तथापि वर्तमान युगमा भने विस्तारमा सीमित भए पनि शैलीमा प्रायः सुगठित भएको रचना हो भनी बतेका छन् ।

● लक्ष्मीप्रसाद देवकोटा – निबन्धसम्बन्धी देवकोटाले छुट्टै परिभाषा लेखेका नभए तापनि 'लक्ष्मी निबन्ध संग्रह' को भूमिका र प्रथम निबन्ध 'श्री गणेशाय नमः' मा " यो (निबन्ध) रौचिरा दर्शन होइन, न हो पण्डित्य प्रदर्शनको ठ्यासाफु !

● निबन्धबारे हृदयचन्द्रसिंह अनुसार निबन्धमा सफलता पाउनलाई लेखकमा प्रतिभा भएर मात्र हुँदैन, त्यसैले लेखकले कलमको पछि पछि मात्र दौडेर पुग्दैन, पाठकहरूलाई प्रभावित गर्न कलमलाई हृदय पक्राउने कोशिसि पनि गर्नुपर्छ भन्ने जानकारी थाहा पाइन्छ ।

● पाश्चात्य तथा पूर्वीय विद्वानहरूका निबन्धप्रतिको मन्तव्यलाई ध्यानमा राख्दै हामी के भन्न सक्छौं भने निबन्ध एक प्रकारले कुरा गराई हो । आफ्ना मनका भावहरूलाई स्वागत कथनको रूपमा व्यक्त गर्ने विधाविशेष । आफ्नो गुनासो पोख्नु आफ्नो सन्देश ओसार्नु निबन्धकारको आद्य तृष्णा हुन् ।

● आधुनिक साहित्यका विभिन्न विधागत रूपका जन्म पाश्चात्य जगतबाट भए झैं निबन्ध विधाको जन्म पनि ईस्वीको सोह्रौं शताब्दीको उत्तरार्द्धमा फ्रान्समा भएपछि यसको विकास भने बेलायतमा भएको हो ।

● विशेष फ्रान्सबाट र यस विधाको आविष्कारक फ्रान्सकै नागरिक मिशेल दि मोतेञ (ईस्वी 1533-92) लाई जाँदछ उनले आफ्ना जीवनमा भोगेका तथा अनुभव गरेका कुराहरूलाई निबन्धको रूप दिएर मा प्रकाशित गरे ।

● निबन्धको जन्म फ्रान्समा भएको भए पनि तत्कालैदेखि यसको भरण पोषण र सम्बर्दधन भने बेलाइतमै हुन्छ ।

- धैरै विद्वानहरू निबन्धको जन्म फ्रान्समा भएको भए पनि यसले आहार र पुष्टिकारी तत्तव बेलाइतमै प्राप्त गरी पूर्ण विकसित र वयस्क भएको हो भनी यसको वास्तविक घर बेलाइतलाई नै मान्छन् ।

- अठारौं शताब्दीमा अङ्ग्रेजी निबन्धले विशेष प्रगति गर्यो । यसका खास कारणहरूमध्ये सावधिक पत्रिकाहरूको प्रकाशन नै हो ।

- 10 तारीख फरवरी 1775 मा जन्मिएका चार्ल्स ल्याम्बका निबन्धहरू नियमित रूपले 'लण्डन म्यागेजिन' नामको पत्रिकामा सन् 1820 देखि सन् 1822 सम्म प्रकाशित भएका थिए ।

- 20 औं शताब्दीका आरम्भमा निबन्ध एक प्रकारको खेलवाड, लेखक र पाठकका बीचको मन बहलाउने साधन हुनथाल्यो ।

- फ्रान्सको माटामा उम्रिएको निबन्धले बेलाइतमा सरेर जरा हालेपछि बेलाइती रूप – आकृति लिनु स्वाभाविक नै थियो । आज विश्वभरि नै निबन्ध भन्नाले बेलाइतमा विकास भएको चार्ल्स ल्याम्ब र स्टिभेन्सनले लेखेका खाले निबन्ध भन्ने नै बुझिन्छ ।

## 1.8 अनुशीलनी

(1) निबन्धको व्युत्पति मूलक अर्थ लेखेर विभिन्न शब्दकोशहरूले निबन्धबारे दिएका परिभाषा उल्लेख गर्नुहोस् ।

(2) निबन्धबारे लक्ष्मीप्रसाद देवकोटाको मनत्वय " यो (निबन्ध) रौचिरा दर्शन होइन, न हो पण्डित्य प्रदर्शनको ठ्यासाफु !" – को अर्थलाई खुलस्त पारेर लेख्नुहोस् ।

(3) निबन्धबारे पूर्वीय विद्वानहरूले दिएका परिभाषाहरू विस्तारसङ्ग लेख्नुहोस् ।

(4) पाश्चात्य जगतमा निबन्धको विधाको उद्भवको विवरणलाई विस्तार पूर्वक चर्चा गर्नुहोस् ।

(5) पाश्चात्य जगतमा निबन्ध लेखनको विकास - परम्परामा योगदान पुर्याउने पत्र – पत्रिकाहरूबारे विवेचना गर्नुहोस् ।

## 1.9 अतिरिक्त अध्ययन

1 - डा. कुमारबहादुर जोशी, **लक्ष्मी निबन्धसंग्रहका निबन्धहरूमा देवकोटाका काव्य मान्यता**

2 - प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

3 - मोहनराज शर्मा (सं) **नेपाली निबन्ध भाग-1**

4 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**

5 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

6 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध**

7 - पारसमणि भण्डारी, यादवप्रकाश लामिछाने, तुलसीराम घिमिरे, सालिकराम पौडयाल र टीका पौडेल **नेपाली नाटक, एकाङ्की र निबन्ध**

8 – प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

9 – डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा **नेपाली साहित्यको संक्षिप्त इतिहास**

10 – रत्नध्वज जोशी **आधुनिक नेपाली साहित्यको झलक**

## 1.10 मुल्यबृद्धिका निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. निबन्ध शब्दको सामान्य परिचय ।

.........................................................................................

.......

....................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1 को परिचय 2 खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. निबन्धको व्युत्पत्तिमूलक अर्थ ।

.........................................................................................

.

.........................................................................................

.....

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. शब्दकोश अनुसार निबन्धको परिभाषा ।

.........................................................................................

......

.........................................................................................

......

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1.4.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. पूर्वीय तथा पाश्चात्य विद्वान अनुसार निबन्धको परिभाषा ।

.........................................................................................

.....

.........................................................................................

.....

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1.4.3 र क्रमैले 1.4.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. पाश्चात्य जगतमा निबन्ध लेखन परम्पराको उद्भव ।

.........................................................................................

.....

.........................................................................................

......

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. निबन्ध लेखन परम्परामा योगदान पुर्याउने पाश्चात्य जगतमा प्रमुख निबन्धकारहरू ।

.........................................................................................

.........................................................................................

................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1.5 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 2, निबन्धको सङ्घटक तत्वहरू ।

□ □ □ □ □ □

**2.1 उद्देश्य**

**2.2 परिचय**

**2.3 निबन्धको सङ्घटक तत्वहरू**

2.3.1 □ □ □ □ □ □ □ □ □

2.3.2 □ □ □ □ □ □ □

2.3.3 □ □ □ □ □ □ □ □

2.3.4 □ □ □ □ □ □ □ □ □ □ □ □ □ □ □

2.3.5 □ □ □ □ □ □ □ □ □ □ □

**2.4 उपसंहार**

**2.5 सार**

**2.6 अनुशीलनी**

**2.7 अतिरिक्त अध्ययन**

**2.8 मुल्यबृद्धिका निम्ति उत्तर**

## 2.1 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- निबन्धबारे सङ्क्षिप्त परिचय

Notes

- निबन्धमा अनिवार्य तत्वहरूमध्येको प्रमुख तत्व – विषयवस्तु
- निबन्धमा भाषाशैलीको अनिवार्यता
- निबन्धमा उद्देश्यको औचित्य
- निबन्धलाई सबल तुल्याउनमा श्रृङ्खलाबद्धताको आवश्यकता
- निबन्धमा सङ्क्षिप्तताको भूमिका

## 2.2 परिचय

छोटो र छरितो आधुनिक गद्य भाषामा लेखिने साहित्यिक विधाको नाम निबन्ध हो । यसलाई एकप्रकारको कुरा गराइका रूपमा लिइन्छ । मनमा भएका कुराहरूको लिपिबद्ध श्रृङ्खलित रूप नै निबन्ध हो । हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो । निबन्ध साहित्यका विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो । मान्छेको सोचाइ, विचार, आग्रह, प्रतिभा, खूबी आदिको आँकलनका आधारमा व्यक्ति र विषयको बोध हुने हुँदा कृतिको स्तरीयता र स्तरहीनताका आधारमा निबन्धलाई दुवै (जेठो तथा कान्छो) विधा मानिएको हो । समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो लगभग बीसदेखि तीस मिनेट समयावधिको सीमामा पढिसकिने गद्यात्मक अभिव्यक्ति हो । अङ्ग्रेजी र फ्रान्सेली साहित्यमा प्रस्तुत विधा प्रारम्भमा प्रयोग वा प्रयासका रूपमा थियो । यसैले निबन्ध सर्वप्रथम प्रयासको रूपमा आयो र यसै नामबाट यो प्रसिद्ध भयो । यथार्थमा यो आत्मप्रकाशनको सर्वथा नौलो प्रयास एवम् जसको माध्ययम गद्य थियो र छ पनि । यसै पनि गद्यमा आत्मविश्लेषण र

आत्मप्रकाशनको प्रशस्त अवसर रहन्छ । यसैले गद्य निबन्धका लागि एक मात्र माध्यम हुन सक्छ ।

पाश्चात्य जगतबटा उदय भएको साहित्यका अन्य विधाहरूमध्ये निबन्ध विधा हो । साहित्यका अन्य विधाहरू सरह यसको आफ्नै छुट्टै विशेषता एवम् महत्तव रहेको पाइन्छ । विभिन्न शब्दकोशले आ-आफ्ना प्रकारले निबन्ध शब्दको अर्थ प्रतिपादन गरेका भएतापनि सबैको केन्द्रित अर्थवोध साहित्यिक रचानभित्र नै पर्न गएको देखिन्छ । कोशकार आर एल टर्नरले पनि यस विधालाई लेख्यबन्ध, लेख्य प्रसङ्ग, लेख्य, लेख्यपत्र आदि भनेर उल्लेख गरेको पाइन्छ । अतः निबन्धलाई एक विशुद्ध साहित्यिक रचना नै हो भनी स्वीकार्न सठीक  ठहर्दछ ।  निबन्ध शब्दको अर्थ आधुनिक युगसहाउँदो बनाउन खोज्दै अक्सफोर्ड अङ्ग्रेजी शब्दकोशकार मरे (Murrey) ले निबन्धको परिभाषा आफ्नु शब्दकोशमा यसरी दिएका छन् – ‘निबन्ध भनेको कुनै विशेष विषयमाथि वा विषयको शाखामाथि लेखिएको ठीकैको लमाइ भएको र आरम्भमा पूर्णताको अभाव बुझिएको ओ डा. जोन्सनद्वारा ‘एउटा अनियमित र अपरिपक्व रचना’ ठानिएको तथापि वर्तमान युगमा भने विस्तारमा सीमित भए पनि शैलीमा प्रायः सुगठित भएको रचना हो ।’

‘निबन्धको सबभन्दा लघुपरिभाषा के हो भने यो गद्यरचनाको एक प्रकार हो, जो बहुतै छोटो हुन्छ, जसमा वर्णन मात्र हुन्न । कहिलेकाहीँ निबन्धलेखक आफ्नो कथ्यलाई सिद्ध गर्नका लागि विभिन्न प्रसङ्गहरूको सहायता लिन सक्छ । कहिले उपन्यासकारझैँ पात्रहरूको निर्माण गर्न सक्छ, परन्तु उसको मुख्य उद्धेश्य कथा भन्नु होइन । निबन्धकारको मुख्य कार्य सामाजिक, दार्शनिक, आलोचक वा व्याख्याकारको जस्तै अथवा उसको समानार्थी हुन्छ । ’ ‘निबन्धकार जीवनको समग्रताको

अनुभव एवम् आनन्दको अनुभूति एकसाथ गर्न खोज्छ । कविझैं जीवनको विराटता, सूक्ष्मता वा सुन्रता मात्रसित उसको प्रयोजन रहँदैन । ऊ त जीवनको आभाले सन्तुष्ट हुन्छ, पूर्ण प्रकाशको ज्वालाको अनुभूतिको इच्छुक हुँदैन । अतः निबन्धकारको रोमान्स लेखकसित बिलकुलै मेल हुन्न । निबन्धकार जीवनको तटस्थ द्रष्टा हो, ऊ व्यर्थको स्वप्नलोकमा आफूलाई बेपत्ता पार्न चाहँदैन । ऊ त हाम्रो लक्ष्यको साथी हो, गफको पथिक हो, यात्राको सहचर हो । निबन्धकारको मनोदशा जस्तोसुकै होस्, उसको जीवनलाई हेर्ने दृष्चि पचास प्रकारको होस्, केवल एक काम निबन्धकार गर्न सक्तैन र त्यो हो जीवनको उपेक्षा ।' नेपालीका विद्वान ईश्वर बराल – ले आफ्नु सम्पादित ग्रन्थ 'सयपत्री' को भूमिकामा निबन्धको परिभाषा यसरी दिएका छन् – निबन्ध एक किसिमको कुरागराइ हो । यो हो लेखकको मनका भावनाहरूलाई स्वगत कथनको रूपमा उद्ररिक्त गराउने विधा विशेष । आफ्नु गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्नु, हृदयलाई सकेसम्म छर्लङ्याइदिनु, आन्तरिक सन्देशलाई फिँजाइदिनु मानिसका आद्य तिर्सना हुन् । आफ्नो सन्देश ओसार्नु निबन्धकारको आद्य तृष्णा हुन् । उल्लेखित परिभाषाहरूबाट हामी के भन्न सक्छौं भने निबन्ध एक प्रकारले कुरा गराई हो । आफ्ना मनका भावहरूलाई स्वागत कथनको रूपमा व्यक्त गर्ने विधाविशेष । अन्तरङ्ग विचार वा भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषयविशेषमा केन्द्रित कलात्मक गद्यरचनालाई 'निबन्ध' भनिन्छ । मुलतः विषयगत ऐक्य नभएको निबन्ध कलाको कोटीमा आउन सक्तैन । विषयान्तर हुनु वा अप्रासङ्गिक

विषय समावेश हुनु कलागत कमजोरी हो । निर्दिष्ट विषयमा केन्द्रित निबन्धमा रचना-विधानगत अनुशासन पाइन्छ ।

## 2.3 निबन्धको सङ्घटक तत्वहरू

साहित्यका अरू विधाजस्तै निबन्धको तत्व निरूपण गर्नु कठिन कार्य हो । साहित्यले समयक्रममा आफ्ना स्वरूपमा परिवर्तन गरिरहन्छ । त्यसैले हिजोका मान्यता आज अमान्य ठहरिन्छ । यसैअनुरूप निबन्ध पनि एउटा परिवर्तनशील विधा हो । यिनै मूलभूत धर्मलाई स्वीकार्दै त्यसै आधारमा निबन्धको तत्व निर्धारण गर्न सकिन्छ । कतिपय समीक्षकहरूले निबन्धका विभिन्न तत्व प्रसुतत गरेका पाइन्छन् । मूलभूत रूपमा निबन्धका प्रमुख तत्वहरू यसप्रकार देखिन्छन् - (1) विषयवस्तु , (2) भाषाशैली, (3) उद्देश्य, (4) श्रृङ्खलाबद्धता र (5) सङ्क्षिप्तता आदि ।

**2.3.1 विषयवस्तु -** विषयवस्तु निबन्धको महत्वपूर्ण तत्व हो । निबन्धको विषय व्यापक हुन्छ । निबन्धकारले आफ्नो रूचि र स्वभावअनुसार जुनसुकै विषयलाई पनि छाम्न सक्छ । वस्तुतः अनुभूतिलाई व्यक्त गर्ने माध्यमलाई विषय भनिन्छ । विषयवस्तुलाई निबन्धकारले आफ्नो इच्छानुसार प्रधान वा गौण रूपमा प्रस्तुत गर्न सक्छ तर विषयवस्तुको नितान्त अनुपस्थितिमा निबन्ध लेख्न सम्भव छैन । जीवन जगत्का यावत् पक्ष पक्षान्तरका विषयमध्ये कुनै पनि पक्षलाई टिपेर निबन्ध सृजना गर्न सकिन्छ । त्यसैले पनि विषयगत व्यापक्ता निबन्धको आवश्यक तत्व मानिन्छ । विषयगत व्यापकताका कारण निबन्धका प्रकारका पनि प्रत्यक्ष प्रभाव पारेको हुन्छ । निबन्धको विषयतिर ध्यान दिंदा जीवाणुदेखि धूलाराशिसम्मका कुनै पनि वस्तु

निबन्धकमा समाहित हुनसक्छ । यसर्थ विषयगत व्यापकता निबन्धको अनिवार्य तत्व हो । उसै गरी यो निबन्धको प्राण हो । यसमा दुई कुरा हुन्छन् – बुद्धितत्व र भावतत्व । बुद्धितत्वमा विचार, चिन्तन, तार्किकता, वैज्ञानिक बोध, यथार्थ प्रेम, गम्भीरता र औचित्यरक्षाको सावधानी रहन्छ । यसरी नै भावतत्वमा संवेदनाको आवेग, भावुकताको आग्रह, रागात्मकता र ध्वन्यात्मकताको समावेश भएको हुन्छ । कल्पनाको आवरणले यसलाई सिँगारेको हुन्छ ।

वास्तवमा साहित्यका जुनसुकै विधाको निर्माणका लागि विषयवस्तु अनिवार्य देखिन्छ, यद्धपि सबै विधाहरूको विषयवस्तुको प्रकृति एकनासको भने हुँदैन । निबन्धमा निबन्धकारले जीवनजगतका जुनसुकै विषयवस्तुको प्रयोग गर्न सक्छ । विषयवस्तु चयनको कार्य समाप्त भएपछि निबन्धकारले उक्त विषयलाई आत्मपरक वा वस्तुपरक कुनै पनि ढङ्गले प्रस्तुत गर्दछ । निबन्धमा निबन्धकारले प्रकृति, समाज संस्कृति, इतिहास, दर्शन, पुराण, धर्म, राजनीति, शिक्षा, प्रशासनिक विकृति, विसङ्गति, युगीन त्रासदी, विश्व मानवतावादलगायत जुनसुकै पनि मूर्त वा अमूर्त विषय प्रयोग गर्न सक्छ । मूलतः मूर्त विषयको प्रयोग भएमा निबन्ध वस्तुपरक बन्न सक्छ भने राष्ट्रप्रेम, मानवतावाद जस्ता भावमय अमूर्त विषय प्रयोग भएमा निबन्ध आत्मपरक बन्दछ । सामन्यतः निबन्धमा विषयवस्तुलाई क्रमबद्ध ढङ्गमा सिलसिला मिलाएर प्रस्तुत गरिन्छ । यसरी प्रस्तुत गरिँदा मात्र पाठक निबन्दमा प्रयुक्त विषयवस्तुको गतिसँग सँगै हिँडन सक्छ, अन्यथा पाठक निबन्धबाट भाग्ने डर पनि उत्तिकै रहन्छ । निबन्धको आदि भागमा शीर्षक वा विषयको चिनारी दिइन्छ भने मध्य भागमा शीर्षकसम्बद्ध विषयका बारेमा लेखकका निजी भावाभिव्यक्तिहरू पनि समेटिएका हुन्छन् । निबन्धको अन्त्य भागमा

विषयको व्याख्या – विवेचनाबाट आएको निष्कर्षलाई प्रस्तुत गरिन्छ र निबन्धलाई टुङ्ग्याउनीमा पुर्याइन्छ ।

**2.3.2 भाषा शैली –** विषयसङ्ग सम्बन्धित वस्तुतथ्यका आधारमा अनुभूतिलाई सङ्गठित रूपमा प्रस्तुत गर्ने प्रक्रियालाई भाषाशैलीअन्तर्गत समेट्न सकिन्छ । यो निबन्धकारको व्यक्तित्वको परिचायक हुन्छ । यो निबन्धको अत्यन्त महत्वपूर्ण तत्व हो । निबन्धकारले गृहित वस्तुलाई शब्दका माध्यबाट व्यक्त गर्दछ । यस क्रममा कतै परिचयात्मक रूपमा त कनै विचारात्मक रूपमा अनुभूतिको प्रस्तुतीकरण गर्धछ । निजात्मक निबन्धमा विषयको स्पर्श गरेर अनुभूतिलाई प्रथम पुरूष दृष्टिबिन्दुको प्रयोग गरेको हुन्छ । परात्मक निबन्धमा चाहिँ अपेक्षाकृत रूपमा व्यक्त सत्ताको आग्रह राखिएको पनि विषयलाई चिनाउने तीव्र प्रयास गरिन्छ । यस कोटिका निबन्धमा तृतीय पुरूष दृष्टि बिन्दुको प्रयोग हुन्छ । अलङ्कार, अर्थचमत्कार, ध्वनिचमत्कार र वाक्यसौन्दर्य शैलीका सहायक अङ्ग हुन् । अलङ्कारले भाषामा सौन्दर्य आउँछ । अर्थचमत्कार उक्तिवैचित्र्यमा र बहुअर्थी शब्दहरूको प्रयोगमा निर्भर हुन्छ । व्यङ्यात्मक गुण पनि यसै अर्थचमत्कारको वैशिष्ट्य हो । ध्वनिचमत्कार समश्रुति शब्दहरूको विन्यासबाट उत्पन्न हुन्छ र भावसौन्दर्यले यसलाई उत्कृष्टता प्रदान गर्छ । वाक्यसौन्दर्य ललित पदयोजनाले मात्र आउँदैन, सरल र स्पष्ट शब्दहरूद्वारा बनेका छोटा-छोटा वाक्यहरूको योजनाले पनि आउँछ । त्यसैले देवकोटाका लामा-लामा परन्तु ललित पद एवम् ध्वनिको चमत्कारले युक्त वाक्यमा पनि सौन्दर्य पाइन्छ र बदरीनाथ भट्टराईका मीठा परन्तु छोटा-छोटा वाक्यमा पनि तर केवल पाण्डित्य र अर्थगाम्भीर्यले गुरू भएका यदुनाथ खनालका वाक्य त्यति रोचक हुन सकेका छैनन् । कसैको शैलीमा हास्य र व्यङ्ग्य को पुट हुन्छ र त्यसैले

गर्दा तिनका निबन्धमा अन्य दोष भए पनि ती आकर्षक, रोचक र प्रभाकारी हुन जान्छन् । सरलता, स्पष्टता, प्राञ्जलता र प्रभावकारिता शैलीका गुण हुन् । कठिन शब्दावली, घुमाउरो वाक्यविन्यास, लामा-लामा पाण्डित्यपूर्ण वक्तव्य, वाक्य वा शब्दहरूबाट अभिप्रेरित अर्थ स्पष्ट नहुनु, पुनरूक्ति, एउटै शब्दको पुनरावृत्ति, व्याकरणसम्बन्धी अशुद्धिहरू, वाक्यहरूको तारतम्य नमिलेको हुनु, विचारहरूको क्रम ठीक नहुनु शैलीका दोष मानिन्छन् ।

वास्तवमा कुनै पनि लिखित या मौखिक विषयको प्रस्तुतिको माध्यम भाषा हो भने प्रस्तुतिको ढङ्ग नै शैली हो । भाषाविना कुनै पनि अभिव्यक्तिले आफ्नो स्वरूप ग्रहण गर्न सक्दैन । निबन्ध गद्य भाषामा लेखिन्छ । यसमा प्रयोग गरिने गद्य भाषा सरल, सुमधुर र विशिष्ट प्रकृतिको हुनुपर्दछ । मूलतः निबन्ध स्रष्टाका वैयक्तिक अनुभूतिको हार्दिक अभिव्यक्ति भएकाले यसमा प्रयुक्त भाषामा आवेग, संवेग, रागात्मकता जस्ता मानसिक पक्षहरू प्रतिविम्बित भएको हुनुपर्दछ । साथसाथै विषयवस्तुको स्तरअनुरूप निबन्धको भाषा स्तरीय हुनु पनि उत्तिकै आवश्यक छ । पाठकलाई आकर्षित गर्न सक्ने काव्यात्मक भाषाको प्रयोग निबन्धका लागि वाञ्छनीय देखिन्छ । विषयवस्तुको प्रकृति र त्यसको प्रस्तुतिअनुरूप आत्मपरक र वस्तुपरक निबन्धको भाषामा पनि भिन्नता पाइन्छ । आत्मपरक निबन्धको भाषामा कोमलता, सरसता, भावुकता, रागात्मकताजस्ता विशेषताहरू आवश्यक देखिन्छन् भने वस्तुपरक निबन्धको भाषामा वस्तुगतता, तार्किकता, बौद्धिकताजस्ता विशेषताहरू अपेक्षित देखिन्छन् । शैली मूलतः विषयवस्तुको प्रस्तुतिका सन्दर्भमा लेखकले अवलम्बन गर्ने पद, पदावली, वाक्य, अनुच्छेद आदि प्रयोगको तौर-तरिका हो । वैयक्तिक भिन्नताका आधारमा निबन्धको शैलीमा पनि

फरकपन पाइन्छ । शैलीहरू विभिन्न आधारमा विभिन्न प्रकारका हुन सक्छन् । भावको प्रस्तुतिका दृष्टिले निबन्धमा प्रयोग हुने शैलीहरू संयत शैली, भावुक शैली, व्यङ्यात्मक शैली आदि विभिन्न हुन्छन् भने विषय – वर्णनको आधारमा समास शैली र व्यास शैलीको प्रयोग निबन्धमा हुने गर्दछ । भावुकतालाई नियन्त्रण गरी छोटोमिठो पाराले विषयवस्तुको प्रस्तुति गर्दा संयत शैलीको निर्माँण हुन्छ भने लेखकले अनियन्त्रित ढङ्गले भावुकतालाई छताछुल्ल पोख्दा भावुक शैलीको निर्माण हुन्छ । त्यसैगरी विषयवस्तुको प्रस्तुति ठट्यौली एवम् व्यङ्यात्मक पाराले भएमा त्यहाँ व्यङ्ग्यात्मक शैली रहेको पाइन्छ । त्यसैगरी समास शैली सङ्क्षिप्त एवम् सूत्रात्मक प्रकृतिको हुन्छ भने व्यास शैलीमा विषयवस्तुको विस्तृत वर्णन भएको हुन्छ । यीबाहेक पनि निबन्धमा निजात्मक, परात्मक, वर्णनात्मक, विश्लेषणात्मक, विवरणात्मक, पत्रात्मक, नियात्रात्मक, चेतनप्रवाहात्मक आदि विविध प्रकारका शैलीको प्रयोग भएको पाइन्छ । जस्तोसुकै शैलीको प्रयोग भए पनि उक्त भाषाशैलीले निबन्धको विषयवस्तु र भावलाई पक्रन सक्नुपर्दछ र उक्त शैली सरल, सहज, रोचक, आकर्षक, आलङ्कारिक, विम्बात्मक र सुगठित प्रकृतिको हुनुपर्दछ ।

**2.3.3 उद्देश्य** – हरेक निबन्ध कुनै न कुनै उद्देश्यले प्रेरित हुन्छ र आफ्नो लक्ष्यपूर्तिकालागि प्रयत्नशील हुन्छ । बिनाउद्देश्यको निबन्ध निरर्थक प्रलाप मात्र हो । निबन्धकलाको मूल उद्देश्य अल्पसमयमा कुनै पनि विषयको परिचय दिनु हो । यस स्थितिमा कुनै विषयलाई लिपिबद्ध गर्दा निबन्धकारले आफ्नो उद्देश्यलाई स्पष्ट पार्न सक्नुपर्छ किनभने निबन्ध नै यस्तो काव्यविधा हो, जसमा लेखकको व्यक्तित्व लुकेर नबसी निर्भीकता र निःसङ्कोचसाथ प्रकाशमा आउन सक्छ, तर निबन्धकारको

उद्देश्य उपदेश दिनु नभई सूचना दिनु वा आत्मप्रकाशन हुनुपर्छ । यसैलाई मूल भाव पनि भनिन्छ ।

वास्तवमा कुनै पनि कार्य विना उद्देश्य गरिँदैन, निबन्धसृजना पनि त्यस्तै कुनै निश्चित उद्देश्य लिएर नै गरिएको हुन्छ । कुनै विषयवस्तुका बारेमा सत्य – तथ्य सूचना प्रदान गर्ने, वैयक्तिक अनुभव पाठकसम पस्कने, कुनै स्थानका बारे पाठकलाई जानकारी गराउने, काव्यात्मक ढङ्गले पाठकलाई उपदेश प्रदान गर्ने, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्ने आदि विविध प्रकृतिका उद्देश्यहरू निबन्धका हुन सक्छन् । यति हुँदा हुँदै पनि निबन्धकारले विषयवस्तुको प्रस्तुतिका क्रममा आफ्ना निजी दृष्टिकोण र अनुभूतिलाई पनि पाठकसमक्ष पस्केको हुन्छ, तसर्थ निबन्धको उद्देश्य लेखकको आत्मप्रकाशन गर्नु पनि हुन सक्छ । अन्य साहित्यिक विधामा जस्तै निबन्धमा पनि उद्देश्यको प्रस्तुति अप्रत्यक्ष रूपमा हुनुपर्दछ । अतः निबन्धको विषयवस्तुसँग उद्देश्य पनि कलात्मकतासाथ लिप्त हुनुपर्दछ । यसका लागि निबन्धको भाषाशैलीमा नवीनता, चमत्कारिता र वाक्चतुरताको सशक्त प्रयोग गर्नु आवश्यक देखिन्छ । उद्धेश्यको प्रस्तुति प्रत्यक्ष रूपमा भएमा निबन्ध प्रचारात्मक बन्दछ, स्तरीय बन्न सक्दैन । त्यसैले निबन्धले आफ्नो उद्धेश्यलाई विषयवस्तुमा घोलेर तथा शैलीमा मिसाएर प्रस्तुत गरेको हुनुपर्दछ ।

**2.3.4 श्रृङ्खलाबद्धता –** निबन्ध निश्चित श्रृङ्खला आवद्ध हुने भाषिक प्रक्रिया हो । निबन्ध गृहीत वस्तुलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्ने क्षमताको आरम्भ, विकास र उपसंहारका रूपमा श्रृङ्खलाबद्धतामा आत्माभिव्यक्तिको प्रस्तुति हो । यस प्रस्तुतिलाई भूमिकाखण्ड, निबन्ध स्वतःस्फूर्त प्रवाहमा विकसित श्रृङ्खलाबद्ध भाषिक प्रक्रिया हो ।

**2.3.5 संक्षिप्तता** – संक्षिप्तता निबनधको बाह्य पक्षसँग सम्बद्ध कुरा हो । यसले निबन्धको आकार प्रकारलाई बुझाउँछ । निबन्धको लागि गृहीत विषयलाई निबन्धकारले निश्चित सीमित आवद्ध भएर अभिव्यक्ति गरेको हुन्छ । संक्षिप्तताको तात्पर्य थोरै समयमा पढिसकिने गरी प्रस्तुत गरिएको विषयवस्तुको पूर्ण अभिव्यक्ति हो । सङ्क्षिप्तताको अर्थ सारसंक्षेप नभई गृहीत वस्तुलाई सङ्क्षिप्त रूपमा पूर्णरूपाकृति दिनु हो । यसरी सङ्क्षिप्ततालाई निबन्धको प्रमुख तत्वका रूपमा लिन सकिनछ ।

## 2.4 उपसंहार

आधुनिक गद्य भाषामा लेखिने छोटो र छरितो साहित्यिक विधाको नाम निबन्ध हो । निबन्ध साहित्यका विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो । यसलाई एकप्रकारको कुरा गराइका रूपमा लिइन्छ । मनमा भएका कुराहरूको लिपिबद्ध श्रृङ्खलित रूप नै निबन्ध हो । हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो । मान्छेको सोचाइ, विचार, आग्रह, प्रतिभा, खूबी आदिको आँकलनका आधारमा व्यक्ति र विषयको बोध हुने हुँदा कृतिको स्तरीयता र स्तरहीनताका आधारमा निबन्धलाई दुवै (जेठो तथा कान्छो) विधा मानिएको हो । समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो लगभग बीसदेखि तीस मिनेट समयावधिको सीमामा पढिसकिने गद्यात्मक अभिव्यक्ति हो । अङ्ग्रेजी र फ्रान्सेली साहित्यमा प्रस्तुत विधा प्रारम्भमा प्रयोग वा प्रयासका रूपमा थियो । यसैले निबन्ध सर्वप्रथम प्रयासको रूपमा आयो र यसै नामबाट यो प्रसिद्ध भयो । यथार्थमा यो आत्मप्रकाशनको सर्वथा नौलो प्रयास एवम् जसको माध्ययम गद्य थियो र छ पनि । यसै पनि गद्यमा आत्मविश्लेषण र आत्मप्रकाशनको प्रशस्त अवसर रहन्छ । यसैले गद्य निबन्धका लागि एक मात्र माध्यम हुन सक्छ । पाश्चात्य जगतबटा उदय भएको साहित्यका अन्य विधाहरूमध्ये निबन्ध विधा हो । साहित्यका अन्य विधाहरू सरह

यसको आफ्नै छुट्टै विशेषता एवम् महत्तव रहेको पाइन्छ । निबन्ध शब्दको अर्थ आधुनिक युगसहाउँदो बनाउन खोज्दै अक्सफोर्ड अङ्ग्रेजी शब्दकोशकार मरे (Murrey) ले निबन्धको परिभाषा आफ्नु शब्दकोशमा यसरी दिएका छन् – 'निबन्ध भनेको कुनै विशेष विषयमाथि वा विषयको शाखामाथि लेखिएको ठीकैको लमाइ भएको र आरम्भमा पूर्णताको अभाव बुझिएको ओ डा. जोन्सनद्वारा 'एउटा अनियमित र अपरिपक्व रचना' ठानिएको तथापि वर्तमान युगमा भने विस्तारमा सीमित भए पनि शैलीमा प्रायः सुगठित भएको रचना हो ।' 'निबन्धको सबभन्दा लघुपरिभाषा के हो भने यो गद्यरचनाको एक प्रकार हो, जो बहुतै छोटो हुन्छ, जसमा वर्णन मात्र हुन्न । आफ्नो सन्देश ओसार्नु निबन्धकारको आद्य तृष्णा हुन् । उल्लेखित परिभाषाहरूबाट हामी के भन्न सक्छौं भने निबन्ध एक प्रकारले कुरा गराई हो । आफ्ना मनका भावहरूलाई स्वागत कथनको रूपमा व्यक्त गर्ने विधाविशेष । अन्तरङ्ग विचार वा भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषयविशेषमा केन्द्रित कलात्मक गद्यरचनालाई 'निबन्ध' भनिन्छ । मुलतः विषयगत ऐक्य नभएको निबन्ध कलाको कोटीमा आउन सक्तैन । विषयान्तर हुनु वा अप्रासङ्गिक विषय समावेश हुनु कलागत कमजोरी हो । निर्दिष्ट विषयमा केन्द्रित निबन्धमा रचना-विधानगत अनुशासन पाइन्छ ।

## 2.5 सार

निबन्धको सामान्य परिचय लगायत यस प्रखण्डमा निबन्धको सङ्घटक तत्वहरूबारे पनि सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- गद्य भाषामा लेखिने छोटो र छरितो साहित्यिक विधाको नाम निबन्ध हो । यसलाई एकप्रकारको कुरा गराइका रूपमा लिइन्छ ।

- मनमा भएका कुराहरूको लिपिबद्ध श्रृङ्खलित रूप नै निबन्ध हो । समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो लगभग बीसदेखि तीस मिनेट समयावधिको सीमामा पढिसकिने गद्यात्मक अभिव्यक्ति हो ।

- मान्छेको सोचाइ, विचार, आग्रह, प्रतिभा, खूबी आदिको आँकलनका आधारमा व्यक्ति र विषयको बोध हुने हुँदा कृतिको स्तरीयता र स्तरहीनताका आधारमा निबन्धलाई दुवै (जेठो तथा कान्छो) विधा मानिएको हो ।

- अङ्ग्रेजी र फ्रान्सेली साहित्यमा प्रस्तुत विधा प्रारम्भमा प्रयोग वा प्रयासका रूपमा थियो । यसैले निबन्ध सर्वप्रथम प्रयासको रूपमा आयो र यसै नामबाट यो प्रसिद्ध भयो ।

- यसै पनि गद्यमा आत्मविश्लेषण र आत्मप्रकाशनको प्रशस्त अवसर रहन्छ । यसैले गद्य निबन्धका लागि एक मात्र माध्यम हुन सक्छ ।
- निबन्धलाई एक विशुद्ध साहित्यिक रचना नै हो भनी स्वीकार्न सठीक ठहर्दछ ।

- निबन्ध शब्दको अर्थ आधुनिक युगसहाउँदो बनाउन खोज्दै अक्सफोर्ड अङ्ग्रेजी शब्दकोशकार मरे (Murrey) ले निबन्धको परिभाषा आफ्नु

शब्दकोशमा यसरी दिएका छन् – 'निबन्ध भनेको कुनै विशेष विषयमाथि वा विषयको शाखामाथि लेखिएको ठीकैको लमाइ भएको र आरम्भमा पूर्णताको अभाव बुझिएको, विस्तारमा सीमित भए पनि शैलीमा प्रायः सुगठित भएको रचना हो ।'

- निबन्धकारको मुख्य कार्य सामाजिक, दार्शनिक, आलोचक वा व्याख्याकारको जस्तै अथवा उसको समानार्थी हुन्छ । ' 'निबन्धकार जीवनको समग्रताको अनुभव एवम् आनन्दको अनुभूति एकसाथ गर्न खोज्छ ।

- निबन्धकारको मनोदशा जस्तोसुकै होस्, उसको जीवनलाई हेर्ने दृष्टि पचास प्रकारको होस्, केवल एक काम निबन्धकार गर्न सक्तैन र त्यो हो जीवनको उपेक्षा ।' नेपालीका विद्वान ईश्वर बराल – ले आफ्नु सम्पादित ग्रन्थ 'सयपत्री' को भूमिकामा निबन्धको परिभाषा यसरी दिएका छन् – निबन्ध एक किसिमको कुरागराइ हो ।

- आफ्नो सन्देश ओसार्नु निबन्धकारको आद्य तृष्णा हुन् ।

- अन्तरङ्ग विचार वा भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषयविशेषमा केन्द्रित कलात्मक गद्यरचनालाई 'निबन्ध' भनिन्छ ।

- मुलतः विषयगत ऐक्य नभएको निबन्ध कलाको कोटीमा आउन सक्तैन । विषयान्तर हुनु वा अप्रासङ्गिक विषय समावेश हुनु कलागत कमजोरी हो । निर्दिष्ट विषयमा केन्द्रित निबन्धमा रचना-विधानगत अनुशासन पाइन्छ ।

- साहित्यका अरू विधाजस्तै निबन्धको तत्व निरूपण गर्नु कठिन कार्य हो । साहित्यले समयक्रममा आफ्ना स्वरूपमा परिवर्तन गरिरहन्छ । त्यसैले हिजोका मान्यता आज अमान्य ठहरिन्छ । यसैअनुरूप निबन्ध पनि एउटा परिवर्तनशील विधा हो । यिनै मूलभूत धर्मलाई स्वीकार्दै त्यसै आधारमा निबन्धको तत्व निर्धारण गर्न सकिन्छ ।

- कतिपय समीक्षकहरूले निबन्धका विभिन्न तत्व प्रसुतत गरेका पाइन्छन् । मूलभूत रूपमा निबन्धका प्रमुख तत्वहरू यसप्रकार देखिन्छन् - (1) विषयवस्तु , (2) भाषाशैली, (3) उद्देश्य, (4) श्रृङ्खलाबद्धता र (5) सङ्क्षिप्तता आदि ।

- विषयवस्तु निबन्धको महत्वपूर्ण तत्व हो । निबन्धको विषय व्यापक हुन्छ । निबन्धकारले आफ्नो रूचि र स्वभावअनुसार जुनसुकै विषयलाई पनि छाम्न सक्छ । वस्तुतः अनुभूतिलाई व्यक्त गर्ने माध्यमलाई विषय भनिन्छ ।

- निबन्धको विषयतिर ध्यान दिंदा जीवाणुदेखि धूलाराशिसम्मका कुनै पनि वस्तु निबन्धकमा समाहित हुनसक्छ । यसर्थ विषयगत व्यापकता निबन्धको अनिवार्य तत्व हो । उसै गरी यो निबन्धको प्राण हो । यसमा दुई कुरा हुन्छन् – बुद्धितत्व र भावतत्व ।

- विषयसङ्ग सम्बन्धित वस्तुतथ्यका आधारमा अनुभूतिलाई सङ्गठित रूपमा प्रस्तुत गर्ने प्रक्रियालाई भाषाशैलीअन्तर्गत समेट्न सकिन्छ । यो निबन्धकारको व्यक्तित्वको परिचायक हुन्छ । यो निबन्धको अत्यन्त महत्वपूर्ण तत्व हो ।

- अलङ्कार, अर्थचमत्कार, ध्वनिचमत्कार र वाक्यसौन्दर्य शैलीका सहायक अङ्ग हुन् । अलङ्कारले भाषामा सौन्दर्य आउँछ । अर्थचमत्कार उक्तिवैचित्र्यमा र बहुअर्थी शब्दहरूको प्रयोगमा निर्भर हुन्छ ।

- वास्तवमा कुनै पनि लिखित या मौखिक विषयको प्रस्तुतिको माध्यम भाषा हो भने प्रस्तुतिको ढङ्ग नै शैली हो । भाषाविना कुनै पनि अभिव्यक्तिले आफ्नो स्वरूप ग्रहण गर्न सक्दैन ।

- वैयक्तिक भिन्नताका आधारमा निबन्धको शैलीमा पनि फरकपन पाइन्छ । शैलीहरू विभिन्न आधारमा विभिन्न प्रकारका हुन सक्छन् ।

- भावको प्रस्तुतिका दृष्टिले निबन्धमा प्रयोग हुने शैलीहरू संयत शैली, भावुक शैली, व्यङ्यात्मक शैली आदि विभिन्न हुन्छन् भने विषय – वर्णनको आधारमा समास शैली र व्यास शैलीको प्रयोग निबन्धमा हुने गर्दछ ।

- भावुकतालाई नियन्त्रण गरी छोटोमिठो पाराले विषयवस्तुको प्रस्तुति गर्दा संयत शैलीको निर्माँण हुन्छ भने लेखकले अनियन्त्रित ढङ्गले भावुकतालाई छताछुल्ल पोख्दा भावुक शैलीको निर्माण हुन्छ ।

- हरेक निबन्ध कुनै न कुनै उद्देश्यले प्रेरित हुन्छ र आफ्नो लक्ष्यपूर्तिकालागि प्रयत्नशील हुन्छ । बिनाउद्देश्यको निबन्ध निरर्थक प्रलाप मात्र हो । निबन्धकलाको मूल उद्देश्य अल्पसमयमा कुनै पनि विषयको परिचय दिनु हो ।

- निबन्धले आफ्नो उद्धेश्यलाई विषयवस्तुमा घोलेर तथा शैलीमा मिसाएर प्रस्तुत गरेको हुनुपर्दछ ।

- निबन्ध निश्चित श्रृङ्खला आवद्ध हुने भाषिक प्रक्रिया हो । निबन्ध गृहीत वस्तुलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्ने क्षमताको आरम्भ, विकास र उपसंहारका रूपमा श्रृङ्खलाबद्धतामा आत्माभिव्यक्तिको प्रस्तुति हो ।

- निबन्ध स्वतःस्फूर्त प्रवाहमा विकसित श्रृङ्खलाबद्ध भाषिक प्रक्रिया हो ।

- संक्षिप्तता निबनधको बाह्य पक्षसँग सम्बद्ध कुरा हो । यसले निबन्धको आकार प्रकारलाई बुझाउँछ । निबन्धको लागि गृहीत विषयलाई निबन्धकारले निश्चित सीमित आवद्ध भएर अभिव्यक्ति गरेको हुन्छ । संक्षिप्तताको तात्पर्य थोरै समयमा पढिसकिने गरी प्रस्तुत गरिएको विषयवस्तुको पूर्ण अभिव्यक्ति हो ।

- सङ्क्षिप्तताको अर्थ सारसंक्षेप नभई गृहीत वस्तुलाई सङ्क्षिप्त रूपमा पूर्णरूपाकृति दिनु हो । यसरी सङ्क्षिप्ततालाई निबन्धको प्रमुख तत्वका रूपमा लिन सकिन्छ ।

---

## 2.6 अनुशीलनी

---

(1) निबन्धको परिचयात्मक अध्ययन प्रस्तुत गर्नहोस् ।

(2) निबन्धको सङ्घटक तत्वहरू भन्नाले के बुझ्नुहुन्छ ? यो कति प्रकारका निर्धारण गरिएका छन ? प्रत्येकको नाउँ लेख्नुहोस् ।

(3) निबन्ध लेखनमा विषयवस्तुको औचित्य तथा भूमिका के कस्तो रहेको हुन्छ सो विस्तार सङ्ग विवेचना गर्नुहोस् ।

(4) निबन्धमा भाषाशैलीको भूमिकाबारे प्रकाश पार्नुहोस् ।

(5) निबन्धमा उद्देश्य लेखाईको स्वरूपबारे चर्चा गर्नुहोस् ।

(6) निबन्ध लेख्दा निबन्धकारले श्रृङ्खलाबद्धतामाथि किन ध्यान पुर्याउनु पर्छ सो कुरोलाई विस्तारसित उल्लेख गर्नुहोस् ।

(7) संक्षिप्तता भन्नाले के बुझिन्छ ? निबन्ध लेखनमा यस तत्वको अनिवार्यताबारे खुलस्त चर्चा गर्नुहोस् ।

## 2.7 अतिरिक्त अध्ययन

1 - डा. कुमारबहादुर जोशी, **लक्ष्मी निबन्धसंग्रहका निबन्धहरूमा देवकोटाका काव्य मान्यता**

2 - प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

3 - मोहनराज शर्मा (सं) **नेपाली निबन्ध भाग-1**

4 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**

5 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

6 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध**

7 - पारसमणि भण्डारी, यादवप्रकाश लामिछाने, तुलसीराम घिमिरे, सालिकराम पौडयाल र टीका पौडेल **नेपाली नाटक, एकाङ्की र निबन्ध**

8 - प्रा. डा. मोहनहिमांशु थापा **साहित्य परिचय**

## 2.8 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. निबन्धको परिचय ।

..............................................................................

..............................................................................

**.( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.2 खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. निबन्धको सङ्घटक तत्व तथा यसका प्रकारहरू ।

..............................................................................

..............................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. निबन्धमा विषयवस्तुको भूमिका ।

..............................................................................

..............................................................................

**(प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.3.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. निबन्धमा भाषाशैलीको औचित्य ।

..............................................................................

..............................................................................

.....

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.3.2 खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. निबन्धमा उद्देश्यको विशेषता ।

..............................................................................

..............................................................................

**(प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

6. निबन्धमा श्रृङ्खलाबद्धताको औचित्य ।

..............................................................................

..............................................................................

...

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.3.4 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

7. निबन्धमा सङ्क्षिप्तता विषयक गुण हुनुको महत्व ।

..............................................................................

..............................................................................

.

**( प्रश्न 7 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.3.5 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 3, निबन्धका प्रकार ।

□ □ □ □ □ □

**3.1 उद्देश्य**

**3.2 परिचय**

**3.3 निबन्धका प्रकारहरू**

3.3.1 आत्मपरकता वा निजात्मकता आधारमा

3.3.1 (क) भावात्मक निबन्ध

3.3.1 (ख) विचारात्मक निबन्ध

3.3.1 (ग) वैयक्तिक निबन्ध

3.3.1 (घ) संस्मरणात्मक निबन्ध

3.3.2 वस्तुपरकता वा परात्मकता का आधारमा

3.3.2 (क) वर्णनात्मक निबन्ध

3.3.2 (ख) विवरणात्मक निबन्ध

3.3.3 शिल्पगत वा शैल्पिक आधारमा

3.3.3 (क) व्याख्यात्मक निबन्ध

3.3.3 (ख) तार्किक निबन्ध

3.3.3 (ग) आख्यानात्मक निबन्ध

3.3.3 (घ) वक्तातात्मक निबन्ध

3.3.3 (ङ) रिपोर्ताज निबन्ध

3.3.3 (च) आलङ्कारिक निबन्ध

3.3.3 (छ) हास्यव्यङ्ग्यात्मक निबन्ध

3.3.4 नवउपविधात्मक स्वरूपका आधारमा

3.3.4 (क) नियात्रा

3.3.4 (ख) निवार्ता

3.3.4 (ग) निसमीक्षा / निसमालोचना

3.3.4 (घ) निपत्र

3.3.4 (ङ) रुबन्ध

3.4 उपसंहार

3.5 सार

3.6 अनुशीलनी

3.7 अतिरिक्त अध्ययन

3.8 मुल्यबृद्धिका निम्ति उत्तर

## 3.1 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- निबन्धको स्वरूपगत परिचय
- आत्मपरक वा निजात्मकताका आधारमा निबन्धका विविध प्रकारहरू
- वस्तुपरक वा परात्मकताका आधारमा निबन्धका विविध प्रकारहरू
- शिल्पगत वा शैल्पिक आधारमा निबन्धका विविध प्रकारहरू
- नवउपविधात्मक स्वरूपका आधारमा निबन्धका विविध प्रकारहरू

## 3.2 परिचय

निबन्ध साहित्यको कनिष्ठ विधा हो । साहित्यका अन्य विधाहरू कविता, नाटक र आख्यानले विधागत स्वरूप ग्रहण गरिसकेपछि मात्रै निबन्धले आफ्नो अस्तित्व पाएको हो । सौह्रौं शताब्दीको अन्त्यतिरबाट मोतेञद्वारा प्रारम्भ भएको मानिने यस विधाले समयको गतिसङ्गै प्नो प्रकृति, स्वरूप र सङ्गठनमा पनि परिवर्तन गर्दै लगेको छ । मोतेञले निबन्धको स्वरूपलाई आत्मपरक रूपमा प्रस्तुत गरेका हुन् भने उनीपछि लगत्तै देखापर्ने बेकनले वस्तुपरक निबन्धको प्रवर्तन गरेको देखिन्छ । यसरी निबन्ध प्रबन्ध प्रवर्तनकै सङ्घारमा आत्मपरक र वस्तुपरक गरी दुई वर्गमा विभाजित हुन पुगेको देखिन्छ । यस प्रकारको वर्गीकरण निबन्ध विधाको प्रवर्तन हुँदै गर्दा देखापरेको भए पनि यो हालसम्म सर्वस्वीकार्य नै देखिन्छ ।

## 3.3 निबन्धका प्रकार

निबन्धका प्रकार यति नै हुन्छन् भनेर यसको अन्तिम र सर्वसम्मत वर्गीकरण गर्न सकिँदैन। साहित्यका अन्य विधाजस्तै निबन्ध पनि परिवर्तन शील विधा भएकाले पछिल्लो समयमा यसका नवनव प्रयोगशील रूपहरू देखिएका छन्। यस अर्थमा पनि निबन्धका प्रकारहरू तद्रूप परिवर्तित भइरहेको देखिन्छ। विभिन्न विद्वान्हरूले निबन्धलाई विभिन्न किसिमले वर्गीकरण गरेका छन् र त्यसका लागि आधारहरू पनि प्रस्तुत गरेको देखिन्छ। बाह्रय तथा आन्तरिक तत्त्व, विषयवस्तु, भाषा, शैली, व्यक्तित्वको प्रधानता वा गौणता, आत्मपरकता, वस्तुपरकता आदि विभिन्न आधारमा निबन्धलाई वर्गीकरण गरिएको पाइन्छ। पछिल्लो समयमा देखापरेका विधाञ्जन, विधामिश्रण, विधान्तरण आदिका कारण सिर्जित नवविधा प्रवर्तनका रूपमा पनि निबन्धका नवप्रकारहरू सिर्जिएको पाइन्छ। उदाहरणका लागि राजेन्द्र सुवेदीको 'गुडबाई छोडिजानेहरूलाई' (2065)

Notes

भित्रका सबै निबन्धमा संस्मरण, समालोचना, जीवनी, निबन्ध, नियात्रा, रिपोर्ताज आदि सबैको त्यत्तिकै उपस्थिति पाइन्छ। यस आधारमा हेर्दा निबन्धको वर्गीकरणलाई एकै किसिमले हेर्न मिल्दैन र स्थूल वर्गीकरणले मात्र पनि निबन्धलाई प्रकारीकरण गर्न सकिँदैन ! तसर्थ विभिन्न आधारमा निबन्धको सूक्ष्म वर्गीकरण गर्नु समीचीन हुन्छ। निबन्धको वर्गीकरणका लागि निम्नलिखित चारवटा स्थूल आधारहरू क्रमैले (1) आत्मपरकता वा निजात्मकता (Subjective), (2) वस्तुपरकता वा परात्मकता (Objective), (3) शिल्पगत वा शैल्पिक तथा (4) नवउपविधात्मक स्वरूप आदि आधारहरूलाई केन्द्र गरी अनि उक्त स्थूल आधारहरूबाट वर्गीकृत निबन्धका अन्य उपविधाहरूलाई निम्न किसिमले विवेचना गर्न सकिन्छ-

**निबन्ध**

आत्मपरक वा निजात्मक वस्तुपरक वा परात्मकता शिल्पगत वा शैल्पिक नवविधात्मक स्वरूप

▼ ▼ ▼
▼

1. भावात्मक निबन्ध 1. वर्णात्मक निबन्ध 1. व्याख्यात्मक निबन्ध 1. नियात्रा

2. विचारात्मक निबन्ध 2. विवरणात्मक निबन्ध 2. तार्किक निबन्ध 2. निवार्ता

3. वैयक्तिक निबन्ध 3. आख्यानात्मक निबन्ध 3. निसमीक्षा

4. संस्मरणात्मक निबन्ध 4. वक्तात्मक निबन्ध 4. निपत्र

5. रिपोर्ताज निबन्ध

5. रूबन्ध

6. आलङ्कारिक निबन्ध

7. हास्यव्याङ्ग्यात्मक निबन्ध

## 3.3.1 आत्मपरकता वा निजात्मकता (Subjective) का आधारमा

**आधारमा** - आत्मपरक निबन्धलाई वैयक्तिक, निजात्मक र ब्यक्तिप्रधान पनि भनिन्छ। व्यक्तिप्रधान निबन्धमा व्यक्तिको मुख्य स्थान हुन्छ र विषयको गौण स्थान हुन्छ। निबन्धकारको स्वत्व र व्यक्तित्वको प्रबल छाप यस प्रकारको निबन्धमा पर्दछ। निबन्धकारको व्यक्तित्व नै निबन्धको आधार हुन्छ। वैयक्तिक निबन्धमा सूत्रको रूपमा मोतेञको भनाइलाई अघि सार्न सकिन्छ-"म नै आफ्ना निबन्धको विषय हुँ, किनभने म नै त्यस्तो व्यक्ति छु, जसलाई म राम्ररी चिन्छु।" यसलाई निबन्ध साहित्यमा व्यक्तिप्रधान निबन्धको सूत्रका रूपमा लिन सकिन्छ। यसै क्रममा लक्ष्मीप्रसाद देवकोटाको पङ्क्तिलाई उद्धरण गर्नु अप्रसाङ्गिक नहोला- "कहीँ म प्रबन्ध (निबन्ध) भित्र आफैँ घुसेको छु- व्यक्तित्वको रङ्ग रङ्गाएर आफूसँग खेल्न र आफूलाई चिन्न तथा चिनाउनका लागि।" अर्को ठाउँमा देवकोटा भन्छन्– "म भनेको जीवनको गफाडी टिप्पणी हुँ, म व्याख्यान होइन, म हुँ पाण्डित्य दर्शन। कहिले-कहिले एउटा चुरोट च्यापेर टेबिलअगाडि बसेर गफ गर्ने रमाइलो साथी मात्र हुँ ।" देवकोटाको भनाइले व्यक्तिप्रधान निबन्धमा पाइने वैयक्तिकताको स्वच्छन्द रूप र अभिव्यक्ति पाइन्छ । यसरी संक्षेपमा आत्मसम्प्रेषण नै व्यक्तिप्रधान

निबन्धको मूल मन्त्र हो। संवेदनात्मक स्थिति र संवेगात्मक अभिव्यक्ति यस्ता निबन्धमा रहिरहन्छ। बीचबीचमा हास्य विनोदको समावेशले आत्मपरक निबन्ध विविधतापूर्ण र प्रभावपूर्ण हुन्छ ।

आत्मपरक निबन्धको शिल्पमा आन्तरिक गठन हुन्छ। विषयको गठन र प्रस्तुतिमा स्वतः स्फूर्त रूप आत्मपरक निबन्धको सजीवताको ज्वलन्त उदाहरण हो। निबन्धकार देवकोटा निबन्धको आन्तरिक र कलात्मक सङ्गतिमा दिव्य अनुभव गर्छन् । उनी भन्छन्- "मेरा मन कला छैन भने खालि तोडमरोड हो। भित्रैबाट सङ्गति मिलाएर कलाको जादूगरी निक्लियो भने त्यसमा दिव्यता देखिन्छ ।"

अन्तर्मुखी प्रवृति र अनौपचारिक सोच वैयक्तिक निबन्धका प्राणतत्व हुन् । आत्माभिव्यञ्जनाको सबल र सफल प्रस्तुति आत्मपरक निबन्धको मूल केन्द्रबिन्दु हो । निबन्धमा व्यक्तित्वको आकर्षक र प्रभावात्मक पक्ष जति सबल रूपमा प्रस्तुत हुन्छ निबन्धकारका प्रभावकारी व्यक्तित्वले गर्दा साधारण विषयलाई पनि असाधारण बनाइदिन्छ । अङ्ग्रेजी निबन्धमा चार्ल्स ल्याम्ब (Charles Lamb) तथा नेपाली निबन्धमा लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान र शङ्कर लामिछाने जस्तै खालका निबन्धकारहरू हुन् । आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ। यस्ता निबन्धमा आत्मप्रकटी हुन्छ। यसका धेरै भेदोपभेदहरू देखिन्छन् । प्रथमपुरुष शैली वा दृष्टिबिन्दुमा लेखिने सबै किसिमका निबन्धहरू यसअन्तर्गत पर्दछन् । निबन्धको यस स्थूल वर्गीकरणभित्र पर्ने निबन्धहरू धेरै किसिमका छन् तापनि आत्मपरकता वा निजात्मकताका आधारमा यसअन्तर्गतका प्रमुख भेदहरूलाई क्रमैले क) भावात्मक निबन्ध, ख) विचारात्मक निबन्ध, ग) वैयक्तिक निबन्ध, घ) संस्मरणात्मक निबन्ध आदिलाई निम्न प्रकारहरूले हेर्न सकिन्छः

**3.3.1 (क) भावात्मक (Emotional) निबन्ध** - आत्मपरक निबन्धअन्तर्गत भावात्मक निबन्धलाई राख्न सकिन्छ। स्रष्टाको 'स्व' बढी सक्रिय हुने र भावुकताको पक्ष प्रबल हुने निबन्धलाई भावात्मक निबन्ध भनिन्छ। यस्ता निबन्धमा हृदयका उदात्त अनुभूतिहरू र तीव्र भावनाहरूले प्रशस्त खेल्ने अवसर पाउँछन्। लेखकका अनुभूति जति गहनरूपमा प्रस्तुत हुन्छन् र उसको अन्तर्निहित हृदय जति प्रबल र तीव्ररूपमा प्रकट हुन्छ । त्यति नै भावात्मक निबन्ध शक्तिशाली हुन्छ। निबन्धकारका हृदयको निश्चल आत्मप्रकाशन नै यस्ता निबन्धको विशेषता हो । भावात्मक निबन्धमा जीवनका विभिन्न पक्षहरूलाई भावपूर्व दृष्टिले विवेचना गरिएको हुन्छ। यसमा मूलतः भावको प्रधानता हुन्छ । जीवन र जगतका साधारण विषयलाई भाव र कल्पनाको प्रचुरताले असाधारण बनाइएको हुन्छ । जीवनका सुख- दुःख, आशा-निराशा र हाँसो-रोदनको आधारभूमिमा जीवनको घनिष्ठतम रूप प्रस्तुत गरिएको हुन्छ । यसरी विचारात्मक निबन्ध बुद्धिपक्षसँग सम्बन्धित छ भने भावात्मक निबन्ध हृदयपक्षसँग सम्बन्धित छ । यसमा रागात्मक तत्त्व मूल रूपमा हुन्छ। भावात्मक निबन्धको आन्तरिक गठनमा स्वतस्फूर्त रूपमा सङ्गतिको निर्वाह भएको हुन्छ । यसरी आन्तरिक र अकृत्रिम सङ्गतिको निर्वाहमा नै निबन्धकार लक्ष्मीप्रसाद देवकोटा निबन्धमा दिव्यताको अनुभव गर्छन् । त्यसैले उनी भन्छन्- "प्रबन्ध (निबन्ध) पनि एक कला हो;तर बनावटी कलाभन्दा प्राकृतिक कला रोचक हुन्छ। मेरो मनमा कला छैन भने खालि तोडमरोड हो । भित्रबाट सङ्गति मिलाएर कलाको जादुगरी निक्लियो भने त्यसमा दिव्यता देखिन्छ ।"

भावात्मक निबन्धमा भाव र कल्पनाको प्रबलता हुन्छ। यसैअनुरूप भाषा र अभिव्यक्तिको हार्दिक, कोमल र रागात्मक पक्ष प्रबल हुन्छ। यसै

वैशिष्ट्यलाई निबन्धकार देवकोटा पोथी गद्यको संज्ञा दिन्छन्। उनको विचारमा विशुद्ध बौद्धिक शक्तिचाहिँ मर्दगद्य हो। यस प्रकार देवकोटाको धारणाअनुसार भावात्मक निबन्धमा पोथी गुण वा पोथी गद्य हुन्छ। पोथी गद्यमा 'कवितात्मक कल्पनाप्राचुर्य', 'कविताशक्ति' र ' सजीव कोमलता' हुन्छ। उनको शब्दमा "यी प्रबन्ध (निबन्ध) मा म कविजस्तो केही मात्रामा देखिन्छु, किनकि कवितात्मक कल्पनाप्राचुर्य र कविता शक्ति धेरै ठाउँमा स्पष्टतया झल्किरहेका होलान्। मर्दगद्य लेख्ने अरूहरू आउनेछन् तर यहाँ सायद पोथी गुण होला- एक किसिमको रङ्गीचङ्गीपन मनपर्ने सजीव कोमलता जो बौद्धिक शक्तिहरूसँग भन्दा हार्दिक कोमलतासँग सम्बन्ध राख्तछ।"

निम्नलिखित अंशलाई आफ्नो देश नेपालमाथि लेखिएको भावात्मक निबन्धको उदाहरणका रूपमा लिन सकिन्छ।

*उदाहरण-*

**"हामीलाई सत्य भनेको चीज कल्पनाभन्दा झूटो लाग्छ र इन्द्रियग्राह्य वस्तु काल्पनिक फोस्रो लाग्दछ। खँदिलो भनेको सत्यको नाम हो, जो हातले पक्रन सकिँदैन। देखिने र बनिसकेको चीजमा त खालि परिचितको निर्मोहनी छ, नभएका र नदेखिएकामा अविदितको जादु छ। परमेश्वरले बनाएको संसार साधुहरू झूटा भन्दछन् किनकि त्यो अविदित केही वस्तु, जो कल्पनामा झल्केला जस्तो हुन्छ, यो विदितको वास्तविकतामा पाइन्छ। सत्य सायद सत्य रहन सक्तैन जब आँखाले देखिन्छ र कानले सुनिन्छ। तीन कालले बाँधिनासाथ सत्यको बोक्रो दुनियाँमा रहन्छ तर भित्री आत्मा उडेर जान्छ। दर्शन विज्ञानको जेठो दाजु हो र विवेकको बीजगणित हो, हामी दर्शनका दार्शनिकतामा सत्य देख्दैनौँ न सौन्दर्य, दर्शन भ्रम हो, कविता सत्य हो।"**

भावनात्मक निबन्धका मुख्य अभिलक्षण यसप्रकार छन् ।

(1) भावनात्मक निबन्धमा भावना र कल्पनाको बढी उपयोग गरिन्छ।

(2) यस्ता निबन्धमा लेखकका निजी भावना र कल्पनालाई अभिव्यक्त गरिन्छ।

(3) यस्ता निबन्धमा वैचारिक कार्यकारणको प्रस्तुति हुँदैन आदि।

## 3.3.1 (ख) विचारात्मक (Reflective) निबन्ध -

लेखकका स्वतन्त्र विचार र चिन्तन प्रकट हुने, बुद्धितत्वको सम्बन्ध हुने र गम्भीर विषयमा आधारित निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ । यस्ता निबन्धमा बुद्धिपक्ष बढी सक्रिय हुने हुँदा यस्ता निबन्धको सम्बन्ध हृदयपक्षसँग भन्दा मस्तिष्क पक्षसँग बढी हुन्छ। धर्म, दर्शन, विज्ञान आदि गम्भीर विषयलाई यस्ता निबन्धले समेटेका हुन्छन् । पाठकलाई विचारको भारी नबोकाई भावना र कल्पनाको आंशिक प्रयोग गर्दा यस्ता निबन्ध सुपाच्य हुन्छन् ।

यस प्रकारको निबन्धमा जीवन र समाजका विभिन्न पक्ष र समस्यालाई वैचारिक रूपमा प्रस्तुत गरिएको हुन्छ। मूलतः यो विचारप्रधान हुन्छ। निबन्धकारले आफ्नो विचार र दृष्टिलाई तर्कसम्मत र क्रमबद्ध रूपमा प्रस्तुत गरेको हुन्छ। विचारात्मक निबन्धको बाहय र आन्तरिक गठनमा सङ्गतिको संयोजन गरिएको हुन्छ। यसको विषय र रूपविधानमा बुद्धितत्त्वको प्रबलता हुन्छ। विषयअनुरूप भाषा-शैलीको प्रयोग हुनु आवश्यक छ। विचारात्मक निबन्धमा समास शैलीको प्रयोग हुन्छ। प्रत्येक

वाक्य र शब्द अर्थपूर्ण र सारपूर्ण हुन्छ। थोरैमा धेरै भन्नु नै समास शैलीको मूल मन्त्र हो। आलोचनात्मक र गवेषणात्मक निबन्धलाई भिन्नै प्रकारको रूपमा विवेचना गरिएको पाइन्छ, तर पनि दुवैलाई विचारात्मक निबन्धकै अन्तर्गत राख्न सकिन्छ। आलोचनात्मक निबन्ध प्रतिपाद्य विषयको आलोचना र प्रत्यालोचनामा आधारित हुन्छ। त्यस्तै गवेषणात्मक निबन्ध कुनै पनि विषयमा खोजपूर्ण हुन्छ, तर पनि आलोचनात्मक र गणेषणात्मक र गवेषणात्मक निबन्धमा विचारकै बहुलता र प्रबलता हुन्छ। यस दृष्टिले आलोचनात्मक र गवेषणात्मक निबन्धलाई विचारात्मक निबन्धकै उपभेदका रूपमा लिन सकिन्छ।

तल उद्धरण गरिएको अनुच्छेदलाई आत्मविश्वासको विषयलाई लिएर लेखिएको विचारात्मक निबन्धको उदाहरणका रूपमा लिन सकिन्छ।

*उदाहरण-*

**"बिना आत्मविश्वास मानिसलाई निर्वाह छैन; फेरि त्यही आफ्नो ढुकुटीमा सडिरहेको आत्मविश्वासलाई नलिई मानिस दुःखी भिखारी भएर अरूसित माग्दछ। फेरि त्यो अरूबाट पाउँदैन; आफ्नैबाट झिक्तछ तापनि फेरि आफ्नोलाई चिन्दैन। सामान्य स्वभावको आधारमा उच्च आदर्श अघिल्तिर राखिदिएर मनुष्यलाई उच्च विचार दिलाउने चेष्टा प्रायः गरिन्छ। उन्नतिको सुरूलाई यो जति लाभदायक हुन्छ; भगवतीको स्तनपान नगरी शङ्कराचार्य होइँदैन, कालीको वर नपाई कालिदास होइँदैन, परमेश्वर नै नभई रामचन्द्र होइँदैन भन्ने ती तिनै आदर्श ठोस् हुन्। पतिव्रता स्त्रीको हुकुममा जमिन फाट्दछ, काल चल्दछ भने 'सीता', 'सावित्री' स्त्रीहरूको निमित्त पतिले गाली गर्दा उच्चारण गरिने लवज हुन्। मनुष्यको आदर्श मनुष्यत्वमा छ- कपिलमुनिले साङ्ख्य पढ्दा, कालिदासले रघुवंश पढ्दा, शेक्सपियरले आथेलो पढ्दा उनको पाठ के थियो ? प्रकृति। उनका आदर्श**

**गुरु को थिए ? परमेश्वर। उनको र परमेश्वरको, आत्मा र परमात्माको सम्बन्ध त्यस बेला गुरु- शिष्यको थियो। मिल्टन, शेली, किट्स, ब्राउनिङ, बाइरन इत्यादिको नामै नसुनेर शेक्सपियर शेक्सपियर भए। हामीले हाम्रा ऋषि-मुनिका पवित्र हरफ जप्यौँ, गीता पढ्यौँ। कालिदास, भवभूति आदि हाम्रा कैयन् कविका कविता पढ्यौँ। फेरि पचासौँ प्राचीन र अर्वाचीन युरोपीय कविहरूका कविता पढयौँ, बूढा खयामको रूबाइयात पढ्यौँ, परन्तु हामीलाई आत्मनिन्दाले किचेर टाउकै उठाउन दिँदैन, सबको मूठ जम्मा सर्वश्रेष्ठ हुनुपर्ने हामी तिनमा एक पनि छैनौँ किन ? म मेरो निन्दा गर्दछु, हामी हाम्रो निन्दा गर्दछौँ, हामीलाई आत्मविश्वास छैन।"**

यस्ता विचारात्मक निबन्धका मुख्य अभिलक्षण यसप्रकार छन्-

(1) विचारात्मक निबन्धमा गृहीत विषयका पक्ष/विपक्षलाई तर्कद्वारा प्रस्तुत गरिन्छ ।

(2) यस्ता निबन्धका प्रत्येक वाक्यले 'स्व'को विचारलाई प्रकट गरेको हुनुपर्दछ ।

(3) यस्ता निबन्धमा साङ्केतिक, बिम्बात्मक श्लेषपूर्ण भाषिक प्रयोग अपेक्षित हुन्छ, आदि ।

**3.3.1 (ग) वैयक्तिक निबन्ध** - व्यक्तिका निजी व्यक्तित्वको प्राथमिकता रहेको भावनात्मक अभिव्यक्ति हुने निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ । यस्ता निबन्धमा आत्मपरकता अत्यन्त स्पष्टरूपमा मुखरित भएको हुन्छ र लेखकका आफ्नै नितान्त वैयक्तिक अनुभूति, हर्ष, विचार, सुख-दुःख आदि संवेगहरूको आत्मप्रस्फुटन भएको हुन्छ । साथै लेखकका निजी जीवनका कुराहरूले मूलभूत भूमिका खेलेका लेखकीय

वैयक्तिक जीवनका आशा-निराशा, भाव -अभाव आदि अनेकौँ स्वानुभूतिको आत्मप्रकाशन पनि यस्ता निबन्धको विशेषता हो । यस प्रकारको निबन्धलाई परात्मक, विषयप्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ। यस प्रकारको निबन्धमा विषयप्रधान हुन्छ र व्यक्ति गौण हुन्छ। निबन्ध जतिसुकै विषयप्रधान भए तापनि व्यक्तित्वको छाप रहन्छ नै । कुनै पनि लेखनमा लेखकको स्वभाव, प्रवृत्ति र दृष्टिको छाप प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अभिव्यक्त भएको हुन्छ। आफ्नो विचार वा भाव, त्यस्तै भाषा र अभिव्यक्ति प्रस्तुत गर्ने लेखकको आफ्नो शैली हुन्छ। त्यही शैली नै व्यक्तिको स्वरूप हुन्छ। कुनै शैलीविशेषले कृतिको स्वरूपको निर्माण गर्छ भने त्यस्तै जीवनको शैलीले व्यक्तिको व्यक्तित्व निर्माण गर्छ। यसैले कुनै पनि रचनामा व्यक्तित्वको अस्तित्व र त्यसको प्रभावलाई रचनाबाट अलग गर्न सकिन्न । यसै दृष्टिले यस्ता निबन्धमा पनि व्यक्तित्वको छाप नहुने होइन, केवल परिमाणको फरक छ । संक्षेपमा यसका निबन्धमा विषय प्रधान हुन्छ, व्यक्ति गौण हुन्छ । यस्ता निबन्धमा बहिर्मुखी प्रवृत्तिको प्रधानता हुन्छ। निबन्धकारको औपचारिक सोचाइ, हेराइ र लेखाइ हुन्छ ।

आत्मकथा वा आत्मसंस्मरणको नजीक रहने यस किसिमका निबन्धमा पाइने प्रमुख अभिलक्षणहरू यसप्रकार छन्-

(1) वैयक्तिक निबन्ध भावनात्मक निबन्ध र संस्मरणात्मक निबन्धको नजीक हुन्छ र यस्ता निबन्धमा आत्मकथाको स्वरूप हुन्छ ।

(2) यस्ता निबन्धमा गृहीत विषयमाथि लेखकको 'स्व' नै प्रकट भएको हुन्छ र त्यो अनौपचारिक एवं रागात्मक रूपमा अभिव्यक्त भएको हुन्छ ।

(3) यस्ता निबन्धमा लेखकले आफ्ना निजी भोगाइहरू कथाकारले कथा भनेझैँ निश्छलतापूर्वक प्रस्तुत गरेको हुन्छ आदि ।

**3.3.1 (घ) संस्मरणात्मक निबन्ध-** अतीतका, तात्कालिक वा केही समयपूर्वका अविस्मरणीय स्मृति बिम्बहरूमा आधारित 'स्व'को आत्मप्रकाशन भई स्वानुभूतिको आत्मप्रकटीकरण भएका निबन्धलाई संस्मरणात्मक निबन्ध भनिन्छ। यस्ता निबन्धमा स्वकीय जीवनमा घटेका महत्त्वपूर्ण क्षण, घटना, अनुभूति, भोगाइ आदिको शृङ्खलित अभिव्यक्ति हुन्छ। स्मृतिबिम्बहरूको प्रबलता हुनु यस्ता निबन्धको विशेषता हो। यथार्थ स्मृतिबिम्बहरूमा आधारित नभइकन काल्पनिक उडानमा यस्ता निबन्ध लेखिँदैनन्। कल्पनाको प्रयोगले यस्ता निबन्धलाई कलात्मकता भने प्रदान गर्दछ। संस्मरणात्मक निबन्धका प्रमुख अभिलक्षणहरूलाई यसप्रकार देखाइन्छ-

(1) संस्मरणात्मक निबन्ध स्मृतिबिम्बमा आधारित हुन्छ र यस्ता निबन्धमा लेखकले स्मृति-अनुभूतिहरूलाई यथार्थरूपमा प्रस्तुत गर्नुपर्छ।

(2) यस्ता निबन्धमा स्मृतिबिम्बहरूको यथार्थपरक शृङ्खलित प्रस्तुति हुन्छ।

(3) यस्ता निबन्धमा स्मृतिसन्दर्भहरूलाई विवरणात्मक हुनुबाट जोगाउन कल्पना र आत्मकथात्मक शैलीलाई उपयोगमा ल्याइन्छ, आदि ।

**3.3.2 वस्तुपरकता वा परात्मकता (Objective) का आधारमा-** वस्तुपरक निबन्धलाई परात्मक, विषयप्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ । यस्ता निबन्धमा आत्मप्रकटीकरण

नभई कुनै व्यक्ति, वस्तु आदिको वर्णन विवरण प्रस्तुत गरिएको हुन्छ। यस प्रकारको निबन्धमा विषयप्रधान हुन्छ र व्यक्ति गौण हुन्छ। निबन्ध जतिसुकै विषयप्रधान भए तापनि व्यक्तित्वको छाप रहन्छ नै। कुनै पनि लेखनमा लेखकको स्वभाव, प्रवृत्ति र दृष्टिको छाप प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अभिव्यक्त भएको हुन्छ। आफ्नो विचार वा भाव, त्यस्तै भाषा र अभिव्यक्ति प्रस्तुत गर्ने लेखकको आफ्नो शैली हुन्छ। त्यही शैली नै व्यक्तिको स्वरूप हुन्छ। कुनै शैलीविशेषले कृतिको स्वरूपको निर्माण गर्छ भने त्यस्तै जीवनको शैलीले व्यक्तिको व्यक्तित्व निर्माण गर्छ। यसैले कुनै पनि रचनामा व्यक्तित्वको अस्तित्व र त्यसको प्रभावलाई रचनाबाट अलग गर्न सकिन्न। यसै दृष्टिले वस्तुपरक निबन्धमा पनि व्यक्तित्वको छाप नहुने होइन, केवल परिमाणको फरक छ। संक्षेपमा वस्तुपरक निबन्धमा विषय प्रधान हुन्छ, व्यक्ति गौण हुन्छ । व्यापक अर्थमा भन्नुपर्दा कविता, आख्यान, नाटक र निबन्ध गरी सैद्धान्तिकरूपमा साहित्यका प्रमुख चार विधा मानिएकाले समालोचनाहरू/अनुसन्धान, प्रतिवेदनहरू/शोधप्रबन्ध र शोधपत्रहरू तथा अन्य सबै किसिमका विवरणात्मक अध्ययनहरू यस्तै वस्तुपरक निबन्धभित्रै पर्दछन् । तर विशिष्टीकृत वा सीमित अर्थमा वस्तुपरक निबन्धभित्र तृतीयपुरुष शैली वा दृष्टिबिन्दुमा लेखिने सबै किसिमका निबन्धहरू यस्ता निबन्धको कोटिमा अटाउँछन् । वस्तुपरक निबन्धमा बहिर्मुखी प्रवृत्तिको प्रधानता हुन्छ। निबन्धकारको औपचारिक सोचाइ, हेराइ र लेखाइ हुन्छ । विषय, स्रोत, आधार आदिका दृष्टिले निबन्धलाई धेरै प्रकारले विभाजन र विश्लेषण गर्न सकिन्छ। तर प्रचलित र व्यावहारिक दृष्टिले यस्ता निबन्धका प्रमुख भेदलाई (क) वर्णनात्मक ( Descriptive) निबन्ध (ख) विवरणात्मक ( Narrative) निबन्धगत आधार भित्र राखेर हेर्न सकिन्छ -

## 3.3.2 (क) वर्णनात्मक ( Descriptive) निबन्ध -

गृहीत विषयको वर्णनमा केन्द्रित वा वर्णनप्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ। यस्ता निबन्धमा वर्ण्य विषयलाई लेखकका अनुभूति र कल्पनाले जीवन्त बनाउँछ र बाह्यपक्षको यथार्थ चित्रण गर्ने पद्धति अँगालिएको हुन्छ। लेखकीय 'स्व' को कुनै प्रयोजन नहुनु यस्ता निबन्धको विशेषता हो। वर्ण्य विषयको वर्णनलाई मौलिकता प्रदान गर्न लेखकमा दृष्टिवैचित्र्य हुनु अनिवार्य मानिन्छ र विषयवस्तुको पूर्ण ज्ञान पनि अपेक्षित हुन्छ । **यसमा स्थित्यात्मक** ( Static) **वस्तु** र ठाउँ विशेषको वर्णन हुन्छ। यसो भन्नाले प्राकृतिक पक्षको नदी, पहाड, झरना आदिको अप्राकृतिक रूपको रेडियो, मोटर आदिको वर्ण्य विषय नै वर्णनात्मक निबन्ध हुन सक्छ ।

यसमा वर्णन विस्तार भए पनि वैयक्तिक छाप त रहन्छ । वर्णनलाई कलात्मक र प्रभावात्मक तुल्याउनका लागि निबन्धकारको प्रतिभा र कल्पनातत्वको महत्त्वपूर्ण भूमिका हुन्छ, तर पनि वर्णनविशेषको नै प्रधान हुन्छ। वर्णन नै यसको मूल आधार भएकाले व्यास शैलीको प्रयोग भएको हुन्छ ।

*उदाहरण-*

**नेपाली कला कस्तो थियो भनी चारैतिर आँखा लगायौँ भने मन्दिर-कला नै भन्दा अगाडि पर्छ। अझ पाटनको कृष्ण-मन्दिर कलात्मक शिलामय उच्चध्वजा जसमा नक्षत्रसँग दाँजिन खोज्ने एक्काइसओटा सुनौला गजुर रातदिन झल्किरहेका छन्। जसको बाह्य दर्शनले मात्र पनि नेपालको गौरव सम्झेर हामी गद्गद हुन्छौँ र तुपम अनुभव गर्छौँ। सके पश्चिमाभिमुख गरुड पनि त्यही हेतुले हात जोरेर रातदिन .....खम्बा बसिरहेका होलान्।**

**पार्श्ववर्ती जस्तो अगल-बगलमा उभिएका मन्दिर ... उच्च छन्। तलतिर आँखा लगायौं भने चारैपट्टिका तेले इँटे तीन पेटीले सत्त्व, ........तमको विभाग दर्शाएजस्तो देखिन्छ। पूर्वी भागमा चाहिँ कलाको रक्षक हौ भनेर .......जोडी सिंहले मौन गर्जना गरिरहेका छन्। तर प्रदक्षिणा गर्दै गयौं भने नैऋत्य ......... पुगेपछि नाक नथुनी हामीलाई सुख छैन। त्यस्तो दिव्य मन्दिरको नजिकै........गर्ने त्यहाँका बासिन्दालाई खै के भन्ने ?**

माथि दिइएको उदाहरणमा पाटनको कृष्णमन्दिरको वर्णन गरिएको छ। वस्तु विशेषलाई वर्णनको रूपमा प्रस्तुत गरिएको हुनाले यसलाई वर्णनात्मक निबन्धको रूपमा लिन सकिन्छ ।

यस किसिमका निबन्धका प्रमुख अभिलक्षणहरू यसप्रकार छन् ।

(1) वर्णात्मक निबन्धमा वर्ण्य विषयको शृङ्खलित र व्यवस्थित वर्णन आवश्यक हुन्छ।

(2) यस्ता निबन्धमा विषयलाई सङ्क्षिप्तताभित्रै पूर्णताका साथ प्रस्तुत गर्नुपर्दछ।

(3) यस्ता निबन्धमा लेखकले सूक्ष्म निरीक्षणशक्ति र कल्पना शक्तिलाई असाधारणरूपमा प्रस्तुत गर्नुपर्दछ, आदि ।

### 3.3.2 (ख) विवरणात्मक ( Narrative) निबन्ध -

घटना वा वृत्तान्तको विस्तारपूर्वक वर्णन गरिएको वर्णनप्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ। झट्ट हेर्दा यो वर्णनात्मक निबन्धजस्तै लागे पनि यी दुईमा फरक छ। वर्णनात्मक निबन्ध स्थिर हुन्छ भने विवरणात्मक निबन्धचाहिँ गतिशील प्रकृतिको हुन्छ। कथात्मकता, ऐतिहासिकता र कार्यकारण शृङ्खला यस्ता निबन्धका थप विशेषता हुन्।

यसमा जीवन र जगत्का गतिशील (Dynamic) पक्षको विवरण हुन्छ। .....गतिशील पक्षले समयतत्त्वसँग सम्बन्ध राख्दछ। जीवन र समाजका विभिन्न घटना र वृत्तान्तसँग विवरणात्मक निबन्ध सम्बन्धित छ। यसैले विवरणात्मक निबन्धको विषय कुनै पनि साहसिक कार्य र घटना तथा अविस्मरणीय यात्रा हुन सक्छ। यसरी विवरणमा कथा तत्त्वको पनि आवश्यकता अनुसार समावेश भएको हुन्छ। यसै आधारमा कसैकसैले कथात्मक निबन्धको पनि कल्पना गरेको पाइन्छ, तर यसो होइन, कथातत्त्वलाई पनि निबन्धमा समावेश गर्न सकिन्छ। वर्णनात्मक र विवरणात्मक निबन्धमा कथातत्तव हुन्छ। त्यस्तै प्रासङ्गिक रूपमा विचारात्मक र भावात्मक निबन्धमा पनि कथातत्त्व समावेश हुन सक्छ। यसरी कलातत्त्वले निबन्धलाई रोचक, आकर्षक र सजीव बनाउन सक्छ। यसरी यसलाई निबन्धको आवश्यक गुणका रूपमा लिन सकिन्छ। निबन्धमा कथा हुन सक्छ, तर कथामा निबन्ध हुनु हुँदैन, यो केवल निबन्धको व्यापक र विशद रूप मात्र हो। एकोहोरो विवरण मात्र पढ्दा निबन्ध नीरस हुन्छ। फेरि विवरणात्मक निबन्ध व्यास शैलीमा लेखिएको हुन्छ। त्यसैले विवरणमा विशदता हुन्छ। यसरी नीरसतामा सरसता र निर्जीवतामा सजीवता ल्याउनका लागि कल्पनाको विशिष्ट महत्त्व छ। विषय रोचक र आकर्षक बनाउन वर्णनात्मक र विवरणात्मक निबन्धमा कल्पनातत्त्वको प्रयोग गर्न सकिन्छ, तर पनि यसमा विवरणकै प्रधानता हुन्छ।

निम्नलिखित उद्धरणमा सिकारको विवरण प्रस्तुत गरिएको छ।

*उदाहरण-*

**शनैश्चरबार सिकारमा जाने भन्ने कुरा निश्चित भयो। बिहान सबेरै एक गाँस तातो टिपेर म पनि त्यो दलमा सम्मिलित भएँ। भरिभराउ मोटर**

Notes

**उड्यो। राजधानीदेखि दस कोसजति पूर्व पुगेपछि सबै ओर्लियौँ। तीमध्ये जसजसले आफूलाई सिकारी हुँ भन्ने सम्झेका थिए टोटो र बन्दुक च्यापेर र अरू बाँकीमध्ये कुनैले लट्ठी लिएर, फिता कसेर, कोट-टोपी फुकालेर, ठूलो बन्दोबस्तले ग्वारग्वार उकालो लागे। चारपाँचओटा, घाँटीमा घण्ट झुन्डयाइएका कुकुरहरू जङ्गलभरभर घुमेर मृग खोजिरहेका रहेछन्। एकछिनपछि "कुकुरले भेट्यो" भन्ने प्रतिध्वनि आयो। अनि पछि सारा यत्रतत्र लागे। बन्दुक लिने सिकारीजति टाढाटाढा भिन्नभिन्न अखडामा बसे। झयाङ्मा लुगेर !! मानौँ सिंह सिकार भइरहेछ। त्यसपछि कैयौँ घण्टासम्म कसैको भेटघाट कसैसित भएन। छिनछिनमा 'झर्दै छ, झर्दै छ' खोला 'खोला छेउमा आइपुग्यो', 'दाएँ लाग्या', 'दाएँ लाग्यो', यस्तै शब्द प्रतिध्वनित हुन्थे। सायद तिनै रूखका टुप्पामा बस्नेहरूले चिच्याएका होलान्। म पनि बन्दुकवाल सिकारीको साथमा परेको थिएँ। दिनको दोस्रो प्रहर भइसक्यो। भोकले रन्थनाएको थियो। प्यासले आकुलव्याकुल गराएको थियो। आँखा पोलिरहेका थिए। कपाल फुट्ला जस्तो भइरहेको थियो। दुईचार कुरा गरेर दिल बहलाऊँ ता उही 'चुप ! चुप !' इशारा गर्दथे। बोलेको शब्द सुनेर मृग भाग्छ रे ! हामी, मानवजातिले गर्ने यस्तो प्रकारको सिकार धिक्कार !!!!**

यस्ता निबन्धका मुख्यमुख्य अभिलक्षणहरूलाई यसप्रकार देखाइन्छ -

(1) विवरणात्मक निबन्धमा कल्पनातत्त्वको उपयोग गर्दै वृत्तान्तको अन्तर्पक्षलाई केलाईन्छ।

(2) यस्ता निबन्धमा वृत्तान्तको यथावत वा यथार्थ प्रस्तुति हुन्छ।

(3) यस्ता निबन्धमा कार्यकारण शृङ्खला र वृत्तान्तको पूर्वापर सम्बन्ध मिलेको हुनुपर्दछ, आदि।

**3.3.3 शिल्पगत वा शैल्पिक आधारमा -** यस आधारभित्र निबन्धका रूपलाई यसप्रकार वर्गीकरण गरेर हेर्न सकिन्छ - (क) व्याख्यात्मक निबन्ध, (ख) तार्किक निबन्ध, (ग) आख्यानात्मक निबन्ध, (घ) वक्तातात्मक निबन्ध, (ङ) रिपोर्ताज निबन्ध, (च) आलङ्कारिक निबन्ध, (छ) हास्यव्यङ्ग्यात्मक निबन्ध आदि।

शिल्पगत आधारमा देखिने निबन्धको यो वर्गीकरण अत्यन्त स्थूल वर्गीकरण हो। यस किसिमको वर्गीकरणमा पर्ने निबन्धहरू अन्य वर्गीकरणभित्र पनि पर्दछन्। सबै आधारमा वर्गीकरण गरिएका सबै किसिमका निबन्धहरूलाई शिल्पका आधारमा समेत वर्गीकरण गरिने र गर्नसकिने हुँदा यस किसिमको वर्गीकरण एकअर्कामा अन्तर्गर्भित पनि भएको पाइन्छ। शिल्प भनेको शैली वा तरिका भएकाले यस आधारमा निबन्धलाई अत्यन्त सूक्ष्मरूपमा मात्र वर्गीकरण गर्न सकिन्छ। शिल्पका आधारमा निबन्धका प्रमुख भेदलाई स्थूलरूपमा यसप्रकार वर्गीकरण गर्न सकिन्छ -

**3.3.3 (क) व्याख्यात्मक निबन्ध -** सूक्ष्म विषयवस्तुलाई पनि विस्तृतरूपमा व्याख्या-विश्लेषण गरेर लेखिएका निबन्धलाई व्याख्यात्मक निबन्ध भनिन्छ र यसलाई विश्लेषणात्मक निबन्ध पनि भनिन्छ। यस्ता निबन्ध आत्मपरक र वस्तुपरक दुवै किसिमका हुन्छन् तापनि वस्तुपरकतातिरको झुकाउ बढी हुन्छ ।

यस्ता निबन्धमा सङ्क्षेप पद्धतिका विपरीत विस्तार पद्धति अवलम्बन गरिएको हुन्छ। व्याख्यात्मक निबन्धका प्रमुख अभिलक्षण यसप्रकार छन्

(1) व्याख्यात्मक निबन्धमा सूक्ष्म र सामान्य विषयलाई व्याख्या विश्लेषण गरेर प्रस्तुत गरिन्छ।

(2) यस्ता निबन्धमा कथ्यलाई पुष्टि गर्न धेरै प्रसङ्गहरू ल्याइएको हुन्छ।

(3) यस्ता निबन्धमा परिधीय विचारवस्तुको व्याप्ति हुन्छ, आदि।

**3.3.3 (ख) तार्किक निबन्ध** - कुनै विचारको पुष्टिका लागि तर्कहरूको खण्डन/मण्डनका साथ तर्क-वितर्कहरू प्रस्तुत गरिने निबन्धलाई तार्किक निबन्ध भनिन्छ। यस्ता निबन्धमा तर्कशास्त्र वा दर्शनशास्त्रको पद्धति अवलम्बन गरिएको हुन्छ र कुनै विचार वा वस्तुसँगको तुलनामा खण्डन/मण्डनका तर्कहरू प्रस्तुत गरी आफ्नो मतलाई पुष्टि गर्ने अभिप्रायः राखिएको हुन्छ। वाद विवादात्मक अभिव्यक्तिको शैलीमा लेखिएका निबन्धहरूलाई तार्किक निबन्धका रूपमा मानिन्छ।

यस्ता निबन्धका प्रमुख अभिलक्षणहरूलाई यसप्रकार देखाइन्छ –

(1) तार्किक निबन्धमा आफ्नो विचार वा मतको पुष्टिका लागि तर्कहरूद्वारा अर्काका मतको खण्डन र आफ्नो मतको मण्डन गरिन्छ।

(2) यस्ता निबन्ध वाद विवादात्मक हुनेहुँदा स्वतः तुलनात्मक प्रकृतिका हुन्छन्।

(3) यस्ता निबन्धमा लेखकको तर्कशक्ति र कल्पना शक्तिको प्रशस्त उपयोग हुन्छ, आदि।

**3.3.3 (ग) आख्यानात्मक निबन्ध** - आख्यानात्मक शैलीको प्रयोग गरेर लेखिएका निबन्धहरूलाई आख्यानात्मक निबन्ध भनिन्छ र

यस्ता निबन्धमा कथाकथनको शैली अवलम्बन गरिएको हुन्छ । यस्ता निबन्धमा प्रयोग हुने आख्यान 'स्वआख्यान' वा 'परआख्यान' जुनसुकै किसिमको हुनसक्छ। विचारप्रधान हुनु र आख्यानात्मक संरचनाको बान्की हुनु यस्ता निबन्धको विशेषता हो।

यस्ता निबन्धका प्रमुख अभिलक्षणहरूलाई यसप्रकार देखाइन्छ -

(1) आख्यानात्मक निबन्ध आख्यानात्मक शैलीमा लेखिएको हुन्छ। तापनि त्यसमा विचारकै प्रधानता हुन्छ।

(2) यस्ता निबन्धमा शैली मात्र कथाकथनको हुनेहुँदा घटना र पात्रको विकास हुँदैन।

(3) यस्ता निबन्धमा प्रथम र तृतीय दुवै दृष्टिबिन्दुको प्रयोग हुनसक्छ आदि।

**3.3.3 (घ) वक्तातात्मक निबन्ध -** वक्तात्वकला / वाक्कला / भाषण कलाका रूपमा रहेका अभिव्यक्तिहरूलाई नैबन्धिक रूप दिँदा वक्तातात्मक निबन्धको सिर्जना हुन्छ। यस्ता निबन्धमा निश्चित वा निर्धारित विषयको प्रतिपादन हुन्छ। यस्ता निबन्धको अध्ययन भाषण शास्त्र वा वाक्कला शास्त्र (वक्ताताशास्त्र) मा हुन्छ। प्राचीन ग्रिसेली साहित्यमा यस्तै किसिमका वक्तातात्मक निबन्धबाट निबन्धको विकास भएको पाइन्छ । यस्ता निबन्धको शैली मूलभूत रूपमा वक्तातात्मक किसिमको हुने भएकाले यस्ता निबन्धलाई वक्तातात्मक निबन्ध भनिएको हो ।

यस्ता निबन्धका मुख्य अभिलक्षण यसप्रकार छन् -

(1) वक्तातात्मक निबन्धमा आत्मपरक र वस्तुपरक दुवै तत्वको उपस्थिति रहन्छ।

(2) यस्ता निबन्ध औपचारिक र अनौपचारिक दुवै शैलीमा लेखिन्छन्।

(3) यस्ता निबन्धमा तार्किकता र प्रभावकारिताको अपरिहार्यता हुन्छ आदि ।

**3.3.3 (ङ) रिपोर्ताज निबन्ध -** कुनै घटना, कार्यक्रम, सभा, समारोह आदिका विवरणलाई समेटेर तयार पारिएका निबन्धलाई रिपोर्ताज वा रिपोर्ताज निबन्ध भनिन्छ र यस्तो निबन्ध विवरणात्मक र वर्णनात्मक निबन्धको अत्यन्त नजीक हुन्छ । त्यसैले यस्ता निबन्ध बढी वस्तुपरक हुने गर्छन् । कुनै स्थान, यात्रा आदिको यथावत् वर्णन गर्ने शैली पनि यसमा हुन्छ भने मूलतः पत्रकारिताको शैली यस्ता निबन्धको विशेषता हो ।

यस किसिमका निबन्धमा पाइने प्रमुख अभिलक्षण यसप्रकार छन् -

(1) रिपोर्ताज निबन्धमा वर्णनात्मकता र विवरणात्मकताको आनुपातिक प्रयोग हुन्छ ।

(2) यस्ता निबन्धमा सूचना नै मूलतत्वका रूपमा रहने हुँदा सूचनात्मकता यसको प्राणतत्व मानिन्छ।

(3) शृङ्खलित र औपचारिक प्रस्तुति यस्ता निबन्धका पहिचान हुन् आदि।

**3.3.3 (च) आलङ्कारिक निबन्ध -** भाषिक प्रयोगका दृष्टिले अत्यन्त आलङ्कारिक, काव्यात्मक वा साहित्यिक भाषाशैलीमा लेखिने निबन्धलाई शैलीय तत्वका आधारमा आलङ्कारिक निबन्ध भनिन्छ । यस्ता निबन्ध आत्मपरक वा वस्तुपरक दुवै किसिमका हुन्छन् र प्रथम वा तृतीयपुरुष दुवै दृष्टिबिन्दुमा लेखिन्छन्। यस्ता निबन्धमा लेखकीय 'स्व' र 'पर' दुवैको उपस्थिति हुनसक्छ । भाषाशैलीय दृष्टिले मात्र यी निबन्ध अरू भन्दा बेग्लिन्छन्। यस्ता निबन्धका मुख्य अभिलक्षणहरूलाई यसप्रकार देखाइन्छ ।

(1) आलङ्कारिक निबन्धमा निबन्ध आत्मपरक वा वस्तुपरक जुनसुकै किसिमको भए पनि भाषाशैली पूरै आलङ्कारिक वा काव्यात्मक हुन्छ।

(2) यस्ता निबन्धमा भाषिक विचलनको प्रयोग प्रशस्त गरिएको हुन्छ र मानवीकरण गरिएको हुन्छ।

(3) यस्ता निबन्धमा सादृश्यविधान बढी हुन्छ र आलङ्कारिक वा काव्यात्मक भाषाशैलीय प्रयोगका कारण यस्ता निबन्ध बढी पठनीय र श्रुतिमधुर हुन्छन् आदि।

**3.3.3 (छ) हास्यव्यङ्ग्यात्मक निबन्ध -** हास्यतत्व र व्यङ्ग्यतत्वको उपस्थिति भएका वा यी दुई तत्त्व नै प्रमुखरूपमा रहेका निबन्धलाई हास्यव्यङ्ग्यात्मक निबन्ध भनिन्छ । यस्ता निबन्धमा भाषिक कलाका माध्यमबाट हास्यास्मकता र व्यङ्ग्यात्मकताको सिर्जना गरिन्छ। अत्यन्त अनौपचारिक भाषा प्रयोग गरिने यस्ता निबन्धमा विकृति र विसङ्गतिप्रति उपहास गरेर व्यङ्ग्य गरिने हुँदा अत्यन्त आकर्षक, रोचक र प्रभावकारी हुन्छन्। हास्यतत्व र व्यङ्ग्यतत्व दुवैको

सन्तुलित संयोजन भएन भने यस्ता निबन्ध प्रभावकारी हुँदैनन् । रोचक र घोचक हुनु यस्ता निबन्धको विशेषता हो ।

यस्ता निबन्धका मुख्य अभिलक्षणहरूलाई यसप्रकार देखाइन्छ -

(1) हास्यव्यङ्ग्यात्मक शैलीका निबन्धमा हास्यतत्व र व्यङ्ग्यतत्वको समान उपस्थिति रहन्छ र मान्छेका वैयक्तिक कमजोरीलाई पनि देखाइएको हुन्छ।

(2) यस्ता निबन्धले सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिबाट अन्तर्वस्तु ग्रहण गरेको हुन्छ।

(3) यस्ता निबन्धमा आत्मपरक, वस्तुपरक, वर्णनात्मक, आख्यानात्मक आदि प्रायः सबै किसिमका शैलीको प्रयोगका साथै आलङ्कारिक भाषिक चमत्कार हुन्छ आदि ।

**3.3.4 नवउपविधात्मक स्वरूपका आधारमा** - (क) नियात्रा, (ख) निवार्ता, (ग) निसमीक्षा, (घ) निपत्र, (ङ) रुबन्ध आदि नव उपविधात्मक स्वरूपका आधारमा देखिने यो वर्गीकरण पनि स्थूल वर्गीकरण नै हो र पछिल्लो समयमा देखापरेका विनिर्माणिक प्रक्रियाका विधाभञ्जन (विधामिश्रण / विधान्तरण / विधान्तरप्रभाव)का कारण पनि यस्ता निबन्धहरूको जन्म भएको छ। निबन्ध विधामा अन्य विधा/उपपविधाहरूको अन्तर्मिश्रण हुँदा यस्ता नवउपविधात्मक स्वरूपका नैबन्धिक रचनाहरू सिर्जिन्छन् । सैद्धान्तिक दृष्टिले यस्ता नैबन्धिक रचना विधानलाई सोझै विधा भन्न सकिँदैन। तापनि बेला बेलामा विधागत स्वायत्तताका कुरा पनि उठेका छन् । यस्ता नवउपविधात्मक स्वरूपका रूपमा देखिएका नियात्रा, निवार्ता, निसमीक्षा, निपत्र, रुबन्ध आदि रचना

विधानले निबन्धलाई स्वरूपगत वैविध्य प्रदान गरेका छन् र यसबाट निबन्ध विधा समृद्ध भएको छ। नवउपविधात्मक स्वरूपका आधारमा देखिने निबन्धका प्रमुख भेदहरूलाई निबन्धका प्रयोगपरक वा प्रयोगशील भेदका रूपमा र अन्तर्विधात्मक प्रभावजन्य परिणतिस्वरूप सिर्जिएका निबन्धका रूपमा मान्न सकिन्छ । यस्ता निबन्धका प्रमुख भेदलाई निम्न प्रकार देखाइन्छ -

**3.3.4 (क) नियात्रा -** 'निबन्ध' शब्दले 'नि' उपसर्ग र 'यात्रा वृत्तान्त' शब्दको 'यात्रा' शब्दको योगबाट 'नियात्रा' शब्द बनेको छ र यस 'नियात्रा' शब्दले यात्रासंस्मरण वा यात्रा वृत्तान्तमा आधारित निबन्ध भन्ने जनाउँछ। नेपालीमा नियात्रा शब्दको प्रयोग सर्वप्रथम तारानाथ शर्माको पुस्तकमा बालकृष्ण पोखे्रलले गरेका हुन्। नियात्रा यात्रावृत्तान्त वा यात्रासंस्मरणमा आधारित निबन्ध भएकाले यसमा संस्मरणात्मकता र वर्णनात्मकताको प्रयोग हुन्छ। नियात्रा पूरै आत्मपरक हुन्छ र वैयक्तिक अनुभूति, भोगाइ र अनुभवका साथै यात्रा वृत्तान्तका सन्दर्भका सन्दर्भहरूलाई समेत स्मृति विम्बका आधारमा प्रकटीकरण गर्ने काम नियात्रामा हुन्छ ।

यस्ता नियात्राका प्रमुख अभिलक्षणहरूलाई यसप्रकार देखाइन्छ -

(1) नियात्रामा यात्रावृत्तान्तका स्मृति बिम्बहरूको प्रयोग हुन्छ र त्यस्ता स्मृति विम्बहरूलाई कल्पनाको रङले रङ्गाइएको हुन्छ।

(2) नियात्रामा लेखकीय 'स्व'को आत्मप्रकटीकरण हुन्छ र यसमा वैयक्तिकताको प्रशस्त उपयोग हुनाका साथै वर्णनको मनोहारिता, रोचकता र कुतूहलता हुन्छ।

(3) यस्ता निबन्ध प्रथम पुरुष दृष्टिबिन्दुमा नै लेखिन्छन् र यस्ता निबन्धमा कोरा वृत्तान्त वा वर्णनात्मकता अपेक्षित हुँदैन, आदि।

**3.3.4 (ख) निवार्ता** - 'निबन्ध' शब्दको 'नि' उपसर्ग र 'अन्तर्वार्ता' शब्दको 'वार्ता' शब्द मिलेर 'निवार्ता' शब्दको निर्माण भएको छ। निबन्धात्मक शैलीमा प्रस्तुत गरिएका अन्तर्वार्तालाई निवार्ता भनिन्छ। नेपालीमा निवार्ता शब्दको सर्वप्रथम प्रयोग नेत्र एटमले 'सीमान्त आकाश'मा गरेका हुन्। निवार्ताकार अर्थात् वार्ताकार (अन्तर्वार्ता लिने व्यक्ति) र वार्तानायक (उत्तरदाता) दुवैको एउटै रचनामा उपस्थिति रहनु निवार्ताको मुख्य अभिलक्षण हो। यस्ता निवार्तामा अन्तर्वार्ता प्रत्यक्ष प्रश्नोत्तरात्मक शैलीमा लिइए पनि वार्ताकारको कला, कुशलता र कल्पना शक्तिको प्रयोगले अप्रत्यक्ष प्रश्नोत्तरात्मक शैलीका माध्यमबाट भिन्नै रचनाविधान तयार हुन्छ। अन्तर्वार्ता लिने क्रममा वार्तानायकबाट आएका उत्तरहरूलाई कल्पना शक्तिको प्रयोगद्वारा अनौपचारिक शैलीमा प्रस्तुत गर्नु निवार्ताको विशेषता हो ।

निवार्ताका प्रमुख अभिलक्षणहरूलाई यसप्रकार देखाइन्छ ः

(1) निवार्तामा पहिले वार्ताकार प्रथम पुरुषका रूपमा र वार्तानायक तृतीय पुरुषका रूपमा उपस्थित भई पछि दुवै प्रथम पुरुषका रूपमा पनि उपस्थित हुन्छन्।

(2) निवार्तामा निबन्ध तत्त्व र अन्तर्वार्ता तत्त्व दुवै रहे पनि मूलतः अन्तर्वार्ता तत्त्व र अंशतः निबन्ध तत्वको उपस्थिति भई अन्त्यमा अन्तर्वार्ता तत्वको निबन्ध तत्वमा अन्तर्मिश्रण र विलयन हुन्छ।

(3) निवार्तामा वार्तानायकको भन्दा वार्ताकारको कला, कुशलता, कल्पनाशक्ति र प्रतिभाको बढी भूमिका र महत्त्व भई वार्तासमेत निबन्धका रूपमा रूपायित हुन्छ र यसमा केहीरूपमा संस्मरणात्मकता पनि हुन्छ, आदि।

**3.3.4 (ग) निसमीक्षा / निसमालोचना** - 'निबन्ध' शब्दको 'नि' उपसर्ग र 'समीक्षा' शब्दको योगबाट निसमीक्षा शब्दको निर्माण भएको छ। निबन्धात्मक वा नैबन्धिक शैलीमा लेखिएका समीक्षा / समालोचनालाई निसमीक्षा भनिन्छ। 'निसमीक्षा' शब्दको प्रयोग नेपालीमा नपाइए पनि 'नैबन्धिक समालोचना' शब्दको प्रयोग भने नेपालीमा भएको पाइन्छ । नेपालीमा 'नैबन्धिक समालोचना' शब्दको सर्वप्रथम प्रयोग सम्भवतः समालोचक लक्ष्मणप्रसाद गौतमबाट भएको थाहा पाइन्छ। समीक्षा / समालोचनाको भाषाशैली वस्तुगत हुन्छ र हुनुपर्छ। कतिपय समालोचकहरूले आफ्ना समालोचनामा आत्मगत / आत्मपरक भाषाशैलीको प्रयोग गरेका हुन्छन्। त्यस किसिमका समालोचनामा निबन्धात्मक गुण रहने हुँदा तिनलाई निसमीक्षा / निसमालोचना / नैबन्धिक समालोचना भन्नु उपयुक्त हुन्छ । यस्ता निसमीक्षा/निसमालोचनाका मुख्य अभिलक्षणहरूलाई यसप्रकार देखाइन्छ -

(1) निसमीक्षा/निसमालोचनामा वस्तुपरक र आत्मपरक दुवै शैलीको प्रयोग हुन्छ र समीक्षा/समालोचनामा निबन्ध तत्वको उपस्थिति हुन्छ।

(2) निसमीक्षामा निबन्धमा समालोचना तत्वभन्दा पनि समालोचनामा निबन्ध तत्त्व बढी हुन्छ र यसै गुणले गर्दा यो सम्प्रेष्य हुन्छ।

(3) निसमीक्षामा विषय, कथ्य र समीक्ष्यवस्तुको ठोस नभई तरल विश्लेषण हुन्छ, आदि।

**3.3.4 (घ) निपत्र** - निबन्धात्मक शैलीका पत्र र पत्रात्मक शैलीका निबन्धलाई निपत्र भनिन्छ। नेपालीमा 'निपत्र' शब्दको प्रयोग नभए पनि कृतिगत रूपमा पत्र साहित्यका नामले यस्ता रचना धेरै आएकाले तिनलाई निपत्र भन्नु समीचीन हुन्छ। यस्ता निपत्र आत्मपरक शैलीमा लेखिने हुँदा तिनमा प्रथम पुरुष दृष्टिबिन्दुकै प्रयोग हुन्छ। नेपालीमा वनमाली निराकारको 'पत्रसञ्चयन' यसको उदाहरण हो। विशेषतः साहित्यिक स्वरूपमा लेखिने अनौपचारिक पत्रहरूमा यस्तै निबन्धात्मक गुण हुने भएकाले निपत्र नाम उपयुक्त देखिन्छ ।

निपत्रका प्रमुख अभिलक्षणहरू यसप्रकार छन् :

(1) निपत्रमा पत्रात्मक शैलीको प्रयोग हुन्छ र निबन्धात्मक गुण हुन्छ।

(2) यसमा प्रसङ्गअनुरूप वैयक्तिक, दार्शनिक, साहित्यिक, वैचारिक आदि विविध किसिमका अन्तर्वस्तुको अभिव्यक्ति हुन्छ।

(3) यसमा औपचारिक वा कार्यालयीय पत्रहरू प्रविष्ट हुँदैनन् र वैयक्तिक पत्रहरूमा मात्र निपत्रात्मक गुण हुन्छ, आदि।

**3.3.4 (ङ) रुबन्ध** – नाटक / एकाङ्कीलाई बुझाउने 'रूपक' शब्दको 'रु' र 'निबन्ध' शब्दको 'बन्ध' शब्द मिलेर रुबन्ध शब्दको निर्माण भएको हो। रूपक वा नाटकीय शैलीमा लेखिएका निबन्धलाई रुबन्ध भनिन्छ। नेपालीमा 'रुबन्ध' शब्दको सर्वप्रथम प्रयोग बालकृष्ण पोख्रेलले गरेका हुन्। रुबन्धमा रूपकीय / नाटकीय संरचना र निबन्ध तत्वको सम्मिश्रण

हुनेहुँदा यस्ता रचनामा संवाद र आत्मपरकता दुवैको प्रयोग पाइन्छ । रुबन्धका मुख्य अभिलक्षणहरू यसप्रकार छन् -

(1) रुबन्धमा नाटकीय तत्व र नैबन्धिक तत्वको उपस्थिति रहन्छ।

(2) यस्ता रचनामा संवादहरूको समेत प्रयोग गरेर निबन्धलाई नाटकीयता प्रदान गरिन्छ ।

(3) यस्ता रचनामा आत्मालापीय र वार्तालापीय दुवै किसिमको संवाद हुन्छ, आदि ।

## 3.4 उपसंहार

निबन्धको प्रकारहरूलाई हामी (1) आत्मपरकता वा निजात्मकता (Subjective), (2) वस्तुपरकता वा परात्मकता (Objective), (3) शिल्पगत वा शैल्पिक, तथा (4) नवउपविधात्मक स्वरूपका स्थूलगत इत्यादि चारवटा मूल आधारहरूभित्र राखेर हामी अध्ययन गर्न सक्छौं । आत्मपरक निबन्धलाई वैयक्तिक, निजात्मक र ब्यक्तिप्रधान पनि भनिन्छ। व्यक्तिप्रधान निबन्धमा व्यक्तिको मुख्य स्थान हुन्छ र विषयको गौण स्थान हुन्छ। निबन्धकारको स्वत्व र व्यक्तित्वको प्रबल छाप यस प्रकारको निबन्धमा पर्दछ। आत्मपरक निबन्धको शिल्पमा आन्तरिक गठन हुन्छ। विषयको गठन र प्रस्तुतिमा स्वतः स्फूर्त रूप आत्मपरक निबन्धको सजीवताको ज्वलन्त उदाहरण हो। निबन्धकार देवकोटा निबन्धको आन्तरिक र कलात्मक सङ्गतिमा दिव्य अनुभव गर्छन् । उनी भन्छन्- "मेरा मन कला छैन भने खालि तोडमरोड हो। भित्रैबाट सङ्गति मिलाएर कलाको जादूगरी निक्लियो भने त्यसमा दिव्यता देखिन्छ ।"

अन्तर्मुखी प्रवृति र अनौपचारिक सोच वैयक्तिक निबन्धका प्राणतत्त्व हुन् । आत्माभिव्यञ्जनाको सबल र सफल प्रस्तुति आत्मपरक निबन्धको मूल केन्द्रबिन्दु हो । आत्मपरक निबन्धअन्तर्गत भावात्मक निबन्धलाई राख्न सकिन्छ। स्रष्टाको 'स्व' बढी सक्रिय हुने र भावुकताको पक्ष प्रबल हुने निबन्धलाई भावात्मक निबन्ध भनिन्छ। लेखकका स्वतन्त्र विचार र चिन्तन प्रकट हुने, बुद्धितत्वको सम्बन्ध हुने र गम्भीर विषयमा आधारित निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ । यस्ता निबन्धमा बुद्धिपक्ष बढी सक्रिय हुने हुँदा यस्ता निबन्धको सम्बन्ध हृदयपक्षसँग भन्दा मस्तिष्क पक्षसँग बढी हुन्छ। धर्म, दर्शन, विज्ञान आदि गम्भीर विषयलाई यस्ता निबन्धले समेटेका हुन्छन् । व्यक्तिका निजी व्यक्तित्वको प्राथमिकता रहेको भावनात्मक अभिव्यक्ति हुने निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ । यस्ता निबन्धमा आत्मपरकता अत्यन्त स्पष्टरूपमा मुखरित भएको हुन्छ र लेखकका आफ्नै नितान्त वैयक्तिक अनुभूति, हर्ष, विचार, सुख-दुःख आदि संवेगहरूको आत्मप्रस्फुटन भएको हुन्छ । अतीतका, तात्कालिक वा केही समयपूर्वका अविस्मरणीय स्मृति बिम्बहरूमा आधारित 'स्व'को आत्मप्रकाशन भई स्वानुभूतिको आत्मप्रकटीकरण भएका निबन्धलाई संस्मरणात्मक निबन्ध भनिन्छ।

वस्तुपरक निबन्धलाई परात्मक, **विषयप्रधान र निर्वैयक्तिक** निबन्ध पनि भनिन्छ । यस्ता निबन्धमा आत्मप्रकटीकरण नभई कुनै व्यक्ति, वस्तु आदिको वर्णन विवरण प्रस्तुत गरिएको हुन्छ। **यस प्रकारको निबन्धमा विषयप्रधान हुन्छ र व्यक्ति गौण हुन्छ।** गृहीत विषयको वर्णनमा केन्द्रित वा वर्णनप्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ। यस्ता निबन्धमा वर्ण्य विषयलाई लेखकका अनुभूति र कल्पनाले जीवन्त बनाउँछ र बाह्यपक्षको यथार्थ चित्रण गर्ने पद्धति अँगालिएको हुन्छ।

घटना वा वृत्तान्तको विस्तारपूर्वक वर्णन गरिएको वर्णनप्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ। झट्ट हेर्दा यो वर्णनात्मक निबन्धजस्तै लागे पनि यी दुईमा फरक छ। वर्णनात्मक निबन्ध स्थिर हुन्छ भने विवरणात्मक निबन्धचाहिँ गतिशील प्रकृतिको हुन्छ। यसमा जीवन र जगत्का गतिशील (Dynamic) पक्षको विवरण हुन्छ। .....गतिशील पक्षले समयतत्त्वसँग सम्बन्ध राख्दछ। जीवन र समाजका विभिन्न घटना र वृत्तान्तसँग विवरणात्मक निबन्ध सम्बन्धित छ। शिल्पगत आधारमा देखिने निबन्धको यो वर्गीकरण अत्यन्त स्थूल वर्गीकरण हो। यस किसिमको वर्गीकरणमा पर्ने निबन्धहरू अन्य वर्गीकरणभित्र पनि पर्दछन्। सबै आधारमा वर्गीकरण गरिएका सबै किसिमका निबन्धहरूलाई शिल्पका आधारमा समेत वर्गीकरण गरिने र गर्नसकिने हुँदा यस किसिमको वर्गीकरण एकअर्कामा अन्तर्गर्भित पनि भएको पाइन्छ। शिल्प भनेको शैली वा तरिका भएकाले यस आधारमा निबन्धलाई अत्यन्त सूक्ष्मरूपमा मात्र वर्गीकरण गर्न सकिन्छ। सूक्ष्म विषयवस्तुलाई पनि विस्तृतरूपमा व्याख्या-विश्लेषण गरेर लेखिएका निबन्धलाई व्याख्यात्मक निबन्ध भनिन्छ कुनै विचारको पुष्टिका लागि तर्कहरूको खण्डन/मण्डनका साथ तर्क-वितर्कहरू प्रस्तुत गरिने निबन्धलाई तार्किक निबन्ध भनिन्छ। आख्यानात्मक शैलीको प्रयोग गरेर लेखिएका निबन्धहरूलाई आख्यानात्मक निबन्ध भनिन्छ र यस्ता निबन्धमा कथाकथनको शैली अवलम्बन गरिएको हुन्छ । वक्तात्वकला / वाक्कला / भाषण कलाका रूपमा रहेका अभिव्यक्तिहरूलाई नैबन्धिक रूप दिँदा वक्तातात्मक निबन्धको सिर्जना हुन्छ। यस्ता निबन्धमा निश्चित वा निर्धारित विषयको प्रतिपादन हुन्छ। कुनै घटना, कार्यक्रम, सभा, समारोह आदिका विवरणलाई समेटेर तयार पारिएका निबन्धलाई रिपोर्ताज वा रिपोर्ताज निबन्ध

भनिन्छ र यस्तो निबन्ध विवरणात्मक र वर्णनात्मक निबन्धको अत्यन्त नजीक हुन्छ । भाषिक प्रयोगका दृष्टिले अत्यन्त आलङ्कारिक, काव्यात्मक वा साहित्यिक भाषाशैलीमा लेखिने निबन्धलाई शैलीय तत्वका आधारमा आलङ्कारिक निबन्ध भनिन्छ । हास्यतत्व र व्यङ्ग्यतत्वको उपस्थिति भएका वा यी दुई तत्व नै प्रमुखरूपमा रहेका निबन्धलाई हास्यव्यङ्ग्यात्मक निबन्ध भनिन्छ । यस्ता निबन्धमा भाषिक कलाका माध्यमबाट हास्यास्मकता र व्यङ्ग्यात्मकताको सिर्जना गरिन्छ। (क) नियात्रा, (ख) निवार्ता, (ग) निसमीक्षा, (घ) निपत्र, (ङ) रुबन्ध आदि नव उपविधात्मक स्वरूपका आधारमा देखिने यो वर्गीकरण पनि स्थूल वर्गीकरण नै हो र पछिल्लो समयमा देखापरेका विनिर्माणिक प्रक्रियाका विधाभञ्जन (विधामिश्रण/विधान्तरण/विधान्तरप्रभाव)का कारण पनि यस्ता निबन्धहरूको जन्म भएको छ। निबन्ध विधामा अन्य विधा/उपपविधाहरूको अन्तर्मिश्रण हुँदा यस्ता नवउपविधात्मक स्वरूपका नैबन्धिक रचनाहरू सिर्जिन्छन् । 'निबन्ध' शब्दले 'नि' उपसर्ग र 'यात्रावृत्तान्त' शब्दको 'यात्रा' शब्दको योगबाट 'नियात्रा' शब्द बनेको छ र यस 'नियात्रा' शब्दले यात्रासंस्मरण वा यात्रावृत्तान्तमा आधारित निबन्ध भन्ने जनाउँछ। 'निबन्ध' शब्दको 'नि' उपसर्ग र 'अन्तर्वार्ता' शब्दको 'वार्ता' शब्द मिलेर 'निवार्ता' शब्दको निर्माण भएको छ। निबन्धात्मक शैलीमा प्रस्तुत गरिएका अन्तर्वार्तालाई निवार्ता भनिन्छ। 'निबन्ध' शब्दको 'नि' उपसर्ग र 'समीक्षा' शब्दको योगबाट निसमीक्षा शब्दको निर्माण भएको छ। निबन्धात्मक वा नैबन्धिक शैलीमा लेखिएका समीक्षा/समालोचनालाई निसमीक्षा भनिन्छ। निबन्धात्मक शैलीका पत्र र पत्रात्मक शैलीका निबन्धलाई निपत्र भनिन्छ। नेपालीमा वनमाली निराकारको 'पत्रसञ्चयन' यसको उदाहरण हो। नाटक / एकाङ्कीलाई बुझाउने 'रूपक' शब्दको 'रु' र

'निबन्ध' शब्दको 'बन्ध' शब्द मिलेर रुबन्ध शब्दको निर्माण भएको हो। रूपक वा नाटकीय शैलीमा लेखिएका निबन्धलाई रुबन्ध भनिन्छ।

## 3.5 सार

- निबन्धका प्रकार यति नै हुन्छन् भनेर यसको अन्तिम र सर्वसम्मत वर्गीकरण गर्न सकिँदैन।
- निबन्ध साहित्यको कनिष्ठ विधा हो । साहित्यका अन्य विधाहरू कविता, नाटक र आख्यानले विधागत स्वरूप ग्रहण गरिसकेपछि मात्रै निबन्धले आफ्नो अस्तित्व पाएको हो ।
- मोतेञले निबन्धको स्वरूपलाई आत्मपरक रूपमा प्रस्तुत गरेका हुन् भने उनीपछि लगत्तै देखापर्ने बेकनले वस्तुपरक निबन्धको प्रवर्तन गरेको देखिन्छ ।
- निबन्धका प्रकार यति नै हुन्छन् भनेर यसको अन्तिम र सर्वसम्मत वर्गीकरण गर्न सकिँदैन। साहित्यका अन्य विधाजस्तै निबन्ध पनि परिवर्तन शील विधा भएकाले पछिल्लो समयमा यसका नवनव प्रयोगशील रूपहरू देखिएका छन्।
- मूलतः चारवटा स्थूल आधारहरू क्रमैले 1) आत्मपरकता वा निजात्मकता (Subjective) का आधारमा, 2) वस्तुपरकता वा परात्मकता (Objective) का आधारमा, 3) शिल्पगत वा शैल्पिक आधारमा तथा 4) नवउपविधात्मक स्वरूपका आधारमा आदि ।
- आत्मपरक निबन्धलाई वैयक्तिक, निजात्मक र ब्यक्तिप्रधान पनि भनिन्छ।

- अन्तर्मुखी प्रवृति र अनौपचारिक सोच वैयक्तिक निबन्धका प्राणतत्त्व हुन् ।

- आत्मपरक निबन्ध अन्तर्गत भावात्मक निबन्धलाई राख्न सकिन्छ। स्रष्टाको 'स्व' बढी सक्रिय हुने र भावुकताको पक्ष प्रबल हुने निबन्धलाई भावात्मक निबन्ध भनिन्छ।

- यस्ता निबन्धमा लेखकका निजी भावना र कल्पनालाई अभिव्यक्त गरिन्छ।

- लेखकका स्वतन्त्र विचार र चिन्तन प्रकट हुने, बुद्धितत्वको सम्बन्ध हुने र गम्भीर विषयमा आधारित निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ ।

- यस्ता निबन्धमा साङ्केतिक, बिम्बात्मक श्लेषपूर्ण भाषिक प्रयोग अपेक्षित हुन्छ, आदि ।

- व्यक्तिका निजी व्यक्तित्वको प्राथमिकता रहेको भावनात्मक अभिव्यक्ति हुने निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ ।

- वैयक्तिक निबन्ध भावनात्मक निबन्ध र संस्मरणात्मक निबन्धको नजीक हुन्छ र यस्ता निबन्धमा आत्मकथाको स्वरूप हुन्छ ।

- संस्मरणात्मक निबन्ध स्मृतिबिम्बमा आधारित हुन्छ र यस्ता निबन्धमा लेखकले स्मृति-अनुभूतिहरूलाई यथार्थरूपमा प्रस्तुत गर्नुपर्छ।

- वस्तुपरक निबन्धलाई परात्मक, विषयप्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ । यस्ता निबन्धमा लेखकले सूक्ष्म निरीक्षणशक्ति र कल्पना शक्तिलाई असाधारणरूपमा प्रस्तुत गर्नुपर्दछ, आदि ।

- घटना वा वृत्तान्तको विस्तारपूर्वक वर्णन गरिएको वर्णनप्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ ।
- यस्ता निबन्धमा वृत्तान्तको यथावत वा यथार्थ प्रस्तुति हुन्छ।
- शिल्पगत आधारमा देखिने निबन्धको यो वर्गीकरण अत्यन्त स्थूल वर्गीकरण हो। शिल्प भनेको शैली वा तरिका भएकाले यस आधारमा निबन्धलाई अत्यन्त सूक्ष्मरूपमा मात्र वर्गीकरण गर्न सकिन्छ।
- व्याख्यात्मक निबन्धमा सूक्ष्म र सामान्य विषयलाई व्याख्या विश्लेषण गरेर प्रस्तुत गरिन्छ।
- कुनै विचारको पुष्टिका लागि तर्कहरूको खण्डन / मण्डनका साथ तर्क-वितर्कहरू प्रस्तुत गरिने निबन्धलाई तार्किक निबन्ध भनिन्छ। यस्ता निबन्धमा लेखकको तर्कशक्ति र कल्पनाशक्तिको प्रशस्त उपयोग हुन्छ, आदि।
- आख्यानात्मक शैलीको प्रयोग गरेर लेखिएका निबन्धहरूलाई आख्यानात्मक निबन्ध भनिन्छ र यस्ता निबन्धमा कथाकथनको शैली अवलम्बन गरिएको हुन्छ । आख्यानात्मक निबन्ध आख्यानात्मक शैलीमा लेखिएको हुन्छ। तापनि त्यसमा विचारकै प्रधानता हुन्छ।
- वक्तातात्मक निबन्धमा आत्मपरक र वस्तुपरक दुवै तत्वको उपस्थिति रहन्छ।
- कुनै घटना, कार्यक्रम, सभा, समारोह आदिका विवरणलाई समेटेर तयार पारिएका निबन्धलाई रिपोर्ताज वा रिपोर्ताज निबन्ध भनिन्छ ।

- रिपोर्ताज निबन्धमा वर्णनात्मकता र विवरणात्मकताको आनुपातिक प्रयोग हुन्छ ।
- भाषिक प्रयोगका दृष्टिले अत्यन्त आलङ्कारिक, काव्यात्मक वा साहित्यिक भाषाशैलीमा लेखिने निबन्धलाई शैलीय तत्वका आधारमा आलङ्कारिक निबन्ध भनिन्छ । यस्ता निबन्धमा सादृश्यविधान बढी हुन्छ र आलङ्कारिक वा काव्यात्मक भाषाशैलीय प्रयोगका कारण यस्ता निबन्ध बढी पठनीय र श्रुतिमधुर हुन्छन् आदि।
- हास्यतत्व र व्यङ्ग्यतत्वको उपस्थिति भएका वा यी दुई तत्त्व नै प्रमुखरूपमा रहेका निबन्धलाई हास्यव्यङ्ग्यात्मक निबन्ध भनिन्छ ।
- यस्ता निबन्धमा आत्मपरक, वस्तुपरक, वर्णनात्मक, आख्यानात्मक आदि प्रायः सबै किसिमका शैलीको प्रयोगका साथै आलङ्कारिक भाषिक चमत्कार हुन्छ आदि।
- निबन्ध विधामा अन्य विधा / उपपविधाहरूको अन्तर्मिश्रण हुँदा यस्ता नवउपविधात्मक स्वरूपका नैबन्धिक रचनाहरू सिर्जिन्छन् ।
- नियात्रामा यात्रावृत्तान्तका स्मृतिबिम्बहरूको प्रयोग हुन्छ र त्यस्ता स्मृतिविम्बहरूलाई कल्पनाको रङले रङ्गाइएको हुन्छ।
- निवार्तामा पहिले वार्ताकार प्रथम पुरुषका रूपमा र वार्तानायक तृतीय पुरुषका रूपमा उपस्थित भई पछि दुवै प्रथमपुरुषका रूपमा पनि उपस्थित हुन्छन्।
- निवार्तामा वार्तानायकको भन्दा वार्ताकारको कला, कुशलता, कल्पनाशक्ति र प्रतिभाको बढी भूमिका र महत्त्व भई वार्तासमेत

निबन्धका रूपमा रूपायित हुन्छ र यसमा केहीरूपमा संस्मरणात्मकता पनि हुन्छ, आदि।

- निसमीक्षामा निबन्धमा समालोचना तत्वभन्दा पनि समालोचनामा निबन्ध तत्त्व बढी हुन्छ र यसै गुणले गर्दा यो सम्प्रेष्य हुन्छ।
- निपत्रमा पत्रात्मक शैलीको प्रयोग हुन्छ र निबन्धात्मक गुण हुन्छ।
- नाटक / एकाङ्कीलाई बुझाउने 'रूपक' शब्दको 'रु' र 'निबन्ध' शब्दको 'बन्ध' शब्द मिलेर रुबन्ध शब्दको निर्माण भएको हो। यस्ता रचनामा संवादहरूको समेत प्रयोग गरेर निबन्धलाई नाटकीयता प्रदान गरिन्छ।

## 3.6 अनुशीलनी

(1) निबन्धको परिचय दिएर निबन्धको स्थूल वर्गीकरणका आधारहरूबारे चर्चा गर्नुहोस् ।

(2) आत्मपरक निबन्धको स्वरूपबारे खुलस्त पार्दै यसका प्रकारहरूमाथि प्रकाश पार्नुहोस् ।

(3) वस्तुपरक निबन्धको स्वरूपबारे खुलस्त पार्दै यसका प्रकारहरूमाथि प्रकाश पार्नुहोस् ।

(4) शैल्पिक आधारमा निबन्धलाई कसरी वर्गीकरण गर्न सकिन्छ सो खुलस्त पारेर बताउनुहोस् ।

(5) निबन्धको नवविधात्मक स्वरूपका आधारमा हुन सक्ने प्रकारहरूका विवेचना गर्नुहोस् ।

## 3.7 अतिरिक्त अध्ययन

1 - राजेन्द्र सुवेदी, सम्पा **स्नातकोत्तर नेपाली निबन्ध**

2 - डा. कुमारबहादुर जोशी, **लक्ष्मी निबन्धसंग्रहका निबन्धहरूमा देवकोटाका काव्य मान्यता**

3 - मोहनराज शर्मा (सं) **नेपाली निबन्ध भाग-1**

4 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**

5 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

6 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध**

7 - प्रा. डा. मोहनहिमांशु थापा **साहित्य परिचय**

8 - मोहनराज शर्मा **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**

9 - ठाकुरप्रसाद पराजुली **नेपाली साहित्यको परिक्रमा**

10 – डा. पारसमणि भण्डारी, डा. यादवप्रकाश लामिछाने, तुलसीराम घिमिरे, सालिकराम पौडयाल अनि टीका पौडेल **नेपाली नाटक, एकाङ्की र निबन्ध**

---

## 3.8 मुल्यबृद्धिका निम्ति उत्तर

---

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

३. आत्मपरक निबन्धको स्वरूप ।

.....................................................................................

.....................................................................................

**(प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.3.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. भावनात्मक निबन्ध र विचरात्मक निबन्धमा साम्य - वैसम्य ।

.....................................................................................

.........................................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.3.1 (क) र 3.3.1 (ख) को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. वैयक्तिक निबन्ध र संस्मरणात्मक निबन्धमा साम्य - वैसम्य ।

....................................................................................

....

....................................................................................

........

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.3.1 (ग) र 3.3.1 (घ) को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. निबन्धको शिल्पगत वा शैल्पिक आधारहरू ।

....................................................................................

...

....................................................................................

.

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. व्याख्यात्मक र तार्किक निबन्धबिच स्वरूपगत भिन्नता ।

....................................................................................

....................................................................................

...

Notes

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.3.3 (क) र 3.3.2 (ख) को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

6. आख्यानात्मक र वक्तातात्मक निबन्धमाझ साम्य - वैसम्य ।

..................................................................................

..............................................................................

**(प्रश्न 6 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.3.3 (ग) र 3.3.2 (घ) खण्डमा उत्तर खोज्न सक्नेछन् )**

7. रिपोर्ताज र आलङकारिक निबन्धको स्वरूप ।

................................................................................

.

................................................................................

......

**( प्रश्न 7 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.3.3 (ङ) र 3.3.2 (च) खण्डमा उत्तर खोज्न सक्नेछन् )**

8. नवउपविधात्मक स्वरूपका आधारहरू ।

.......................................................................................

...................................................................................

**( प्रश्न 8 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.3.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

9. नियात्रा र निवार्ताको स्वरूप ।

...............................................................................

.................................................................................

**( प्रश्न 9 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.3.4 (क) र 3.3.4 (ख) खण्डमा उत्तर खोज्न सक्नेछन् )**

10. निबन्धको निसमीक्षा, निपत्र र रूबन्ध आदि प्रकारहरूका स्वरूपगत विशेषता ।

..........................................................................................

..........................................................................................

**(प्रश्न *7* को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.3.4 (ग) र 3.3.4 (घ) र 3.3.4 (ङ) का खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 4, निबन्धको गठन, भाषाशैली तथा निबन्धकै समरूप अन्य साहित्यक रचनाहरूका बारेमा सामान्य परिचय ।

□ □ □ □ □ □

4.1 उद्देश्य

4.2 परिचय

4.3 निबन्धको गठन

4.3.1 प्रस्तावना

4.3.2 प्रसार वा विस्तार

4.3.3 निष्कर्ष वा उपसंहार

4.4 निबन्धको भाषाशैली

4.5 निबन्धकै समरूप अन्य साहित्यिक रचनाहरू

4.5.1 निबन्धको सामान्य परिचय

4.5.2 प्रबन्धको सामान्य परिचय

4.5.3 लेखको सामान्य परिचय

4.5.4 एस्सेको सामान्य परिचय

4.5.5 ट्रिटाइजको सामान्य परिचय

4.5.6 आर्टिकिल वा आर्टिकलको सामान्य परिचय

4.5.7 थिसिस वा शोधको सामान्य परिचय

4.6 उपसंहार

**4.7 सार**

**4.8 अनुशीलनी**

**4.9 अतिरिक्त अध्ययन**

**4.10 मुल्यबृद्धिका निम्ति उत्तर**

## 4.1 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- निबन्ध विधाको अङ्ग विभाजन
- निबन्धको गठनको क्षेत्रमा देखा पर्ने मुख्य अङ्गहरू
- निबन्धमा भाषाशैलीको अनिवार्यता
- निबन्ध लेखनमा प्रयुक्त हुने भाषाशैलीका प्रकारहरू
- निबन्धको र प्रबन्धको परिचय
- लेखको परिचय
- एस्सेको परिचय
- ट्रिटाइजको परिचय
- आर्टिकिल वा आर्टिकलको परिचय
- थेसिस वा शोधको परिचय

## 4.2 परिचय

निबन्धलाई 'विकीर्ण' चिन्तन एवम् विश्रृङ्खलित रचना मानी कलम चलाउने युग रहेन । यी प्रचीन धारणालाई लिएर कर्मरत हुन खोज्ने आधुनिक निबन्धकार सफल मानिन सक्तैन । तसर्थ अन्य कान्यविधाझैं

उसको रूपगठनमाथि पनि निबन्धकारको ध्यान जानुपर्छ । प्रथमतः यसका अङ्ग र तिनको सुष्ठु विन्यासमाथि पूर्ण विचार राख्नु आवश्यक छ । निबन्ध, प्रबन्ध, लेख, एस्से, ट्रिटाइज, आर्टिकल तथा शोध यी सबै शब्दहरू समग्रमा निबन्धकै स्वरूपगत अर्थ बोक्ने पर्यायका रूपमा रहेका देखिएता पनि सैद्धान्तिक एवम् स्वरूपगत भिन्नता भने यिनीहरूमाझ अवश्यै देखिन्छ । निबन्ध, प्रबन्ध र लेख तीनवटै शब्दहरू तत्सम हुन् । लेखको पहिले जुन अर्थ थियो त्यो अर्थ अहिले पनि विद्यमान नै छ तर निबन्ध र प्रबन्ध शब्दको अर्थमा भने समयक्रममा धेरै परिवर्तन भएको थाहा पाइन्छ ।

## 4.3 निबन्धको गठन

निबन्धको अङ्गविभाजन गर्दा यसलाई आदि, मध्य, अन्त्य तीन भागमा बाँड्न सकिन्छ । यसैलाई प्रस्तावना वा परिचय वा भूमिका, प्रसार वा विस्तार र निष्कर्ष वा उपसंहार यी तीन नामहरू क्रमैले (1) प्रस्तावना, (2) प्रसार वा विस्तार र (3) निष्कर्ष वा उपसंहार आदि भनेर दिन सकिन्छ ।

**4.3.1 प्रस्तावना** – निबन्धको प्रारम्भिक अंशलाई प्रस्तावना, परिचय वा भूमिका भनिन्छ । यो औधी नै रोचक, आकर्षक र सुन्दर हुनुपर्छ । यसलाई पढ्नासाथ मनमा अगाडि बढ्दै जाने अदम्य लालसा उत्पन्न हुनुपर्छ । प्रस्तावनाको कार्य विषयका मुख्य प्रतिपाद्यको इङ्गन गर्नु हो । प्रस्तावना संक्षिप्त र प्रभावशाली हुनुपर्छ । निबन्धको मुख्य विषयसित यो सुसम्बद्ध हुनुपर्छ । प्रस्तावनाको भाषा पनि सरल, सुबोध,

परिष्कृत र प्रवाहयुक्त हुनुपर्छ । विशेष आडम्बरसाथ जटिल रूपमा लेखिएको प्रस्तावना अनार्करषक हुन्छ ।

**4.3.2 प्रसार वा विस्तार** – प्रसार निबन्धको मुख्य अङ्ग हो । यसैका लागि प्रस्तावना आयोजित हुन्छ । यसैको आधारमा उपसंहार हुन्छ । यसरी प्रसार निबन्धको मेरूदण्ड हो । यसले प्रस्तावना र उपसंहारलाई जोडेको हुन्छ । यसै अंशलाई विशेष सावधानीसाथ नियोजित नगरेमा निबन्धमा अस्तव्यस्तता, क्रमहीनता, पुनरूक्ति, अस्पष्टता आदि दोष घुस्न सक्छन् र निबन्ध आफ्नो लक्ष्यमा पुग्नुभन्दा पूर्व नै अलमलिने र असफल हुने भय रहन्छ । विषयको पूर्व अवगाहन गरी निश्चित लक्ष्य लिएर सुगम मार्गबाट अगाडि बढ्ने लेखक नै सबल हुन्छ ।

**4.3.3 निष्कर्ष वा उपसंहार** – यो निबन्धको अन्तिम अंश हो । निबन्धको सार वा निचोड यसमा रहने हुँदा यसबिना निबन्धले पूर्णता पाउन सक्तैन । निष्कर्ष खण्डमा कोही सुझाव, कोही उपदेश र कोही निबन्धको सार खिचेर राख्ने गर्दछन् । सबभन्दा उत्कृष्ट र सफल उपसंहार त्यो हुन सक्छ, जसमा आफ्नो मूलभूत मान्यता, अनुभव वा विचारलाई सशक्त रूपमा अभिव्यक्ति गरिएको होस् ।

यी अङ्गहरूलाई यथोचित ढङ्गले पुष्ट गर्दै लेखिएको निबन्ध सुगठित हुन्छ, तर यो बाह्य गठन हो । निबन्धको आन्तरिक गठनका लागि त्यसमा एउटा आदर्श व्यवस्था, श्रृङ्खला र एकरूपताको पालन गर्नु आवश्यक छ । उपयुक्त शीर्षकको चयन पनि उत्तिकै आवश्यक छ । यसबाहेक प्रकटित विचारहरूमा सूत्रबद्धता र नियमितता हुनुपर्छ । विचारहरूको क्रमशः विकास हुनुपर्छ, ती विचारहरूले एकार्काको पुष्टि वा विरोध विश्लेषणात्मक पद्धतिले गरिरहेको प्रतीत हुनुपर्छ ।

## 4.4 निबन्धको भाषाशैली

निबन्धमा भाषा-शैलीको विशिष्ट स्थान छ। निबन्धमा विषय र अभिव्यक्तिमा व्यक्तित्वको अमिट छाप रहन्छ। यही व्यक्तित्वको अभिव्यक्ति निबन्धकारको भाषा र शैलीको माध्यमद्वारा हुन्छ। त्यसैले भनिन्छ- गद्य कवि जाँच्ने कसी हो भने निबन्धचाहिँ गद्यलाई जाँच्ने माध्यम हो।

विचार र भावलाई प्रस्तुतिका दृष्टिले दुई प्रकारबाट राख्न सकिन्छ-

(क) आगमनात्मक ( Inductive ) शैली र (ख) निगमनात्मक (Deductive) शैली ।

**(क) आगमनात्मक** ( Inductive ) **शैली -** आगमनात्मक शैलीमा कुनै पनि अनुच्छेदको प्रारम्भैमा निबन्धकारले आफ्नो सारभूत कुरा व्यक्त गरेको हुन्छ। अर्को शब्दमा आफ्नो सोच वा भनाइको मुख्य बुँदा, सूत्र र सारभूत कुरो सुरुमै प्रस्तुत गरिएको हुन्छ। यसरी अनुच्छेदको प्रारम्भ नै निष्कर्षबाट हुन्छ। त्यसै निष्कर्षको व्याख्या अनुच्छेदको बाँकी अंशमा विभिन्न तथ्य, तर्क र उदाहरणको आधारमा गरिएको हुन्छ ।

*उदाहरण-*

**"कविलाई म सौन्दर्यको पुजारी ठान्दछु, नैतिकताको छहरा ठान्छु, आदर्शताको दर्पण ठान्छु । हाम्रा आँखा छालाका धब्बा हुन्, तिनमा चेतना छैन। सौन्दर्यको सूक्ष्म स्पर्श, मोहनीको मृदु मुस्कान, मनोहारिताको मन्द चहलपहल हाम्रो स्थूल दृष्टिले देख्दैन। हृदयभित्रको दैवी वाणीको कोकिल-कण्ठ आवाजलाई हाम्रो पखेटा जस्तो ट्यास्स टाँस्सिएको कानले सुन्दैन। हाम्रा इन्द्रिय बोधा छन्। हाम्रो सौन्दर्य विवेचना गर्ने चक्षु उघ्रेकै छैनन्।**

**अर्काले औँल्याएर देखाएको सौन्दर्य पनि हामी धमिलो देख्छौँ। सौन्दर्यविज्ञानका दृष्टिले हेरे हामी अर्धविकसित बालक छौँ, बामे सर्दै छौँ।''**

उदाहरणका रूपमा दिइएको माथिको अनुच्छेदको प्रारम्भमै लेखकले मूलभूत कुरा प्रस्तुत गरेका छन्। अर्को शब्दमा निष्कर्षबाट अनुच्छेदको प्रारम्भ भएको छ। लेखकको निचोड हो- " कविलाई म सौन्दर्यको पुजारी ठान्छु। नैतिकताको छहरा ठान्छु, आदर्शताको दर्पण ठान्छु। सारांशमा लेखकको दृष्टिमा कविमा सौन्दर्य, नैतिकता र आदर्शताको सञ्चेतना तीब्र हुन्छ। यसै निष्कर्षलाई पछिका वाक्यहरूमा आधारभूमिका रूपमा विश्लेषण गरिएको छ। यस दृष्टिले प्रस्तुत विधिलाई आगमनात्मक शैलीका रूपमा लिन सकिन्छ ।

**(ख) निगमनात्मक (Deductive) शैली -** निगमनात्मक शैलीअन्तर्गत प्रारम्भमै विभिन्न तथ्य, तर्क, प्रमाण, उदाहरण आदिको आधारमा आफ्नो भाव र विचार अभिव्यक्त गरिएको हुन्छ। यसपछि अन्त्यमा गएर आवश्यक निष्कर्ष प्रस्तुत गरिएको हुन्छ ।

*उदाहरण-*

**"विदेश भनेको सपना हो, एउटा कताकताको कथा हो; नदेखेकै झिलिमिली हो; अस्पष्ट, अग्राह्य बाहिरी कुरा हो, जो मेरो क्षितिजभित्र पर्दैन, त्यससँग मेरो नजरको के नाता ! कति थारै नेपालबासी सम्झँदा हुन् कि यो नेपाली तारामण्डल अर्द्धगोलाबाहिर कुनै दुनियाँ छ? वास्तवमा साधारण मनुष्यका निमित्त शिरमाथिको आकाश गोलाभन्दा ठूलो चीज केही हुँदैन; र उसले सम्झँदैन कि यो खाली विशालको एक अल्प खण्ड हो। पूर्णात् पूर्णमिदम् भनेजस्तै मलाई यसबाहिर अर्को क्षितिज छ भन्ने बुझ्नमा नै के फाइदा ? सम्पूर्ण अनन्त विश्व देख्ने नजरले सूर्यलाई कस्तो**

**सानो सेतो कनिको भन्दो होला, तर पृथ्वीबासीलाई सूर्य सेतो रापको जीवनदाता भवगान् नै ठहरिन्छन्। मेरो स्वदेश नै मेरो विश्व हो, बिपना हो; मेरो सत्य हो; एउटै खँदिलो अस्तित्व हो।''**

उपर्युक्त उदाहरणमा सुरुका वाक्यहरूलाई पृष्ठभूमिका रूपमा प्रस्तुत गरिएको छ। अर्को शब्दमा निष्कर्षका लागि सुरुमा आवश्यक विवेचना र विश्लेषणको प्रयोग गरिएको छ। स्वदेशप्रतिको अगाध आस्था र अथाह प्रेम नै उपर्युक्त उदाहरणको निष्कर्ष रूप हो। यसै निष्कर्षलाई अनुच्छेदको अन्तिम वाक्यमा यस रूपमा अभिव्यक्त गरिएको छ- "मेरो स्वदेश नै मेरो विश्व हो, बिपना हो, मेरो सत्य हो, एउटै खँदिलो अस्तित्व हो।'' यसरी यस प्रकारको शैलीलाई निगमनात्मक शैलीका रूपमा लिन सकिन्छ।

**वर्णन शैली -** निबन्धमा आफ्नो विचार र भावलाई विभिन्न रूपमा निबन्धकारले व्यक्त गरेको हुन्छ। यही अभिव्यक्ति कतै छिटोछरितो रूपमा हुन्छ, कतै विस्तृत रूपमा हुन्छ। यसरी वर्णनविधिका दृष्टिले शैली दुई प्रकारका हुन्छन्- (क) समास शैली र (ख) व्यास शैली ।

**(क) समास शैली -** यसमा छोटो र छिटोछरितो अभिव्यक्ति हुन्छ। भनाइमा संक्षिप्तता,तीव्रता र सूक्ष्मता हुन्छ। थोरैमा धेरै भन्नु नै समास शैलीको मूल उद्देश्य हो। संक्षेपमा समास शैली सूत्रात्मक हुन्छ। विचारात्मक निबन्धमा समास शैलीको प्रयोग गरिएको हुन्छ ।

उदाहरण-

**"अन्धोको आँखा त्यो बेला फुट्तछ जब काकतालीले उसको अन्धविश्वास कहिले फलीभूत भइदिन्छ। हाहामा दगुर्नु घोरललाई सुहाउँछ, भारी बोकेर अर्काको पछि-पछि लाग्नु गधालाई सुहाउँछ, नत्थिएर मोडिनु गोरुलाई**

**सुहाउँछ, परन्तु भय र आलस्यको दरभाउमा आफ्नो अन्तःकरण बेचेर आँखामा पट्टी बाँध्नु मनुष्यलाई सुहाउँदैन।**

**बरु आफूले रोजेको देहपिञ्जर बन्न नसक्ने गरेर बिग्रेको रहेछ भने त्यसलाई आत्मोन्नतिका यज्ञमा बलिदान दिनुपर्दछ, किनभने हामी देह होइनौँ, आत्मा हौँ।''**

उपर्युक्त उदाहरणमा विचार र भावको अभिव्यक्तिमा संक्षिप्तता पाइन्छ। छोटो, छिटोछरितोपन र प्रभावपूर्ण कथनले गर्दा उपर्युक्त उद्धरणलाई समास शैलीको उदाहरणका रूपमा लिन सकिन्छ।

**(ख) व्यास शैली -** यस प्रकारको शैलीमा विस्तृतता हुन्छ। आफ्नो विचार र भावलाई विस्तार रूपमा अभिव्यक्त गरिएको हुन्छ। कुनै पनि सानो कुरालाई बढाईचढाईकन प्रस्तुत गर्ने प्रवृत्ति व्यास शैलीमा हुन्छ। विवरणात्मक र वर्णनात्मक निबन्ध व्यास शैलीमा लेखिएको हुन्छ।

उदाहरण-

**"शिक्षा मस्तिष्क उन्नत, हृदय विकसित र चेतना जागरित गराउने एउटा साधनविशेष हो। अतः यो प्रत्येक धनीभन्दा धनी, गरिबभन्दा गरिबको निमित्त पनि अनिवार्य छ। बालक जन्मनासाथ जब च्याँ च्याँ गरेर रुन्छ त्यसै बेलादेखि उसको शिक्षाको प्रारम्भ हुन्छ। अक्षरारम्भदेखिन् शिक्षाको सुरु हुन्छ भन्ने धारणा गलत हो। अक्षरारम्भसम्ममा त बालकले हजारौँ कुराको शिक्षा पाइसकेको हुन्छ। ऊ आकाशमा सूर्य, चन्द्र,ताराहरू चिन्दछ, पृथ्वीको मानिस, गाई, घोडा, कुकुर, बिरालो, रूख, फलफूल आदि चिन्दछ। पाठशालामा यस्तो काम हुन्छ, अस्पतालमा यस्तो, मन्दिर भनेको यस्तो ठाउँ हो इत्यादि पनि। बालकको पहिलो पाठशाला प्रसूतिका गृह (सुत्केरीकोठा) नै हो। ऊ जन्मनासाथ उसलाई धाईले तातो पानीले**

**स्नान गराइदिन्छे- पहिले शिर, मुख, अनि आङ, हात, गोडा। यही शिक्षा, स्नानको क्रम, ऊ बाँचुन्ज्यालसम्म गरिरहन्छ। प्रत्येक बालकले पाउने यो प्रथम शिक्षा हो। अनि उसले यस्तो प्रकारले अरू कुराहरूको पनि शिक्षा पाउँदै जान्छ र उसको शिक्षाको क्षेत्र क्रमशः विस्तीर्ण र विशाल हुँदै आउँछ।''**

माथिको उदाहरणको पहिलो वाक्यमा शिक्षाको महत्ता र दोस्रो वाक्यमा शिक्षाको आवश्यकतामा प्रकाश पारिएको छ। त्यसपछिका बाँकी अंशमा बालकको जन्मका साथै शिक्षा प्रारम्भ हुन्छ भन्ने तथ्यलाई विस्तारपूर्वक विवेचना गरिएको छ। प्रतिपाद्य विषयको आवश्यकता र स्वाभाविकता हेरी कुनै पनि प्रकारको निबन्धमा समास शैली र व्यास शैलीको उपयोग गर्न सकिन्छ। रागात्मक तत्त्वको बहुलता र प्रबलता त्यस्तै मनोवेगको तीव्रताले गर्दा निबन्धका अरू तीन प्रकारका शैलीको चर्चा गरिएको पाइन्छ। ती हुन्- (क) धारा- शैली, (ख) तरङ्ग-शैली र (ग) विक्षेप-शैली। वैयक्तिकता र रागात्मकताको प्रबल रूप भावात्मक निबन्धमा पाइने हुनाले भावात्मक निबन्धमा यी शैलीको उपयोग गर्न सकिन्छ।

**(क) धारा शैली -** धारा-शैलीमा विचार र भावको धारा प्रवाहपूर्ण हुन्छ। यसमा प्रवाहको एउटै गति हुन्छ। निबन्धको बाह्य र आन्तरिक गठनमा आवश्यक र स्वाभाविक सन्तुलन हुन्छ।

*उदाहरण-*

**"जुन पृथ्वी यस्ती शस्यशालिनी छन्, जसमा यस्ता सौन्दर्यका विभिन्नताहरू रङ्गदार छन्, यहाँ एक पहाड एउटा सजीव दुनियाँ छ, चरा, मृग र बाघहरूले परिपूर्ण संसार, जसलाई हेर्दा मानवमुटु विचित्र त्रासले ढक्क फुल्दछ, जहाँ ढुङ्गमा चाँदीजिभ्रा छन्, झ्याउमा मोती**

**छरिएका छन्, जहाँ दिव्य भाषण, जहाँ पत्रहरू सजीव दुनियाँका हलचलझैं हमेशा बोलिरहन्छन्, जहाँ प्रकृति रङ्ग-रङ्गका दृश्य-चित्र रची रची-रची रङ्ग,रोशनी परेको कुशलता प्रदर्शन गरिरहेकी छन्, जहाँ लहराहरू राष्ट्रिय झन्डाझैं प्राकृतिक पर्खालमा फर्फराइरहेछन्, अनेकौं फूलहरूले सुशोभित भनेर जहाँ सर्वोच्च हिमालय शासन गरिरहेछ, के त्यहाँको मनुष्यका कल्पनामा बालरेखाचित्र र कार्यहरू बनिरहेका होइनन् ? ''**

उपर्युक्त उदाहरण महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'के नेपाल सानो छ?' नामक निबन्धबाट झिकिएको हो। यसमा नेपालप्रतिको हार्दिक भावना अभिव्यक्तिको गतिशील प्रवाहमा प्रवाहित भएको छ। यस दृष्टिले माथि दिइएको उद्धृतांशलाई धारा-शैलीको उदाहरणको रूपमा लिन सकिन्छ।

**(ख) तरङ्ग शैली -** प्रस्तुत शैलीमा विचार र भाव छालको रूपमा प्रस्तुत हुन्छन्। यसमा धारा-शैलीको यस्तो एउटै गीत नभएर विभिन्न गति र स्थिति हुन्छन् ।

*उदाहरण-*

**"नेपालमा खुसीयाली छ। हृदयले नवागत पाहुनाको प्रेमपूर्वक स्वागत गरिरहेछ। क्षितिजको किनारमा पूर्वको डाँडामाथि आजको प्रभातको मनोहर मुहान देखिनासाथ टुक्रिएका बादलको छिरबिरे फैलावटमा आनन्दको गुलाबी रङ्ग चढ्यो, एकै छिन पृथ्वीलाई स्वर्गको रङ्गले हलुका तवरले छायो। आजको लालीमा विशेष मोहनी थियो, आजको उदयमा हृदयको विशेष उल्लास थियो, प्रेमको अवलोकनले प्रकृतिको सौन्दर्यमा वैचित्र्य थप्छ, भावको रङ्गले दुनियाँको रङ्ग चढाउँछ, नेपालको हृदयमा आज मधु तरङ्गहरू खेलिरहेछन्। पुकारा सुनेर स्वर्गको प्रत्युत्तर आउँदा हुने कृतज्ञता र आह्लाद आजको दिनमा छ। ईश्वरको आज्ञाले तथा**

**सन्तानउपरको करूणाले पृथ्वीले कलिलोपन लिएकी छन्। हामी सुनौला बोलीको आशाले बीउ रोप्न जान्छौँ। हातमा हरिया धानका बीउ छन्, हृदयमा आनन्द र आकाङ्क्षा, मुटुमा हलुका लयदार स्पन्दन, गलामा उर्लदो दिलको मधुर गान। आज हामीहरू दबदबे, कलिला खेलमा पस्तछौँ। आज नेपालमा खुशीको रोपाइँ छ, आज आषाढको पन्ध्र हो।''**

उपर्युक्त उद्धृतांशमा आषाढको पन्ध्रको भावपूर्ण वर्णन पाइन्छ। निबन्ध र निबन्धकारको मनोभाव छालका रूपमा उद्वेलित भएका छन्। यसरी मानसिकतामा विभिन्न गति र स्थिति उक्त उदाहरणमा प्रस्तुत भएका छन्।

**(ग) विक्षेप शैली -** विक्षेप शैलीमा बाँध फुटेको नदीको गतिजस्तो भाषाको प्रवाह हुन्छ। यस्तो गति भए पनि अर्थात् बाह्य गठनमा शिथिल रूपजस्तो देखिए पनि निबन्धको आन्तरिक गठनमा सयम र सन्तुलन कायम रहेको हुन्छ।

उदाहरण-

**"यस्तो सिकारी पनि मैले आफ्नै आँखाले देखेको छु जो नाङ्लोको धरापमुनि एक मुठी धान छरेर पासोको डोरी समातेर आफू लुकेर (?) बस्छ। जब निरीह भँगेराहरू त्यो टिप्नलाई आउँछन् अनि डोरी तानेर अकस्मात् तिनीहरूलाई नाङ्लोभित्र पार्छ, नाङलोमाथि आफ्नो पैतलाले थ्याचथ्याच थिचेर उफ्रन्छ। कठै ती नाजुक जीवहरू 'चीँ, चीँ, चीँ' गरी गरी एक्कै छिनमा शब्दहीन हुन्छन्। अनि भ बडो उत्सुकता र हर्षले नाङ्लो पल्टाउँछ- कुनै टाउको फुटेर गिदी निस्किरहेका ! कुनै, छाती रगताम्य भएर किचिक्क परेका ! कुनै, पखेटा या खुट्टा भाँचिएका ! कुनै, थरथरथरथर पखेटा कमाएर खुट्टा तानिरहेका ! कुनै, आँखा फुस्रो पारेर**

**मुख प्याक प्याक गरिरहेका ! यस्तो सिकार देखेर ता आकाश रून्छ, पृथ्वी काँप्छिन्। यति मात्र होइन, करुणा आत्तिएर कराउँछिन्। मानवता मूर्छित हुन्छिन्। ''**

माथि दिइएको उदाहरणमा सिकारको दयनीय अवस्था र सिकारीको क्रूर व्यवहार देखेर निबन्धकार विह्वल छन्। सिकारीको वर्णन, सिकारमा परेका भँगेराहरूको अवस्था र त्यसप्रति निबन्धकारको तीव्र प्रतिक्रिया उदाहरणमा पाइन्छ। यसैमा संवेग र उद्वेग अभिव्यक्त भएको छ र बाह्य रूपमा मानसिकता अनियन्त्रित जस्तो देखिए पनि आन्तरिक रूपमा सङ्गठित भएको पाइन्छ।

निबन्धमा हास्यव्यङ्ग्यको पनि प्रयोग गर्न सकिन्छ। यसको उपयोगले निबन्ध विविधतापूर्व, सजीवतापूर्ण र प्रभावकारितापूर्ण हुन्छ।

**वाक्यगठन –** वाक्य गठनका दृष्टिले पनि शैलीको विभाजन गर्न सकिन्छ- (क) सरल शैली र (ख) गुम्फित शैली।

**(क) सरल शैली -** सरल शैलीको वाक्य योजनामा सरलता हुन्छ। यसमा सानासाना वाक्यहरूको प्रयोग हुन्छ।

*उदाहरण-*

**"नेपाल स्वतन्त्र छ भनेर फोस्रो धाक लगाउनुभन्दा परतन्त्रता हटाउने कोसिसतिर लाग्नु देशप्रेम हो। खै, नेपाली के कुरामा स्वतन्त्र छ र ? विदेशले बाटो रोकिदियो भने भोलि नै नेपालले नाङ्गो तथा उजाड हुनुपर्छ। जाबो सियो र धागोसम्म पनि अर्काको मुख ताक्नुपर्छ भने नेपाल स्वतन्त्र छ भनेर कसरी भन्ने ? अब त कामले स्वतन्त्र पार्नु आवश्यक कर्तव्य भइरहेको छ। बरू अरूलाई बढ्ता भएको जीच विदेशलाई दिएर स्वदेशको कोष बढाउनु परेको छ। निकासी र पैठारीमा ध्यान नदिई**

**महँगीको उग्रज्वालामा जनतालाई जलाउनु के देशप्रेम हो? अब पनि हात बाँधेर बसिरह्यौं भने भविष्यले हामीलाई के भन्ला ?''**

माथिको उदाहरणमा ससाना र स्वतन्त्र वाक्यहरूको प्रयोग गरिएको छ। अर्द्धविराम (;), अल्पविराम (,), र, अनि, तथा आदिको उपयोग गरी धेरै वाक्यांशहरूको माध्यमद्वारा एउटै सिङ्गो वाक्य बनाई जटिल बनाइएको छैन।

**(ख) गुम्फित शैली -** गुम्फित शैलीमा एउटै वाक्यमा विभिन्न वाक्यांशहरू जोडिएका हुन्छन्। यसमा अर्द्धविराम (;), अल्पविराम (,) आदिद्वारा विभिन्न वाक्यांशहरूको संयोजन गरिएको हुन्छ।

*उदाहरण-*

**"संसारमा आजसम्म कसैले निरपेक्ष सत्य बोल्न सकेको छैन, सबको जिब्रोमा अडकल छ, किनभने जतिजति मानिस सत्यतामा उक्लँदै जान्छ, उतिउति उसले सामाजिक मञ्चबाट ओह्लदै जानुपर्छ, मानिसमा त्यतिसम्म तल पुग्ने साहस बिरलै हुन्छ, जहाँ केवल दुर्भिक्ष र मृत्यु मात्रै भेटिन्छन्।''**

माथि दिइएको उदाहरणमा चार ठाउँमा अल्पविराम, एक ठाउँमा अर्धविरामका साथै किनभने, जातिजति र उतिउति, त्यतिसम्म र जहाँजस्ता पदहरूको प्रयोग एउटै वाक्यको संरचनामा गरिएको छ।

## सरल शैली -

यसमा सरल नेपाली शब्दको प्रयोग हुन्छ। सरल शैलीमा नेपाली जनजीवनमा भिजिसकेका वा नेपाली भाषामा पचिसकेका संस्कृतका सरल शब्दको पनि प्रयोग हुन्छ। यसमा उखान र टुक्काको पनि प्रयोग गरिएको हुन्छ।

*उदाहरण-*

**" फेरि, खुशामदमा एउटा यस्तो दोष छ धेरै कालसम्म खुशामद गर्दागर्दा उसको मानसिक वृत्तिसम्म खुशामदको मदले लठिठसकेको हुन्छ। आलोचनात्मक शक्तिको शनैःशनैः ह्रास भएर जान्छ। पछि ता उचितअनुचित जस्तोसुकै कुरा होस् ऊ त्यसको मण्डनतिर मात्र विचार गर्छ, खण्डनतिर होइन। यसै कारण कुनै कविले पनि मुठी धनको आशामा परेर, खुशामदले ओतप्रोत भएका कविताहरू लेख्न हुँदैन। किन्तु, प्रायशः कविहरू यो दोषबाट मुक्त हुन सकेका छैनन्। खुशामदका कविता लेख्ने कवि, कवि होइन भाट हो। त्यस्ता कविताहरू लेख्नु सरस्वतीको अपमान या कलाको हत्या गर्नु हो।''**

उक्त उदाहरणमा सरल नेपाली शब्द र प्रचलित संस्कृत शब्दहरूको प्रयोग गरिएको पाइन्छ। यस्तै अर्को उदाहरण छ-

**"मायापिर्ती नभएको भए भुतुक्क पार्ने गुलाफको फूल सहारा मरूभूमिको एक मुठी बालुवाजस्तो सुक्खा हुने थियो, काठमाडौँका सिनेमाघरहरूमा उहिल्यै गादेरेज- ताल्चा लाग्थे, जाउलाखेलको भोटोजात्रा र हनुमानढोकाको गाईजात्रामा एउटा मुसो पनि जाने थिएन। घरमा वरको सिन्का पर सार्न नसक्ने म आफ्नो मायाको लागि हो भने अक्कासका ताराहरू टिपेर ल्याउनसमेत जुर्मुराउँछु।''**

उदाहरणमा ठेट वा विशुद्ध शब्दको प्रयोग भएको छ। अनुकरणात्मक र ठेट शब्दहरू क्रमश 'भुतुक्क' तथा 'सुक्खा', 'अक्कास' जस्ता शब्दहरू प्रयुक्त भएका छन्। त्यस्तै 'ताल्चा लाग्नु', 'एउटा मुसो पनि नजानु', 'वरको सिन्का पर नसार्नु' र 'अक्कासका ताराहरू टिपेर ल्याउनु' जस्ता टुक्काहरूको प्रयोग भएको पाइन्छ। यसले गर्दा भाषामा आफ्नोपन र चिनारी विकसित भएको छ।

## अलङ्कृत शैली -

अलङ्कृत शैलीमा शब्द र अर्थमा आधारित विभिन्न अलङ्कारको प्रयोग गरिएको हुन्छ। साथै संस्कृत भाषाका तत्सम शब्दको बहुलता र प्रबलता पनि हुन्छ।

*उदाहरण-*

**यसैले अब त म भन्छु, धिक्कारै होस् यी खै खैहरूलाई। यिनले आत्मनिर्भर बन्न किन नजानेका ! सम्झाऊँ, शिक्षा दिऊँ-उल्टै झन् चित् भइन्छ, गुरू मान्ने त कता कता ! बाजेले त मागीमागी नै 'गोरखा' सल्काए, बाबुले यही चालाले 'माइ डार्लिङ' उडाए। प्रजातन्त्र आइसक्यो, त्यही पनि यी मागीमागी नै 'मोटर तानिरहेछन्' र 'कैँची चलाइरहेछन्'।''**

माथि दिइएको उदाहरणमा चुरोट खाने तर सलाई वा लाइटर नलिई 'खै' 'खै' भनेर चुरोट सल्काउन खोज्नेहरूको प्रसङ्ग छ। चुरोटचाहिँ खाएर आत्मनिर्भर नभई परनिर्भर हुनेहरूमाथि व्यङ्ग्य गरिएको छ। 'गोरखा', 'माइ डार्लिङ्ग', 'मोटर' र 'कैँची' आफ्नो समयमा प्रचलित र प्रसिद्ध चुरोटको बट्टाको नाम हो। एकातिर सरल भाषामा चुरोट बट्टाको नाउँ विशेषको रूपमा प्रयोग गरिएको छ भने अर्कोतिर मागीमागीकन देशै सल्काएको, केटी उडाएको (भगाएको), अर्काको मुख ताकेर मोटर चढेको र षड़यन्त्रमा लागेको अर्थको प्रयोग गरिएको छ। यसरी 'गोरखा', 'माइ डार्लिङ्ग', 'मोटर' र 'कैँची' रूपक वा प्रतीकका रूपमा लिइएको छ। यसैले यसमा अलङ्कारको प्रयोग भएको छ ।

समग्रमा भन्नुपर्दा शैली भनेको निबन्धकारको व्यक्तित्वको परिचायक हुन्छ । यो निबन्धको अत्यन्त महत्वपूर्म तत्त्व पनि हो । अलङ्कार, अर्थचमत्कार, ध्वनि चमत्कार र वाक्य सौन्दर्य शैलीका सहायक अङ्ग हुन् । अलङ्कारले भाषामा सौन्दर्य आउँछ । अर्थचमत्कार उक्ति वैचित्र्यमा

र बहुअर्थी शब्दहरूको प्रयोगमा निर्भर हुन्छ । व्यङ्ग्यात्मक गुण पनि यसै अर्थचमत्कारको वैशिष्टय हो । ध्वनि चमत्कार समश्रुति शब्दहरूको विन्यासबाट उत्पन्न हुन्छ र भाव सौन्दर्यले यसलाई उत्कृष्टता प्रदान गर्दछ । वाक्यसौन्दर्य ललित पदयोजनाले मात्र आउँदैन, सरल र स्पष्ट शब्दहरूद्वारा बनेका छोटा-छोटा वाक्यहरूको योजनाले पनि आउँछ । त्यसैले देवकोटाका लामा-लामा परन्तु ललित पद एवम् ध्वनिको चमत्कारले युक्त वाक्यमा पनि सौन्दर्य पाइन्छ र बदरीनाथ भट्टराईका मीठा परन्तु छोटा-छोटा वाक्यमा पनि । तर केवल पाण्डित्य र अर्थगाम्भीर्यले गुरू भएका यदुनाथ खनालका वाक्य त्यति रोचक हुन सकेका छैनन् । कसैको शैलीमा हास्य र व्यङ्ग्यको पुट हुन्छ र त्यसैले गर्दा तिनका निबन्धमा अन्य दोष भए पनि ती आकर्षक, रोचक र प्रभावकारी हुन जान्छन् । सरलता, स्पष्टता, प्राञ्जलता र प्रभावकारिता शैलीका गुण हुन् । कठिन शब्दावली, घुमाउरो वाक्यविन्यास, लामा-लामा पाण्डित्यपूर्ण वक्तव्य, वाक्य वा शब्दहरूबाट अभिप्रेरित अर्थ स्पष्ट नहुनु, पुनरूक्ति, एउटै शब्दको पुनरावृति, व्याकरणसम्बन्धी अशुद्धिहरू, वाक्यहरूको तारतम्य नमिलेको हुनु, विचारहरूको क्रम ठीक नहुनु शैलीका दोष मानिन्छन् ।

निबन्धमा भाषा-शैलीको विशिष्ट स्थान छ। निबन्धमा विषय र अभिव्यक्तिमा व्यक्तित्वको अमिट छाप रहन्छ। यही व्यक्तित्वको अभिव्यक्ति निबन्धकारको भाषा र शैलीको माध्यमद्वारा हुन्छ ।

## 4.5 निबन्धकै समरूप अन्य साहित्यिक रचनाहरू

Notes

**4.5.1 निबन्धको सामान्य परिचय -** निबन्ध एक किसिमको कुरा गराइ हो । आफ्नो मनका भावनालाई स्वगत् कथनका रूपमा व्यक्त गर्ने एक विधा विशेष हो । साधारण किसिमले भन्नुपर्दा निबन्ध लघु रचना हो जसमा साहित्यिक कृतिहरू आउँछन्। संस्कृतमा 'निबन्ध्नाति इति निबन्ध' भनिन्छ। संस्कृतमा निबन्धलाई 'आप्टे' भनिएको छ। निबन्ध विधाका जनक हुन् माइकल दि मोते। उनको भनाइमा निबन्ध भनेको 'फूर्सदका क्षणमा गरिने गफ हो'। निबन्ध र समालोचना आख्यानेतर गद्य विधा अन्तर्गत पर्दछ। छोटो र छरितो आधुनिक गद्य भाषामा लेखिने साहित्यिक विधाको नाम निबन्ध हो । यसलाई एकप्रकारको कुरा गराइका रूपमा लिइन्छ । मनमा भएका कुराहरूको लिपिबद्ध श्रृङ्खलित रूप नै निबन्ध हो । हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो । निबन्ध साहित्यका विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो । मान्छेको सोचाइ, विचार, आग्रह, प्रतिभा, खूबी आदिको आँकलनका आधारमा व्यक्ति र विषयको बोध हुने हुँदा कृतिको स्तरीयता र स्तरहीनताका आधारमा निबन्धलाई दुवै (जेठो तथा कान्छो) विधा मानिएको हो । समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो लगभग बीसदेखि तीस मिनेट समयावधिको सीमामा पढिसकिने गद्यात्मक अभिव्यक्ति हो । यथार्थमा यो आत्मप्रकाशनको सर्वथा नौलो प्रयास एवम् जसको माध्ययम गद्य थियो र छ पनि । यसै पनि गद्यमा आत्मविश्लेषण र आत्मप्रकाशनको प्रशस्त अवसर रहन्छ । यसैले गद्य निबन्धका लागि एक मात्र माध्यम हुन सक्छ । 'निबन्धको सबभन्दा लघुपरिभाषा के हो भने यो गद्यरचनाको एक प्रकार हो, जो बहुतै छोटो हुन्छ, जसमा वर्णन मात्र हुन्न । कहिलेकाहीँ निबन्धलेखक आफ्नो कथ्यलाई सिद्ध गर्नका लागि विभिन्न प्रसङ्गहरूको सहायता लिन सक्छ । मूलतः निबन्ध

आखय्नेतर गद्य विधा हो । अणुदेखि ब्रह्माण्डसम्मका जुनसुकै विषयमा निबन्ध लेख्न सकिन्छ । निबन्ध सुगठित शैलीमा लेखिएको छोटोछरितो रचना हो । निबन्धमा मनोगत भावविचारको वा वस्तुगत सत्यतथ्यको प्रस्तुति रहन्छ । हार्दिकता र बौद्धिकताको सन्तुलित प्रयोग निबन्धका लागि अनिवार्य देखिन्छ । निबन्धमा अनुभूतिको तीक्ष्णता, विचारको सशक्ता र कल्पनाको तीव्रता हुनुपर्दछ । उन्मुक्त र स्वच्छन्द भए पनि निबन्ध आफैंमा पूर्ण हुन्छ । निबन्धमा लेखकले पाठकसँग आत्मीयता स्थापित गर्न सक्नुपर्छ । यसरी नै निबन्धमा शैलीगत विविधता पाइन्छ भने रोचकता, सजीवता र विश्वसनीयता आदि कुरोहरूको पनि अति नै आवश्यकता रहन्छ ।

**4.5.2 'प्रबन्ध' को सामान्य परिचय -** प्रबन्ध शब्द 'प्र' उपसर्ग लागेको 'बन्ध' धातुमा 'धञ्' प्रत्यय हुँदा व्युत्पन्न हुन्छ । यसको मूल अर्थ बलियोसङ्ग बाँध्नु हो र यो निबन्धकै समानार्थी छ । अमरकोशको माहेश्वरी टीकामा प्रबन्धको व्याख्या र वाक्यविस्तार – का रूपमा गरिएको पाइन्छ । काव्यालङ्कारमा नबाँधिएको रचना मुक्तक र बाँधिएको (परस्पर सुसम्बद्ध) रचना प्रबन्ध हो भनिएको भेटिन्छ । (अनिबद्धं मुक्तकम्, निबद्धम प्रबन्ध मिति प्रसिद्धिः) । प्रबन्धका पनि बन्धनका साथै गाँस, योजना, व्यवस्था आदि अनेक अर्थ छन् । साहित्यका सन्दर्भमा कुनै विषय वा कथाको गद्यात्मक वा पद्यात्मक प्रस्तुति प्रबन्ध भनिन्थ्यो पछि यस शब्दको प्रयोग आख्यान (कथा) को राम्रो तारतम्य मिलेर लेखिएको काव्यलाई बुझाउनका लागि मात्र भएको थाहा पाइन्छ । महाकाव्य, खण्डकाव्य आदिलाई प्रबन्धकाव्य भनिएबाट यो स्पष्ट हुन्छ तर संस्कृत वाङ्मयमा प्रबन्ध शब्दको प्रयोग शास्त्रीय, ग्रन्थहरूका लागि पनि हुने गरेको कुरो स्मरणीय छ ।

लेखकको मनका विचारहरू प्राकृतिकरूपले साहित्यिक रङ्गरञ्जित भई निबन्धमार्फत व्यक्त भए त्यो भावप्रधान भई भावात्मक निबन्धसङ्गै मिसिन्छ र यसका विपरीत लेखकको दुरूह र जटिल विचार व्यक्त भएको भए त्यो निबन्ध नभएर प्रबन्ध हुने गर्छ ।

बालकृष्ण पोखरेलले निबन्धलाई विषयवस्तुको आधारमा यसरी श्रेणी विभाजन गरेका पाइन्छ – निबन्धका दुई प्रमुख भेद (1) – प्रबन्ध र (2) जमर्को ।

यसरी नै प्रबन्धका उपभेदहरू – मनोग्राफ - Monograph, लेख - Article, जीवन - Biography, आत्मकथा - Autobiography, यात्रा विवरण - Travel Account, शोधलेख - Thesis, खोज प्रबन्ध - Dissertation, भूमिका - Preface, सम्पादक्यौली - Editorial, टिप्पणी - Commentary, उपोद्घात र आमुख आदि रहेका पाइन्छ । अर्कोतिर जमर्को (निजातमक) का चाहिँ चारवटा भेदहरू क्रमैले – (1) धर्का चित्र, (2) नियात्रा, (3) रूबन्ध र (4) आत्मिका भनेर रहेका छन् ।

धर्काचित्र – Sketch – यसलाई कथा वा जीवनीको शैलीमा लेखिएको निबन्ध भन्दा पनि हुन्छ । यसमा कथामा झैं नै नायक पात्र – पात्रा र घटनाहरूसमेत हुन सक्छन् । उदाहरणीय धर्काचित्र (रेखाचित्र) राजनारायण प्रधानका 'नौ नामी नेता' र 'पन्ध्र प्रसिद्ध पुरूष' आदि हुन् ।

रूबन्ध – यसलाई रेडियो रूपकको एउटा भेद भनेर पनि बुझ्न सकिन्छ ।

आत्मिका (Personal or Reflexive Essay) – निबन्धको सबैभन्दा व्यापक रूप आत्मिकामा पाइन्छ । लेखकले आफ्नो मनको भाव हलौं र लहडी

पाराले व्यक्त गर्दा आत्मिका बन्छ । 'लक्ष्मी निबन्ध सङ्ग्रह' र 'हृदयचन्त्रसिंह प्रधानका निबन्धहरू' यसका उदाहरण हुन् ।

**4.5.3 'लेख' को सामान्य परिचय –** 'लिख्' धातुमा 'धञ्' प्रत्यय लागेर बन्ने लेख शब्दको मूल अर्थ नै लेखिएको वस्तु वा अक्षरात्मक रचना हो । यसले प्रबन्धले भन्दा पनि विस्तृत र व्यापक अर्थ वहन गरेको छ र लेखनजति सबैलाई बुझाउँछ, तर सामान्यतया लेख भन्नाले आख्यानहीन, विचारात्मक, व्याख्यात्मक तथा विवरणात्मक गद्यरचना बुझिन्छ . लेखको अगाडि 'आ' लागेर 'आलेख' हुन पुगेको शब्दले भने लेखभन्दा सङ्कुचित अर्थ दिन्छ । प्रायः आलेख भन्नाले कुनै तोकिएको विषयवस्तुमा निश्चित शब्दसीमामा रहेर तयार पारिएको, सुव्यवस्थित र गहन, विचारात्मक गद्यलेखन हो भन्ने कुरो थाहा पाइन्छ ।

**4.5.4 'एस्से' को सामान्य परिचय –** यस शब्दको मौलिक अर्थ प्रयत्न हो । फ्रान्सेली 'एस्से' (Essai) शब्दबाट विकसित यो अङ्ग्रेजी शब्द हो । यसलाई कुनै पनि विषयमा लेखिएको सङ्क्षिप्त गद्यात्मक रचना पनि भनिएको भेटिन्छ । नेपाली साहित्यमा सामान्यतया निबन्ध यही शब्दकै पर्यायका रूपमा प्रयुक्त रहेका देखिन्छ ।

**4.5.5 'ट्रिटाइज' को सामान्य परिचय –** कुनै एक विषयमा व्यवस्थित ढङ्गबाट लेखेको पुस्तक आदिलाई ट्रिटाइज भनिन्छ । हाम्रा संस्कृत वा नेपाली वाङ्मयका सन्दर्भमा ट्रिटाइज – को पर्याय प्रबन्ध रहेको बुझिन्छ ।

### 4.5.6 'आर्टिकिल वा आर्टिकल' को सामान्य परिचय –

मूलतः 'आर्टिकिल' वा 'आर्टिकल' शब्दले कुनै खास वस्तु वा त्यसभन्दा भन्न कुनै अन्य वस्तु बुझिन्छ, तर यसको प्रयोग स्वयंमा पूर्ण लेखका अर्थमा पनि गरिएको छ । यसरी 'आर्टिकिल' वा 'आर्टिकल' को पर्याय नेपाली साहित्य लेखनको क्षेत्रमा लेख हुन पुगेको थाहा पाइन्छ ।

### 4.5.7 'शोध' वा 'थिसिस' को सामान्य परिचय –

'थिसिस' लाई विश्वविद्यालयको कुनै उपाधिको प्रयोजनले प्रस्तुत गरिने त्यस्तो एस्से भनिएको पाइन्छ जुन सुगठित रूपमा तर्कपूर्ण ढङ्गबाट लेखिएको हुन्छ र जुन भविष्यमा सिद्धान्त बन्न सक्छ । वास्तवमा यो लेखाइ शास्त्रीय हुनाले निबन्धभन्दा प्रबन्ध भनिनु उपयुक्त ठानिएर हुन सक्छ नेपाली अनि हिन्दी साहित्यमा यसलाई शोधप्रबन्ध भनिएको थाहा लाग्छ ।

## 4.6 उपसंहार

निबन्धको अङ्गविभाजन गर्दा यसलाई आदि, मध्य, अन्त्य तीन भागमा बाँड्न सकिन्छ । यसैलाई प्रस्तावना वा परिचय वा भूमिका, प्रसार वा विस्तार र निष्कर्ष वा उपसंहार यी तीन नामहरू क्रमैले (1) प्रस्तावना, (2) प्रसार वा विस्तार र (3) निष्कर्ष वा उपसंहार आदि भनेर दिन सकिन्छ । निबन्धको प्रारम्भिक अंशलाई प्रस्तावना, परिचय वा भूमिका भनिन्छ । यो औधी नै रोचक, आकर्षक र सुन्दर हुनुपर्छ । प्रसार निबन्धको मुख्य अङ्ग हो । यसैका लागि प्रस्तावना आयोजित हुन्छ । यसैको आधारमा उपसंहार हुन्छ । यसरी प्रसार निबन्धको मेरूदण्ड हो । यसले प्रस्तावना र उपसंहारलाई जोडेको हुन्छ । यो निबन्धको अन्तिम

अंश हो । निबन्धको सार वा निचोड यसमा रहने हुँदा यसबिना निबन्धले पूर्णता पाउन सक्तैन । निष्कर्ष खण्डमा कोही सुझाव, कोही उपदेश र कोही निबन्धको सार खिचेर राख्ने गर्दछन् । निबन्धको आन्तरिक गठनका लागि त्यसमा एउटा आदर्श व्यवस्था, श्रृङ्खला र एकरूपताको पालन गर्नु आवश्यक छ । निबन्धमा भाषा-शैलीको विशिष्ट स्थान छ। निबन्धमा विषय र अभिव्यक्तिमा व्यक्तित्वको अमिट छाप रहन्छ। यही व्यक्तित्वको अभिव्यक्ति निबन्धकारको भाषा र शैलीको माध्यमद्वारा हुन्छ। गद्य भाषामा लेखिने छोटो र छरितो साहित्यिक विधाको नाम निबन्ध हो । यसलाई एकप्रकारको कुरा गराइका रूपमा लिइन्छ । निबन्धलाई ‘विकीर्ण’ चिन्तन एवम् विश्रृङ्खलित रचना मानी कलम चलाउने युग रहेन । निबन्धको अङ्गविभाजन गर्दा यसलाई आदि, मध्य, अन्त्य तीन भागमा बाँड्न सकिन्छ । यसैलाई प्रस्तावना वा परिचय वा भूमिका, प्रसार वा विस्तार र निष्कर्ष वा उपसंहार यी तीन नामहरूद्वारा चिनिन्छ । निबन्धको प्रारम्भिक अंशलाई प्रस्तावना, परिचय वा भूमिका भनिन्छ । यो औधी नै रोचक, आकर्षक र सुन्दर हुनुपर्छ । प्रस्तावना संक्षिप्त र प्रभावशाली हुनुपर्छ । निबन्धको मुख्य विषयसित यो सुसम्बद्ध हुनुपर्छ । प्रस्तावनाको भाषा पनि सरल, सुबोध, परिष्कृत र प्रवाहयुक्त हुनुपर्छ । विशेष आडम्बरसाथ जटिल रूपमा लेखिएको प्रस्तावना अनार्करषक हुन्छ । प्रसार निबन्धको मुख्य अङ्ग हो । यसैका लागि प्रस्तावना आयोजित हुन्छ । यसैको आधारमा उपसंहार हुन्छ । यसरी प्रसार निबन्धको मेरूदण्ड हो । यसले प्रस्तावना र उपसंहारलाई जोडेको हुन्छ । निष्कर्ष वा उपसंहार निबन्धको अन्तिम अंश हो । निबन्धको सार वा निचोड यसमा रहने हुँदा यसबिना निबन्धले पूर्णता पाउन सक्तैन । निष्कर्ष खण्डमा कोही सुझाव, कोही उपदेश र कोही निबन्धको सार खिचेर राख्ने गर्दछन् ।

सबभन्दा उत्कृष्ट र सफल उपसंहार त्यो हुन सक्छ, जसमा आफ्नो मूलभूत मान्यता, अनुभव वा विचारलाई सशक्त रूपमा अभिव्यक्ति गरिएको होस् । निबन्धको आन्तरिक गठनका लागि त्यसमा एउटा आदर्श व्यवस्था, श्रृङ्खला र एकरूपताको पालन गर्नु आवश्यक छ । उपयुक्त शीर्षकको चयन पनि उत्तिकै आवश्यक छ । निबन्धभित्र प्रकटित विचारहरूमा सूत्रबद्धता र नियमितता हुनुपर्छ । विचारहरूको क्रमशः विकास हुनुपर्छ, ती विचारहरूले एकार्काको पुष्टि वा विरोध विश्लेषणात्मक पद्धतिले गरिरहेको प्रतीत हुनुपर्छ । निबन्धमा भाषा-शैलीको विशिष्ट स्थान छ। निबन्धमा विषय र अभिव्यक्तिमा व्यक्तित्वको अमिट छाप रहन्छ। यही व्यक्तित्वको अभिव्यक्ति निबन्धकारको भाषा र शैलीको माध्यमद्वारा हुन्छ। आगमनात्मक शैलीमा कुनै पनि अनुच्छेदको प्रारम्भैमा निबन्धकारले आफ्नो सारभूत कुरा व्यक्त गरेको हुन्छ। निगमनात्मक शैलीअन्तर्गत प्रारम्भमै विभिन्न तथ्य, तर्क, प्रमाण, उदाहरण आदिको आधारमा आफ्नो भाव र विचार अभिव्यक्त गरिएको हुन्छ। यसपछि अन्त्यमा गएर आवश्यक निष्कर्ष प्रस्तुत गरिएको हुन्छ। निबन्धमा आफ्नो विचार र भावलाई विभिन्न रूपमा निबन्धकारले व्यक्त गरेको हुन्छ। जसलाई निबन्धमा प्रयुक्त वर्णन शैली भनेर बुझिन्छ । यसमा छोटो र छिटोछरितो अभिव्यक्ति हुन्छ। भनाइमा संक्षिप्तता,तीव्रता र सूक्ष्मता हुन्छ। थोरैमा धेरै भन्नु नै समास शैलीको मूल उद्देश्य हो। संक्षेपमा समास शैली सूत्रात्मक हुन्छ। विचारात्मक निबन्धमा समास शैलीको प्रयोग गरिएको हुन्छ ।सानो कुरालाई बढाई चढाईकन प्रस्तुत गर्ने प्रवृत्ति व्यास शैलीमा हुन्छ। विवरणात्मक र वर्णनात्मक निबन्ध व्यास शैलीमा लेखिएको हुन्छ। धारा-शैलीमा विचार र भावको धारा प्रवाहपूर्ण हुन्छ। यसमा प्रवाहको एउटै गति हुन्छ। निबन्धको बाह्य र आन्तरिक

गठनमा आवश्यक र स्वाभाविक सन्तुलन हुन्छ। तरङ्ग शैली प्रस्तुत शैलीमा विचार र भाव छालको रूपमा प्रस्तुत हुन्छन्। यसमा धारा-शैलीको यस्तो एउटै गीत नभएर विभिन्न गति र स्थिति हुन्छन्। विक्षेप शैलीमा बाँध फुटेको नदीको गतिजस्तो भाषाको प्रवाह हुन्छ। यस्तो गति भए पनि अर्थात् बाह्य गठनमा शिथिल रूपजस्तो देखिए पनि निबन्धको आन्तरिक गठनमा सयम र सन्तुलन कायम रहेको हुन्छ। निबन्धमा हास्यव्यङ्ग्यको पनि प्रयोग गर्न सकिन्छ। यसको उपयोगले निबन्ध विविधतापूर्व, सजीवतापूर्ण र प्रभावकारितापूर्ण हुन्छ। वाक्यगठनका दृष्टिले पनि शैलीको विभाजन गर्न सकिन्छ- (क) सरल शैली र (ख) गुम्फित शैली। सरल शैलीको वाक्ययोजनामा सरलता हुन्छ। यसमा सानासाना वाक्यहरूको प्रयोग हुन्छ। गुम्फित शैलीमा एउटै वाक्यमा विभिन्न वाक्यांशहरू जोडिएका हुन्छन्। यसमा अर्द्धविराम (;), अल्पविराम (,) आदिद्वारा विभिन्न वाक्यांशहरूको संयोजन गरिएको हुन्छ। सरल शैली यसमा सरल नेपाली शब्दको प्रयोग हुन्छ। सरल शैलीमा नेपाली जनजीवनमा भिजिसकेका वा नेपाली भाषामा पचिसकेका संस्कृतका सरल शब्दको पनि प्रयोग हुन्छ। यसमा उखान र टुक्काको पनि प्रयोग गरिएको हुन्छ। अलङ्कृत शैलीमा शब्द र अर्थमा आधारित विभिन्न अलङ्कारको प्रयोग गरिएको हुन्छ। साथै संस्कृत भाषाका तत्सम शब्दको बहुलता र प्रबलता पनि हुन्छ। अलङ्कार, अर्थचमत्कार, ध्वनिचमत्कार र वाक्यसौन्दर्य शैलीका सहायक अङ्ग हुन् । अलङ्कारले भाषामा सौन्दर्य आउँछ । सरलता, स्पष्टता, प्राञ्जलता र प्रभावकारिता शैलीका गुण हुन् । कठिन शब्दावली, घुमाउरो वाक्यविन्यास, लामा-लामा पाण्डित्यपूर्ण वक्तव्य, वाक्य वा शब्दहरूबाट अभिप्रेरित अर्थ स्पष्ट नहुनु, पुनरूक्ति, एउटै शब्दको पुनरावृति, व्याकरणसम्बन्धी अशुद्धिहरू, वाक्यहरूको तारतम्य नमिलेको

हुनु, विचारहरूको क्रम ठीक नहुनु शैलीका दोष मानिन्छन् । निबन्धमा भाषा-शैलीको विशिष्ट स्थान छ। निबन्धमा विषय र अभिव्यक्तिमा व्यक्तित्वको अमिट छाप रहन्छ। यही व्यक्तित्वको अभिव्यक्ति निबन्धकारको भाषा र शैलीको माध्यमद्वारा हुन्छ । प्रबन्ध शब्द 'प्र' उपसर्ग लागेको 'बन्ध' धातुमा 'धञ्' प्रत्यय हुँदा व्युत्पन्न हुन्छ । काव्यालङ्कारमा नबाँधिएको रचना मुक्तक र बाँधिएको (परस्पर सुसम्बद्ध) रचना प्रबन्ध हो भनिएको भेटिन्छ । बालकृष्ण पोखरेलले निबन्धलाई विषयवस्तुको आधारमा यसरी श्रेणी विभाजन गरेका पाइन्छ – निबन्धका दुई प्रमुख भेद (1) – प्रबन्ध र (2) जमर्को । रूबन्ध – यसलाई रेडियो रूपकको एउटा भेद भनेर पनि बुझ्न सकिन्छ ।धर्काचित्र – Sketch – यसलाई कथा वा जीवनीको शैलीमा लेखिएको निबन्ध भन्दा पनि हुन्छ । आत्मिका (Personal or Reflexive Essay) – निबन्धको सबैभन्दा व्यापक रूप आत्मिकामा पाइन्छ । 'लिख्' धातुमा 'धञ्' प्रत्यय लागेर बन्ने लेख शब्दको मूल अर्थ नै लेखिएको वस्तु वा अक्षरात्मक रचना हो । यसले प्रबन्धले भन्दा पनि विस्तृत र व्यापक अर्थ वहन गरेको छ र लेखनजति सबैलाई बुझाउँछ । फ्रान्सेली 'एस्से' (Essai) शब्दबाट विकसित यो अङ्ग्रेजी शब्द हो । यसलाई कुनै पनि विषयमा लेखिएको सङ्क्षिप्त गद्यात्मक रचना पनि भनिएको भेटिन्छ । कुनै एक विषयमा व्यवस्थित ढङ्गबाट लेखेको पुस्तक आदिलाई ट्रिटाइज भनिन्छ । मूलतः 'आर्टिकिल' वा 'आर्टिकल' शब्दले कुनै खास वस्तु वा त्यसभन्दा भन्न कुनै अन्य वस्तु बुझिन्छ, तर यसको प्रयोग स्वयंमा पूर्ण लेखका अर्थमा पनि गरिएको छ । 'थिसिस' लाई विश्वविद्यालयको कुनै उपाधिको प्रयोजनले प्रस्तुत गरिने त्यस्तो एस्से भनिएको पाइन्छ जुन सुगठित रूपमा तर्कपूर्ण ढङ्गबाट लेखिएको हुन्छ र जुन भविष्यमा सिद्धान्त बन्न सक्छ ।

## 4.7 सार

निबन्धको गठन, भाषाशैली तथा निबन्धकै समरूप अन्य साहित्यिक रचनाहरूका बारेमा गरिएका चर्चालाई सार रूपमा निम्न प्रकारले प्रस्तुत गर्न सकिन्छ-

- गद्य भाषामा लेखिने छोटो र छरितो साहित्यिक विधाको नाम निबन्ध हो । यसलाई एकप्रकारको कुरा गराइका रूपमा लिइन्छ ।

- निबन्धलाई 'विकीर्ण' चिन्तन एवम् विश्रृङ्खलित रचना मानी कलम चलाउने युग रहेन ।

- निबन्धको अङ्गविभाजन गर्दा यसलाई आदि, मध्य, अन्त्य तीन भागमा बाँड्न सकिन्छ । यसैलाई प्रस्तावना वा परिचय वा भूमिका, प्रसार वा विस्तार र निष्कर्ष वा उपसंहार यी तीन नामहरूद्वारा चिनिन्छ ।

- निबन्धको प्रारम्भिक अंशलाई प्रस्तावना, परिचय वा भूमिका भनिन्छ । यो औधी नै रोचक, आकर्षक र सुन्दर हुनुपर्छ ।

- प्रस्तावना संक्षिप्त र प्रभावशाली हुनुपर्छ । निबन्धको मुख्य विषयसित यो सुसम्बद्ध हुनुपर्छ । प्रस्तावनाको भाषा पनि सरल, सुबोध, परिष्कृत र प्रवाहयुक्त हुनुपर्छ ।

- विशेष आडम्बरसाथ जटिल रूपमा लेखिएको प्रस्तावना अनार्करषक हुन्छ ।

- प्रसार निबन्धको मुख्य अङ्ग हो । यसैका लागि प्रस्तावना आयोजित हुन्छ । यसैको आधारमा उपसंहार हुन्छ । यसरी प्रसार निबन्धको मेरूदण्ड हो । यसले प्रस्तावना र उपसंहारलाई जोडेको हुन्छ ।

- निष्कर्ष वा उपसंहार निबन्धको अन्तिम अंश हो । निबन्धको सार वा निचोड यसमा रहने हुँदा यसबिना निबन्धले पूर्णता पाउन सक्तैन ।

- निष्कर्ष खण्डमा कोही सुझाव, कोही उपदेश र कोही निबन्धको सार खिचेर राख्ने गर्दछन् । सबभन्दा उत्कृष्ट र सफल उपसंहार त्यो हुन सक्छ, जसमा आफ्नो मूलभूत मान्यता, अनुभव वा विचारलाई सशक्त रूपमा अभिव्यक्ति गरिएको होस् ।

- निबन्धको आन्तरिक गठनका लागि त्यसमा एउटा आदर्श व्यवस्था, श्रृङ्खला र एकरूपताको पालन गर्नु आवश्यक छ । उपयुक्त शीर्षकको चयन पनि उत्तिकै आवश्यक छ ।

- निबन्धभित्र प्रकटित विचारहरूमा सूत्रबद्धता र नियमितता हुनुपर्छ । विचारहरूको क्रमशः विकास हुनुपर्छ, ती विचारहरूले एकार्काको पुष्टि वा विरोध विश्लेषणात्मक पद्धतिले गरिरहेको प्रतीत हुनुपर्छ ।

- निबन्धमा भाषा-शैलीको विशिष्ट स्थान छ। निबन्धमा विषय र अभिव्यक्तिमा व्यक्तित्वको अमिट छाप रहन्छ। यही व्यक्तित्वको अभिव्यक्ति निबन्धकारको भाषा र शैलीको माध्यमद्वारा हुन्छ।

- आगमनात्मक शैलीमा कुनै पनि अनुच्छेदको प्रारम्भैमा निबन्धकारले आफ्नो सारभूत कुरा व्यक्त गरेको हुन्छ।

- निगमनात्मक शैलीअन्तर्गत प्रारम्भमै विभिन्न तथ्य, तर्क, प्रमाण, उदाहरण आदिको आधारमा आफ्नो भाव र विचार अभिव्यक्त गरिएको हुन्छ। यसपछि अन्त्यमा गएर आवश्यक निष्कर्ष प्रस्तुत गरिएको हुन्छ।

- निबन्धमा आफ्नो विचार र भावलाई विभिन्न रूपमा निबन्धकारले व्यक्त गरेको हुन्छ। जसलाई निबन्धमा प्रयुक्त वर्णन शैली भनेर बुझिन्छ ।

- यसमा छोटो र छिटोछरितो अभिव्यक्ति हुन्छ। भनाइमा संक्षिप्तता,तीव्रता र सूक्ष्मता हुन्छ। थोरैमा धेरै भन्नु नै समास शैलीको मूल उद्देश्य हो। संक्षेपमा समास शैली सूत्रात्मक हुन्छ। विचारात्मक निबन्धमा समास शैलीको प्रयोग गरिएको हुन्छ ।

- सानो कुरालाई बढाई चढाईकन प्रस्तुत गर्ने प्रवृत्ति व्यास शैलीमा हुन्छ। विवरणात्मक र वर्णनात्मक निबन्ध व्यास शैलीमा लेखिएको हुन्छ।

- धारा-शैलीमा विचार र भावको धारा प्रवाहपूर्ण हुन्छ। यसमा प्रवाहको एउटै गति हुन्छ। निबन्धको बाह्य र आन्तरिक गठनमा आवश्यक र स्वाभाविक सन्तुलन हुन्छ।

- तरङ्ग शैली प्रस्तुत शैलीमा विचार र भाव छालको रूपमा प्रस्तुत हुन्छन्। यसमा धारा-शैलीको यस्तो एउटै गीत नभएर विभिन्न गति र स्थिति हुन्छन्।

- विक्षेप शैलीमा बाँध फुटेको नदीको गतिजस्तो भाषाको प्रवाह हुन्छ। यस्तो गति भए पनि अर्थात् बाह्य गठनमा शिथिल रूपजस्तो देखिए पनि निबन्धको आन्तरिक गठनमा सयम र सन्तुलन कायम रहेको हुन्छ।

- निबन्धमा हास्यव्यङ्ग्यको पनि प्रयोग गर्न सकिन्छ। यसको उपयोगले निबन्ध विविधतापूर्व, सजीवतापूर्ण र प्रभावकारितापूर्ण हुन्छ।

- वाक्यगठनका दृष्टिले पनि शैलीको विभाजन गर्न सकिन्छ- (क) सरल शैली र (ख) गुम्फित शैली।
- सरल शैलीको वाक्ययोजनामा सरलता हुन्छ। यसमा सानासाना वाक्यहरूको प्रयोग हुन्छ।
- गुम्फित शैलीमा एउटै वाक्यमा विभिन्न वाक्यांशहरू जोडिएका हुन्छन्। यसमा अर्द्धविराम (;), अल्पविराम (,) आदिद्वारा विभिन्न वाक्यांशहरूको संयोजन गरिएको हुन्छ।
- सरल शैली यसमा सरल नेपाली शब्दको प्रयोग हुन्छ। सरल शैलीमा नेपाली जनजीवनमा भिजिसकेका वा नेपाली भाषामा पचिसकेका संस्कृतका सरल शब्दको पनि प्रयोग हुन्छ। यसमा उखान र टुक्काको पनि प्रयोग गरिएको हुन्छ।
- अलङ्कृत शैलीमा शब्द र अर्थमा आधारित विभिन्न अलङ्कारको प्रयोग गरिएको हुन्छ। साथै संस्कृत भाषाका तत्सम शब्दको बहुलता र प्रबलता पनि हुन्छ।
- अलङ्कार, अर्थचमत्कार, ध्वनिचमत्कार र वाक्यसौन्दर्य शैलीका सहायक अङ्ग हुन् । अलङ्कारले भाषामा सौन्दर्य आउँछ ।
- सरलता, स्पष्टता, प्राञ्जलता र प्रभावकारिता शैलीका गुण हुन् । कठिन शब्दावली, घुमाउरो वाक्यविन्यास, लामा-लामा पाण्डित्यपूर्ण वक्तव्य, वाक्य वा शब्दहरूबाट अभिप्रेरित अर्थ स्पष्ट नहुनु, पुनरूक्ति, एउटै शब्दको पुनरावृति, व्याकरणसम्बन्धी अशुद्धिहरू, वाक्यहरूको तारतम्य नमिलेको हुनु, विचारहरूको क्रम ठीक नहुनु शैलीका दोष मानिन्छन् ।

● निबन्धमा भाषा-शैलीको विशिष्ट स्थान छ। निबन्धमा विषय र अभिव्यक्तिमा व्यक्तित्वको अमिट छाप रहन्छ। यही व्यक्तित्वको अभिव्यक्ति निबन्धकारको भाषा र शैलीको माध्यमद्वारा हुन्छ ।

● प्रबन्ध शब्द 'प्र' उपसर्ग लागेको 'बन्ध' धातुमा 'धञ्' प्रत्यय हुँदा व्युत्पन्न हुन्छ । काव्यालङ्कारमा नबाँधिएको रचना मुक्तक र बाँधिएको (परस्पर सुसम्बद्ध) रचना प्रबन्ध हो भनिएको भेटिन्छ ।

● बालकृष्ण पोखरेलले निबन्धलाई विषयवस्तुको आधारमा यसरी श्रेणी विभाजन गरेका पाइन्छ – निबन्धका दुई प्रमुख भेद (1) – प्रबन्ध र (2) जमर्को ।

● रूबन्ध – यसलाई रेडियो रूपकको एउटा भेद भनेर पनि बुझ्न सकिन्छ ।

● धर्काचित्र – Sketch – यसलाई कथा वा जीवनीको शैलीमा लेखिएको निबन्ध भन्दा पनि हुन्छ ।

● आत्मिका (Personal or Reflexive Essay) – निबन्धको सबैभन्दा व्यापक रूप आत्मिकामा पाइन्छ ।

● 'लिख्' धातुमा 'धञ्' प्रत्यय लागेर बन्ने लेख शब्दको मूल अर्थ नै लेखिएको वस्तु वा अक्षरात्मक रचना हो । यसले प्रबन्धले भन्दा पनि विस्तृत र व्यापक अर्थ वहन गरेको छ र लेखनजति सबैलाई बुझाउँछ ।

● फ्रान्सेली 'एस्से' (Essai) शब्दबाट विकसित यो अङ्ग्रेजी शब्द हो । यसलाई कुनै पनि विषयमा लेखिएको सङ्क्षिप्त गद्यात्मक रचना पनि भनिएको भेटिन्छ ।

● कुनै एक विषयमा व्यवस्थित ढङ्गबाट लेखेको पुस्तक आदिलाई ट्रिटाइज भनिन्छ ।

● मूलतः 'आर्टिकिल' वा 'आर्टिकल' शब्दले कुनै खास वस्तु वा त्यसभन्दा भन्न कुनै अन्य वस्तु बुझिन्छ, तर यसको प्रयोग स्वयंमा पूर्ण लेखका अर्थमा पनि गरिएको छ ।

● 'थिसिस' लाई विश्वविद्यालयको कुनै उपाधिको प्रयोजनले प्रस्तुत गरिने त्यस्तो एस्से भनिएको पाइन्छ जुन सुगठित रूपमा तर्कपूर्ण ढङ्गबाट लेखिएको हुन्छ र जुन भविष्यमा सिद्धान्त बन्न सक्छ ।

## 4.8 अनुशीलनी

(1) निबन्धको गठन भन्नाले के बुझिन्छ ? सविस्तार चर्चा गर्नुहोस् ।

(2) निबन्धमा भाषाशैलीको किन आवश्यकता पर्छ सो बुझाएक लेख्नुहोस् ।

(3) निबन्धमा धारा शैली, तरङ्ग शैली र विक्षेप शैलीको प्रयुक्तबारे उदाहरणसहित चर्चा गर्नुहोस् ।

(4) सरल शैली र गुम्फित शैली भन्नाले के बुझिन्छ ? खुलस्त पारेर लेख्नुहोस् ।

(5) निबन्धकै समकक्षी स्वरूपमा देखापर्ने अन्य साहित्यिक विधागत रचनाहरू के के हुन्, प्रत्येको स्वरूपगत विवेचना गर्नुहोस् ।

## 4.9 अतिरिक्त अध्ययन

1 - डा. कुमारबहादुर जोशी, **लक्ष्मी निबन्धसंग्रहका निबन्धहरूमा देवकोटाका काव्य मान्यता**

2 - प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

3 - मोहनराज शर्मा (सं) **नेपाली निबन्ध भाग-1**

4 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**

5 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

6 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध**

7 - पारसमणि भण्डारी, यादवप्रकाश लामिछाने, तुलसीराम घिमिरे, सालिकराम पौडयाल र टीका पौडेल **नेपाली नाटक, एकाङ्की र निबन्ध**

8 – डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा **नेपाली साहित्यको संक्षिप्त इतिहास**

9 – रत्नध्वज जोशी **आधुनिक नेपाली साहित्यको झलक**

10 – ठाकुरप्रसाद पराजुली **नेपाली साहित्यको परिक्रमा**

## 4.10 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

५. निबन्धको स्वरूप आजको साहित्य लेखनको सन्दर्भमा ।

.............................................................................

.......

.............................................................................

.......

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

६. निबन्धको गठन ।

.................................................................................................

........

.................................................................................................

.....

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. प्रस्तावना, प्रसार वा विस्तार तथा निष्कर्ष वा उपसंहार ।

.................................................................................................

........

.................................................................................................

........

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.3.1, 4.3.2 र 4.3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. निबन्धको भाषाशैलीगत चर्चा ।

.................................................................................................

........

.................................................................................................

.....

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. आगानात्मक र निगनात्मक शैली ।

..........................................................................................

......

..........................................................................................

.......

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.4 कै (क) र (ख) खण्डमा उत्तर खोज्न सक्नेछन् )**

6. समास शैली र व्यास शैली माझ साम्य वैसम्य ।

..........................................................................................

.......

..........................................................................................

........

**( प्रश्न 6 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.4 कै (ख) खण्डमा उत्तर खोज्न सक्नेछन् )**

7. निबन्ध र प्रबन्धको स्वरूपगत साम्य – वैसम्य ।

..........................................................................................

..........................................................................................

......

**( प्रश्न 7 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.5.1 र 4.5.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

8. बालकृष्ण पोखरेल अनुसार निबन्धको भेद अनि रूबन्ध - को परिचय ।

………………………………………………………………………………

……..

………………………………………………………………………………

……..

**( प्रश्न 8 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.5.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

9. धर्काचित्र – Sketch को परिचय ।

………………………………………………………………………………

……..

………………………………………………………………………………

……..

**( प्रश्न 9 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.5.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

10. आत्मिका - Personal or Reflexive Essay – बारे परिचय ।

………………………………………………………………………………

…….

………………………………………………………………………………

……..

**(प्रश्न 10 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.5.1 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

11. लेख र एस्से – को सामान्य परिचय ।

........................................................................................

........

........................................................................................

....

**( प्रश्न 11 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.5.3 र 4.5.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

12. ट्रिटाइज लेखनबारे परिचय ।

........................................................................................

....

........................................................................................

........

**( प्रश्न 12 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.5.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

13. आर्टिकिल वा आर्टिकलक र थिसिस वा शोधको सामान्य परिचय

।

........................................................................................

.......

........................................................................................

.....

**( प्रश्न 13 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.5.6 र 4.5.7 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 5, निबन्धको विधागत स्वरूप र यसका अन्य विधासित तुलनात्मक अध्ययन

□ □ □ □ □ □

**5.1 उद्देश्य**

**5.2 परिचय**

**5.3 निबन्धको विधागत स्वरूप**

**5.4 निबन्धको अन्य विधासित तुलनात्मक अध्ययन ।**

**5.5 उपसंहार**

**5.6 सार**

**5.7 अनुशीलनी**

**5.8 अतिरिक्त अध्ययन**

**5.9 मुल्यबृद्धिका निम्ति उत्तर**

## 5.1 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- निबन्धबारे स्वरूपगत अध्ययनको परिचय
- पाश्चात्य साहित्यमा निबन्ध लेखनको परम्परा
- निबन्धको अन्य विधाहरूमाझ तुलनात्मक अध्ययन
- निबन्ध र प्रबन्ध

- निबन्ध र समालोचना
- निबन्ध र कथा आदि ।

## 5.2 परिचय

साहित्यका कविता, कथा नाटक, समालोचना विधाहरूमा निबन्ध तथा प्रबन्धलाई पनि अभिन्न विधाको रूपमा मानिन्छ । यो विधा अरू विधाजस्तै संस्कृत साहित्यबाट हिन्दी, बङ्गला हुँदै नेपाली साहित्यमा आएको होइन । यो विधा अङ्ग्रेजी र त्योभन्दा पनि अघि फ्रान्सेली साहित्यबाट भारतीय र नेपाली साहित्यमा प्रवश गरेको वा गराइएको हो । यसरी फ्रान्सेली, अङ्ग्रेजी र भारतीय हिन्दी  साहित्यको खुढकिलो उक्लँदै नेपाली साहित्यमा निबन्ध विधाले प्रवेश गरेको हो । निबन्ध लेखनको इतिहास पहिल्याउँदै जाँदा प्लेटो, प्लुटार्क, प्लिनी, मार्कुस, थियोफ्रेसटससम्म पुग्नु पर्छ । तर तिनीहरू सबैले निबन्धलाई चरित्र, संवाद, दीर्घपत्र, प्रबन्ध, चिन्तन आदि नामहरू दिए । यसरी निबन्ध विधाको जन्म पश्चिममै भएको देखिन्छ र विशुद्ध निबन्ध लेखन परम्परा भने फ्रान्सबाटै मोतेञको प्रयासमा 15 औं शताब्दीको अन्तिम दशकतिरदेखि भएको भेटिन्छ ।

## 5.3 निबन्धको स्वरूप

निबन्धले नेपाली र हिन्दी साहित्यमा प्रचलित गद्यमय विधाविशेषलाई जनाउँछ । निबन्ध संस्कृतको शब्द हो । 'निबन्ध' शब्दको अर्थ संस्कृत भाषामा 'बाँध्नु' भन्ने हुन्छ ,'निबन्धीति निबन्ध' अथवा 'निबध्नाति इति निबन्ध' वा 'निबध्नातीति' आदि । निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुना 'नि' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको हो । यसरी व्युत्पादित निबन्ध शब्दका विविध अर्थहरू प्रचलित छन् । यज्ञवल्क्य स्मृतिमा निबन्धो द्रव्यमेव तथा अमरकोशमा अनाहीतस निबन्ध : स्मात् भनेको पाइन्छ । यसका अतिरिक्त साहित्यिक तात्पर्यमा पनि निबन्ध शब्दको प्रयोग भएको छ । साहित्यिक

सन्दर्भमा प्रयुक्त निबन्ध शब्दले विशिष्ट रूपमा साहित्यिक विधाविशेषलाई जनाउँछ । प्रथमतः निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो । पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो । अहिले यसले विशिष्ट किसिमको साहित्यिक गद्यविधालाई बुझाउँछ । निबन्ध शब्दसङ्गै अर्को शब्द प्रबन्ध शब्दले केही समयपछि आख्यान वा कथात्मक काव्यलाई पन सङ्केत गर्न थालेको पाइन्छ । यसरी संस्कृत साहित्यमा प्रचलित यी दुवै शब्द एउटै तात्पर्यमा प्रयुक्त भए तापनि वर्तमान सन्दर्भमा लेखकले सविस्तार विवेचना गरेको ग्रन्थलाई प्रबन्ध शब्दले सङ्केत गरी थेसिसको पर्याय भएको छ भने विचार वा भावलाई बन्ध गरिएको रचनाविशेषलाई निबन्धले बुझाएको पाइन्छ । अङ्ग्रेजीमा यो 'निबन्ध' शब्दलाई 'एसे' वा 'एसाइ' (Essai) को शाब्दिक अर्थ अनुभवजन्य (Experiment) र प्रयास (attempt) हुँदछ । अतः निबन्ध भन्नाले अनुभवजन्य नयाँ कुराहरूमा बाँधिएर त्यसैलाई बताउने वा व्यक्त गर्ने प्रयासजन्य कला हो । अङ्ग्रेजी र फ्रान्सेली साहित्यमा प्रस्तुत विधा प्रारम्भमा प्रयोग वा प्रयासका रूपमा थियो । यसैले निबन्ध सर्वप्रथम प्रयासको रूपमा आयो र यसै नामबाट यो प्रसिद्ध भयो । यथार्थमा यो आत्मप्रकाशनको सर्वथा नौलो प्रयास एवम् जसको माध्ययम गद्य थियो र छ पनि । यसै पनि गद्यमा आत्मविश्लेषण र आत्मप्रकाशनको प्रशस्त अवसर रहन्छ । यसैले गद्य निबन्धका लागि एक मात्र माध्यम हुन सक्छ । फ्रान्सेली नागरिक निबन्घका जनक मिशेल दि मोतेञको प्रारम्भिक प्रयास नै पनि आफ्ना जीवनगत अनुभवजन्य कुराहरू थिए । यसरी विश्व साहित्य जगतमा शनैः शनैः निबन्ध शब्दले व्यापकता पाउँदै गयो । छोटो र छरितो आधुनिक गद्य भाषामा लेखिने साहित्यिक विधाको नाम निबन्ध हो । यसलाई एकप्रकारको कुरा गराइका रूपमा लिइन्छ । मनमा भएका कुराहरूको लिपिबद्ध श्रृङ्खलित रूप नै निबन्ध हो । हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने

काम गर्नु नै निबन्ध हो । निबन्ध साहित्यका विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो । मान्छेको सोचाइ, विचार, आग्रह, प्रतिभा, खूबी आदिको आँकलनका आधारमा व्यक्ति र विषयको बोध हुने हुँदा कृतिको स्तरीयता र स्तरहीनताका आधारमा निबन्धलाई दुवै (जेठो तथा कान्छो) विधा मानिएको हो । समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो लगभग बीसदेखि तीस मिनेट समयावधिको सीमामा पढिसकिने गद्यात्मक अभिव्यक्ति हो । अतः निबन्ध भन्नाले अनुभवजन्य नयाँ कुराहरूमा बाँधिएर त्यसैलाई बताउने वा व्यक्त गर्ने प्रयासजन्य कला हो । अङ्ग्रेजी र फ्रान्सेली साहित्यमा प्रस्तुत विधा प्रारम्भमा प्रयोग वा प्रयासका रूपमा थियो । यसैले निबन्ध सर्वप्रथम प्रयासको रूपमा आयो र यसै नामबाट यो प्रसिद्ध भयो । यथार्थमा यो आत्मप्रकाशनको सर्वथा नौलो प्रयास एवम् जसको माध्ययम गद्य थियो र छ पनि । यसै पनि गद्यमा आत्मविश्लेषण र आत्मप्रकाशनको प्रशस्त अवसर रहन्छ । यसैले गद्य निबन्धका लागि एक मात्र माध्यम हुन सक्छ । फ्रान्सेली नागरिक निबन्घका जनक मिशेल दि मोतेञको प्रारम्भिक प्रयास नै पनि आफ्ना जीवनगत अनुभवजन्य कुराहरू थिए । यसरी विश्व साहित्य जगतमा शनैः शनैः निबन्ध शब्दले व्यापकता पाउँदै गयो ।

पाश्चात्य जगतबटा उदय भएको साहित्यका अन्य विधाहरूमध्ये निबन्ध विधा हो । साहित्यका अन्य विधाहरू सरह यसको आफ्नै छुट्टै विशेषता एवम् महत्तव रहेको पाइन्छ । विभिन्न शब्दकोशहरू तथा विद्वानहरूले निबन्ध विधालाई विविध प्रकारले परिभाषित गरेका पाइन्छन् । जसमा संस्कृत हिन्दी शब्दकोषानुसार निबन्ध भनको बाँध्नु, आसक्त कुनै साहित्यिक रचना – ग्रन्थ वा कुनै कृतिको टीका श्रृङ्खला, वृहद नेपाली शब्दकोशानुसार 'कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना हो', गोर्खा शब्दकोषानुसार 'कथासूत्रमा नउनिएको, एक बैठकमा पढी सिद्धिने विचारप्रधान लेख', हिन्दी

Notes

शब्द सागरानुसार 'निबन्ध भनेको बाँध्नु हो, अतः कुनै एउटा निबन्धलाई योजनावद्ध पारेर सरल, रोचक, आकर्षक तथा स्पष्ट शब्दमा आफ्नो विचार प्रकट गर्नु नै निबन्ध हो', अ रिडर्स गाइड टू लिटरेरी टर्मस अनुसार निबन्ध भन्नाले -'एउटा छोटो रचना जो गद्यमा लेखिन्छ अनि एक वा त्योभन्दा अधिक शीर्षकहरूमा औपचारिक वा अनौपचारिक चर्चा गरिन्छ', अक्सफर्ड पेपर ब्याक अनुसार निबन्ध भनेको - 'एउटा छोटो साहित्यिक गद्यमय रचना' हो, कम्प्याक्ट् अक्सफर्ड डिक्सनेरी थेसारसअनुसार निबन्ध भन्नाले - 'कुनै एउटा निर्दिष्ट विषयमा लेखिएको एक छोटो रचना' हो, यसप्रकार विभिन्न शब्दकोशले आ-आफ्ना प्रकारले निबन्ध शब्दको अर्थ प्रतिपादन गरेका भएतापनि सबैको केन्द्रित अर्थवोध साहित्यिक रचानभित्र नै पर्न गएको देखिन्छ । कोशकार आर एल टर्नरले पनि यस विधालाई लेख्यबन्ध, लेख्य प्रसङ्ग, लेख्य, लेख्यपत्र आदि भनेर उल्लेख गरेको पाइन्छ । अतः निबन्धलाई एक विशुद्ध साहित्यिक रचना नै हो भनी स्वीकार्न सठीक ठहर्दछ ।

साहित्यका अन्य विधाका झैं निबन्धको परिभाषा यही हो भनेर औंल्याउनु सहज छैन । यस सन्दर्भमा अङ्ग्रेजी निबन्धका विज्ञ ज्ञाता ह्यूवाकरल पनि निबन्धको परिभाषा दिनलाई यो भनेर निबन्धको परिभाषाबारे आफ्नो अस्पष्टता जाहेर गरेका पाइन्छ- 'While, therefore, we know fairly well what to expect of a poem called lyric, and even of one called an epic or a tragedy we have hardly the vaguest idea of what we shall find in a composition entitled an essay ?' तथापि समय समयमा पाश्चात्य साहित्य र पूर्वीय साहित्यका निबन्धकारहरू र समालोचकहरूले निबन्ध सम्बन्धी दिएका परिभाषाहरू यहाँ निम्न प्रकारले उल्लेख गरिन्छ । आधुनिक निबन्धका अन्वेषक मोतेज्ञले यस विधालाई लेखकसङ्गको

अभिन्न तत्तव (Consubstantial) मान्दै यसो भनेका पाइन्छ – 'यी (निबन्ध) द्वारा कुनै नवीन सत्यको रहस्योद्घाटन गरें भन्ने दावी गर्दिन । मेरो काम केवल पाठकलाई आफ्नु हृदय खोलेर देखाउनु हो । ' उनले अझ भनेका छन् – 'म नै मेरा निबन्धको विषयवस्तु हुँ किनभने मलाई सबैले भन्दा राम्ररी चिन्ने व्यक्ति म स्वयं हुँ ।' अतः निबन्ध लेखक नित्य नै स्वतन्त्र भाव- सम्प्रेषक, स्पष्टवादी, आत्मविश्लेषक र ईमान्दार वक्ता हुँदछ । खास अर्थमा निबन्ध नितान्त वैयक्तिक (Essential Personal) हुन्छ त्यसर्थ निबन्ध साहित्य रचनामा आत्म-अभिव्यञ्जना (Self - expression) हो । निबन्धप्रतिको परिभाषा सन्दर्भमा सर्वप्रथम र संधै नै डा. जोन्सनको भनाई उद्धृत गरिन्छ । उनको भनाईमा निबन्ध भनेको 'मानसिक जगतको त्यो थाकेको बुद्धिविलास हो, जसमा न कुनै क्रम छ न कुनै नियम । यो विचारहरूको अपरिपक्व र अव्यवस्थित रचना हो ।' (..... a loose sally of mind, an irregular, indigested piece, not a regular and orderly performance.) निबन्ध नितान्त लेखकको व्यक्तिगत भावना र अनुभवको कलात्मक सृजना अथवा अभिव्यक्ति हो । निबन्ध लेखकको सामूहिक रूप नै निबन्धभित्र पौडी खेल्ने तरङ्ग र कल्पनाको समुद्र हो । लेखकले जस्तो पनि विषयलाई निबन्धको माध्यम निजी रूपमा सहजै खेलाउन सक्दछ । वास्तवमा निबन्धको विषय पनि एकप्रकारले निबन्धकार स्वयं नै हुने गरेको हुँदछ । यसैले निबन्धमा लेखकको 'व्यक्तित्व' र 'दृष्टिकोण' लाई प्रथम ध्यान दिनु पर्ने कुरो स्पष्ट हुन जान्छ । बेकनले निबन्धलाई 'विश्रृङ्खल चिन्तन' (dispersed meditation) भनी परिभाषित गरेका छन् । अर्कातिर मोतेञले निबन्धलाई अहंको अभिव्यक्तिका रूपमा लिए पाइन्छ । यसरी मोतेञले अहं र बेकनले चिन्तनको रूपमा लिएर निबन्धका लागि विषयक्षेत्र र सीमाको रेखाङ्कनसम्म भएको थाहा पाइन्छ

Notes

। निबन्ध शब्दको अर्थ आधुनिक युगसहाउँदो बनाउन खोज्दै अक्सफोर्ड अङ्ग्रेजी शब्दकोशकार मरे (Murrey) ले निबन्धको परिभाषा आफ्नु शब्दकोशमा यसरी दिएका छन् – 'निबन्ध भनेको कुनै विशेष विषयमाथि वा विषयको शाखामाथि लेखिएको ठीकैको लमाइ भएको र आरम्भमा पूर्णताको अभाव बुझिएको ओ डा. जोन्सनद्वारा 'एउटा अनियमित र अपरिपक्व रचना' ठानिएको तथापि वर्तमान युगमा भने विस्तारमा सीमित भए पनि शैलीमा प्रायः सुगठित भएको रचना हो । ह्यू वाकर (Hugh Walker) ले 'अङ्ग्रेजी निबन्ध र निबन्धकारहरू' शीर्षक आफ्नु पुस्तकमा निबन्धको विशेषता र महत्वमाथि प्रकाश हाल्दै भनेका छन् – 'निबन्धको क्षेत्र अति विशाल र व्यापक छ । एककोषी जीवदेखि लिएर मानिससम्म वा धूलराशिदेखि लिएर आकाशका तारामण्डलसम्म व्याप्त कुनै पनि विषयमाथि निबन्ध लेख्न सकिन्छ ।' निबन्ध कस्तो हुनुपर्छ भन्ने विषयमा चाहिँ उनले यसो भनेका छन् – 'निबन्धकार र उनका पाठकका बीचको हलौं र आरामदायक तथा विश्वस्त सम्बन्ध झैं एउटा आदर्श निबन्ध हुनुपर्छ ।' अर्का विद्वान क्रयाब (Crabbe) ले निबन्धलाई साहित्यको साह्रै हेय अङ्ग ठानेर भनेका छन् – 'निबन्ध भनेको सस्तो खाले लेखाइ हो । निबन्ध लेख्न त्यस्ता लेखकहरूलाई मात्र सुहाउँछ जसको न केही प्रतिभा छ न ता अनुसन्धान गर्ने हुतिकार नै छ । अनि त्यस्ता पाठकका निम्ति यो लेखिन्छ जो विविधता र बोक्रे ज्ञानमै मख्ख पर्छन् ।' सेण्ट ब्यूव (Sainte Beuve) को विचारनुसार निबन्ध साहित्यको कठिनतम र रमाइलो विदा पनि  हो । किनभने यसमा सङ्क्षिप्तमै धेरै कुरा भन्न सकिन्छ । हुन पनि ब्यूवका निबन्धहरू यसै परिपाटीका छन् र उनको भनाइ आफ्ना निबन्धहरूमा पर्णतया लागु हुन्छ । प्रिस्टली (J. B. Priestly) ले साँचो निबन्धकारका अधीनमा प्रत्येक वस्तु छन् र उसको मुख्य कर्तव्य आफ्नै

बारेमा कुरा गर्नु वा कुनै विषय र आफ्नु बीचको सम्बन्धलाई अभिव्यक्त गर्नु हो भनेका छन् । उनले निबन्धको उत्कर्षता बारेमा यसो भनेका छन् – 'साहित्यमा खूबै कम्ती कुराहरू छन् जो सफल निबन्धभन्दा राम्रा हुन्छन् औ फेरी खूबै कम्ती थोक छन् जो असफल निबन्धभन्दा नराम्रा पनि छन् ।' उनले सफल निबन्धकार हुने दिशातिर औंल्याउँदै लेखकहरूलाई भनेका छन् – 'असल निबन्ध लेख्नका निम्ति लेखकले अनुकरणवान् र प्रापक हुनु हुँदैन । आफ्ना प्रशंसापात्र श्रेष्ठ निबन्धकारहरूका अनुकरण बोक्रे ढङ्गबाट गर्नुभन्दा बरू मोतेञलेझैं 'मैले खिंचेको तस्वीर मेरो आफ्नै हो' (It is myself I portray) भन्न सक्नुपर्छ । यसरी नै कार्ल बेक्सन (Karl Beckson) र आर्थर गान्ज (Arthur Ganz) ले एक या एकभन्दा बढी विषयलाई औपचारिक रूपमा मूलतः गद्यमा लेखिएको छोटो रचनाविशेषलाई निबन्धका रूपमा लिएका छन् । त्यस्तै काल्भिन एस् ब्राउन (Calvin S. Brown) ले छलफलको विषयमा केही प्रकाश पार्ने प्रयासको रूपमा लेखिएको व्याख्यात्मक गद्यको खण्डविशेष नै निबन्ध हो भनेका छन् । गुराल्निक को शब्दमा 'वैयक्तिक दृष्टिकोण वा सीमित रूपमा कुनै विषयलाई व्याख्यात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छोटो साहित्यिक रचनाविशेष नै निबन्ध हो ।' हलवर्ड (Hallward) र हिल (Hill) नामक विद्वानद्वयले निबन्धलाई कुनै वस्तु देखेर मानसमा उत्पन्न भएको लेखकको प्रतिक्रियात्क चित्रको अभिव्यक्तिका रूपमा लिएका छन् । साथै उनीहरूले वैयक्तिकतालाई निबन्धको प्रमुख विशेषताका रूपमा चर्चा गरेका छन् । डब्ल्यू एच हड्सन (W. H. Hudson) ले निबन्धसम्बन्धी स्वतन्त्र परिभाषा नदिएका भए तापनि उनको 'An Introduction to the Study of Literature' भन्ने पुस्तकमा मोतेञ, बेकन, मरे, क्रयाब र सेण्ट ब्यूव इत्यादिका परिभाषाका आधारमा आफ्नु मन्तव्य लेखको पुछारतिर यसरी

व्यक्त गरेका छन् – 'निबन्धको विषयवस्तु जे जस्तोसुकै भए पनि यसको क्षेत्र (विस्तार) असीमित छ र साँचो निबन्ध व्यक्तिपरक नै हुनुपर्छ । यो गीतिकाव्य झैं नै साहित्यमा आत्माभिव्यक्तिकै एउटा साधन र विधा हो । प्रबन्ध ( Dissertation, Treatise) वस्तुपरक हुनसक्ला तर निबन्धचाहिँ व्यक्तिपरक नै हुनुपर्छ ।' अलेक्जेन्डर स्मिथको धारणा अनुसार निबन्धको सादृश्य प्रगीत वा गीत छ । यसको रचना केन्द्रीय मनस्थिति, सनकपूर्ण, गम्भीर र व्यङ्ग्यबाट पनि हुन सक्छ भन्ने उनको विचार पाइन्छ । उनले हडसनले झैं नै निबन्धमा पाइने मार्मिकतालाई गीतिकाव्यसङ्ग तुलना गर्दै निबन्धको गठनलाई रेशमी कीराका रेशमी धागोको बुनावटसङ्ग तुलना गरेका छन् । अर्नेस्ट रीज (Earnest Rhys) ले आफ्नु सम्पादित ग्रन्थ (A Century of English Essays) अङ्ग्रेजी निबन्धको एक शताब्दी भन्ने पुस्तकमा निबन्धकारको शैली लेखाई र बात गराइका बीचको हुनुपर्छ भनेका छन् । निबन्धमा आवश्यक गुणहरूमध्ये मनोरञ्जकता, पाठ्य सुगमता, र स्मरणमा आनन्द हुनै पर्छ । प्रचार भए पनि यसमा स्पष्ट देखिने औपदेशिकता हुनुहुँदैन । डब्लयु. ई विलियमले ए बुक अफ इङ्लिसमा लेखेका छन्- 'निबन्धको सबभन्दा लघुपरिभाषा के हो भने यो गद्यरचनाको एक प्रकार हो, जो बहुतै छोटो हुन्छ, जसमा वर्णन मात्र हुन्न । कहिलेकाहीँ निबन्धलेखक आफ्नो कथ्यलाई सिद्ध गर्नका लागि विभिन्न प्रसङ्गहरूको सहायता लिन सक्छ । कहिले उपन्यासकारझैँ पात्रहरूको निर्माण गर्न सक्छ, परन्तु उसको मुख्य उद्धेश्य कथा भन्नु होइन । निबन्धकारको मुख्य कार्य सामाजिक, दार्शनिक, आलोचक वा व्याख्याकारको जस्तै अथवा उसको समानार्थी हुन्छ । ' यसरी नै निबन्धकारको कर्तव्यका मुख्य विवेचक ए सी बेन्सले 'The art of the essayist' नामक लेखमा लेखेका छन् – 'निबन्धकार जीवनको समग्रताको

अनुभव एवम् आनन्दको अनुभूति एकसाथ गर्न खोज्छ । कविझैं जीवनको विराटता, सूक्ष्मता वा सुन्नता मात्रसित ऊसको प्रयोजन रहँदैन । ऊ त जीवनको आभाले सन्तुष्ट हुन्छ, पूर्ण प्रकाशको ज्वालाको अनुभूतिको इच्छुक हुँदैन । अतः निबन्धकारको रोमान्स लेखकसित बिलकुलै मेल हुन्न । निबन्धकार जीवनको तटस्थ द्रष्टा हो, ऊ व्यर्थको स्वप्नलोकमा आफूलाई बेपत्ता पार्न चाहँदैन । ऊ त हाम्रो लक्ष्यको साथी हो, गफको पथिक हो, यात्राको सहचर हो । निबन्धकारको मनोदशा जस्तोसुकै होस्, ऊसको जीवनलाई हेर्ने दृष्चि पचास प्रकारको होस्, केवल एक काम निबन्धकार गर्न सक्तैन र त्यो हो जीवनको ऊपेक्षा ।' यसरी नै 'मेरा यी छोटा रचनाहरूलाई Essay नाम दिइएको छ, जहाँ विकीर्ण चिन्तनहरू छन्'- भनेर निबन्ध सम्बन्धी आफ्नु धारणा फ्रान्सिस बेकनले व्यक्त गरेका पाइन्छ । ए. सी. वेन्सन – 'निबन्धकार जीवनको तटस्थ द्रष्टा हो । ऊ व्यर्थको स्वप्नलोकमा आफूलाई बेपत्ता पार्न चाहन्न, ऊ त हाम्रो लक्ष्यको साथी हो, गफको पथिक हो र यात्राको सहचर हो ।' यसरी निबन्धका परिभाषाहरू सम्बन्धी पाश्चात्य विद्वानहरूका मत-मतान्तरहरू पछि यस विधामाथि पूर्वीय विद्वानहरूद्वारा दिइएका परिभाषा र मन्तव्यतर्फ पनि दृष्टिपात गरिन्छ । हिन्दीका आचार्य रामचन्द्र शुक्लको विचारमा – 'यदि गद्य कविहरूको कसी हो भने निबन्ध हो गद्यको कसी ।' यसबाहेक अन्यत्र ऊनले लेखेका छन् – 'आधुनिक पाश्चात्य लक्षणहरूका अनुसार निबन्ध त्यसैलाई भन्नुपर्दछ, जसमा व्यक्तित्व अथाव व्यक्तिगत विशेषता होस् । कुरा त बेसै हो यदि राम्रो गरी बुझियोस । व्यक्तिगत विशेषताको आशय के होइन भने त्यसको प्रदर्शनका लागि विचारहरूको श्रृङ्खला नै नराखियोस् अथवा जानी-जानी ठाउँ - ठाउँबाट टुटाइयोस्, भावहरूको विचित्रता देखाउनका लागि यस्तो अर्थयोजना गरियोस, जसले तिनको अनुभूतिको प्रकृत वा लोकसामान्य

रूपसित कुनै सम्बन्ध नै नहोस् वा भाषासित कसरत वा हठयोगीहरूको जस्तो आसन गराइयोस्, जसको लक्ष्य रमिता देखाउनुबाहेक अरू केही नहोस् ।' हरिहरनाथ टण्डनको कथन छ – 'निबन्धशब्दको अर्थ हो बाँधिएको, अतः थोरै अत्यन्त चुनिएका शब्दहरा कुनै विषयमा आफ्नो विचार प्रकट गर्ने प्रयत्नलाई निबन्ध भन्दछन् ।' सीताराम चतुर्वेदीको मन्तव्य अनुसार 'साधारणतः निबन्ध साहित्यको एउटा यस्तो रूप हो जो न अधिक ठूलो न अधिक सानो हुन्छ अनि जुन गद्यात्मक हुनपर्छ ।' यसैगरी अर्का विद्वान गुलाब राय अनुसार – 'निबन्ध त्यसप्रकारको रचनालाई भनिन्च जसमा सीमित आकारभित्र कुनै विषयको वर्णन वा प्रतिपादन एक विशेष निजीपन, स्वच्छन्दता, सौष्ठव औ सजीवता एवम् सङ्गीत र संबद्धतापूर्वक गरिएको हुन्छ ।' नेपालीका विद्वान ईश्वर बराल – ले आफ्नु सम्पादित ग्रन्थ 'सयपत्री' को भूमिकामा निबन्धको परिभाषा यसरी दिएका छन् – निबन्ध एक किसिमको कुरागराइ हो । यो हो लेखकको मनका भावनाहरूलाई स्वगत कथनको रूपमा उद्गरित्त गराउने विधा विशेष । आफ्नु गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्नु, हृदयलाई सकेसम्म छर्लङ्याइदिनु, आन्तरिक सन्देशलाई फिँजाइदिनु मानिसका आद्य तिर्सना हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ, साउती गरेर तिनलाई आफूप्रति सहानुभूतिशील बनाउन खोज्छ ।' विजयबहादुर मल्ल – 'मस्तिष्कमा भिजेको कुनै भाव वा विचारको अभिव्यक्तिको प्रयास नै निबन्ध हो ।' लक्ष्मीप्रसाद देवकोटा – निबन्धसम्बन्धी देवकोटाले छुट्टै परिभाषा लेखेका नभए तापनि 'लक्ष्मी निबन्ध संग्रह' को भूमिका र प्रथम निबन्ध 'श्री गणेशाय नमः' मा निबन्धप्रति उनको धारणाको जानकारी प्राप्त हुन्छ । 'श्री गणेशाय नमः' मा उनी लेख्छन् – " यो (निबन्ध) रौचिरा दर्शन होइन, न हो पण्डित्य

प्रदर्शनको ठ्यासाफु ! यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरूरत छैन । यो एक किसिमको धूर्त बदमाश ठिटो हो – जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्दछ, तर घोरिँदैन – पाठघोकुवा हल्लन्तेका मिजाजले । यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो । यो टेबिल गफ हो, चश्मादार अध्यापकको व्याख्यान होइन, न त बमन वेदान्त । " यसरी माइकल दी मोतेञ, ह्यू वाकर, प्रिस्टली, हड्सन, आचार्य रामचन्द्र शुक्लले निबन्ध विधा सम्बन्धी जे जस्तो धारणा बनाएका छन्, नेपाली साहित्यका प्रथम आधुनिक निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको निबन्धसम्बन्धी मन्तव्य पनि उसरी नै मिल्दो पाइन्छ । बालकृष्ण पोखरेल – सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेको निजात्मक निबन्ध लेखकले आफ्नो ह्दयभित्र लुकेर बसेको अदृश्य श्रोतालाई सुनाएको गन्धन हो । हृदयचन्द्रसिंह प्रधान – प्रायः प्रायः देवकोटाकै भनाइलाई समर्थन गर्दै हृदयचन्द्रसिंह प्रधान निबन्ध कसरी लेखिन्छ भन्ने विषयमा आफ्नु निबन्ध सङ्ग्रह 'जुँगा' को भूमिकामा यस्तो विचार व्यक्त गर्छन् – "यस्तो निबन्धमा सफलता पाउनलाई लेखकमा प्रतिभा भएर मात्र हुँदैन, त्यसैले लेखकले कलमको पछि पछि मात्र दौडेर पुग्दैन, पाठकहरूलाई प्रभावित गर्न कलमलाई हृदय पक्राउने कोशिसि पनि गर्नुपर्छ । परिमार्जित र परिपक्व विचार, दृष्टिकोणलाई व्यङ्य, हास्य, ठठ्यौलोपन मामुली तवरमा पोख्दै जानुपर्छ । भाषा कविको काव्यात्मक कला, भावुकको भाव र तरूणीको हिसी हुनुपर्छ । तिहास कहँदै जस्तो लेखकले एक पाइलो पनि हिँडनु हुँदैन । आफ्नै मार्मिक कथा र अनुभव आफ्नो दिली दोस्तलाई बताउँदै कुनै गन्तव्य स्थानमा गइरहेको पाठकलाई पार्नु पर्छ । उपदेशको झल्का कतै हुनु हुँदैन, शत्रुलाई छासे जस्तो कसैलाई छास्न पाइँदैन । तर लेखकले

भन्ने कुरा भनिहाल्नुपर्छ, दर्शाउने कुरा दर्शाइहाल्नुपर्छ, छास्नुपर्ने कुरा छासिहाल्नु पर्छ । राम्री तरूणीले मुस्काएर अनि घुमाएर दिएको उपदेश र गलतीमा छासेको छासो मानिसहरूलाई अवश्य गलाको होल हुन जाला ।" 'पच्चीस प्रबन्ध' –भित्र निबन्ध सम्बन्धी प्रकाश पारिएको बदरीनाथ भट्टराईको मन्तव्य अनुसार – "....विज्ञ मस्तिष्कबाट बहेको स्वच्छ, सुन्दर, रसिलो तथा खँदिलो विचारधारा हो, उठानदेखि बैठानसम्म सुसम्बद्ध हुँदै, निराधार कुधारणालाई गलहत्याउने भावनाको भवन हो, अनि सत्य वस्तु देखाउने लेखकीय अन्तरज्योतिको शाब्दिक स्वरूप हो ।" उल्लेखित परिभाषाहरूबाट हामी के भन्न सक्छौं भने निबन्ध एक प्रकारले कुरा गराई हो । आफ्ना मनका भावहरूलाई स्वागत कथनको रूपमा व्यक्त गर्ने विधाविशेष । अन्तरङ्ग विचार वा भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषयविशेषमा केन्द्रित कलात्मक गद्यरचनालाई 'निबन्ध' भनिन्छ । मुलतः विषयगत ऐक्य नभएको निबन्ध कलाको कोटीमा आउन सक्तैन । विषयान्तर हुनु वा अप्रासङ्गिक विषय समावेश हुनु कलागत कमजोरी हो । निर्दिष्ट विषयमा केन्द्रित निबन्धमा रचना-विधानगत अनुशासन पाइन्छ । आफ्नो गुनासो पोख्नु आफ्नो सन्देश ओसार्नु निबन्धकारको आद्य तृष्णा हुन् । निबन्धकार जहिले पनि आफ्नो पाठकसँग कुरा गर्न चाहन्छ । मेरो कुरा कसैले सुनिदेओस् भन्ने तिर्खा मानव मनोवृत्ति नै निबन्धको मूल प्रेरणा भूमि रहन गएको छ भने निबन्धमा आत्मकथाको प्रभावशाली टुक्राहरू पनि गुँथिएका हुन्छन् । यसप्रकार निबन्ध टोबल गफ, बोलचाल, कुराकानी, कुरा गराइ आदि धारणाभित्र परिभाषित हुन जाँदछ । ती कुराकानी वा बोलचाल वा टेबल गफ लेखकको आफ्ना निजी अनुभवजन्य विचार अथवा भावनाको

कलात्मक गद्य शैलीमा रचिएको रचना मात्र निबन्ध भन्न लायकको विधा हुँदछ । डा. ताना शर्मा यसोसले भन्छन् – "कुनै विषयको वर्णन र व्याख्या गर्दा लेखकले आफ्ना वैयक्तिक विचार, भावना र अनुभूतिहरूलाई मिसाएर सुन्दर र गतिमय गद्य प्रयोग गर्यो भने आधुनिक निबन्धको रचना हुन्छ ।" अझ थप के भन्न सकिन्छ भने निबन्धका सम्बन्धमा नाना थरीका विचारहरू पाइन्छन् । कोही यसलाई बकवासको मधुर कृति भन्दछन् त कोही सङ्गठित र क्रमिक रूपले गरिएको जीवनको व्याख्या मान्दछन् । कोही यसको शैलीमा शिथिलता, अव्यवस्थितता र अनियमितता देख्तछन् त कोही सङ्गठितता र पूर्वापरक्रमको निर्वाह भएको देख्छन् र यसभित्र निश्चित लक्ष्य र ठोस विश्लेषण फेला पार्दछन् । वास्तवमा प्राचीन निबन्धमा अपूर्णता, अनियमितता, शिथिलता अतएव बकवास आदि दोष पाउँछौं, तर आधुनिक निबन्ध एक प्रौढ र परिपक्व काव्यविधा बनिसकेको छ । प्रारम्भिक निबनधमा भावुकताको चञ्चल र निरङ्कुस प्रवाह छ । तिनमा न विचारको सङ्गठन छ, न कुनै विषयको ठोस, वैज्ञानिक र यथार्थिक विश्लेषण । तिनमा मुक्तविचरण मात्र छ । उत्तरदायित्वको निर्वाह गर्ने सचेष्टा तिनमा छैन । विगतका कतिपय नेपाली निबन्धकारहरू पनि यिनै दोषले ग्रस्त देखिन्छन् परन्तु वर्तमान निबन्धकार विषयको पूर्णज्ञान राख्तछ, विचारमा सन्तुलन राख्छ र पक्षविपक्षको आवश्यक र उचित विवेचन गर्दछ । आजको निबन्ध कलात्मक दृष्टिले सुगठित, दृढ एवम् अनुभव र विचारको दृष्टिले याथार्थिक र सन्तुलित छ । तसर्थ निबन्धगत प्राचीन मान्यता स्वतः खण्डित भइसकेका छन् । निबन्धलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले परिभाषित गरे पनि यो आख्याननिरपेक्ष गद्यरचनाका रूपमा देखिन्छ र यसको तात्पर्यगत अर्थ पनि यही हो । वैयक्तिकता निजात्मकता, आत्मप्रकटीकरण, सङ्क्षिप्तता, विषयवस्तुगत स्पष्टता,

Notes

बौद्धिकता, हार्दिकता, विचारको प्रतिपादन आदि निबन्धका आधारभूत तत्त्व हुन् भने संवेदना र अनुभूतिको सहजता, भावको सघनता, तार्किकता पनि निबन्धका उपकरण हुन् । आधुनिक साहित्यका विभिन्न विधागत रूपका जन्म पाश्चात्य जगतबाट भए झैं निबन्ध विधाको जन्म पनि ईस्वीको सोह्रौं शताब्दीको उत्तरार्द्धमा फ्रान्समा भएपछि यसको विकास भने बेलायतमा भएको हो । विशेष फ्रान्सबाट र यस विधाको आविष्कारक फ्रान्सकै नागरिक मिशेल दि मोतेत्र (ईस्वी 1533-92) लाई जाँदछ उनले आफ्ना जीवनमा भोगेका तथा अनुभव गरेका कुराहरूलाई निबन्धको रूप दिएर मा प्रकाशित गरे । जसको अङ्ग्रेजीमा अनुवाद जोन फ्लोरिओले ईस्वी 1603 मा गरेर प्रकाशित रूपमा निकालेपछि यूरोप वा पाश्चात्य जगतमा निबन्ध विधाको प्रसिद्धि फैलिएर गयो । फलस्वरूप अङ्ग्रेजी साहित्यले फ्रान्सिस बेकन (1561-1626) जस्ता सशक्त गद्य लेखक र निबन्धकार पाउन सक्यो । प्रभाव र प्रेरणास्वरूप पछि विश्वप्रसिद्ध निबन्धकारहरूमा विशेष विलियम हेजलिट् (1778-1830), चार्ल्स ल्याम्ब् (1775-1834), जोसेफ एडिसन (1672-1719), रिचार्ड स्टीईल हुँदै रबर्ट लिण्ड (1871-1942) जस्ता आधुनिक निबन्धकारहरू देखा पर्दै आए । यसरी यो निबन्ध भन्ने आधुनिक विधा विश्वसाहित्यका अन्य प्रायः सबै भाषाका साहित्यमा प्रसिद्ध र प्रचलित हुनपुग्यो । निबन्धको जन्म फ्रान्समा भएको भए पनि तत्कालैदेखि यसको भरण पोषण र सम्बर्दधन भने बेलाइतमै हुन्छ । तसर्थ नै धेरै विद्वानहरू निबन्धको जन्म फ्रान्समा भएको भए पनि यसले आहार र पुष्टिकारी तत्तव बेलाइतमै प्राप्त गरी पूर्ण विकसित र वयस्क भएको हो भनी यसको वास्तविक घर बेलाइतलाई नै मान्छन् । फ्रान्समा मोतेत्रको निबन्ध सङ्ग्रह प्रकाशित भएको (1580) ठीक सत्र वर्ष र मोतेत्रको मृत्यु भएको पाँच वर्षपछि सन् 1597 मा बेकनको निबन्ध सङ्ग्रह प्रकाशित भयो

। यसमा उनका प्रथम दशवटा निबन्धहरू मात्रै परेका थिए । सन् 1612 मा उनको निबन्ध सङ्ग्रहमा जम्मा अठतीस वटा र सन् 1625 मा प्रकाशित संस्करणमा निबन्धहरूका सङ्ख्या अन्ठाउन्न वटा पुगेका थिए । तर बेकन भने आफ्ना अग्रज निबन्धकार मोतेत्र झै लोकप्रिय हुन सकेनन् । उनका निबन्धहरूद्वारा प्रभावित भएर उत्तिनै खेरि बेलाइतमा निबन्ध लेखिहाल्न पनि कोह तम्सिएनन् । यसको मूल कारण के थियो भने बेकनका निबन्धहरू मोतेत्रका निबन्धहरूभन्दा छोटा भए पनि तिनमा प्रतिपादित सिद्धान्त, ज्ञानको प्रदर्शनी र शास्त्रीय पूर्वाग्रहलाई बुझ्न साधारण मानिसका वशको कुरो थिएन । उनका निबन्धहरू प्रयत्न र मनको लहढ होइन तर ज्ञान र परिपक्वताबाट उत्पन्न प्रमाणिक भनाइ थिए । उनका निबन्धहरू कतिसम्म खँदिला छन् भने तिनमा परेका प्रत्येक वाक्य वा परिच्छेदलाई विस्तार गर्दा पनि सिङ्गासिङ्गै निबन्धहरू बन्न सक्छन् । बेकनका गम्भीर चिन्तन अनुभव र बुद्धिले लादिएका निबन्धहरू देखेर त्यस्ता निबन्ध लेख्ने साहस अरूले नगरे पनि ती फ्रान्सेली, इटाली, ल्याटिनी भाषामा तत्कालै अनुवाद भएकाले तिनले यथोचित लोकसम्मान भने पाएको स्पष्ट हुन्छ । वास्तवमा बेकनमा निबन्ध लेखाइका दुई बेग्ला बेग्लै शैली उनको निबन्ध सङ्ग्रहको प्रथम संस्करण (1597) मा प्रकाशित सर्वप्रथम निबन्ध अध्ययन सम्बन्धी (of study) र दोस्रो संस्करण (1625) मा परेको सर्वप्रथम निबन्ध दुर्भाग्य सम्बन्धी (of adversity) पढदा स्पष्ट परिलक्षित हुन्छ । प्रथम प्रकारको शैली उनको आफ्नै शैली हो भने दोस्रो प्रकारको शैलीमा चाहीँ आफ्ना अग्रज निबन्धकार मोतेत्रका प्रभावको असर छ । यस्ता असीम ज्ञानका भण्डार बेकनका निबन्धहरूमा महानवाणी (quotation) को भण्डार छ । बेकनले निबन्धलाई छरपस्टिएको चिन्तन (Dispersed meditation) भनेका छन् । यसरी नै अन्य निबन्धकारहरूबारे

Notes

चर्चा गर्नु पर्दा मोतेञ र बेकन जस्ता अनुभवी र ज्ञानी मानिसहरूद्वारा लेखिएको – यो शीर्षकमा बेलाइतमा हत्तपत्त कसैले हात हाल्ने साहस नगरेका भए पनि यसको अपवादस्वरूप सर विलियम कर्नवालिस निस्किए । उनले सन 1600 र सन् 1617 मा आफ्ना निबन्धहरूको सङ्ग्रह प्रकाशित गराएका थिए र ती उति स्तरीय र सफल नभएका भए पनि त्यस जमानाका पाठकहरूले केही मात्रामा भए पनि रूचि राखेरै पढेको बुझिन्छ । सन् 1668 मा अब्राहम काउलीको निबन्धको माध्यमद्वारा केही कुराकानी (Several Discourses by way of Essays) भन्ने एघारवटा निबन्धहरूको सङ्गालो प्रकाशित भयो । तिनको 'म आफैं सम्बन्धी' (of myself) भन्ने निबन्धमा निबन्धात्मक रचनामा हुनुपर्ने गुणहरूको परिचय पाइन्छ । धेरै विद्वानहरूले बेकनलाई अङ्ग्रेजी निबन्धका पिता मान्ने भएका भए पनि अन्य धेरैले चाहिँ बेकनको दानावाकार ज्ञानको श्रद्धाका अघि डरले झुकेर यसो नभनी यो अब्राहम काउली (1618-1667) लाई नै पाश्चात्य निबन्धका वास्तविक जनक हुन् भनेका पनि पाइन्छ । हुन पनि बडप्पन सम्बन्धी होस् वा उद्धानसम्बन्धी, एकान्त सम्बन्धी होस वा धेरै मित्रहरू हुँदा हुने खतरा सम्बन्धी होस् जुनसुकै विषयमा पनि प्रथम पुरूषमै लेख्न मन पराउने काउली (Abraham Cowley) ले बढप्पनप्रति आफ्नु उदासीनताको बारेमा आफूलाई सदैव मोतेञसङ्गै दाँकेका छन् । उनी लेख्छन् – "म के कुरा स्वीकार गर्छु भने म प्रायः सबै वस्तुमा बढप्पनको आभास नरहेको तर विनीतता, तुच्छता र नम्रता रहेकै देख्न मन पराउँछु । ठिक्क एक मानु खान र लाउन पुग्ने मात्र सम्पति, एउटा सानु चिटिक्क परेको घर, एउटा सामान्य मित्र, अलिकति भोजन र म फेरि कहिल्यै स्त्रीको प्रेममा फँसिहालेंछु नै भने पनि ठाँटबाँटको राजसिक सुन्दरीसँग होइन दिल बसेकी ठिक्ककी सामान्य सुन्दरीसँग फसूँ ।" निबन्धकारको जन्मजात प्रतिभा

लिएर आएका काउलीका निबन्धहरूमा शाश्वत आकर्षण पाइन्छ र काउलीको कवि कुनै दिन मरिहालेछ भने पनि उनको निबन्धकार सदैव बाँचि नै रहनेछ भनी अङ्ग्रेजी निबन्ध र निबन्धकारहरू का रचयिता ह्यू वाकर पनि भन्छन् । हुन पनि माथि भनिए झैं नै सत्रौं शताब्दीमा अङ्ग्रेजी साहित्यमा धेरै निबन्धकारहरू देखा परेनन् । उपर्युक्त निबन्धकारहरू बाहेक अन्यमा सर थोमस ब्राउनी, सर विलियम टेमपल र ड्राइडेन – ले निबन्ध लेखिसक्दा नसक्दै सत्रौं शताब्दी पनि बितिहाल्छ । अठारौं शताब्दीमा अङ्ग्रेजी निबन्धले विशेष प्रगति गर्यो । यसका खास कारणहरूमध्ये सावधिक पत्रिकाहरूको प्रकाशन नै हो । निबन्ध जस्ता छोटा – छोटा विधाको विकासका निम्ति सावधिक पत्रिका अझै पनि उतिकै उपयोगी हुन्छन् । अठारौं शताब्दीको आरम्भदेखि यसको मध्यभागसम्म धेरैवटा सावधिक पत्र-पत्रिकाको जन्म बेलाइतमा भएको थियो र तिनमध्ये यो शताब्दीको आरम्भमा प्रकाशित भएका प्रमुख पत्रिकाहरू 'ट्याटलर' (Tatler) – 1709 - 1711, 'स्पेक्टेटर' (Spectator) – 1711 - 1714, 'दि गार्जियन' - The Guardian , इत्यादि थिए । यो शताब्दीको मध्यभागतिर प्रकाशित हुन आरम्भ भएर निबन्ध साहित्यको विकासमा विशेष योगदान दिने पत्रिकाहरू थिए - 'रयाम्बलर' (Rambler) - 1750-1752 , 'आइडलर' (Idler) – 1758 - 1760 , 'एड्भेन्चरर' (Adventurer) – 1752 – 1754 , इत्यादि । उपर्युक्त पत्रिकाहरूमा आफ्ना निबन्ध प्रकाशित गराएर परिचित भएका निबन्धकारहरूमध्ये निम्नलिखितचाहिँ प्रमुख हुन्- रिचार्ड स्टिली – 1672 – 1729, दानियल डिफो - 1707 - 1754, स्मामुएल जोहन्सन – 1709 – 1784, जोनाथन स्विफ्ट - 1667 – 1745, अलिभर गोल्डस्मिथ – 1728 – 1774 आदि । यस युगका उपर्युक्त प्रमुख निबन्धकारहरूमध्ये पनि स्टिली र एडिसनचाहिँ अरू समकालीन निबन्धकारहरूभन्दा श्रेष्ठ थिए ।

गोल्डस्मिथपछि अङ्ग्रेजी निबन्धको उन्नतिको गतिमा केही ह्रास आउन थाल्यो । बेलाइतमा सावधिक पत्रिकाहरू मार्फत प्रसिद्ध हुन लागेका नवीनतम विधा निबन्धलाई सबैले स्वागत र प्रशंसा मात्रै गरेका थिए भन्ने कुरो चाहिँ होइन । यसलाई ठ्याम्मै देखिनसहने, घृणित र हेय ठान्ने विद्वानहरू पनि तिनताक नभएका होइनन् । यस्ता निबन्ध – विरोधी व्यक्तिहरूमध्ये एन्थोनी एस्ली कूपर – 1671 – 1713 को नाम सर्वप्रथम आउँछ । उनी आफैंले पनि 'चारित्रिक विशेषता' (Miscellaneous Reflection) नामको प्रबन्ध सङ्ग्रह पनि प्रकाशित गराएका थिए । उनले निबन्धलाई 'मिसिलेनी' (Miscellany) भन्न रूचाउँथे र उनको विचारमा यस्ता मिसिलेनी वा साधारण निबन्ध भनेको त्यो उपाय थियो जुन उपायद्वारा गोबरे गिदी भएकाहरू लेखक कहलाउने दाउ छोप्थे । उनले निबन्धको बारेमा यस्तो लेखेका पाइन्छ – तथापि आफैं पनि निबन्धकार भएकाले उनले यो विधामा भनेजस्तो सफलता र ख्याति प्राप्त गर्न नसक्दा केही अंशमा यसलाई घृणा गरेको र हेय ठानेका भए पनि धेरचाहिँ आफ्ना समकालीन निबन्धकारहरूको सफलतालाई आँखी डाही गरेका हुन भन्ने गोप्य त्यति नै बेला खुलिसकेको थियो । उन्नाइसौं शताब्दीको प्रथम चतुर्थांश भागमा अङ्ग्रेजी निबन्धको पुनरूत्थान भयो । यो पुनरूत्थान कालका प्रवर्तक चार्ल्स ल्याम्ब – 1775 – 1834 थिए । हुन पनि चार्ल्स ल्याम्बकै हातबाट अङ्ग्रेजी निबन्धले चरमोत्कर्ष प्राप्त गरेको छ । मोतेञले झैं नै ल्याम्बले पनि सच्चा निबन्ध आत्मपरक हुनैपर्छ भन्ने तथ्यलाई हृदयङ्गम गरेका थिए । त्यसैले आफ्ना निबन्धका आत्मपरकीय गुणमा उनले आफ्ना सबै अङ्ग्रेज निबन्धकारहरूलाई उछिनेका पनि हुन् । 10 तारीख फरवरी 1775 मा जन्मिएका चार्ल्स ल्याम्बका निबन्धहरू नियमित रूपले 'लण्डन म्यागेजिन' नामको पत्रिकामा सन् 1820 देखि सन् 1822

सम्म प्रकाशित भएका थिए । यिनै प्रकाशित निबन्धहरूको सङ्ग्रह पछि 'इलियाका निबन्धहरू' - Essays of Elia को नामले सन् 1823 मा प्रकाशित भयो । मोतेञले 'मसँग भेट हुने पहिलो व्यक्तिसित कुराकानी गरे झै म कागजका माध्यमद्वारा बोल्छु ' भने झैं ल्याम्ब पनि आफ्ना निबन्धमार्फत पाठकसित कुराकानी गर्छन् । उनी पाठकलाई आफ्ना विश्वस्थ मित्रहरूलाई झैं केही नलुकाई आफ्ना व्यक्तिगत कुराहरू सबै खुलस्त सुनाउँछन् । तर ती घटनाहरू मोतेञका जस्ता आफूमा मात्र सीमित नरही उनका मित्रहरू, आफन्त र उनका सम्पर्कमा आउने व्यक्तिहरू आफू बसेका महानगरीका वासिन्दाहरूको जीवनसँग पनि सम्बन्ध राख्छन् । यस्ता व्यक्तिगत वस्तुहरूमध्ये उनको मृत्युप्रति घृणा, असफल वाक्शक्ति, सङ्गीतप्रति असमर्थत, व्यक्तिगत सौन्दर्यको चाहना, सैनिक हुन नसुहाउने पुढको कद, चुरोट र रक्सीप्रति मोह, इत्यादि सबै नालीबेलीसँग आफ्ना पाठकलाई सुनाउने ल्याम्ब केवल प्रमाद अवस्थाको बारेमा मात्र चूप छन् । मोतेञले प्रायः आफ्नै बारेमा लेखे, बेकनको युगमा मानव जीवन जटिल समस्याग्रस्त भएकोले त्यसैका विषयमा लेखे तर ल्याम्ब, ह्याज्लिट र हण्टका समयमा भने विषयवस्तुको व्यापकता भएकोले शिक्षित र चिन्तनशील पाठकका अभिरूचि अनुरूप लेखेका छन् । चार्ल्स ल्याम्बपछि निबन्धको क्षेत्रमा निकै प्रसिद्धि प्राप्त गर्ने निबन्धकारहरूमध्ये हामी यहाँ तल नाम दिइएका व्यक्तिहरू विशेष उल्लेखनीय छन् – ली हण्ट – 1784 – 1859, सिडनी स्मिथ – 1771 – 1845, विलियम ह्याजलिट् – 1778 – 1830, थामस डिक्विन्स – 1785 – 1859, थामस कारलाइल – 1795 – 1881, थामस बेबिङटन मेकाउले – 1800 – 1859, वाल्टर बेग्होट – 1826 – 1877, थेकरे, राबर्ट लुइस स्टिभेन्सन – 1850 – 1894 इत्यादि । यसरी नै अङ्ग्रेजी साहित्यमा चार्ल्स ल्याम्बपछिका अर्को सशक्त निबन्धकार

स्टिभेन्सन हुन् । उनको 'गधासितको सफर' – Travels with a Donkey – निबन्ध सङ्ग्रह विश्वप्रसिद्ध छ । निबन्ध लेखन शैलीका निम्ति पनि यिनी खूबै प्रसिद्ध छन् । उनी प्रकृतिका प्रत्येक ससाना वस्तुमा पनि आफ्ना निबन्धका निम्ति विषयवस्तु पाउँथे । उनी प्रकृति – प्रेमी थिए तर उनका निम्ति मानिससहितको प्रकृति अझ प्रिय थियो । प्रकृतिले नै उनलाई निबन्धकार बनाएको हो र प्रकृतिले उनलाई जन्मजात दिएको निबन्धकारको प्रतिभालाई विकास गर्न र सुदृढ तुल्याउन आफैंले पनि निकै होस्टेमा हैंसे गरेका थिए । 20 औं शताब्दीका आरम्भमा निबन्ध एक प्रकारको खेलवाड, लेखक र पाठकका बीचको मन बहलाउने साधन हुनथाल्यो । यस युगका अङ्ग्रेजी निबन्धकारहरूमध्ये मार्क्स बरबोहम, हिल्लेरी बेल्लोक, जी. के. चेस्टरटन, इ. भी. लुकास, ए. सी. बेन्सन, अगस्टिन बिर्रेन, एन्ड्रिन ल्याग, अस्टिन डबसन्, जर्ज सेण्ट्सब्युरी, ए. जी. गार्डीनर, र राबर्ट लिण्ड प्रमुख र प्रसिद्ध छन् । यसरी फ्रान्सको माटामा उम्रिएको निबन्धले बेलाइतमा सरेर जरा हालेपछि बेलाइती रूप – आकृति लिनु स्वाभाविक नै थियो । तसर्थ आज विश्वभरि नै निबन्ध भन्नाले बेलाइतमा विकास भएको चार्ल्स ल्याम्ब र स्टिभेन्सनले लेखेका खाले निबन्ध भन्ने नै बुझिन्छ : यसप्रकारका निबन्ध अघि भनिए झैं फ्रान्समा चाहिँ मोतेञले आरम्भ गरेका धेरै पछि मात्र लेखिन थालियो । अहिलेसम्म फ्रान्सका प्रतिनिधि निबन्धकारहरूमध्ये भोल्टेयर, रूसो, ल्यामर्टिन, कजिन, माइकलेट, सेण्ट ब्यूव, अनातोले फ्रान्स, इमाइल फ्यागेण्ट, थियोफिल गौटियर, पाल – डि सेण्ट विक्टर, जुल्स लिमाइटर, फर्डिनाण्ड ब्रुनेटायर, इत्यादिका नाउँ सर्वोपरि छन् । अमेरिकाली प्रतिनिधि निबन्धकारहरूमध्ये निम्नलिखित व्यक्तिका नाउँ उल्लेखनीय छन् – डब्लु इर्भिङ, आर. डब्लु इमर्सन, नादनियल हथर्न, जे. आर. लोवेल । जर्मनीका

निबन्धकारमध्ये लेसिंग, श्लेगल औ हरम्यान ग्रीम इत्यादिको स्थान प्रमुख छन् ।

मूलतः निबन्धका सम्बन्धमा नाना थरी विचारहरू पाइन्छन् । कोही यसलाई 'बकवासको मधुर कृति' भन्दछन् त कोही सङ्गठित र क्रमिक रूपले गरिएको जीवनको व्याख्या मान्दछन् । कोही यसको शैलीमा शिथिलता, अवय्वस्थितता र अनियमितता देख्तछन् त कोही सङ्गठितता र पूर्वापरक्रमको निर्वाह भएको देख्छन् र यसभित्र निश्चित लक्ष्य र ठोस विश्लेषण फेला पार्दछन् । वास्तवमा प्राचीन निबन्धमा अपूर्णता, अनियमितता, शिथिलता अतएव बकवास आदि दोष पाउँछौं, तर आधुनिक निबन्ध एक प्रौढ र परिपक्व काव्यविधा बनिसकेको छ । प्रारम्भिक निबन्धमा भावुकताको चञ्चल र निरङ्कुश प्रवाह पाइन्छ । तिनमा न विचारको सङ्गठन छ, न कुनै विषयको ठोस, वैज्ञानिक र यथार्थिक विश्लेषण ।तिनमा मुक्तविचरण मात्र छ । उत्तरदायित्वको निर्वाह गर्ने सचेष्टता तिनमा छैन । देवकोटाका कैयौं निबन्धहरू यिनै दोषले ग्रस्त छन् परन्तु वर्तमान निबन्धकार विषयको पूर्णज्ञान राख्तछ, विचारमा सन्तुलन राख्छ र पक्षविपक्षको आवश्यक र उचित विवेचन गर्दछ । आजको निबन्ध कलात्मक दृष्टिले सुगठित, दृढ एवम् अनुभव र विचारको दृष्टिले याथार्थिक र सन्तुलित रहेको थाहा पाइन्छ । तसर्थ निबन्धगत प्राचीन मान्यता स्वतः खण्डित भइसकेका बुझिन्छ । समग्रमा आधुनिक निबन्धमा निम्नलिखित गुण हुनु आवश्यक देखिन्छ –

(क) – निबन्ध अपेक्षाकृत रूपमा सङ्क्षिप्त नै हुनुपर्छ ।

(ख) – यसमा कुनै पनि विषय प्रस्तुत गर्न सकिन्छ – प्रिस्ट्लेनुसार - सच्चा निबन्धकारका लागि कुनै विषय आवश्यक छैन । तर निबन्धकारको वैशिष्ट्य विषयलाई प्रस्तुत गर्दा त्यसमा व्यक्त गरिने तत्त्व निहित हुन्छ ।

(ग) – निबन्धमा कुनै एक केन्द्रीय भाव वा विचार हुन नितान्त आवश्यक रहन्छ ।

(घ) – यसमा व्यर्थको विस्तार, अव्यवस्थित वर्णन र शिथिलता अनावश्यक मात्र होइन, अवाञ्छनीय पनि मानिनुपर्छ । यसमा कार्यकारणको श्रृङ्खलाचाहिँ मिलेको हुनुपर्छ ।

(ङ) – यसमा हृदयपक्ष र बुद्धिपक्ष दुवैको सन्तुलित प्रयोग हुनुपर्छ ।

(च) – निबन्धमा लेखकले आफ्नो मान्यता, दर्शन वा विचार स्वच्छन्दतासाथ व्यक्त गर्न सक्छ, तर ऊ आफ्नो मान्यता पाठकमाथि थोपर्न सक्तैन । ऊ मित्रवत् आफ्नो विचार र अनुभव सुनाउन सक्छ ।

(छ) – निबन्ध विचारहीन बकवास प्रतीत नहोस, तर चिन्तनले थिचिएको पनि नहोस् ।

(ज) – निबन्ध स्वरूपमा सुगठित, भावले मुखरित, शैलीले समुज्जवल र विचारले पोषित हुनुपर्छ ।

(झ) – यसमा अज्ञात र अनुभूत विषयलाई प्रस्तुत गर्नु उचित हुँदैन । आदि ।

5

## .4 निबन्धको अन्य विधासित तुलनात्मक अध्ययन

**5.4.1 निबन्ध र प्रबन्धमा भेद –** निबन्ध लेखनको इतिहासमा सर्वप्रथम निबन्ध भन्न सुहाउने खाले गरी फ्रान्सेली लेखक मोतेञले निबन्ध लेख्न सुरू गरेपछि वर्तमान युगसम्म चार सय वर्षसम्म धेर अवधिको दीर्घ विकास क्रम चलिसकेको र यसले व्यवस्थित रूप लिएर साहित्यको एउटा प्रतिष्ठित विधा भनेर सम्बोधन गरिइसकेको भए तापनि निबन्ध विधा अझ विवादास्पद नै छ । यो विवाद भारतीय साहित्यमा विशेष रूपले निबन्ध र प्रबन्ध शब्दमाथि  छ । यो भनाइको पुष्टिका निम्ति रवीन्द्रनाथ ठाकुरले आफ्ना आत्मपरक निबन्धहरू  'नवपर्षी', 'श्रावण - सन्धया', 'पागल' इत्यादिलाई प्रबन्ध भनेरै सम्बोधन गरेकालाई यहाँ प्रस्तुत गर्न सकिन्छ । यसबाहेक  पनि आफ्ना धेरै आत्मपरक निबन्धहरू पनि परेका सङ्ग्रहको नाउँ उनले 'विचित्र प्रबन्ध' राखेका छन् । नेपाली निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले पनि 'लक्ष्मी निबन्ध सङ्ग्रह' को भूमिकामा सङ्ग्रहीत निबन्धहरूलाई प्रबन्ध कै संज्ञा दिएका भेटिन्छ । तथापि यता केही कालदेखि भने यी दुईको भेद पालन गर्ने दिशातिर धेरै विद्वानहरू अग्रसर छन् । अतः यी दुईका भेद स्पष्ट गर्न यिनका व्युत्पत्तिलभ्य अर्थ केलाउन चासोपर्दो देखिन्छ । निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुना 'नि' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको हो । यसरी व्युत्पादित निबन्ध शब्दका विविध अर्थहरू प्रचलित छन् । यज्ञवल्क्य स्मृतिमा निबन्धो द्रव्यमेव तथा अमरकोशमा अनाहीतस निबन्ध : स्मात् भनेको पाइन्छ । यसका अतिरिक्त साहित्यिक तात्पर्यमा पनि निबन्ध शब्दको प्रयोग भएको छ । साहित्यिक सन्दर्भमा प्रयुक्त निबन्ध शब्दले विशिष्ट रूपमा साहित्यिक विधाविशेषलाई जनाउँछ । प्रथमतः निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो । पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो । अहिले यसले विशिष्ट किसिमको

साहित्यिक गद्यविधालाई बुझाउँछ । निबन्ध शब्दसङ्गै अर्को शब्द प्रबन्ध शब्दले केही समयपछि आख्यान वा कथात्मक काव्यलाई पन सङ्केत गर्न थालेको पाइन्छ । यसरी संस्कृत साहित्यमा प्रचलित यी दुवै शब्द एउटै तात्पर्यमा प्रयुक्त भए तापनि वर्तमान सन्दर्भमा लेखकले सविस्तार विवेचना गरेको ग्रन्थलाई प्रबन्ध शब्दले सङ्केत गरी थेसिसको पर्याय भएको छ भने विचार वा भावलाई बन्ध गरिएको रचनाविशेषलाई निबन्धले बुझाएको पाइन्छ । अङ्ग्रेजीमा यो 'निबन्ध' शब्दलाई 'एसे' वा 'एसाइ' (Essai) को शाब्दिक अर्थ अनुभवजन्य (Experiment) र प्रयास (attempt) हुँदछ । अतः निबन्ध भन्नाले अनुभवजन्य नयाँ कुराहरूमा बाँधिएर त्यसैलाई बताउने वा व्यक्त गर्ने प्रयासजन्य कला हो ।

प्रबन्ध शब्द 'प्र' उपसर्ग लागेको 'बन्ध' धातुमा 'धञ्' प्रत्यय हुँदा व्युत्पन्न हुन्छ । यसको मूल अर्थ बलियोसङ्ग बाँध्नु हो र यो निबन्धकै समानार्थी छ । अमरकोशको माहेश्वरी टीकामा प्रबन्धको व्याख्या र वाक्यविस्तार – का रूपमा गरिएको पाइन्छ । काव्यालङ्कारमा नबाँधिएको रचना मुक्तक र बाँधिएको (सुसम्बद्ध परस्पर) रचना प्रबन्ध हो भनिएको भेटिन्छ । (अनिबद्धं मुक्तकम्, निबद्धम प्रबन्ध मिति प्रसिद्धिः) । प्रबन्धका पनि बन्धनका साथै गाँस, योजना, व्यवस्था आदि अनेक अर्थ छन् । साहित्यका सन्दर्भमा कुनै विषय वा कथाको गद्यात्मक वा पद्यात्मक प्रस्तुति प्रबन्ध भनिन्थ्यो पछि यस शब्दको प्रयोग आख्यान (कथा) को राम्रो तारतम्य मिलेर लेखिएको काव्यलाई बुझाउनका लागि मात्र भएको थाहा पाइन्छ । महाकाव्य, खण्डकाव्य आदिलाई प्रबन्धकाव्य भनिएबाट यो स्पष्ट हुन्छ तर संस्कृत वाङ्मयमा प्रबन्ध शब्दको प्रयोग शास्त्रीय, ग्रन्थहरूका लागि पनि हुने गरेको कुरो स्मरणीय छ ।

अतएव निबन्धमा लेखक आफ्नै सुख दुःख, हार – विजय, र दैनिक अनुभवका आधारमा स्वकीय जीवन घटनाहरूका सम्मिश्रणद्वारा खुकुलो र हलौ प्रकारले पाठकसँग गफ गर्न चाहन्छ । निबन्धमा आफूले भन्न लागेको कुरामा सबै पाटकहरू सहमत हुनैपर्छ भन्ने ढिपी लेखक गर्न सक्तैन तसर्थ नै निबन्धको वर्ण्य विषयको परिपुष्टिका निम्ति यताउताका तथय्हरू सङ्कलन गर्ने झिजो पनि उसलाई पर्दैन । निबन्धकार आफ्ना निबन्धकहरूमार्फत पाठकसङ्ग केवल गफ गर्न चाहन्छ र आफ्ना पीर उल्लास सबै प्रकारका अनुभूति र बाह्य वस्तुहरूद्वारा उसमा भएको प्रतिक्रिया मानसिक सङ्घर्ष इत्यादिका बारेमा पाठकसङ्ग धक फुकाएर बातचीत गर्छ । यो एक प्रकारको स्वगत कथन पन हो जहाँ लेखकले आफू र आफूसङ्ग सम्बन्धित सबै कुराको यथार्थ वर्णन नालिबेलीसहित गर्छ । यसरी निबन्धमा निबन्धकारको वक्यक्तिको छाप परेकै हुन्छ । यसरी साँचो र सफल निबन्धमा व्यक्तित्वको छाप परेकै हुनुपर्छ र निबन्ध निजात्मक नै हुनुपर्छ भन्ने कुरामा प्रायः सबै विद्वानहरू एकमत छन् । वेव्स्टर शब्दकोषकारले निबन्धलाई परिभाषित गर्दा यसको आत्परकतालाई यसरी स्वीकार गर्नुभएको छ – निबन्ध त्यो विश्लेषणात्मक साहित्यिक रचना हो जसको सीमित विस्तारमा व्यक्तिगत दृष्टिकोण रहन्छ । […An analytic or interpretative literary composition dealing with its subject from a limited or personal point of view.]

हडसनले पनि असलमा निबन्ध आत्मपरक नै हुनुपर्छ भन्ने स्वीकार गरेका छन् । […the true essay is essentially personal.] यस प्रकारका निबन्धलाई बङ्गला साहित्यमा हिजआज 'रम्य रचना' भन्ने नवीन संज्ञा दिइँदैछ र नेपालीमा चाहिँ झर्रो भाषावादी ताना शर्मा, बालकृष्ण पोखरेल इत्यादि 'जमर्को' भन्न नै धेर इच्छुक देखिन्छन् ।

तर प्रबन्धमा भने त्यस प्रबन्धका मार्फत पाठकले लेखकको व्यक्तित्व बारे कुनै परिचय पनि पाउँदैनन् । प्रबन्धका कुनै एक विषय लिई त्यसको पोषणका निम्ति विभिन्न बाह्य तथ्य सङ्ग्रहको आवश्यकता पर्छ र ती तथ्यहरूलाई तर्कसम्मत युक्तिले परिवेष्टित गरी कथ्य विषयप्रति पाठकहरूको सहमति पनि प्राप्त गर्ने दिशातिर प्रबन्धकार लाग्नुपर्छ ।

तसर्थ नै निबन्ध सरलतापूर्वक, प्राकृतिक र रमणीय शैलीमा सोझै पाठकको हृदय र मस्तिष्कमा पुग्छ । अतः निबन्धका पाठक विभिन्न रूचि भएका अल्पशिक्षितदेखि लिएर पूर्ण शिक्षित र प्रबुद्ध मानिस जो पनि हुन सक्छन् । प्रबन्ध चाहिँ अल्पशिक्षितहरूका निम्ति र विभिन्न रूचि भएका पाठकहरूका निम्ति उपयुक्त हुँदैनन् । प्रबन्धका पाठकहरू केही हदसम्म शिक्षित र विविध ज्ञानोपार्जन गर्ने इच्छा भएकाहरू मात्रै हुन सक्छन् । प्रबन्ध अझ क्लिष्ट र सीमित लक्ष्य लिएर लेखिएपछि त्यो समालोचनामा गृहीत विषयसम्बन्धी केही ज्ञान भएका र प्रबुद्धवर्गका हुनु वाञ्छनीय छ ।

प्रबन्ध बाह्य सन्दर्भ, वैज्ञानिक तथ्य, इत्यादि उद्धृत गरी वा आफूभन्दा अघिका एक वा अनेक पुस्तक पत्र – पत्रिका इत्यादिमा भएका तथ्यादि र यसप्रकारका कुनै पनि अन्य लेखकहरूका विचारादिलाई आफ्नू रचनमा वर्ण्य विषयलाई पुष्टि गर्न वा खण्डन गर्नलाई समावेश गरिएको हुन्छ तर निबन्धमा चाहिँ यसो गरिन्दैन । वस्तुतः निबन्धमा पनि यस्ता प्रकारका तथ्यादि उद्धृत गर्न सकिन्छन् तर ती स्वत स्फूर्त र प्राकृतिक हुनुपर्छ । अझ यो भनौ निबन्ध लेख्दा आफूले पहिल्यै पढेका वा हृदयङ्गम गरेका तथ्यादि सिलसिलासङ्ग मिल्न आए भने राखिहाल्यो नत्र पुस्तकहरू बटुलेर त्यसभित्रका उद्धरणहरू कृत्रिमतापूर्वक समावेश गरिन्दैन ।

समग्रमा निबन्ध भनेको लेखकका मस्तिष्कको छिपछपे ज्ञानको सम्मिश्रण र हृदयपक्षको चाहिँ विशाल उद्घाटन हो औ प्रबन्धचाहिँ हृदयपक्षभन्दा बढी बुद्दिपक्षको व्यायाम हो ।

**5.4.2 निबन्ध र समालोचनामा भेद** – निबन्धले कुनै वस्तुको गुण र दोष वा त्यो वस्तु वा घटनाद्वारा मानव हृदयमा परेका प्रभाव वा प्रतिक्रियालाई आतमरागरञ्जित रूपमा व्यक्त गर्छ भने समालोचनाले चाहिँ वस्तुपरक रूपमा । हुनता धेरै विद्वानहरूले समालोचनात्मक रचनाहरूलाई निबन्ध कै एक वर्गभित्र भिन्न – भिन्नै रूप किंवा विधा मानी यी दुवैमा स्वतंत्र सिद्धान्त निरूपण गरेका पन छन् । परिभाषा, तत्व, उपकरण र वर्गीकरणका भिन्न भिन्न सिद्धान्तहरू तय गरेर निबन्ध र समालोचनात्मक रचालाई भिन्न – भिन्न मूलका मान्दै यिनका परम्पराको क्रमबद्ध खोजी पन विद्वानहरूले गरेका छन् । पत्र पत्रिकाहुँदो पनि यी दुइ प्रकारका रचना भिन्ना भिन्नै स्तम्भमा प्रकाशित हुँदै आएका छन् । अब अन्योल उत्पन्न हुने स्थिति के रह्यो त भने समोलोचनालाई निबन्धकै एक वर्ग मान्दा जसलाई हामीले समालोचनक ठान्दै आएका छौं तिनली निबन्धकार पनि भन्न सक्तैनौं । यसो हुनाको मूख्य कारण के हो भने सिर्जनात्मक साहित्य र आलोचनात्मक साहित्यका बीचको विभाजन रेखालाई हामीले मनमा जोगाइ राखेका छौं । यी दुवैका भाषागत माध्यम वस्तु विन्यास विधि र शिल्पगत प्रवृतिहरू प्रायः एकै छन् । तापनि साहित्यिक निबन्ध भन्नाले हामीलाई कति पनि अपठ्यारो अनुभव हुँदैन । अतः निष्कर्ष के निस्किन्छ भने अन्योलको समाधान कट्टर साहित्य शास्त्रीय मानदण्डबाट हुन सक्तैन र व्यावहारिक मानदण्डलाई परगेल्याइको हतियार बनाउनु पर्छ । विश्व साहित्यकै इतिहासकै अवलोकन गर्दा पनि के देखिन्छ भने यी दुई विधाले

स्वतन्त्ररूपले आफ्नो आफ्नो स्वरूपलाई विकास गरिरहेका छन् । निबन्धको समालोचना समालोचकहरूले लेख्न सक्छन् तर समालोचनाको निबन्ध भने लेखिंदैन । त्यसैले निबन्धमा मौलिक सिर्जनात्मक प्रतिभाको जति अपेक्षा गरिन्छ त्यति नै अपेक्षा समालोचनामा विश्लेषण र विवेचनाको गरिन्छ । हुनता समालोचनामा पनि मौलिक सिर्जना नपर्न सक्ने होइन तापनि निबन्धमा जति आवश्यक तत्तवका रूपमा यो रहँदैन । समालोचकलाई अध्ययन, मनन, विश्लेषण र सिद्धान्तहरूको जति आवश्यकता पर्छ त्यति तिनको आवश्यकता निबन्धकारलाई पर्दैन । अनुभूतिमा तीव्रता र त्यसलाई अभिव्यक्ति दिने सीप मात्र भएका एकजना निबन्धकार श्रेष्ठ निबन्धकार बन्न सक्छन् तर समालोचकलाई त्यति गुणले मात्र पुग्दैन । अतः सम्पूर्ण समालोचकहरू निबन्धकार बन्न सक्तैनन् र त्यसरी नै सम्पूर्ण निबन्धकारहरू समालोचक हुन पनि सक्तैनन् । तथापि केही सफल समालोचकहरू जस्तै- ताना शर्मा, रामकृष्ण शर्मा आदि सफल निबन्धकार पनि भएका देखिएकाले यी दुइ विधामा केही न केही अंशमा अन्तर्सम्बन्ध र सामञ्जस्य रहेको छ नै भन्ने तथ्यलाई अस्वीकार गर्न पन सकिँदैन ।

**5.4.3 निबन्ध र कथामा भेद –** निबन्ध र कथामा संरचना विधि र तत्वहरू बेग्ला बेग्लै हुने भएपनि कहिले काहीँ यी दुइका भेद छुट्याउन पाठकलाई गाह्रो पर्छ । निबन्धली बढी स्वतन्त्रता दिएका कारणले कहिले काहीं यसले कथाको क्षेत्रली समेत अतिक्रमण गर्ने गरेको देखिन्छ । कथामा झैं नै निबन्धमा विषयवस्तु, संवाद्, पात्र – पात्रा, देश – काल परिस्थिति, भाषाशैली र उद्देश्य पनि रहने भएकाले आजभोलि विभिन्न पत्र – पत्रिकामा प्रकाशित 'कथात्मक निबन्ध' र 'निबन्धात्मक कथा' - हरु देखिने गर्न लागेका पाइन्छन ।

निबन्धमा घटना, पात्र र संवाद्को मात्रा बढी भएमा सो कथात्मक निबन्ध हुन्छ र ठीक यसैका विपरीत कथामा लेखकको व्यक्तिगत विचार, भाव – भावना, कल्पना र वर्णनात्यकताको अंश बेशी भएका त्यो निबन्धात्मक कथा हुन्छ । कथा नायक प्रथम पुरूषमा भएमा यस्तो अतिक्रमणताको संभावना धेर प्रबल हुनेगर्छ । निबन्धकार रामलाल अधिकारीका कथा 'ब्याक गिअर, राजवंशी  र सुब्बा बूढा' जो पछि 'लालगेढी र आँखाहरू' नामक कथा सङ्ग्रहमा समावेश भएको पाइन्छ – लाई काठमाडौंबाट प्रकाशित हुनै पत्रिका गरिमा – मा प्रकाशित हुँदा यसलाई पाठकको मन्तव्य अन्तर्गत स्तम्भमा 'भ्रमण संस्मरणात्मक निबन्ध' भनिएको थाहा लाग्छ । यसरी नै देवकोटा लिखित 'आषाढको पन्ध्र' र 'पहाड़ी जीवन' यस्तै प्रकारका कथात्मक निबन्धकार हुन् । ताना शर्माका 'बेलाइततिर बरालिंदा' र 'पाताल प्रवेश' मा यस्तै प्रकारका धेरै वर्णनात्मक कथा – प्रधान नियात्राहरू परेका देखिन्छन् ।  समग्रमा के भन्न सकिन्च भने कथा र निबन्धका बीचको यथार्थ भेद खुट्याउनलाई तिनमा लेखकको व्यक्तिगत विचारका मात्राको ख्याल राख्नु पर्दछ । अतः कथामा लेखकको व्यक्तिगत विचारकै प्राबल्य भए त्यो निबन्धात्मक कथा हुने गर्छ र निबन्धमा पात्र – पात्रा, संवाद र घटनाका बाहुल्य भएमा त्यो कथात्मक निबन्ध हुने गर्छ । तसर्थ नै विचार प्रधान कथा लेख्दा कथा नायक प्रथम पुरूषमालाई तृतीय पुरूषमा नभएमा र त्यसैगरी वर्णनात्मक किंवा विवरणात्मक निबन्ध लेख्दा त्यसका पात्र – पात्रा, तृतीय पुरूषमा भएका पाठकलाई कथा र निबन्धका बीचको भेद खुट्याउन निकै सजिलो पर्छ भन्न सकिन्छ ।

---

## 5.5 उपसंहार

साहित्यका कविता, कथा नाटक, समालोचना विधाहरूमा निबन्ध तथा प्रबन्धलाई पनि अभिन्न विधाको रूपमा मानिन्छ । यो विधा अरू विधाजस्तै संस्कृत साहित्यबाट हिन्दी, बङ्गला हुँदै नेपाली साहित्यमा आएको होइन । यो विधा अङ्ग्रेजी र त्योभन्दा पनि अघि फ्रान्सेली साहित्यबाट भारतीय र नेपाली साहित्यमा प्रवश गरेको वा गराइएको हो । यसरी फ्रान्सेली, अङ्ग्रेजी र भारतीय हिन्दी साहित्यको खुढकिलो उक्लँदै नेपाली साहित्यमा निबन्ध विधाले प्रवेश गरेको हो । निबन्ध लेखनको इतिहास पहिल्याउँदै जाँदा प्लेटो, प्लुटार्क, प्लिनी, मार्कुस, थियोफ्रेसटससम्म पुग्नु पर्छ । निबन्धले नेपाली र हिन्दी साहित्यमा प्रचलित गद्यमय विधाविशेषलाई जनाउँछ । निबन्ध संस्कृतको शब्द हो । 'निबन्ध' शब्दको अर्थ संस्कृत भाषामा 'बाँध्नु' भन्ने हुन्छ ,'निबन्धीति निबन्ध' अथवा 'निबध्नाति इति निबन्ध' वा 'निबध्नातीति' आदि । निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुना 'नि' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको हो । यसरी व्युत्पादित निबन्ध शब्दका विविध अर्थहरू प्रचलित छन् । यज्ञवल्क्य स्मृतिमा निबन्धो द्रव्यमेव तथा अमरकोशमा अनाहीतस निबन्ध : स्मात् भनेको पाइन्छ । यसका अतिरिक्त साहित्यिक तात्पर्यमा पनि निबन्ध शब्दको प्रयोग भएको छ । साहित्यिक सन्दर्भमा प्रयुक्त निबन्ध शब्दले विशिष्ट रूपमा साहित्यिक विधाविशेषलाई जनाउँछ । प्रथमतः निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो । पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो । अहिले यसले विशिष्ट किसिमको साहित्यिक गद्यविधालाई बुझाउँछ । हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो । निबन्ध साहित्यका

विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो । मान्छेको सोचाइ, विचार, आग्रह, प्रतिभा, खूबी आदिको आँकलनका आधारमा व्यक्ति र विषयको बोध हुने हुँदा कृतिको स्तरीयता र स्तरहीनताका आधारमा निबन्धलाई दुवै (जेठो तथा कान्छो) विधा मानिएको हो । समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो लगभग बीसदेखि तीस मिनेट समयावधिको सीमामा पढिसकिने गद्यात्मक अभिव्यक्ति हो । अतः निबन्ध भन्नाले अनुभवजन्य नयाँ कुराहरूमा बाँधिएर त्यसैलाई बताउने वा व्यक्त गर्ने प्रयासजन्य कला हो । पाश्चात्य जगतबटा उदय भएको साहित्यका अन्य विधाहरूमध्ये निबन्ध विधा हो । साहित्यका अन्य विधाहरू सरह यसको आफ्नै छुट्टै विशेषता एवम् महत्तव रहेको पाइन्छ । विभिन्न शब्दकोशहरू तथा विद्वानहरूले निबन्ध विधालाई विविध प्रकारले परिभाषित गरेका पाइन्छन् । जसमा संस्कृत हिन्दी शब्दकोषानुसार निबन्ध भनको बाँध्नु, आसक्त कुनै साहित्यिक रचना – ग्रन्थ वा कुनै कृतिको टीका श्रृङ्खला, वृहद नेपाली शब्दकोशानुसार 'कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना हो', गोर्खा शब्दकोषानुसार 'कथासूत्रमा नउनिएको, एक बैठकमा पढी सिद्धिने विचारप्रधान लेख', हिन्दी शब्द सागरानुसार 'निबन्ध भनेको बाँध्नु हो, अतः कुनै एउटा निबन्धलाई योजनावद्ध पारेर सरल, रोचक, आकर्षक तथा स्पष्ट शब्दमा आफ्नो विचार प्रकट गर्नु नै निबन्ध हो', अ रिडर्स गाइड टू लिटरेरी टर्मस अनुसार निबन्ध भन्नाले -'एउटा छोटो रचना जो गद्यमा लेखिन्छ अनि एक वा त्योभन्दा अधिक शीर्षकहरूमा औपचारिक वा अनौपचारिक चर्चा गरिन्छ', अक्सफर्ड पेपर ब्याक अनुसार निबन्ध भनेको - 'एउटा छोटो साहित्यिक गद्यमय रचना' हो, कम्प्याक्ट् अक्सफर्ड डिक्सनेरी थेसारसअनुसार निबन्ध भन्नाले - 'कुनै एउटा निर्दिष्ट विषयमा

लेखिएको एक छोटो रचना' हो, यसप्रकार विभिन्न शब्दकोशले आ-आफ्ना प्रकारले निबन्ध शब्दको अर्थ प्रतिपादन गरेका भएतापनि सबैको केन्द्रित अर्थवोध साहित्यिक रचानभित्र नै पर्न गएको देखिन्छ । कोशकार आर एल टर्नरले पनि यस विधालाई लेख्यबन्ध, लेख्य प्रसङ्ग, लेख्य, लेख्यपत्र आदि भनेर उल्लेख गरेको पाइन्छ । अतः निबन्धलाई एक विशुद्ध साहित्यिक रचना नै हो भनी स्वीकार्न सठीक ठहर्दछ । निबन्ध लेख्न त्यस्ता लेखकहरूलाई मात्र सुहाउँछ जसको न केही प्रतिभा छ न ता अनुसन्धान गर्ने हुतिकार नै छ । अनि त्यस्ता पाठकका निम्ति यो लेखिन्छ जो विविधता र बोक्रे ज्ञानमै मख्ख पर्छन् ।' सेण्ट ब्यूव (Sainte Beuve) को विचारनुसार निबन्ध साहित्यको कठिनतम र रमाइलो विदा पनि हो । (क) – निबन्ध अपेक्षाकृत रूपमा सङ्क्षिप्त नै हुनुपर्छ । (ख) – यसमा कुनै पनि विषय प्रस्तुत गर्न सकिन्छ – प्रिस्ट्लेनुसार - सच्चा निबन्धकारका लागि कुनै विषय आवश्यक छैन । तर निबन्धकारको वैशिष्ट्य विषयलाई प्रस्तुत गर्दा त्यसमा व्यक्त गरिने तत्त्व निहित हुन्छ । (ग) – निबन्धमा कुनै एक केन्द्रीय भाव वा विचार हुन नितान्त आवश्यक रहन्छ । (घ) – यसमा व्यर्थको विस्तार, अव्यवस्थित वर्णन र शिथिलता अनावश्यक मात्र होइन, अवाञ्छनीय पनि मानिनु पर्छ । यसमा कार्यकारणको श्रृङ्खलाचाहिँ मिलेको हुनुपर्छ । (ङ) – यसमा हृदयपक्ष र बुद्धिपक्ष दुवैको सन्तुलित प्रयोग हुनुपर्छ । (च) – निबन्धमा लेखकले आफ्नो मान्यता, दर्शन वा विचार स्वच्छन्दतासाथ व्यक्त गर्न सक्छ, तर ऊ आफ्नो मान्यता पाठकमाथि थोपर्न सक्तैन । ऊ मित्रवत् आफ्नो विचार र अनुभव सुनाउन सक्छ । (छ) – निबन्ध विचारहीन बकवास प्रतीत नहोस, तर चिन्तनले थिचिएको पनि नहोस् । (ज) – निबन्ध स्वरूपमा सुगठित, भावले मुखरित, शैलीले समुज्जवल र विचारले

पोषित हुनुपर्छ । (झ) – यसमा अज्ञात र अनुभूत विषयलाई प्रस्तुत गर्नु उचित हुँदैन । आदि । निबन्ध लेखनको इतिहासमा सर्वप्रथम निबन्ध भन्न सुहाउने खाले गरी फ्रान्सेली लेखक मोतेञले निबन्ध लेख्न सुरू गरेपछि वर्तमान युगसम्म चार सय वर्षसम्म धेर अवधिको दीर्घ विकास क्रम चलिसकेको र यसले व्यवस्थित रूप लिएर साहित्यको एउटा प्रतिष्ठित विधा भनेर सम्बोधन गरिइसकेको भए तापनि निबन्ध विधा अझ विवादास्पद नै छ । यो विवाद भारतीय साहित्यमा विशेष रूपले निबन्ध र प्रबन्ध शब्दमाथि छ । प्रबन्ध शब्द 'प्र' उपसर्ग लागेको 'बन्ध' धातुमा 'धञ्' प्रत्यय हुँदा व्युत्पन्न हुन्छ । यसको मूल अर्थ बलियोसङ्ग बाँध्नु हो र यो निबन्धकै समानार्थी छ । प्रबन्धका कुनै एक विषय लिई त्यसको पोषणका निम्ति विभिन्न बाह्य तथ्य सङ्ग्रहको आवश्यकता पर्छ र ती तथ्यहरूलाई तर्कसम्मत युक्तिले परिवेष्टित गरी कथ्य विषयप्रति पाठकहरूको सहमति पनि प्राप्त गर्ने दिशातिर प्रबन्धकार लाग्नुपर्छ । हुनता समालोचनामा पनि मौलिक सिर्जना नपर्न सक्ने होइन तापनि निबन्धमा जति आवश्यक तत्तवका रूपमा यो रहँदैन । समालोचकलाई अध्ययन, मनन, विश्लेषण र सिद्धान्तहरूको जति आवश्यकता पर्छ त्यति तिनको आवश्यकता निबन्धकारलाई पर्दैन । अनुभूतिमा तीव्रता र त्यसलाई अभिव्यक्ति दिने सीप मात्र भएका एकजना निबन्धकार श्रेष्ठ निबन्धकार बन्न सक्छन् तर समालोचकलाई त्यति गुणले मात्र पुग्दैन । अतः सम्पूर्ण समालोचकहरू निबन्धकार बन्न सक्तैनन् र त्यसरी नै सम्पूर्ण निबन्धकारहरू समालोचक हुन पनि सक्तैनन् । निबन्ध र कथामा संरचना विधि र तत्वहरू बेग्ला बेग्लै हुने भएपनि कहिले काहीँ यी दुइका भेद छुट्याउन पाठकलाई गाह्रो पर्छ । निबन्धली बढी स्वतन्त्रता दिएका कारणले कहिले काहीं यसले कथाको क्षेत्रली समेत अतिक्रमण गर्ने गरेको

देखिन्छ । कथामा झैं नै निबन्धमा विषयवस्तु, संवाद्, पात्र – पात्रा, देश – काल परिस्थिति, भाषाशैली र उद्देश्य पनि रहने भएकाले आजभोलि विभिन्न पत्र – पत्रिकामा प्रकाशित 'कथात्मक निबन्ध' र 'निबन्धात्मक कथा' - हरु देखिने गर्न लागेका पाइन्छन । अतः कथामा लेखकको व्यक्तिगत विचारकै प्राबल्य भए त्यो निबन्धात्मक कथा हुने गर्छ र निबन्धमा पात्र – पात्रा, संवाद र घटनाका बाहुल्य भएमा त्यो कथात्मक निबन्ध हुने गर्छ ।

## 5.6 सार

● प्रबन्ध शब्द 'प्र' उपसर्ग लागेको 'बन्ध' धातुमा 'धञ्' प्रत्यय हुँदा व्युत्पन्न हुन्छ । यसको मूल अर्थ बलियोसङ्ग बाँध्नु हो र यो निबन्धकै समानार्थी छ ।

● निबन्ध लेखनको इतिहास पहिल्याउँदै जाँदा प्लेटो, प्लुटार्क, प्लिनी, मार्कुस, थियोफ्रेसटससम्म पुग्नु पर्छ ।

● निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुना 'नि' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको हो ।

पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो । अहिले यसले विशिष्ट किसिमको साहित्यिक गद्यविधालाई बुझाउँछ ।

● पाश्चात्य जगतबटा उदय भएको साहित्यका अन्य विधाहरूमध्ये निबन्ध विधा हो । साहित्यका अन्य विधाहरू सरह यसको आफ्नै छुट्टै विशेषता एवम् महत्तव रहेको पाइन्छ ।

● साहित्यका कविता, कथा नाटक, समालोचना विधाहरूमा निबन्ध तथा प्रबन्धलाई पनि अभिन्न विधाको रूपमा मानिन्छ ।

● निबन्धले कुनै वस्तुको गुण र दोष वा त्यो वस्तु वा घटनाद्वारा मानव हृदयमा परेका प्रभाव वा प्रतिक्रियालाई आतमरागरञ्जित रूपमा व्यक्त गर्छ भने समालोचनाले चाहिँ वस्तुपरक रूपमा ।

● निबन्धको समालोचना समालोचकहरूले लेख्न सक्छन् तर समालोचनाको निबन्ध भने लेखिंदैन ।

● निबन्धमा घटना, पात्र र संवाद्को मात्रा बढी भएमा सो कथात्मक निबन्ध हुन्छ र ठीक यसैका विपरीत कथामा लेखकको व्यक्तिगत विचार, भाव – भावना, कल्पना र वर्णनात्यकताको अंश बेशी भएका त्यो निबन्धात्मक कथा हुन्छ ।

● देवकोटा लिखित 'आषाढको पन्ध्र' र 'पहाड़ी जीवन' यस्तै प्रकारका कथात्मक निबन्धकार हुन् । ताना शर्माका 'बेलाइततिर बरालिंदा' र 'पाताल प्रवेश' मा यस्तै प्रकारका धेरै वर्णनात्मक कथा – प्रधान नियात्राहरू परेका देखिन्छन् ।

● कथामा लेखकको व्यक्तिगत विचारकै प्राबल्य भए त्यो निबन्धात्मक कथा हुने गर्छ र निबन्धमा पात्र – पात्रा, संवाद र घटनाका बाहुल्य भएमा त्यो कथात्मक निबन्ध हुने गर्छ ।

## 5.7 अनुशीलनी

Notes

(1) निबन्धको स्वरूपलाई विस्तार पूर्वक चर्चा गर्नुहोस्।

(2) पाश्चात्य साहित्यमा निबन्ध लेखन परम्परामाथि विवेचना गर्नुहोस् ।

(3) निबन्ध विधाको अन्य विधासित तुलना गर्ने आधारहरूबारे चर्चा गर्नुहोस्।

(4) प्रबन्धको व्युत्तपितमूलक अर्थ र स्वरूपबारे समीक्षात्मक टिप्पणी गर्नुहोस् ।

(5) निबन्ध र समालोचनामाझ देखिने स्वरूपगत भिन्नताबारे विस्तारपूर्वक चर्चा गर्नुहोस् ।

(6) निबन्ध र कथाबिच पाइने स्वरूपगत भिन्नतामाथि विवेचना गर्नुहोस् ।

---

## 5.8 अतिरिक्त अध्ययन

---


1 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध**

2 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**

3 - पारसमणि भण्डारी, यादवप्रकाश लामिछाने, तुलसीराम घिमिरे, सालिकराम पौडयाल र टीका पौडेल **नेपाली नाटक, एकाङ्की र निबन्ध**

4 – प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

5 – डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा **नेपाली साहित्यको संक्षिप्त इतिहास**

6 – रत्नध्वज जोशी **आधुनिक नेपाली साहित्यको झलक**

7 - डा. कुमारबहादुर जोशी, **लक्ष्मी निबन्धसंग्रहका निबन्धहरूमा देवकोटाका काव्य मान्यता**

8 - प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

9 - मोहनराज शर्मा (सं) **नेपाली निबन्ध भाग-1**

10 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

# 5.9 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

७. 'निबध्नाति इति निबन्ध' वा 'निबध्नातीति' – को अर्थ ।

.......................................................................................

......

.......................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 5.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

८. पाश्चात्य साहित्यमा निबन्ध लेखनको परम्परा

.......................................................................................

.......................................................................................

.................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 5.3 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. निबन्ध र प्रबन्धमाझ को साम्य - वैसम्य।

.......................................................................................

.......

.......................................................................................

......

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 5.4.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. निबन्ध र समालोचनामाझ देखिने स्वरूपगत भिन्नता ।

........................................................................................

......

........................................................................................

........

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 5.4.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. निबन्ध र कथाबिचको साम्य र वैसम्य ।

........................................................................................

.......

........................................................................................

...

**(प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 5.4.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 6, नेपाली निबन्धको थालनी , स्वरूप, विकास

□ □ □ □ □ □

6.1 उद्देश्य

6.2 परिचय

6.3 नेपाली निबन्धको थालनी, स्वरूप, विकास

6.3.1 नेपाली निबन्धको थालनी -

6.3.2 नेपाली निबन्धको स्वरूप -

6.3.3 नेपाली निबन्धको विकास –

6.3.3.1 कालविभाजन र विवरण

6.3.3.1. (क) पृष्ठभूमिकाल वा प्रारम्भिक कालः 1831 देखि 1957 सम्म-

6.3.3.1. (ख) निर्माणकाल वा माध्यमिक कालः 1958 देखि 1991 सम्म-

6.3.3.1. (ग) विकासकाल वा आधुनिक कालः 1992 देखि हालसम्म-

6.4 उपसंहार

6.5 सार

6.6 अनुशीलनी

6.7 अतिरिक्त अध्ययन

6.8 मुल्यबृद्धिका निम्ति उत्तर

## 6.1 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- निबन्धको सामान्य चर्चा
- नेपली निबन्धको थालनीको
- नेपाली निबन्धको स्वरूपको परिचय
- नेपाली निबन्धको विकास परम्परा

## 6.2 परिचय

निबन्ध संस्कृतको शब्द हो । यसलै नेपाली र हिन्दी साहित्यमा प्रचलित गद्यमय विधा विशेषलाई जनाउँछ । 'निबन्ध' शब्दको अर्थ संस्कृत भाषामा 'बाँध्नु' भन्ने हुन्छ ,'निबन्धीति निबन्ध' अथवा 'निबध्नाति इति निबन्ध' वा 'निबध्नातीति' आदि । निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुना 'नि' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको हो । यसरी व्युत्पादित निबन्ध शब्दका विविध अर्थहरू प्रचलित छन् । यज्ञवल्क्य स्मृतिमा निबन्धो द्रव्यमेव तथा अमरकोशमा अनाहीतस निबन्ध : स्मात् भनेको पाइन्छ । यसका अतिरिक्त साहित्यिक तात्पर्यमा पनि निबन्ध शब्दको प्रयोग भएको छ । साहित्यिक सन्दर्भमा प्रयुक्त निबन्ध शब्दले विशिष्ट रूपमा साहित्यिक विधाविशेषलाई जनाउँछ । प्रथमतः निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो । पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो । पाश्चात्य जगतबटा उदय भएको साहित्यका अन्य विधाहरूमध्ये निबन्ध

विधा हो । साहित्यका अन्य विधाहरू सरह यसको आफ्नै छुट्टै विशेषता एवम् महत्तव रहेको पाइन्छ । आधुनिक निबन्धका अन्वेषक मोतेञले यस विधालाई लेखकसङ्गको अभिन्न तत्तव (Consubstantial) मान्दै यसो भनेका पाइन्छ – 'यी (निबन्ध) द्वारा कुनै नवीन सत्यको रहस्योद्घाटन गरें भन्ने दावी गर्दिन । मेरो काम केवल पाठकलाई आफ्नु हृदय खोलेर देखाउनु हो । ' उनले अझ भनेका छन् – 'म नै मेरा निबन्धको विषयवस्तु हुँ किनभने मलाई सबैले भन्दा राम्ररी चिन्ने व्यक्ति म स्वयं हुँ ।' अतः निबन्ध लेखक नित्य नै स्वतन्त्र भाव- सम्प्रेषक, स्पष्टवादी, आत्मविश्लेषक र ईमान्दार वक्ता हुँदछ । खास अर्थमा निबन्ध नितान्त वैयक्तिक (Essential Personal) हुन्छ त्यसर्थ निबन्ध साहित्य रचनामा आत्म-अभिव्यञ्जना (Self - expression) हो । निबन्धप्रतिको परिभाषा सन्दर्भमा सर्वप्रथम र संधै नै डा. जोन्सनको भनाई उद्धृत गरिन्छ । उनको भनाईमा निबन्ध भनेको 'मानसिक जगतको त्यो थाकेको बुद्धिविलास हो, जसमा न कुनै क्रम छ न कुनै नियम । यो विचारहरूको अपरिपक्व र अव्यवस्थित रचना हो ।' निबन्ध लेखकको सामूहिक रूप नै निबन्धभित्र पौडी खेल्ने तरङ्ग र कल्पनाको समुद्र हो । लेखकले जस्तो पनि विषयलाई निबन्धको माध्यम निजी रूपमा सहजै खेलाउन सक्दछ । वास्तवमा निबन्धको विषय पनि एकप्रकारले निबन्धकार स्वयं नै हुने गरेको हुँदछ । निबन्ध शब्दको अर्थ आधुनिक युगसहाउँदो बनाउन खोज्दै अक्सफोर्ड अङ्ग्रेजी शब्दकोशकार मरेले निबन्धको परिभाषा आफ्नु शब्दकोशमा यसरी दिएका छन् – 'निबन्ध भनेको कुनै विशेष विषयमाथि वा विषयको शाखामाथि लेखिएको ठीकैको लमाइ भएको र आरम्भमा पूर्णताको अभाव बुझिएको ओ डा. जोन्सनद्वारा 'एउटा अनियमित र अपरिपक्व रचना' ठानिएको तथापि वर्तमान युगमा भने विस्तारमा

सीमित भए पनि शैलीमा प्रायः सुगठित भएको रचना हो ।' ह्यू वाकरले 'अङ्ग्रेजी निबन्ध र निबन्धकारहरू' शीर्षक आफ्नु पुस्तकमा निबन्धको विशेषता र महत्वमाथि प्रकाश हाल्दै भनेका छन् – 'निबन्धको क्षेत्र अति विशाल र व्यापक छ । एककोषी जीवदेखि लिएर मानिससम्म वा धूलराशिदेखि लिएर आकाशका तारामण्डलसम्म व्याप्त कुनै पनि विषयमाथि निबन्ध लेख्न सकिन्छ ।' निबन्ध कस्तो हुनुपर्छ भन्ने विषयमा चाहिँ उनले यसो भनेका छन् – 'निबन्धकार र उनका पाठकका बीचको हलौं र आरामदायक तथा विश्वस्त सम्बन्ध झैं एउटा आदर्श निबन्ध हुनुपर्छ ।' प्रिस्टलीले साँचो निबन्धकारका अधीनमा प्रत्येक वस्तु छन् र उसको मुख्य कर्तव्य आफ्नै बारेमा कुरा गर्नु वा कुनै विषय र आफ्नु बीचको सम्बन्धलाई अभिव्यक्त गर्नु हो भनेका छन् । 'निबन्धकार जीवनको समग्रताको अनुभव एवम् आनन्दको अनुभूति एकसाथ गर्न खोज्छ । कविझैं जीवनको विराटता, सूक्ष्मता वा सुब्रता मात्रसित उसको प्रयोजन रहँदैन । ऊ त जीवनको आभाले सन्तुष्ट हुन्छ, पूर्ण प्रकाशको ज्वालाको अनुभूतिको इच्छुक हुँदैन । अतः निबन्धकारको रोमान्स लेखकसित बिलकुलै मेल हुन्न । निबन्धकार जीवनको तटस्थ द्रष्टा हो, ऊ व्यर्थको स्वप्नलोकमा आफूलाई बेपत्ता पार्न चाहँदैन । ऊ त हाम्रो लक्ष्यको साथी हो, गफको पथिक हो, यात्राको सहचर हो । निबन्धकारको मनोदशा जस्तोसुकै होस्, उसको जीवनलाई हेर्ने दृष्चि पचास प्रकारको होस्, केवल एक काम निबन्धकार गर्न सक्तैन र त्यो हो जीवनको उपेक्षा ।' नेपालीका विद्वान ईश्वर बराल – ले आफ्नु सम्पादित ग्रन्थ 'सयपत्री' को भूमिकामा निबन्धको परिभाषा यसरी दिएका छन् – निबन्ध एक किसिमको कुरागराइ हो । यो हो लेखकको मनका भावनाहरूलाई स्वगत कथनको रूपमा उद्ररिक्त गराउने विधा विशेष । आफ्नु गुनासो अरूलाई

सुनाउनु, मनको बह पोख्नु, हृदयलाई सकेसम्म छर्लङ्याइदिनु, आन्तरिक सन्देशलाई फिँजाइदिनु मानिसका आद्य तिर्सना हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ, साउती गरेर तिनलाई आफूप्रति सहानुभूतिशील बनाउन खोज्छ ।' लक्ष्मीप्रसाद देवकोटा – निबन्धसम्बन्धी देवकोटाले छुट्टै परिभाषा लेखेका नभए तापनि 'लक्ष्मी निबन्ध संग्रह' को भूमिका र प्रथम निबन्ध 'श्री गणेशाय नमः' मा निबन्धप्रति उनको धारणाको जानकारी प्राप्त हुन्छ । 'श्री गणेशाय नमः' मा उनी लेख्छन् – " यो (निबन्ध) रौचिरा दर्शन होइन, न हो पण्डित्य प्रदर्शनको ठ्यासाफु ! यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरूरत छैन । यो एक किसिमको धूर्त बदमाश ठिटो हो – जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्दछ, तर घोरिँदैन – पाठघोकुवा हल्लन्तेका मिजाजले । यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो । यो टेबिल गफ हो, चश्मादार अध्यापकको व्याख्यान होइन, न त बमन वेदान्त । " उल्लेखित परिभाषाहरूबाट हामी के भन्न सक्छौं भने निबन्ध एक प्रकारले कुरा गराई हो । आफ्ना मनका भावहरूलाई स्वागत कथनको रूपमा व्यक्त गर्ने विधाविशेष । अन्तरङ्ग विचार वा भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषयविशेषमा केन्द्रित कलात्मक गद्यरचनालाई 'निबन्ध' भनिन्छ । मुलतः विषयगत ऐक्य नभएको निबन्ध कलाको कोटीमा आउन सक्तैन । विषयान्तर हुनु वा अप्रासङ्गिक विषय समावेश हुनु कलागत कमजोरी हो । निर्दिष्ट विषयमा केन्द्रित निबन्धमा रचना-विधानगत अनुशासन पाइन्छ । आफ्नो गुनासो पोख्नु आफ्नो सन्देश ओसार्नु निबन्धकारको आद्य तृष्णा

हुन् । निबन्धलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले परिभाषित गरे पनि यो आख्याननिरपेक्ष गद्यरचनाका रूपमा देखिन्छ र यसको तात्पर्यगत अर्थ पनि यही हो । वैयक्तिकता निजात्मकता, आत्मप्रकटीकरण, सङ्क्षिप्तता, विषयवस्तुगत स्पष्टता, बौद्धिकता, हार्दिकता, विचारको प्रतिपादन आदि निबन्धका आधारभूत तत्त्व हुन् भने संवेदना र अनुभूतिको सहजता, भावको सघनता, तार्किकता पनि निबन्धका उपकरण हुन् । आधुनिक साहित्यका विभिन्न विधागत रूपका जन्म पाश्चात्य जगतबाट भए झैं निबन्ध विधाको जन्म पनि ईस्वीको सोह्रौं शताब्दीको उत्तरार्द्धमा फ्रान्समा भएपछि यसको विकास भने बेलायतमा भएको हो । विशेष फ्रान्सबाट र यस विधाको आविष्कारक फ्रान्सकै नागरिक मिशेल दि मोतेञ (ईस्वी 1533-92) लाई जाँदछ उनले आफ्ना जीवनमा भोगेका तथा अनुभव गरेका कुराहरूलाई निबन्धको रूप दिएर मा प्रकाशित गरे । जसको अङ्ग्रेजीमा अनुवाद जोन फ्लोरिओले ईस्वी 1603 मा गरेर प्रकाशित रूपमा निकालेपछि यूरोप वा पाश्चात्य जगतमा निबन्ध विधाको प्रसिद्धि फैलिएर गयो । फलस्वरूप अङ्ग्रेजी साहित्यले फ्रान्सिस बेकन (1561-1626) जस्ता सशक्त गद्य लेखक र निबन्धकार पाउन सक्यो । प्रभाव र प्रेरणास्वरूप पछि विश्वप्रसिद्ध निबन्धकारहरूमा विशेष विलियम हेजलिट् (1778-1830), चार्ल्स ल्याम्ब् (1775-1834), जोसेफ एडिसन (1672-1719), रिचार्ड स्टीईल हुँदै रबर्ट लिण्ड (1871-1942) जस्ता आधुनिक निबन्धकारहरू देखा पर्दै आए । यसरी यो निबन्ध भन्ने आधुनिक विधा विश्वसाहित्यका अन्य प्रायः सबै भाषाका साहित्यमा प्रसिद्ध र प्रचलित हुनपुग्यो । आज आएर नेपाली साहित्यमा पनि हामीले लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने, हृदयचन्द्रसिंह प्रधान, अच्छा राई

'रसिक', कमल दीक्षित, रामकृष्ण शर्मा, केशवराज पिंडाली प्रभृति निबन्धकारहरू पाएर धन्य बनेका छौं ।

## 6.3 नेपाली निबन्धको थालनी, स्वरूप र विकास

**6.3.1 नेपाली निबन्धक थालनी -** जुन विधालाई साहित्यिक बौद्धिकताले विशिष्ट अर्थमा निबन्ध भनेको छ, त्यो पाश्चात्य देन हो। यस विधाका जन्मदाता थिए फ्रान्सका माइकेल द मोन्तें। ई. 1580 मा उनले प्रथमपल्ट 'एसे' शब्दको प्रयोग गरेका थिए। हुनत इतिहास पैल्याउँदै जाँदा सोह्रौ शताब्दीभन्दा धेरै वर्षअघि नै ग्रीसका थियोफ्रेटस र प्लुटार्क, रोमका सिसेरो र सेनेकाद्वारा निबन्धहरू लेखिएको पाइन्छ, तर ती कृतिहरूको साहित्यिक विधाका रूपमा स्तरीकरण भएको थियो। उनका निबन्धहरूमा आत्माभिव्यक्तिको प्राबल्य थियो। अङ्ग्रेजी साहित्यमा फ्रान्सिस बेकनद्वारा सोह्रौं शताब्दीको पुछारतिर यस विधाको प्रवेश भयो। अङ्ग्रेजी साहित्यमा सत्रौं र अठारौं शताब्दीमा पत्रपत्रिकाको उदयले यस विधाको विकासमा झन् तीव्रता ल्यायो। अङ्ग्रेजी साहित्यमा यस विधाले व्यापक क्षेत्रलाई ओगटयो। यस विधाको लोकप्रियताले सारा विश्वसाहित्यलाई नै प्रभावित पार्‍यो। आधुनिक कालमा यस विधाको व्यापक सीमाभित्र समीक्षा, पुस्तक-समीक्षा, जीवनी, सम्पादकीय, लेख, प्रतिवेदन, शोधपत्र आदि सबै समेटिएको पाइन्छ। पूर्वीय तथा पाश्चात्य दुवै साहित्यमा गद्यको अस्तित्व प्राचीन कालदेखि नै रहेको पाइन्छ तर साहित्यशास्त्रअनुसार सबै गद्यलाई निबन्ध भनिन्दैन। संस्कृत विधाको आफ्नै रूप-सौष्ठव तथा कला-अनुशासन छ जसको इतिहास खोज्दै जाँदा मोन्तें र बेकनमै पुग्नुपर्ने हुन्छ। मानिसको पहिलो वाणी गद्यमै प्रस्फुटन भएको हो। सभ्यताको

प्रारम्भदेखि ज्ञानविज्ञानको दिशामा क्रमशः अगाडि बढ्दै गएको मानिसले एकअर्कालाई चिनाएको नै गद्यको माध्यमले हो। सामान्य व्यवहारदेखि लिएर उच्चकोटिको चिन्तन र मननमा समेत गद्यको प्रभावले गर्दा गद्यकविताको जन्म हुन गएको छ। गद्यमा पनि कविता हुन सक्छ भन्ने उदाहरण पुस्किन, लु सून आदिले पेस गरिसकेको पाइन्छ। तसर्थ साहित्यमा गद्यले व्यापक क्षेत्र ओगटेको मात्र छैन परन्तु प्रभावको विस्तार पनि गर्दै आएको छ। यही कारणले गर्दा उपन्यासलाई आधुनिक महाकाव्य भनिन थालिएको छ।

नेपाली गद्यको प्रमुख विधा निबन्धको ऐतिहासिक आधार खोज्दै जाँदा नेपाली भाषाको इतिहास कोट्ट्याउनुपर्ने हुन्छ। अहिलेसम्मको खोजअनुसार लेख्यसामग्रीको अध्ययन गर्दा नेपाली भाषा प्रारम्भमा गद्यरूपमै व्यक्त भएको देखिन्छ। यस कुराको उदाहरणका निमित्त प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूलाई अघि सार्न सकिन्छ। शाके 603 देखिका ती प्राचीन अभिलेखहरूमा हुनत साहित्यिकता केही पनि भेटिदैन तर तिनमा हामी नेपाली गद्यभाषाको इतिहास पाउन सक्तछौं। शिलापत्र, ताम्रपत्र वा सुवर्णपत्रहरूमा प्राचीन नेपाली गद्यभाषा सुरक्षित रहनुले के स्पष्ट पार्दछ भने मानिसमा आफ्नो वाणीलाई अभिव्यक्त गर्ने र विकसित तुल्याउने प्रवृति रहन्छ- त्यो वाणी जुनसुकै विषयसँग पनि सम्बद्ध किन नहोस्। प्रारम्भमा यो प्रवृति सीमित क्षेत्रभित्र खुम्चिएको हुन्छ तर कालक्रममा पछि त्यो क्रमशः विस्तारित हुँदै गएर साहित्यका क्षेत्रमा त्यसले प्रवेश पाउँछ। तसर्थ साहित्यिक निबन्धलाई अभिलेखको प्राचीन परम्परासँग सम्बद्ध गर्नु समीचिन हुन जान्छ।

विक्रमको उन्नाइसौं शताब्दीमा नेपाली गद्यले साहित्यिक रूप पाउनुभन्दा पहिले कुन-कुन स्थितिलाई पार गर्दै इतिहासको निर्माण गर्‍यो त्यसको

जानकारी प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूको विश्लेषण गर्दा प्राप्त हुन्छ। अर्जित ज्ञान तथा विविध चेतनालाई लिपिबद्ध गर्ने जुन चेष्टा एकीकरणपूर्व भयो त्यसलाई नेपाली गद्यबाट पृथक् गर्नु युक्तिसङ्गत हुँदैन। नेपाल एकीकरण अभियानबाट नेपाली मात्रमा जुन प्रकारको सांसकृतिक र राजनैतिक जागरण आयो त्यसको प्रतिबिम्ब समयसापेक्ष नेपाली निबन्धमा गद्यमा संस्कृतिकै प्रभाव प्रत्यक्ष रूपले पर्न थाल्यो। कैयौं वर्षअघिदेखि नेपाली समाजमा संस्कृत शिक्षाको प्रचलन भएकाले सांस्कृतिक परम्परालाई प्रतिबिम्बित गर्ने संस्कृतका कृतिहरू नेपालीमा अनूदित हुनु.स्वाभाविकै थियो। प्रारम्भिक कालमा आख्यानको फाँटतर्फ एकातिर पुराण आदिका धार्मिक कथाहरू नेपालीमा अनूदित भए भने आख्यानेतर फाँटतर्फ अर्कातिर योग तथा अध्यात्म विषयका धार्मिक पुस्तकहरू अनूदित भएर गयो। प्रारम्भका लक्ष्मी-धर्म संवाद, तुलसीस्तव, गोरक्ष योगशास्त्र, राजधर्म, वाणोपनिषद्, आत्मबोध, योगवाशिष्ट सार, वैराग्याम्बर आदिलाई यसै सन्दर्भमा हेर्न सकिन्छ। संस्कृतबाट सोझै गृहीत यी गद्यहरू तत्कालीन बौद्धिक परिवेशका अनुकूल थिए। त्यस बेला संस्कृत बाङ्मयको प्रभाव कति धेरै थियो। भने राजनैतिक शिक्षाको मूल स्रोतका रूपमा पनि संस्कृतलाई नै लिएको थियो। यसरी हेर्दा प्रारम्भका नेपाली गद्यमा तत्कालीन बौद्धिक वातावरण प्रतिबिम्बित भएको पाइन्छ।

नेपाली साहित्यमा माध्यमिक कालको प्रारम्भ सं. 1940 तिरदेखि भएको मानिन्छ। यसै कालमा नेपाली साहित्यले मुद्रण-युगमा प्रवेश गरेको र नेपाली पत्रकारिताको समेत उदय भएकाले यो युग धेरै महत्त्वपूर्ण रह्यो। साहित्यिक विकासका लागि संस्थागत सङ्गठनको प्रयास पनि यसै कालमा हुन कम महत्त्वपूर्ण छैन। आख्यानेतर (Nonfiction) नेपाली गद्यमा दुई महत्त्वपूर्ण अध्यायको प्रारम्भ यसै कालमा भयोः ती थिए- (1) सं.

1943 देखि नेपाली पत्रपत्रिकाको प्रकाशनारम्भ हुनु र (2) सं. 1969 मा हेमराजको चन्द्रिका व्याकरणको प्रकाशन हुनु। सं. 1970 मा गो. भा. प्र .स. को स्थापनाले पनि नेपाली गद्यको विकास र समृद्धिमा ठूलो योगदान दियो। नेपाली कथाझैं नेपाली निबन्ध पनि पत्रकारितासँग सम्बद्ध हुन थालेपछि नै स्वरूपात्मक विकासतर्फ अग्रसर भएको थियो। गोर्खापत्र, माधवी, चन्द्र, गोर्खाली, चन्द्रिका, जन्मभूमि, गोर्खा संसार, नेपाली साहित्य सम्मेलन पत्रिका आदिमा प्राकाशित भएका निबन्धहरू यस कुरामा प्रमाणका रूपमा हामी अघि उभिएका पाइन्छन्। त्यस बेला नेपालमा जहानियाँ राणाशासन भएको हुँदा बौद्धिक वातावरण शून्यप्रायःनै रहेको थाहा लाग्छ। नेपाली जनतालाई बौद्धिक वातावरणमा राख्नु राणशासनको नीतिको विरूद्ध थियो। त्यसैले गोरखापत्रले नेपाली निबन्धका निमित्त उल्लेखनीय ठोस योगदान दिन सकेन। तर भारतका दार्जीलिङ, बनारस देहरादूनतिर बस्ने नेपालीहरू भने जातीय उन्नतिको चेत्नाद्वारा प्रेरित थिए। भारतका ती ठाउँहरूमा बौद्धिक जागरणका लागि अनेक प्रयासहरू भए, जसमध्ये एउटा थियो पत्रपत्रिकाको प्रकाशन तथा सम्पादन। यस्ता प्रयासहरू नेपाली निबन्धको स्वरूपात्मक विकासका लागि वरदान सिद्ध हुँदै गएको देखिन्छ। त्यसैले नेपाली निबन्धको इतिहासमा सर्वप्रथम भारतबाट प्रकाशित भएका पत्रपत्रिकाहरूबाटै परम्पराको निर्माण भएको पाइन्छ।

हेमराजको चन्द्रिका व्याकरणले नेपाली गद्यलेखनलाई स्थिरीकण तथा स्तरीकरण गर्‌यो। छन्दविधान, लय-सङ्गति, अलङ्गार-प्रयोग र संरचनागत सीमाले गर्दा पद्य रचनालाई व्याकरणको नियमभित्र अनिवार्य रूपले बाँध्न सकिदैन तर गद्य रचनामा यस्ता कालविधान रहने भएको हुँदा व्याकरणको बढी चासो रहेको हुन्छ। गद्यको रचनाविधानमा शब्दावली

(Vocabulary), वाक्यगठन, अनुच्छेद योजना र आन्तरिक सङ्गठनदेखि लिएर वर्णविन्यास र लेखनपद्धतिसमेतको अनिवार्य अपेक्षा रहेको हुन्छ। हेमराजको चन्द्रिका व्याकरणको परम्परालाई नेपाली बौद्धिकवर्गले अहिलेसम्म मान्यता दिनु यस कुराको प्रमाण हो।

गो.भा.प्र.स. (पछि ने.भा.प्र.स.) एक सक्रृय प्रकाशन संस्था पनि थियो, जसले प्रकाशित गरेका विभिन्न विषयका पाठय तथा अन्य पुस्तकहरूबाट तत्कालीन शैक्षिक वातावरणको परिचय पाउन सकिन्छ। यस समितिको कार्यक्षेत्र केवल काव्य वा साहित्यमा मात्र सीमित थिएन। वाङ्मयका प्रायः सबै पक्षमा यस समितिले तत्कालीन परिस्थितिअनुकूल योगदान दियो। यस समितिले नेपाली भाषाको स्तरीकरणका लागि गरेको प्रयास ऐतिहासिक महत्त्वको थियो। यसले प्रकाशित गरेका पुस्तकहरू हेर्दा के देखिन्छ भने नेपाली गद्यसाहित्यलाई शिक्षाका रूपमा प्रयोग गरेर अधिराज्यभर राष्ट्रभाषा नेपालीको प्रचार गर्ने सत्प्रयास यस संस्थाले प्रथमपल्ट गर्‍यो।

सामजिक स्थिति र बौद्धिक चेतनाको प्रेरणाबाटै नेपाली निबन्धको मध्ययुगीन स्वरूप निर्मित भयो। नेपालमा राणशासकको बढ्दो अन्याय र अत्याचारबाट जब नेपाली जनता ज्यादै पीडित हुन थाले आन्तरिक राजनैतिक सङ्गठनको फलस्वरूप अनेक क्रियाकलापहरू हुन थाले, परिस्थितिवश मध्यमवर्गीय चेतनाले मूर्त रूप लियो र शासकवर्गप्रति त्यस चेतनाले आक्रोश व्यक्त गर्न थाल्यो। देशमा अप्रत्यक्ष रूपले बौद्धिक वातावरणको निर्माण भयो। छिमेकमा भइरहेको स्वन्त्रतासङ्ग्रामले पनि नेपाली जनतालाई सङ्गठनका निमित्त प्रेरणा दिइरहेको थियो। सङ्गठनलाई फुटाल्ने शासकवर्गको शक्ति पनि कम सानो थिएन किनभने त्यस वर्गले भित्रभित्रै छिमेकी भारतमा राज्य गरी बसेका अङ्ग्रेजहरूको

समर्थन र सहयोग पाएको थियो। जनतालाई सदा मूर्ख बनाई त्यसमाथि बुई चढ्ने राणवर्गको नीतिले गर्दा बौद्धिक परिवेशका निमित्त त्यस बेला बिलकुल प्रतिकूल स्थिति थियो। ज्ञानका क्षेत्रमा निषेधका सीमाहरू यथेष्ट थिए तर यति भएर पनि त्यस वर्गकै नीतिका कसूरले गर्दा देशको मध्यमवर्ग झन् झन् चेतनशील बन्दै थियो। यी चेतनशील वर्ग शासकवर्गसङ्गको शीतयुद्धमा सङ्लग्न चोखो भोकले कुतकुत्याइसकेको थियो। सं. 1997 को शहीदकाण्ड देशमा चेतनाको वृद्धिका लागि उत्प्रेरक बन्यो। यसरी देशमा राजनैतिक वातावरण जटिल बनिरहेको र मध्यमवर्गीय चेतना बौद्धिकतातर्फ अग्रसर भइरहेको स्थितिमा सं. 1991 मा शारदाको प्रकाशन भयो। नेपाली साहित्यको इतिहासमा यस पत्रिकाको प्रकाशन एक सुनौला घटना थियो। नेपाली समाजलाई नै आधुनिकीकरण गर्ने जुन मनोकामना त्यस बेलाको चेतनशीलवर्गमा थियो, त्यसको मूर्तरूप यस पत्रिकामा प्रकाशित कृतिहरूमा देखा पर्‍यो। नेपाली कथाझैं नेपाली निबन्ध पनि आधुनिक स्वरूप लिएर प्रथमपल्ट यसै पत्रिकामा देखा पर्नु ऐतिहासिक घटना हो।

राजनैतिक तथा सामाजिक सुधारवादी निबन्धको प्रकाशन शारदामा हुन सक्नु स्वाभाविकै थियो। ने.भा.प्र.स.को सेन्सरसीपको कैंची ज्यादै लाग्ने भएको हुँदा त्यस्ता सुधारवादी लेख-निबन्धहरू यस पत्रिकामा छापिनै पाउँदैनथे। परिस्थिति जटिल भए पनि दीर्घायुका लागि यो पत्रिका विवश थियो। त्यसैले एकातिर शासकवर्गको जय-जयकार गर्दै अर्कातिर यो पत्रिका राष्ट्रिय साहित्यको इतिहास- निर्माणमा परम्परालाई अघि बढाउँदै थियो। चेतनशील लेखकवर्गको सहयोग र योगदान पाएकैले गर्दा यो पत्रिका दीर्घकालतक जीवित रह्यो पनि । अधुनिक चेतना भएका लेखहरू

शारदाका सहयोगी भएकाले आधुनिक निबन्धको पहिलो प्रकाशन पनि यसै पत्रिकामा भयो।

सं. 2007 सम्म शासकवर्गसङ्गको आन्तरिक सङ्घर्षमै नेपालीहरूको समय व्यतीत भयो। लेखकहरू विषयको व्यापकतातर्फ जान व्याकुल रहे, तर शासनतन्त्र व्यवधानका रूपमा खड़ा भयो। देशको इतिहास अँध्यारो बाटो भएर हिडिरहेको बखतमा लेखकहरूले प्रयास गर्दागर्दै पनि साँघुरो विषयमा सीमित हुनु स्वाभाविकै हो। सं. 2007 को क्रान्तिपश्चात् जब प्रजातन्त्रको ढोका खुल्यो, लेखकहरू बिषयको खुला मैदानमा उत्रिए। यस इतिहासलाई हेर्दा क्रान्तिपश्चात् आधुनिकताका विविध पक्ष र प्रवृत्तिहरू नेपाली निबन्धमा देखा परेको पाइन्छ। प्रजातान्त्रिक वातावरणमा सबैका निम्ति सुधार शब्द प्रिय भयो। निषेधका सीमाहरू भत्किए। ज्ञान विज्ञान, कला, संस्कृति आदि सबै क्षेत्रतर्फको प्रवेश खुला भयो। चेतना र जागरणको नयाँ वातावरण नेपाली साहित्यको प्रगतिका लागि सौभाग्य थियो ।

**6.3.2 नेपाली निबन्धको स्वरूप -** प्रथमतः निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो । पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो । अहिले यसले विशिष्ट किसिमको साहित्यिक गद्यविधालाई बुझाउँछ । निबन्ध शब्दसङ्गै अर्को शब्द प्रबन्ध शब्दले केही समयपछि आख्यान वा कथात्मक काव्यलाई पन सङ्केत गर्न थालेको पाइन्छ । यसरी संस्कृत साहित्यमा प्रचलित यी दुवै शब्द एउटै तात्पर्यमा प्रयुक्त भए तापनि वर्तमान सन्दर्भमा लेखकले सविस्तार विवेचना गरेको ग्रन्थलाई प्रबन्ध शब्दले सङ्केत गरी थेसिसको पर्याय भएको छ भने विचार वा भावलाई

Notes

बन्ध गरिएको रचनाविशेषलाई निबन्धले बुझाएको पाइन्छ । फ्रान्सेली नागरिक निबन्धका जनक मिशेल दि मोतेञको प्रारम्भिक प्रयास नै पनि आफ्ना जीवनगत अनुभवजन्य कुराहरू थिए । यसरी विश्व साहित्य जगतमा शनैः शनैः निबन्ध शब्दले व्यापकता पाउँदै गयो ।

पाश्चात्य जगतबटा उदय भएको साहित्यका अन्य विधाहरूमध्ये निबन्ध विधा हो । साहित्यका अन्य विधाहरू सरह यसको आफ्नै छुट्टै विशेषता एवम् महत्तव रहेको पाइन्छ । वास्तवमा प्राचीन निबन्धमा अपूर्णता, अनियमितता, शिथिलता अतएव बकवास आदि दोष पाउँछौं, तर आधुनिक निबन्ध एक प्रौढ र परिपक्व काव्यविधा बनिसकेको छ । प्रारम्भिक निबनधमा भावुकताको चञ्चल र निरङ्कुस प्रवाह छ । तिनमा न विचारको सङ्गठन छ, न कुनै विषयको ठोस, वैज्ञानिक र यथार्थिक विश्लेषण । तिनमा मुक्तविचरण मात्र छ । उत्तरदायित्वको निर्वाह गर्ने सचेष्टा तिनमा छैन । विगतका कतिपय नेपाली निबन्धकारहरू पनि यिनै दोषले ग्रस्त देखिन्छन् परन्तु वर्तमान निबन्धकार विषयको पूर्णज्ञान राख्तछ, विचारमा सन्तुलन राख्छ र पक्षविपक्षको आवश्यक र उचित विवेचन गर्दछ । आजको निबन्ध कलात्मक दृष्टिले सुगठित, दृढ एवम् अनुभव र विचारको दृष्टिले याथार्थिक र सन्तुलित छ । तसर्थ निबन्धगत प्राचीन मान्यता स्वतः खण्डित भइसकेका छन् । निबन्धलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले परिभाषित गरे पनि यो आख्याननिरपेक्ष गद्यरचनाका रूपमा देखिन्छ र यसको तात्पर्यगत अर्थ पनि यही हो । वैयक्तिकता निजात्मकता, आत्मप्रकटीकरण, सङ्क्षिप्तता, विषयवस्तुगत स्पष्टता, बौद्धिकता, हार्दिकता, विचारको प्रतिपादन आदि निबन्धका आधारभूत तत्त्व हुन् भने संवेदना र अनुभूतिको सहजता, भावको सघनता, तार्किकता पनि निबन्धका उपकरण हुन् । आधुनिक साहित्यका विभिन्न विधागत रूपका

जन्म पाश्चात्य जगतबाट भए झैं निबन्ध विधाको जन्म पनि ईस्वीको सोह्रौं शताब्दीको उत्तरार्द्धमा फ्रान्समा भएपछि यसको विकास भने बेलायतमा भएको हो । विशेष फ्रान्सबाट र यस विधाको आविष्कारक फ्रान्सकै नागरिक मिशेल दि मोतेत्र (ईस्वी 1533-92) लाई जाँदछ उनले आफ्ना जीवनमा भोगेका तथा अनुभव गरेका कुराहरूलाई निबन्धको रूप दिएर मा प्रकाशित गरे । जसको अङ्ग्रेजीमा अनुवाद जोन फ्लोरिओले ईस्वी 1603 मा गरेर प्रकाशित रूपमा निकालेपछि यूरोप वा पाश्चात्य जगतमा निबन्ध विधाको प्रसिद्धि फैलिएर गयो । फलस्वरूप अङ्ग्रेजी साहित्यले फ्रान्सिस बेकन (1561-1626) जस्ता सशक्त गद्य लेखक र निबन्धकार पाउन सक्यो । प्रभाव र प्रेरणास्वरूप पछि विश्वप्रसिद्ध निबन्धकारहरूमा विशेष विलियम हेजलिट् (1778-1830), चार्ल्स ल्याम्ब् (1775-1834), जोसेफ एडिसन (1672-1719), रिचार्ड स्टीईल हुँदै रबर्ट लिण्ड (1871-1942) जस्ता आधुनिक निबन्धकारहरू देखा पर्दै आए । यसरी यो निबन्ध भन्ने आधुनिक विधा विश्वसाहित्यका अन्य प्रायः सबै भाषाका साहित्यमा प्रसिद्ध र प्रचलित हुनपुग्यो । वास्तवमा प्राचीन निबन्धमा अपूर्णता, अनियमितता, शिथिलता अतएव बकवास आदि दोष पाउँछौं, तर आधुनिक निबन्ध एक प्रौढ र परिपक्व काव्यविधा बनिसकेको छ । प्रारम्भिक निबन्धमा भावुकताको चञ्चल र निरङ्कुश प्रवाह पाइन्छ । तिनमा न विचारको सङ्गठन छ, न कुनै विषयको ठोस, वैज्ञानिक र यथार्थिक विश्लेषण ।तिनमा मुक्तविचरण मात्र छ । उत्तरदायित्वको निर्वाह गर्ने सचेष्टता तिनमा छैन । देवकोटाका कैयौं निबन्धहरू यिनै दोषले ग्रस्त छन् परन्तु वर्तमान निबन्धकार विषयको पूर्णज्ञान राख्तछ, विचारमा सन्तुलन राख्छ र पक्षविपक्षको आवश्यक र उचित विवेचन गर्दछ । आजको निबन्ध कलात्मक दृष्टिले सुगठित, दृढ एवम् अनुभव र विचारको दृष्टिले याथार्थिक

र सन्तुलित रहेको थाहा पाइन्छ । तसर्थ निबन्धगत प्राचीन मान्यता स्वतः खण्डित भइसकेका बुझिन्छ । समग्रमा आधुनिक निबन्धमा यी गुण हुनु आवश्यक देखिएको कुरोहरू नकार्न सकिन्न – (क) – निबन्ध अपेक्षाकृत रूपमा सङ्क्षिप्त नै हुनुपर्छ, (ख) – यसमा कुनै पनि विषय प्रस्तुत गर्न सकिन्छ – प्रिस्ट्लेनुसार - सच्चा निबन्धकारका लागि कुनै विषय आवश्यक छैन, तर निबन्धकारको वैशिष्ट्य विषयलाई प्रस्तुत गर्दा त्यसमा व्यक्त गरिने तत्त्व निहित हुन्छ, (ग) – निबन्धमा कुनै एक केन्द्रीय भाव वा विचार हुन नितान्त आवश्यक रहन्छ । (घ), यसमा व्यर्थको विस्तार, अव्यवस्थित वर्णन र शिथिलता अनावश्यक मात्र होइन, अवाञ्छनीय पनि मानिनुपर्छ । यसमा कार्यकारणको श्रृङ्खलाचाहिँ मिलेको हुनुपर्छ, (ङ) – यसमा हृदयपक्ष र बुद्धिपक्ष दुवैको सन्तुलित प्रयोग हुनुपर्छ, (च) – निबन्धमा लेखकले आफ्नो मान्यता, दर्शन वा विचार स्वच्छन्दतासाथ व्यक्त गर्न सक्छ, तर ऊ आफ्नो मान्यता पाठकमाथि थोपर्न सक्तैन । ऊ मित्रवत् आफ्नो विचार र अनुभव सुनाउन सक्छ, (छ) – निबन्ध विचारहीन बकवास प्रतीत नहोस, तर चिन्तनले थिचिएको पनि नहोस्, (ज) – निबन्ध स्वरूपमा सुगठित, भावले मुखरित, शैलीले समुज्जवल र विचारले पोषित हुनुपर्छ, तथा (झ) – यसमा अज्ञात र अनुभूत विषयलाई प्रस्तुत गर्नु उचित हुँदैन । आदि ।

विशेष **शारदा** प्रकाशनपूर्व नेपाली निबन्धका विधोचित संरचना, शिल्प तथा शैलीको विशेषता थाहा पाउने व्यक्ति नेपालमा नगण्य थिए । अधिकांश साक्षर नेपाली हिन्दी भाषामा प्रकाशित धर्मग्रन्थ, किस्सा – कहानी अथवा जासूसी उपन्यास पढेर मनोरञ्जन गर्थे । यस्ता परिस्थितिमा शारदका प्रकाशन अर्थात 1991 साल मानस्तरीय गुणयुक्त नेपाली निजात्मक निबन्धका निम्ति सृष्टिलग्न भएर गयो । **शारदा** पत्रिकाले गर्दा आधुनिक

नेपाली साहित्यले नाना दिशातिर हाङाविङ् फैलाउन पाउँदा निबन्धले पनि उद्भिन्न औ पल्लवित हुने सुयोग पायो । यसै पत्रिकाद्वारा निबन्धकारले व्यक्तिसत्ताको उद्भासन गर्न बाटो पइल्याए । यसका प्राथमिक कालदेखिका निबन्धले यो जाहेर गरेका छन् । नभन्दै 1991-2000 सम्मका अनेक निबन्ध उल्लेखनीय पाइन्छन् । जसमा बालकृष्ण समको वृत्तान्तधर्मी 'बर्दहामा शिकार', नरेन्द्रमणि आचार्य दीक्षितको आत्मालापी शैलीमा प्रस्तुत आध्यातमकि प्रवचन 'संसार एक नाट्यशाला हो', बोधविक्रम अधिकारीकृत 'कविता-मातासँग मेरो गन्थन' र 'फलामे औंठी', निजी पत्राचारका पारामा प्रेमराज शर्मा (पौडयाल) लिखित हास्यदीप्त व्यङ्ग्यगर्भ 'पण्डितजीको चिट्ठी', अदालती ढाँचामा सिल्वाल पण्डितविरचित वेदान्ती तत्तवचिन्तन 'वेदान्त विवादको मिसिल', लक्ष्मीप्रसाद देवकोटाका काव्यात्मक छटापूर्ण निजात्मक भावसंवलित 'आषाढको पन्ध्र', 'फूल', 'निद्रा', 'बेलामा' तथा परात्मक वृत्तान्तयुक्त 'भलादमी', सत्यनारायणको सरल हास्यव्यङ्ग्यको रचना 'पातमा भात', गङ्गाविक्रम सिजातिकृत 'निर्वासित विहग', रामजङ्गबहादुर सिंहलिखित 'जीवन रहस्य', हरिनाथ कनालको भावात्मक रम्यरचना, 'कुलबहादुरको कुटुरी', बाबुराम आचारयको शोधलेख 'सगरमाथा या झ्यामोलोङ्मा', सागरमणि आचार्य दीक्षितले प्रस्तुत गरेको 'कलङ्गा दुर्ग' नामक ऐतिहासिक वृत्तान्त, भिक्षुको यात्रानुभूति 'शिमलासम्म', रामकृष्ण शर्माका 'अङ्ग्रेजी साहित्यको प्रभाव', 'कविको धन', 'नाटकसंबन्धी छोटो लेख', 'जीवन र साहित्य' आदि समीक्षात्मक निबन्ध, भेषराज शर्माका अर्थशास्त्रसम्बन्धी नानीविध वैचारिक लेख इत्यादि । अतः समग्रमा के भन्न सकिन्छ भने निबन्धको आधुनिक काल वि. सं. 1991 देखि आरम्भ हुन्छ । निबन्धकारहरूले निजात्मकता, सामाजिक सोद्देश्यता औ रागतत्तवलाई समानतः सँगेट्ने चित्तवृत्ति देखाए । यसै कालमा

हास्यवङ्ग्यको यथार्थतः विकास भएर गयो । निबन्धकारहरू कलात्मक शैलीतिर पनि क्रमशः ढल्कन थाले । वि. सं. 2007 मा राणातन्त्रको अवसान भएपछि निबन्धका निम्ति सारा पूर्वकालीन अवरोधक तत्व स्वतः पन्छिएर गएका जान्न पाइन्छ । निजात्मकताले बल्ल प्रश्रय पाउन थालेको बुझिन्छ । फलस्वरूप हास्यव्यङ्ग्यका निम्ति पनि यथापेक्षित अवकाश निबन्धकारहरूले पाउँदै गएका देखिन्छ । यसप्रकार नेपाली निबन्धको विकासका निम्ति सावधि पत्र- पत्रिकाको योगदानको फलस्वरूप पनि विविध शैली औ आकार प्रकारका रचनाले निबन्धको फाँट प्रशस्त बढाइदिएका भेटिन्छ भने यसको लेखन स्वरूपमा पनि समयको गतिसितै विविधता र परिष्कार हुँदै वस्तुपरक अनि निजात्मक निबन्ध, सामाजिक निबन्ध, हास्य व्यङ्ग्यात्मक निबन्ध, प्रगतिवादी निबन्ध, यात्रा संस्मरणात्मक निबन्ध, राजनैतिक निबन्ध, धार्मिक निबन्ध, दार्शिनिक निबन्ध, समीक्षात्मक निबन्ध तथा आत्मकथात्मक निबन्ध आदि आदि निबन्धहरू नेपाली निबन्ध लेखनको क्षेत्रमा देंखिन्दै आएको थाहा लाग्छ ।

**6.3.3 नेपाली निबन्धको विकास -** सं. 2007 को क्रान्तिपश्चात् शैक्षिक सुधारअन्तर्गत अङ्ग्रेजी शिक्षाको प्रचार र सर्वसाधारणका निमित पाठशालाको स्थापना जस्ता महत्त्वपूर्ण कार्य भए। यस प्रकारको परिणाम स्वरूपग लेखकवर्गको मानसिक चेतनामा प्राश्चात्य साहित्यको जुन प्रभाव पर्‍यो, त्यसले नेपाली निबन्ध साहित्यलाई अरू प्रगतिपथमा अग्रसर गरायो। शिक्षाका रूपमा साहित्यलाई प्रयोग गर्ने प्रवृत्तिमा तीव्रता आउनु पनि नेपाली निबन्ध साहित्यको सौभाग्यको लक्षण थियो। क्रान्ति पश्चात् नेपाली पत्रकारितामा पनि सक्रियता आयो। यसले चिन्तन र विचारको संसारमा नयाँ हलचल ल्यायो। राजनैतिक र सामाजिक सुधारदेखि लिएर कुतत्त्व वा खराबीको कड़ा आलोचना गर्ने तथा असन्तोष र आक्रोश व्यक्त

गर्ने व्यङ्गय प्रहार गर्नेजस्ता स्वतन्त्रताको जुन उपभोग नेपालीले गर्‍यो, नेपाली निबन्धमा ती कुराहरूको प्रतिबिम्ब नपरिरहन सकेन। व्यङ्गयको सशक्तता र व्यापकता नेपाली निबन्धले पायो। भाषिक सबलतालाई निबन्धकारहरूले झनै मन पराए।

साहित्यको समृद्धिमा प्रकाशन-व्यवस्थाको महत्त्वपूर्ण भूमिमा हुन्छ। निबन्ध-प्रकाशनका निमित्त एकातिर विभिन्न पत्रपत्रिकाहरू छँदै थिए, अर्कातिर नेपाली भाषा प्रचारक सङ्घ रोयल नेपाल एकेडेमी (अहिलेको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान), साभ्यता प्रकाशन र अरू प्राइवेट प्रकाशन संस्थाहरूको स्थापनाले निबन्धसङ्ग्रहको प्रकाशनमा सहयोग पुग्यो। क्रान्ति पश्चात्को जागरण युगमा निबन्धकारहरूकै रूचिमा विविधता आयो। ज्ञानको खोजमा लेखहरू चारै दिशातर्फ हान्निए। यसो हुँदा इतिहास, संस्कृति, धर्म, समाजशस्त्र, कला दर्शन आदि सबै विषयका निबन्धकारहरू नेपाली वाङ्मयले भेट्टायो। यसरी नेपालको बौद्धिक वातावरणमा परिमाणका साथै गुणको वृद्धि हुँदै जानु नेपाली निबन्धको क्रमिक विकासको पृष्ठभूमि थियो।

वर्तमान स्थितिलाई हेर्दा नेपाली कविता, कथा र उपन्यास जति उन्नत अवस्थामा छ, त्यसको तुलनामा नेपाली निबन्धको स्थिति सन्तोषप्रद देखिदैन। पाठकको सङ्ख्यामा परिमितता हुनु नेपाली निबन्धको दुर्भाग्य हो। वहुविध लेखकहरूलाई मोहनी लगाएर आकर्षित गर्न नसक्नु यस विधाको कमजोरी हो। विषयलाई रूचिपूर्ण बनाउन सकिन्छ तर यसो गर्न गद्यलेखनको अभ्यास अनिवार्य हुन्छ भन्ने विश्वास लेखकहरूमा जन्माउन सक्यो भने यो विझा अझै विकासको सोपानमा उक्लँदै जान सक्छ। हालचाहिँ यसको टाक्सिएको पिलन्धरे अनुहार हेर्दा सहानुभूति दिन मन लाग्छ।

**6.3.3.1 कालविभाजन र विवरण -** नेपाली निबन्धको इतिहास नेपाली कथा र उपन्यासको इतिहास जत्तिकै लामो छ भने पनि हुन्छ। अधुनिक नेपालको जन्म हुनुभन्दा अघिमा अभिलेख तथा ज्योतिष, औषधिमूलो र नीति विषयक ग्रन्थादिलाई निबन्ध मान्न सकिदैन। यी सामग्रीहरू नेपाली गद्यका पृष्ठभूमिका प्राचीन स्रोत मात्र हुन्। ऐतिहासिक स्रोत खोज्दै जाँदा नेपाली निबन्धको प्रारम्भ बिन्दु पृथ्वीनारायण शाहदेवको 'दिव्योपदेश' (1831) मा फेला पर्दछ, किनभने साहित्यिक गुण र कलात्मक अभिव्यञ्जनाको संयोजन यसै गद्यकृतिमा भएको छ। यसै धारमा नेपाली निबन्धको कालविभाजन यसरी गर्न उपयुक्त हुन्छः

(क) पृष्ठभूमिकाल वा प्रारम्भिक कालः 1831 देखि 1957 सम्म,

(ख) निर्माणकाल वा माध्यमिक कालः 1958 देखि 1991 सम्म र

(ग) विकासकाल वा आधुनिक कालः 1992 देखि हालसम्म।

**(क) पृष्ठभूमिकाल वा प्रारम्भिक कालः 1831 देखि 1957 सम्म-** आधुनिक साहित्यशास्त्र अनुसार पृष्ठभूमिकालीन गद्यकृतिहरूलाई निबन्ध मान्न नसकिए तापनि ती कृतिहरू आख्यानेतर भएकाले विकासक्रमको प्रथम चरणमा राख्नु उपयुक्त हुन्छ। नेपाली गद्यको विकासको क्रमसँगै नेपाली निबन्धको पनि इतिहास जोड़िएकाले ती आख्यानेतर कृतिहरूलाई पृथक् गर्नु उपयुक्त हुँदैन। यस दृष्टिबाट दिव्योपदेश (1831) बाटै चर्चा सुरू गर्नुपर्ने हुन्छ। विचारको प्रस्तुति र आन्तरिक सङ्गठनका दृष्टिले यो कृति ऐतिहासिक महत्त्वको छ। यसपछि रामभद्र पाध्या रेग्मीको लक्ष्मी - धर्म संवाद (1851) मा पनि गद्य-प्रयोगको राम्रो नमुना पाइन्छ। यसपछि दैवज्ञ ज्योतिनरसिंहको तुलसीस्तव (1866) देखा पऱ्यो। वाणीविलास पाँडेको बाग्मतीपुल स्तम्भअभिलेख (1838) लाई

गद्यको सुन्दर नमुना मान्न सकिन्छ। यसपछिका महत्त्वपूर्ण गद्यकविहरूमा क्रमशः दैवज्ञकेसरी अर्ज्यालको गोरत्रयोग शास्त्र (1877), यदुनाथ उपाध्यायको रतिकोषसार (1885), ललितत्रिपुरसुन्दरीको राजधर्म (1888 पूर्व), सुन्दरानन्द बाँडाको त्रिरत्नसौन्दर्यगाथा (1881-90 तिर) र सन्त शशिधारको वाणोपनिषद् (1881) लाई लिन सकिन्छ। नेपाली आख्यानेतर गद्यमा भएको विविध शैलीको प्रयोगको चित्र यी कृतिहरूले प्रस्तुत गर्दछन्। पृष्ठभूमि कालमा आध्यात्मिक विषयवस्तु निकै लोकप्रिय रह्यो भन्ने कुराको प्रमाणस्वरूप योगी अम्बरगीरका ब्रह्मयज्ञ उपनिषद् (1891), योगवाशिष्टसार (1912) आदि, भवानीदत्त पाँडेको आत्मबोध (1893 पूर्व), शशिधरका वैराग्याम्बर (1906 पूर्व) र जसमनि जोगशास्त्र (1900 पूर्व), रघुवीरसिंहको शान्तिशतक (1909) आदिलाई अघि सार्न सकिन्छ। साहित्यिक गुणका दृष्टिले यस कालमा देखा परेका महत्त्वपूर्ण गद्यकृतिहरू थिए- बेनामी जङ्गबहादुरको बेलायत यात्रा (1910), बेनामी बत्तीस सालको रोजनाम्चा (1932), मोतीराम भट्टको कवि भानुभक्त आचार्यको जीवन चरित्र (1948) र चिरञ्जीवी शर्माको आफ्नु कथा (1955)। यी कृतिहरू नेपाली गद्यको ऐतिहासिक विकासका महत्वपूर्ण उपलब्धि मान्नको कारण के हो भने यी कृतिहरूको नेपाली गद्यको फाँटलाई विस्तारित गरेका छन्। यात्रा तथा जीवनी- साहित्यसँग नै सम्बन्धित भएतापनि नेपाली गद्यविकासको प्रावह यो कृतिहरूमा प्रतिबिम्बित भएको पाइन्छ। पृष्ठभूमि कालमा नेपाली गद्यको जुन रूप तथा प्रकृति रहेको पाइन्छ त्यससँग नेपाली निबन्धलाई श्रृङ्खलाबद्ध गर्नु ऐतिहासिक दृष्टिले औचित्यपूर्ण हुन्छ।

**(ख) निर्माणकाल वा माध्यमिक कालः 1958 देखि 1991 सम्म-** पत्रकारितासँग सम्बद्ध हुन थालेपछि नेपाली निबन्धको इतिहासमा निर्माणकाल को निरूपण भयो। यस कुराको स्थापनाको आधारस्वरूप गोरखापत्र (1958) मा प्रकाशित गद्यकृतिहरूलाई लिन सकिन्छ। गोर्खा भारत जीवन (1943) र सुधासागर (1955) का प्रतिहरू अप्राप्य रहेको हुँदा यस निर्माण कालको इतिहासलाई लम्ब्याएर लान सकिन्दैन, जे भए पनि गोर्खापत्रमा प्रकाशित आख्यानेतर गद्यरचनाहरू निबन्ध वा प्रबन्धका निकै नजिक छन्। मौलिक नेपाली निबन्धको परम्परा यसै पत्रिकाबाट सुरू गरिएको पाइने हुनाले पनि ती गद्यरचनाहरूको ऐतिहासिक मूल्य छ। यसमा नीति र नैतिकताका साथै व्यावहारिक जीवनमा उपयोगी हुने विषयका निबन्धहरू पनि प्रकाशित भएका छन्। सं. 1966 मा मातृभाषाको उन्नति शीर्षकको एक ज्यादै महत्त्वपूर्ण लेख यसमा छापिएको छ। यसमा देखिएका धैरैजसो लेखहरू बेनामी भए तापनि शम्भुप्रसाद ढुङ्गेल र वैजनाथ सेढाईका लेखहरू पनि यसमा छापिएका छन्। मोटामोटी रूपमा यसमा प्रकाशित निर्माणकालीन गघरचनाहरू यस प्रकार छन् । छि मूर्ख पछि बुद्दिमान् (1959), नैराश्य परम सुखम् (1959), कृषि वृत्तान्त (1959), हिन्दुस्थानमा सुवीवरहरूको इतिहास (1960), वसन्तवर्णनम् (1961), शिक्षोपदेश (1966), निद्रा (1966), मातृभाषाको उन्नति (1966), बोलीको संस्कार (1966), श्रीवसन्त पञ्चमी (1966), दूधको गुण अवगुणप (1967), दुःख र सुख (1976), धन र त्यसको उपयोग (1967), व्यापार (1967), मासु (1967), कर्महेतु (1968), भलाइ (1968), विज्ञापन शिल्प (1970), बफादारी (1970), शिशु शिक्षा (1970), मनको नाप (1970), हावा (1973), आदि। यी सबै कृतिहरू बेनामी छन्। नामाङ्कित गद्यकृतिहरूमा बेंकटेश्वरको सपना

(1970), शम्भुप्रसाद ढुङ्गेलका समय (1976), प्रभात (1967), हृर्दम याद राख्नुपर्ने कुरा (1976) र कविताको फल (1977) तथा वैजनाथ भएका छन्। यस पत्रिकाबाट नेपाली निबन्धको प्रारम्भिक रूपरेखा निर्माण भएको छ। यस रूपरेखालाई विस्तार रूप दिनमा यसपछिका पत्रिकाहरूको महत्त्वपूर्ण भूमिका छ।

नेपाली निबन्धको इतिहास पनि नेपाली पत्रकारिताको इतिहासँग सम्बद्ध छ। गोरखापत्रपछि क्रमशः सुन्दरी (1963) र माधवी (1965) यी दुई पत्रिकाहरूले यस बिधालाई विकसित अवस्थातिर अग्रसर गराए। सुन्दरी मा प्रकाशित बेसरी (1963-65) लाई उत्कष्ट गरी देशको उन्नति (1965)। यसरी यी प्रकाशित सामग्रीलाई हेर्दा सुन्दरीले नेपाली गघतर्फ दिएको योगदानलाई बिर्सन सकिदैन। यसरी नै माधवीमा प्रकाशित राममणि र रामप्रसाद सत्यालका निबन्धहरूमा गहन विचारको उद्रेक पाइन्छ। राममणिको कविता रीति ले नेपाली निबन्धलाई ऐतिहासिक महत्त्वको योगदान दिएको छ। यसमा प्रकाशित निबन्दहरू यस प्रकार छन्-

राममणि आ दी.का शरदऋतु चर्या (1965), भीष्म पञ्चक (1965), पृथिवी (1965), कविता रीति (1965-66), काश्मीरको वर्णन (1965), सत्य (1965), मातृभाषाको आवश्यकता (1965), विवेक (1965) आदि, पु. रामप्रसाद सत्यालका कुराको विचार (1965), श्रम (1965), माया (1965-66) आदि। नेपाली निबन्धको गघशैलीमा क्रमशः परिमार्जन उन थालेको तथ्यको सङ्केत यी कृतिहरूका साथै अन्य गघकारहरूका कृतिहरूले दिन्छन्। खास गरीकन त्यस कालमा जय पृथ्वीबहादुर सिंह मानसिह अधिकारी हरिहर आचार्य दीक्षित, दुर्गादेवी आचार्य दीक्षित र कुलचन्द्र गौतमबाट नेपाली गद्यको विकासमा ठूलो योगदान भएको छ।

सं. 1971 मा चन्द्र पत्रिकाको प्रकाशन भयो। यो गद्यप्रधान पत्रिका थियो जसमा पद्मनाभ सापकोटा, सूर्यवित्रम ज्ञवाली, वैजनाथ सेढाई र पारसमणि प्रधानका लेख-निबन्धहरू छापिएका छन्। पठित नेपालीहरूका हातमा परेर नै नेपाली निबन्धमा कलात्मक सजीवता आयो र विषयगत विविधताको पनि प्रधान्य रह्यो। चन्द्रमा प्रकाशित निबन्धहरू यस कुराको साक्षी छन्। यसमा प्रकाशित निबन्धहरू यस प्रकार छन्—

सुकेशीको स्त्रीशिक्षा (1971), पद्मनाभ सापकोटाका नेपालको अर्थशास्त्र (1971), परिश्रमको विभाग (1979), र व्यापारे पर्द्धते लक्ष्मी...(1979), बेनामी मित्रता (1979) र भारतमा वीरपूजा (1979), सूर्यविॠम ज्ञवालीको सोक्रटिजको बहस (1979), बेनामी गोर्खा भाषाको उन्नति विवेचना (1979), वैजनाथ सेढाईको हेमन्त ॠतु वर्णन (1979), प्रसमान प्रधान उर्फ पारसमणि प्रधानका ध्यवसाय (1972) र विधा (1972), सुर्यनारायण प्रधानको सत्यता (1972) र वैजनाथ सेढाईको ईश्वरका उपरको विश्वास (1972)।

सं. 1972 मा प्रकाशित गोर्खाली पत्रिकामा पनि पद्मनाभ सापकोटा र सूर्यविक्रम ज्ञवालीको निबन्धहरू प्रकाशित भए। पद्मनाभ सापकोटाको मातृभाषा भन्ने निबन्ध निकै राम्रो छ। साथै देवीप्रसाद सापकोटा र मणिसिंह गुरूङका गहकिला लेख-निबन्धहरू पनि यसमा प्रकाशित भए। चन्द्रिका (1974) लाई निबन्ध प्रधान पत्रिका भन्न सकिन्छ। यसमा प्रकाशित निबन्धहरूले इतिहासलाई निकै नै विकसित तुल्याएको देखिन्छ। विशेष गरेर शम्भुप्रसाद ढुङ्गेलका निबन्धहरूमा निकै राम्रो गद्यशैलीको प्रयोग भएको पाइन्छ। उनका 3 निबन्धहरू यसमा प्रकाशित भएका छन्, ती हुन्.

चन्द्रिका (1975), प्रेम (1975) र महेन्द्र मल्ली (1975)। यसमा मनुष्य खघोत र अरू छद्मनामका निबन्धहरू पनि प्रकाशित भएका छन्। जस्तै-जूनकीरी (1975), अब ता लाज भयो (1975), एक शेष (1975), धैर्य धारण गर (1975) आदि। मणिसिंह गुरूङ सूर्यविक्रम ज्ञवाली, दुर्गादेवी आ.दी. र मणिनारायण प्रधानका रोचक निबन्धका साथै मीनबहादुर भट्ट, प्रतिमान लामा, रामचन्द्र उपाध्याय, प्रभाकर आदिका निबन्धहरू पनि यसमा प्रकाशित छन्।

भारतका विभिन्न ठाउँहरूबाट जति पनि पत्रिकाहरू प्रकाशित भए तिनले नेपाली निबन्धको श्रृङ्खलालाई जोड्दै इतिहास निर्माण गरे। चन्द्रिकाको प्रकाशनपछिका जन्मभूमि (1979), गोर्खासंसार (1983), नेपाली साहित्य सम्मेलन पत्रिका (1985) आदि पत्रिकाहरूको योगदानलाई यस्तै ऐतिहासिक मूल्यका दृष्टिले हेर्न सकिन्छ। जन्मभूमिमा कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारीजस्ताका विचारात्मक तथा भावात्मक निबन्धहरू प्रकाशित भए। गोर्खासंसारमा समाज र जातिको सुधार गर्ने विषययुक्त निबन्धहरू प्रकाशित भएः जस्तै-वेदनिधि शार्माको जातीय रोगको अचुक औषधि (1986), हैकमसिंह राईको गोर्खा समाज सुधारको आवश्यकता (1986) आदि। खड्गबहादुर क्षेत्रीको हाम्रो देश औ जातिको वर्तमान अवस्था (1986), विधावतीको उन्नतिको आवश्यक अङ्ग (1986) आदि दार्जीलिङबाट प्रकाशित भएको नेपाली साहित्य सम्मेलन पत्रिकामा त्यहाँका पठितहरूका बौद्धिक ओजयुक्त निबन्धहरू प्रकाशित भए। यस पत्रिकामा सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान, रूपनारायण सिंहजस्ता भाषासेनानीहरूका निबन्धहरू प्रकाशित छन्।

निर्माणकाल मा चन्द्रिका पत्रिकाबाट नेपाली निबन्धमा आधुनिकताको सङ्क्रमण हुन थालेको देखिन्छ जसको अरू स्पष्ट आभास नेपाली साहित्य सम्मेलन पत्रिकामा प्रकाशित निबन्धहरूमा पाइन्छ।

**(ग) विकासकाल वा आधुनिक कालः 1992 देखि हालसम्म-**

लक्ष्मीप्रसाद देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन्। शारदा (1991) मा प्रकाशित उनको पहिले निबन्ध आषाढ़को पन्ध्र (1992) नै पहिलो आधुनिक निबन्ध हो। यसभन्दा अघि नै प्रकाशित भएको बालकृष्ण समको बर्दाहामा शिकार (1991) निबन्ध नभएर कथा थियो। सर्वप्रथम देवकोटाले पाश्चात्य ढङ्गको पूर्ण निजात्मक निबन्ध नेपाली साहित्यलाई दिए। उनको गद्यशैलीमा पद्धतिमूलक आधार पाइन्छ र विषयवस्तुमा नवीन मानसिक चेतना अभिव्यक्त भएको पाइन्छ। नीति, शिक्षा तथा सुधारका भावनालाई सूक्तिमय ढङ्गमा लिपिबद्ध गर्ने मध्ययुगी प्रवृत्तिको अन्त्य देवकोटाबाट भयो। उनले अन्तर्हृदयका भावनालाई कलात्मक मूल्यका साथ संयोजन गरे। यही नै नेपाली निबन्धको इतिहासमा आधुनिकताको प्रतिष्ठापनको समय थियो। आषाढको पन्ध्र पछि देवकोटाले आधुनिक भावनालाई अरू निबन्धहरूमा व्यक्त गर्दै जुन प्रकारको परम्पराको सिलसिला बसाए त्यसबाट नेपाली निबन्धको विकास प्रक्रियामा तीव्रता आयो।

सं. 1990 को दशक नेपाली गद्यको महत्त्वपूर्ण समय थियो, किनकि यो साहित्यक आधुनिक वादको युग थियो। यसै दशकको दोस्रो वर्षमा प्रथम बालकृष्ण समद्वारा लिखित बर्दहामा शिकार लाई कथा मान्नाको धार स्वयम् यो कृति शिकार-कथा हुनु नै हुँदै होः यसका साथै यो कृति कथा नै हो भन्ने स्वीकारोक्ति पनि स्वयम् लेखकद्वारा भएको पाइन्छ। समले नै

मेरो कविताको आराधन (उपासना-2) मा मैले एउटा वर्णनात्मक कथा प्रारम्भ गरें- बर्दहामा शिकार। त्यो आफ्नै किसिमको पहिलो छोटो कथा थियो, भनेका छन्। समले आफ्नो डायरी अप्रकाशितमा पनि यस कृतिलाई कथा नै भनेका छन्। शारदा पत्रिकाको जुन अङ्कको (अर्थात् वर्ष 1, अङ्क 1) जुन पृष्ठमा कथाहरूमध्येको एक टुक्रा भनेर लेखिएको पनि छ।

आधुनिक निबन्धकारका रूपमा लक्ष्मीप्रसाद देवकोटा देखा परेपछि अरू पनि थुप्रै प्रतिभाहरू यस विधातर्फ देखा परे, ती थिए- बालकृष्ण सम, रामकृष्ण शर्मा, हृदयचन्द्रसिंह प्रधान, भीमनिधि तिवारी, केशवराज पिंड़ाली, सागरमणि आ.दी., भवानी भिक्षु, बाबुराम आचार्य, रूपनारायण सिंह, बोधविक्रम अधिकारी, भेषराज शर्मा आदि। अग्रज निबन्धकारहरूमा वैजनाथ सेढाई, सूर्यविक्रम ज्ञवाली र पारसमणि प्रधान पनि आफ्नो साहित्य साधनाको प्रक्रियामा यस दशकमा उत्कृष्ट निबन्ध लिएर देखा परे। निबन्ध प्रकाशनका दृष्टिले निकै उर्वर देखिएको यस दशकमा शुक्रराज शास्त्री, टुकराज पद्मराज मिश्र, कविप्रसाद गौतम, जनकराज श्रेष्ठ, पिनाकीप्रसाद शर्मा, प्रेमराज शर्मा, हरिनाथ खनाल, शेषरज दली, रामशङ्कर सेढाई जोशीका साथै भक्तबहादुर राणा, जितेन्द्रबहादुर शाह, गङ्गाविक्रम, फत्तेबहादुर सिंह, क्षितीशचन्द्र चक्रवर्ती, पूर्णबहादुर, भोजबहादुरसिंह न्यौपाने, दुर्गाप्रसाद भट्टाराई, ज्ञानप्रसाद शर्मा, सत्यनारायण, हरिप्रसाद राय, खगेन्द्रराज बी.ए., एल्.पी. सापकोटा, भरत जङ्गबहादुर बस्नेत, खडानन्द शर्मा, सिलवाल पण्डित आदिका वर्णनात्मक तथा भाव वा विचारप्रधान निबन्धहरू पनि देखा परे। यस दशकमा खास गरीकन शारदा र त्यसपछि उघोग, उदय, नेबुला, परिवर्तन, खोजी पत्रिकाहरूले नेपाली निबन्धको विकासमा महत्त्वपूर्ण योगदान

दिएका थिए। यसै दशकमा लक्ष्मीप्रसाद देवकोटाद्वारा अनूदित प्रसिद्ध प्रबन्धसङ्ग्रह (1998) र ने. भा. प्र. स. द्वारा प्रकाशित नेपाली गद्य सङ्ग्रह (भाग 1) ले पनि नेपाली निबन्धको गतिशील स्वरूपमा मद्दत पुर्‍याए।

सं. 2000 को अघिल्लो दशकमै प्रसिद्ध निबन्धकारहरूको लेखनकार्य जारी नै भयो। यसबाट नेपाली निबन्धको आधुनिक इतिहास रूपायित हुँदै थियो भने नयाँ निबन्धकारहरूमा हास्यतर्फ अच्छा राई रसिक र विविध विषययुक्त फाँटतर्फ लवबहादुर कपिल, चूडानाथ, कृष्णबम मल्ल, माधवलाल कर्माचार्य, रत्नध्वज जोशी, सत्यमोहन जोशी, ईश्वर बराल आदि देखा परे। क्रान्तिपूर्वकालसम्म निजात्मकका साथै परात्मक निबन्धको परम्पारमा एउटा राम्रो परम्परा बसिसकेको पाइन्छ। यस दशकमा एउटा महत्त्वपूर्ण कृति लक्ष्मी निबन्धसङ्ग्रह (2002) का साथै नेपाली गद्यसङ्ग्रह भाग 2 (2002) र भेषराज शर्माको के कस्तो ? (2003), हृदयचन्द्रसिंह प्रधानका भूस्वर्ग (2003) र तीस रूपियाँ नोट (2004) आदि पनि प्रकाशित भए। विशेष गरेर साहित्य स्रोत (2003 तिर) र युगवाणी (2004) पत्रिकाहरूको प्रकाशन यस दशकको नेपाली निबन्धको विकासका सन्दर्भमा विशेष उल्लेखनीय छन्।

नेपाली साहित्यका अरू विधाझैं निबन्धको गतिमा पनि सं. 2007 को क्रान्तिपछि यथेष्ट भिन्नता आयो। ज्ञानविज्ञानका हरेक क्षेत्रमा आएको जागरणले गर्दा क्रान्ति उत्तरकालमा खास गरीकन परात्मक निबन्धको फाँट विस्तृत हुँदै गयो। यस कालमा भाव संवेदनामूलक निबन्धभन्दा बौद्धिक घनत्वद्वारा सिञ्चित निबन्धहरू बढी फस्टाए। प्रजातान्त्रिक वातावरणमा स्वभावैले ध्ययन, मनन र नयाँ कुराको खोजप्रति झुकाउ रह्यो। त्यसैले नेपाली निबन्ध पनि बढी गाद्यिक इन्द्रबहादुर राई, तारानाथ

शर्मा, बद्रीनाथ भट्टराई, महानन्द, कृष्णचन्द्रसिंह प्रधान, विपिनदेव ढुङ्गेल, कृष्णप्रसाद ज्ञवाली, भाइचन्द्र प्रधान कमलमणि दीक्षित, चितरञ्जन नेपाली, राजेश्वर देवकोटा, जनकलाल शर्मा छविलाल पोखे्रल, नयराज पन्त, शङ्कर लामिछाने, गोविन्दप्रसाद लोहनी, धर्मराज थापा, मदनमणि अग्निराज श्रेष्ठ, हर्कजङ्गसिंह क्षेत्री, हरिप्रसाद प्रधान, श्यामप्रसाद, बालकृष्ण पोखरेल, भैरव आर्यल, एम.एम.गुरूङ आदि निबन्धकारहरू देखा परे। यी निबन्धकारहरूलाई सौन्दर्यमूलक भावना जति प्रिय छ त्यति नै प्रिय वस्तुतथ्यमूलक विचार पनि छ। वास्तवमा निबन्धका उपविधाहरूको खास विकास क्रान्तिउत्तर कालमा नै भएको देखिन्छ।

सं. 2007 पछिको उदार शिक्षा नीतिले गर्दा बौद्धिक वातावरणमा जुन प्रकारको उत्साह र गम्भीरता देखा पर्‍यो त्यसले गर्दा नेपाली निबन्धले पनि सम्पूर्ण वाङ्मयको परिक्रमा गर्न थाल्यो। कला, संस्कृति, इतिहास, समाजशास्त्र, नृतत्त्व शास्त्र आदिमा समेत चिन्तन-मननको प्रक्रिया सुरू भयो। भाषाशास्त्र र लोकसाहित्यका क्षेत्रमा अध्ययन तथा खोजको नयाँ जागृति आयो। यस्तो पृष्ठभूमिले गर्दा नेपाली निबन्ध झन् झन् सम्पन्न बन्दै गयो। नेपाली निबन्धलाई यसरी सम्पन्नतातिर अग्रसर गराउने निबन्धकारहरू थिए- धनवज्र वज्राचार्य, ढुण्डिराज भण्डारी, हरिहरराज जोशी, गोपालदास, अरूणचन्द्र प्रधान, नरबहादुर दाहाल, जगतबहादुर सिंह, ज्ञानमणि नेपाल, गणेशलाल सुब्बा, राजनारायण प्रधान, ईश्वरवल्लभ, देवीप्रसाद भण्डारी, गोविन्द भट्ट, टी. डी. लेप्चा, जी. छिरिङ, आनन्ददेव भट्ट, माधवप्रसाद देवकोटा, वल्लभमणि दाहाल, शिवगोपाल रिसाल, काजीमान कन्दङवा, रमेश विकल, माधव घिमिरे, देवेन्द्रराज उपाध्याय, गोपीमाधव देवकोटा, जगदीश शमशेर, जनार्दन सम,

डिल्लीराम तिमिल्सिना, नीरविक्रम प्यासी, पारिजात, लोकराज बराल, लीलासिंह कर्मा, मोदनाथ प्रश्रित, शिवकुमार राई, नारदकुमार ओझा आदि।

क्रान्तिउत्तर कालमा हास्य तथा व्यङ्गययुक्त निबन्ध जन् फस्टायो। राष्ट्रिय चेतनालाई वृद्धि गर्ने किसिमका निबन्धहरू पनि यथेष्ट देखा परे। देशको सांस्कृतिक महिमालाई उच्च पार्ने उद्देश्यभित्र बाँधिएका निबन्धहरू पनि देखा परे। अनि लेखकको सिर्जनशील व्यक्तित्वको उद्घाटन गर्ने सौन्दर्यमुखी निबन्धहरूको पनि निकै राम्रो परम्परा देखा पर्‌यो। यस क्रममा निबन्धका क्षेत्रका एउटा फाँट लिएर श्याम गोतामे, रामकुमार पाँडे, घटोत्कच शर्मा, अनिकाले औझा, चोलेश्वर शर्मा, मोहनराज शर्मा, ध.च.गोतामे, विष्णु नवीन, विनोद तिमिल्सिना, विश्व शाक्य, खेममणि काफ्ले आदि देखा परे भने अर्को ज्यादै महत्त्वपूर्ण फाँट लिएर डोरबहादुर विष्ट, नगेन्द्र, साफल्य, राजेश्वर देवकोटा, हरिराम जोशी, दिनेशराज पन्त, महेशराज पन्त, रमेशजङ्ग थापा, धनशमशेर, शान्त सुरभ, ह्रपीकेश उपाध्याय, भूपहरि पौडेल, नयनाथ पौडेल, शङ्करमान राजवंशी, मोहनबहादुर मल्ल, रामजी तिवरी, कुमार प्रधान, चूडामणि बन्धु, शिवराज आचार्य, भैरवबहादुर थापा, रत्नाकर देवकोटा, सुवि शाह, प्रिन्सेप शाह, पूर्णप्रकाश नेपाल, टङ्क वी. आर्य आदि देखा परे।

सङ्ख्याका दृष्टिले नेपाली निबन्धसङ्ग्रह ज्यादै कम मात्रामा प्रकाशित भएको भए तापनि नेपाली साहित्यमा यो एउटा साझा विधाजस्तो भएको छ। नेपाली कवि, कथाकार, उपन्यासकार तथा समालोचकहरूमध्ये धेरैले यसतर्फ कलम चलाएका छन्। फेरि साहित्यिक पित्रकाका अतिरिक्त समाचारपत्रहरूमा समेत निबन्ध प्रकाशित हुने गरेको पाइन्छ। प्रचार-प्रसारका जति पनि माध्यमहरू छन् तिनले निबन्धलाई नै बडी

प्राथमिकता दिएको पाइन्छ। तर यसरी नेपाली साहित्यमा निबन्धको सङ्ख्यात्मक वृद्धि देखिए तापनि गुणात्मक स्तरका दृष्टिले नेपाली निबन्ध कम समृद्ध छैन। उत्कृष्ट निबन्ध लेखेर नेपाली निबन्धलाई समृद्ध तुल्याउने निबन्धकारहरूमा हामी नगेन्द्र शर्मा, गणेशबहादुर प्रसाई, दिलबहादुर नेवार, रामलाल धिकारी, नन्द हाङखिम, प्रबल गिरी प्रदीप, वैकुण्ठप्रसाद लाकौल, टेकबहादुर पन्थी, वासुदेव त्रिपाठी, राममणि रिसाल, नारायणबहादुर सिंह, कृष्णबहादुर देउजा, मोहन सिटौला, कुमारबहादुर जोशी, लोकेन्द्रबहादुर चन्द, बाबुलाल प्रधान, नारायम तामाङ, अगमसिंह गिरी, कृष्णप्रसाद पराजुली, हर्षनाथ भट्टाराई, गुमानसिंह चामलिङ्ग, उत्तम कुँवर, युगेश्वरप्रसाद वर्मा, तुलसी दिवस आदिको नाम लिन सक्तछौं। यसरी नै नेपाली निबन्धको विकासमा ठोस योगदान दिने निबन्धकारहरूमा छविरमण शर्मा, माधवप्रसाद भट्टराई, अमर गुरूङ, भि सुवेदी, योदनाथ प्याकुर्‍याल, ऋभदेव शर्मा, रामशरण दर्नाल, वासु रिमाल यात्री, श्रीप्रसाद गौतम, वरूणकुमार तिवारी, रामचन्द्र न्यौपाने, किशोर नेपाल, कृष्ण तिमिल्सिना, बद्रीनारायण प्रधान, रामचन्द्र गिरी, हरिभक्त न्यौपाने, लोकेशचन्द्र प्रधान, भरतराज पन्त, वीरेन्द्र सुब्बा, काशीनाथ तमोट, डिल्लीराम निर्भीक, आत्माराम शर्मा, रामप्रसाद पोखरेल, दुवसु क्षेत्री, लीला उदासी, वि. विकास, नन्दराम ल्मसाल, मोहनप्रसाद खनाल, ऋषिकेशवराज रेग्मी, राजकुमार पोखरेल, कृष्णप्रसाद काफ्ले, हंसपुरे सुवेदी, घनश्याम राजकर्णिकार, जगदीश घिमिरे, हरि वन्दी, वसन्तकुमार शर्मा, कुमारधर शर्मा ज्ञानी, जगन्नाथ त्रिपाठी, केदार न्यौपाने, कुलप्रसाद खनाल, श्याम धिकारी, देवीप्रसाद वनवासी, क महानन्द पौड्याल, विऋम रूपासा, सूर्यकला, कृष्णाप्रसाद काफ्ले, जगत क्षेत्री, विश्व शाक्य, घनश्याम कँडेल, अच्युतरमण दिकारी, लक्खीदेवी सुन्दास, समीरण क्षेत्री, सूर्यकला,

विष्णुराम राई, कुमार घिसिङ, रूपराम देवान, दिलप्रसाद राना, घटराज भट्टराई, शरद्चन्द्र भट्टराई, नरेन्द्रराज पौडेल, खेल कोइराला बन्धु, गणेस भण्डारी, रमा शर्मा, सरोजकुमार शाक्य, प्रकाश ए, राज, मुकुन्दशरण उपाध्याय, खेमराज केसवशरण, वासुदेव शर्मा, ध्रवकृष्ण दीप, कृष्ण धरावासी, मदनमोहन मिश्र, मनुजबाबु मिश्र, गणेश निरौला, जगमान गुरूङ, इमानसिंह चेमजोङ, खोमराज नेपाल, तारामणि दाहाल, प्रफुल्लकुमार मौन, दिनेश सत्याल, फणीन्द्र नेपाल, प्रतीक ढकाल, जैनेन्द्र जीवन, विमल निभा, राजव, राजेन्द्र सुवेदी, वानीरा गिरि, सुनिल, जनार्दन आचार्य, सागर आदिलाई लिन सकिन्छ।

समग्रमा के भन्न सकिनछ भने नेपाली भाषाको भाषिक स्थिति, राजनैतिक तथा सांस्कृतिक परिवेशअनुकूल निर्मित नेपाली गद्यको प्राचीन परम्परा नै नेपाली निबन्धको पृष्ठभूमि हो। सामाजिक बनोटअनुरूप विभिन्न समयमा आएको परिवर्तनको प्रभाव  नेपाली निबन्धमा पर्‍यो। त्यसैले नेपाली निबन्ध गतिशील स्वरूपको बन्दै बिकासक्रममा अग्रसर भयो। सर्वप्रथम ख्यानेतर गद्यबाट प्रारमभिक रूपरेखा तयार भएको नेपाली निबन्धमा पत्रपत्रिकाको प्रकाशन आरम्भ हुन थालेपछि सिलसिलाबद्ध परम्पराको निर्माण भयो। यस विधासँग नेपाली मानसिकता तथा बौद्धिकता निरन्तर रूपले संलग्न हुँदै गएकोले खास गरीकन सं. 2007 को क्रान्तिपश्चात् वृहत् वाङ्मयको परिक्रमामा यो विधा विस्तारित भयो। समग्रह इतिहासको अवलोकन गर्दा लेखकको आत्मपरक भावक्रियाका साथै अर्जित ज्ञानको अभिव्यञ्जना आधुनिक नेपाली निबन्धमा भएको पाइन्छ। तर वर्तमान समयमा आख्यानको तुलनामा यसको गति मन्दझैँ प्रतीत हुन्छ तैपनि एक-दुई उज्ज्वल प्रतिभा यस विधातर्फ बढि नै रहेको पाइन्छ।

नेपाली निबन्धको वर्तमान अत्यन्त उर्वर, सशक्त एवं प्राप्तिपूर्ण बन्न पुगेको छ। असङ्ख्य निबन्धकारहरू निबन्ध सिर्जनामा कटिबद्ध बनेका छन्।एकातिर प्रौढ तथा युवा दुवै पुस्ताको उपस्थिति चर्चा योग्य छ भने अर्कातिर नारी र पुरुष दुवैवर्गका स्रष्टाहरू निबन्ध लेखनमा सक्रिय छन्।यो अत्यन्त प्रशंसनीय पक्ष हो।अतः आजको सन्दर्भमा नेपाली निबन्धको खास प्रवृत्ति र प्राप्तिलाई बुँदागत रूपमा यसरी औँल्याउन सकिन्छ। ती हुन् - 1वैयक्ति (क अनुभूतिको प्राधान्य, 2राष्ट्र (, जाति, संस्कृतिर प्रकृति प्रेमको उद्घाटन, 3 विसङ्गत (वर्तमानप्रति वितृष्णा, 4 ( प्रगतिवादी/स्वच्छन्दतावादीचेतको विस्तार, 5सरल (, सहज एवं प्रवाहशील काव्यात्मक भाषाशैली, 6 व्यङ्ग्य (विद्रोह भावको प्रधानता र सुधारवादी चेतना, 7 जीवन (जगतको यात्राबाट उत्पन्न परिस्थितिप्रतिको संवेदनशीलता, 8 (कर्मशीलता एवं आशावादी दृष्टिकोणको प्रसार, 9 कतै ( अमूर्तता र दुरुहताको प्रदर्शन, 10 मानवीय (मूल्य मान्यताको वकालत तथा अस्मिताको खोजी, तथा 11विश्वव्यापीकरणतर्फको ( अग्रसरता र विश्व बन्धुत्वप्रति आकर्षण आदि ।

## 6.4 उपसंहार

निबन्ध संस्कृतको शब्द हो । यसलै नेपाली र हिन्दी साहित्यमा प्रचलित गद्यमय विधा विशेषलाई जनाउँछ । 'निबन्ध' शब्दको अर्थ संस्कृत भाषामा 'बाँध्नु' भन्ने हुन्छ ,'निबन्धीति निबन्ध' अथवा 'निबध्नाति इति निबन्ध' वा 'निबध्नातीति' आदि । निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुना 'नि' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको हो ।

साहित्यिक सन्दर्भमा प्रयुक्त निबन्ध शब्दले विशिष्ट रूपमा साहित्यिक विधाविशेषलाई जनाउँछ । प्रथमतः निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो । पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो । पाश्चात्य जगतबटा उदय भएको साहित्यका अन्य विधाहरूमध्ये निबन्ध विधा हो । साहित्यका अन्य विधाहरू सरह यसको आफ्नै छुट्टै विशेषता एवम् महत्तव रहेको पाइन्छ । आधुनिक निबन्धका अन्वेषक मोतेत्रले यस विधालाई लेखकसङ्गको अभिन्न तत्तव (Consubstantial) मान्दै यसो भनेका पाइन्छ – 'यी (निबन्ध) द्वारा कुनै नवीन सत्यको रहस्योद्घाटन गरें भन्ने दावी गर्दिन । मेरो काम केवल पाठकलाई आफ्नु हृदय खोलेर देखाउनु हो । ' फ्रान्सबाट र यस विधाको आविष्कारक फ्रान्सकै नागरिक मिशेल दि मोतेत्र (ईस्वी 1533-92) लाई जाँदछ उनले आफ्ना जीवनमा भोगेका तथा अनुभव गरेका कुराहरूलाई निबन्धको रूप दिएर मा प्रकाशित गरे । जसको अङ्ग्रेजीमा अनुवाद जोन फ्लोरिओले ईस्वी 1603 मा गरेर प्रकाशित रूपमा निकालेपछि यूरोप वा पाश्चात्य जगतमा निबन्ध विधाको प्रसिद्धि फैलिएर गयो । फलस्वरूप अङ्ग्रेजी साहित्यले फ्रान्सिस बेकन (1561-1626) जस्ता सशक्त गद्य लेखक र निबन्धकार पाउन सक्यो । प्रभाव र प्रेरणास्वरूप पछि विश्वप्रसिद्ध निबन्धकारहरूमा विशेष विलियम हेजलिट् (1778-1830), चार्ल्स ल्याम्ब् (1775-1834), जोसेफ एडिसन (1672-1719), रिचार्ड स्टीईल हुँदै रबर्ट लिण्ड (1871-1942) जस्ता आधुनिक निबन्धकारहरू देखा पर्दै आए । यसरी यो निबन्ध भन्ने आधुनिक विधा विश्वसाहित्यका अन्य प्रायः सबै भाषाका साहित्यमा प्रसिद्ध र प्रचलित हुनपुग्यो । आज आएर नेपाली साहित्यमा पनि हामीले लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने, हृद्यचन्द्रसिंह प्रधान, अच्छा राई

'रसिक', कमल दीक्षित, रामकृष्ण शर्मा, केशवराज पिंडाली प्रभृति निबन्धकारहरू पाएर धन्य बनेका छौं ।

नेपाली गद्यको प्रमुख विधा निबन्धको ऐतिहासिक आधार खोज्दै जाँदा नेपाली भाषाको इतिहास कोट्ट्याउनुपर्ने हुन्छ। अहिलेसम्मको खोजअनुसार लेख्यसामग्रीको अध्ययन गर्दा नेपाली भाषा प्रारम्भमा गद्यरूपमै व्यक्त भएको देखिन्छ। यस कुराको उदाहरणका निमित्त प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूलाई अघि सार्न सकिन्छ। शाके 603 देखिका ती प्राचीन अभिलेखहरूमा हुनत साहित्यिकता केही पनि भेटिदैन तर तिनमा हामी नेपाली गद्यभाषाको इतिहास पाउन सक्तछौं। शिलापत्र, ताम्रपत्र वा सुवर्णपत्रहरूमा प्राचीन नेपाली गद्यभाषा सुरक्षित रहनुले के स्पष्ट पार्दछ भने मानिसमा आफ्नो वाणीलाई अभिव्यक्त गर्ने र विकसित तुल्याउने प्रवृति रहन्छ- त्यो वाणी जुनसुकै विषयसँग पनि सम्बद्ध किन नहोस्। प्रारम्भमा यो प्रवृति सीमित क्षेत्रभित्र खुम्चिएको हुन्छ तर कालक्रममा पछि त्यो क्रमशः विस्तारित हुँदै गएर साहित्यका क्षेत्रमा त्यसले प्रवेश पाउँछ। तसर्थ साहित्यिक निबन्धलाई अभिलेखको प्राचीन परम्परासँग सम्बद्ध गर्नु समीचिन हुन जान्छ। विक्रमको उन्नाइसौं शताब्दीमा नेपाली गद्यले साहित्यिक रूप पाउनुभन्दा पहिले कुन-कुन स्थितिलाई पार गर्दै इतिहासको निर्माण गर्‍यो त्यसको जानकारी प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूको विश्लेषण गर्दा प्राप्त हुन्छ। प्रारम्भका लक्ष्मी-धर्म संवाद, तुलसीस्तव, गोरक्ष योगशास्त्र, राजधर्म, वाणोपनिषद्, आत्मबोध, योगवाशिष्ट सार, वैराग्याम्बर आदिलाई यसै सन्दर्भमा हेर्न सकिन्छ। संस्कृतबाट सोझै गृहीत यी गद्यहरू तत्कालीन बौद्धिक परिवेशका अनुकूल थिए। त्यस बेला संस्कृत बाङ्मयको प्रभाव कति धेरै थियो। भने राजनैतिक शिक्षाको मूल स्रोतका रूपमा पनि संस्कृतलाई नै

लिएको थियो। यसरी हेर्दा प्रारम्भका नेपाली गद्यमा तत्कालीन बौद्धिक वातावरण प्रतिबिम्बित भएको पाइन्छ।

नेपाली साहित्यमा माध्यमिक कालको प्रारम्भ सं. 1940 तिरदेखि भएको मानिन्छ। यसै कालमा नेपाली साहित्यले मुद्रण-युगमा प्रवेश गरेको र नेपाली पत्रकारिताको समेत उदय भएकाले यो युग धेरै महत्त्वपूर्ण रह्यो। हेमराजको चन्द्रिका व्याकरणले नेपाली गद्यलेखनलाई स्थिरीकण तथा स्तरीकरण गऱ्यो। सामजिक स्थिति र बौद्धिक चेतनाको प्रेरणाबाटै नेपाली निबन्धको मध्ययुगीन स्वरूप निर्मित भयो। नेपालमा राणशासकको बढ्दो अन्याय र अत्याचारबाट जब नेपाली जनता ज्यादै पीडित हुन थाले आन्तरिक राजनैतिक सङ्गठनको फलस्वरूप अनेक क्रियाकलापहरू हुन थाले, परिस्थितिवश मध्यमवर्गीय चेतनाले मूर्त रूप लियो र शासकवर्गप्रति त्यस चेतनाले आक्रोश व्यक्त गर्न थाल्यो। देशमा अप्रत्यक्ष रूपले बौद्धिक वातावरणको निर्माण भयो। छिमेकमा भइरहेको स्वन्त्रतासङ्ग्रामले पनि नेपाली जनतालाई सङ्गठनका निमित्त प्रेरणा दिइरहेको थियो। सङ्गठनलाई फुटाल्ने शासकवर्गको शक्ति पनि कम सानो थिएन किनभने त्यस वर्गले भित्रभित्रै छिमेकी भारतमा राज्य गरी बसेका अङ्ग्रेजहरूको समर्थन र सहयोग पाएको थियो। जनतालाई सदा मूर्ख बनाई त्यसमाथि बुई चढ़ने राणवर्गको नीतिले गर्दा बौद्धिक परिवेशका निमित्त त्यस बेला बिलकुल प्रतिकूल स्थिति थियो।

राजनैतिक तथा सामाजिक सुधारवादी निबन्धको प्रकाशन शारदामा हुन सक्नु स्वाभाविकै थियो। ने.भा.प्र.स.को सेन्सरसीपको कैंची ज्यादै लाग्ने भएको हुँदा त्यस्ता सुधारवादी लेख-निबन्धहरू यस पत्रिकामा छापिनै पाउँदैनथे। परिस्थिति जटिल भए पनि दीर्घायुका लागि यो पत्रिका विवश थियो। त्यसैले एकातिर शासकवर्गको जय-जयकार गर्दै अर्कातिर यो

पत्रिका राष्ट्रिय साहित्यको इतिहास- निर्माणमा परम्परालाई अघि बढाउँदै थियो। चेतनशील लेखकवर्गको सहयोग र योगदान पाएकैले गर्दा यो पत्रिका दीर्घकालतक जीवित रह्यो पनि । अधुनिक चेतना भएका लेखहरू शारदाका सहयोगी भएकाले आधुनिक निबन्धको पहिलो प्रकाशन पनि यसै पत्रिकामा भयो। वि. सं. 2007 मा राणातन्त्रको अवसान भएपछि निबन्धका निम्ति सारा पूर्वकालीन अवरोधक तत्व स्वतः पन्छिएर गएका जान्न पाइन्छ । निजात्मकताले बल्ल प्रश्रय पाउन थालेको बुझिन्छ । फलस्वरूप हास्यव्यङ्ग्यका निम्ति पनि यथापेक्षित अवकाश निबन्धकारहरूले पाउँदै गएका देखिन्छ । यसप्रकार नेपाली निबन्धको विकासका निम्ति सावधि पत्र- पत्रिकाको योगदानको फलस्वरूप पनि विविध शैली औ आकार प्रकारका रचनाले निबन्धको फाँट प्रशस्त बढाइदिएका भेटिन्छ भने यसको लेखन स्वरूपमा पनि समयको गतिसितै विविधता र परिष्कार हुँदै वस्तुपरक अनि निजात्मक निबन्ध, सामाजिक निबन्ध, हास्य व्यङ्ग्यात्मक निबन्ध, प्रगतिवादी निबन्ध, यात्रा संस्मरणात्मक निबन्ध, राजनैतिक निबन्ध, धार्मिक निबन्ध, दार्शिनिक निबन्ध, समीक्षात्मक निबन्ध तथा आत्मकथात्मक निबन्ध आदि आदि निबन्धहरू नेपाली निबन्ध लेखनको क्षेत्रमा देंखिन्दै आएको थाहा लाग्छ ।

सं. 2007 को क्रान्तिपश्चात् शैक्षिक सुधारअन्तर्गत अङ्ग्रेजी शिक्षाको प्रचार र सर्वसाधारणका निमित पाठशालाको स्थापना जस्ता महत्त्वपूर्ण कार्य भए। साहित्यको समृद्धिमा प्रकाशन-व्यवस्थाको महत्त्वपूर्ण भूमिमा हुन्छ। निबन्ध-प्रकाशनका निमित्त एकातिर विभिन्न पत्रपत्रिकाहरू छँदै थिए, अर्कातिर नेपाली भाषा प्रचारक सङ्घ रोयल नेपाल एकेडेमी (अहिलेको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान), साभ्यता प्रकाशन र अरू प्राइवेट प्रकाशन संस्थाहरूको स्थापनाले निबन्धसङ्ग्रहको प्रकाशनमा

सहयोग पुग्यो। क्रान्ति पश्चात्को जागरण युगमा निबन्धकारहरूकै रूचिमा विविधता आयो। ज्ञानको खोजमा लेखहरू चारै दिशातर्फ हान्निए। यसो हुँदा इतिहास, संस्कृति, धर्म, समाजशस्त्र, कला दर्शन आदि सबै विषयका निबन्धकारहरू नेपाली वाङ्मयले भेट्टायो। यसरी नेपालको बौद्धिक वातावरणमा परिमाणका साथै गुणको वृद्धि हुँदै जानु नेपाली निबन्धको क्रमिक विकासको पृष्ठभूमि थियो।

नेपाली निबन्धको इतिहास नेपाली कथा र उपन्यासको इतिहास जत्तिकै लामो छ भने पनि हुन्छ। अधुनिक नेपालको जन्म हुनुभन्दा अघिमा अभिलेख तथा ज्योतिष, औषधिमूलो र नीति विषयक ग्रन्थादिलाई निबन्ध मान्न सकिदैन। यी सामग्रीहरू नेपाली गद्यका पृष्ठभूमिका प्राचीन स्रोत मात्र हुन्। ऐतिहासिक स्रोत खोज्दै जाँदा नेपाली निबन्धको प्रारम्भ बिन्दु पृथ्वीनारायण शाहदेवको 'दिव्योपदेश' (1831) मा फेला पर्दछ, किनभने साहित्यिक गुण र कलात्मक अभिव्यञ्जनाको संयोजन यसै गद्यकृतिमा भएको छ। यसै धारमा नेपाली निबन्धको कालविभाजन यसरी गर्न उपयुक्त हुन्छः

(क) पृष्ठभूमिकाल वा प्रारम्भिक कालः 1831 देखि 1957 सम्म,

(ख) निर्माणकाल वा माध्यमिक कालः 1958 देखि 1991 सम्म र

(ग) विकासकाल वा आधुनिक कालः 1992 देखि हालसम्म।

## 6.5 सार

- निबन्ध संस्कृतको शब्द हो । यसलै नेपाली र हिन्दी साहित्यमा प्रचलित गद्यमय विधा विशेषलाई जनाउँछ ।

● साहित्यिक सन्दर्भमा प्रयुक्त निबन्ध शब्दले विशिष्ट रूपमा साहित्यिक विधाविशेषलाई जनाउँछ । प्रथमतः निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो ।

●पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो ।

●आधुनिक निबन्धका अन्वेषक मोतेञले यस विधालाई लेखकसङ्गको अभिन्न तत्तव (Consubstantial) मान्दै यसो भनेका पाइन्छ – 'यी (निबन्ध) द्वारा कुनै नवीन सत्यको रहस्योद्घाटन गरें भन्ने दावी गर्दिन । मेरो काम केवल पाठकलाई आफ्नु हृदय खोलेर देखाउनु हो । '

● खास अर्थमा निबन्ध नितान्त वैयक्तिक (Essential Personal) हुन्छ त्यसर्थ निबन्ध साहित्य रचनामा आत्म-अभिव्यञ्जना (Self - expression) हो ।

● निबन्धलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले परिभाषित गरे पनि यो आख्याननिरपेक्ष गद्यरचनाका रूपमा देखिन्छ र यसको तात्पर्यगत अर्थ पनि यही हो ।

● वैयक्तिकता निजात्मकता, आत्मप्रकटीकरण, सङ्क्षिप्तता, विषयवस्तुगत स्पष्टता, बौद्धिकता, हार्दिकता, विचारको प्रतिपादन आदि निबन्धका आधारभूत तत्त्व हुन् भने संवेदना र अनुभूतिको सहजता, भावको सघनता, तार्किकता पनि निबन्धका उपकरण हुन् ।

● जुन विधालाई साहित्यिक बौद्धिकताले विशिष्ट अर्थमा निबन्ध भनेको छ, त्यो पाश्चात्य देन हो।

● हुनत इतिहास पैल्याउँदै जाँदा सोह्रौ शताब्दीभन्दा धेरै वर्षअघि नै ग्रीसका थियोफ्रेटस र प्लुटार्क, रोमका सिसेरो र सेनेकाद्वारा निबन्धहरू लेखिएको पाइन्छ, तर ती कृतिहरूको साहित्यिक विधाका रूपमा स्तरीकरण भएको थियो। उनका निबन्धहरूमा आत्माभिव्यक्तिको प्राबल्य थियो।

● अङ्ग्रेजी साहित्यमा फ्रान्सिस बेकनद्वारा सोह्रौं शताब्दीको पुछारतिर यस विधाको प्रवेश भयो। अङ्ग्रेजी साहित्यमा सत्रौं र अठारौं शताब्दीमा पत्रपत्रिकाको उदयले यस विधाको विकासमा झन् तीव्रता ल्यायो।

● शाके 603 देखिका ती प्राचीन अभिलेखहरूमा  हुनत साहित्यिकता केही पनि भेटिदैन तर तिनमा हामी नेपाली गद्यभाषाको इतिहास पाउन सक्तछौं। शिलापत्र, ताम्रपत्र वा सुवर्णपत्रहरूमा प्राचीन नेपाली गद्यभाषा सुरक्षित रहनुले के स्पष्ट पार्दछ भने मानिसमा आफ्नो वाणीलाई अभिव्यक्त गर्ने र विकसित तुल्याउने प्रवृति रहन्छ

● प्रारम्भिक कालमा आख्यानको फाँटतर्फ एकातिर पुराण आदिका धार्मिक कथाहरू नेपालीमा अनूदित भए भने आख्यानेतर फाँटतर्फ अर्कातिर योग तथा अध्यात्म विषयका धार्मिक पुस्तकहरू अनूदित भएर गयो।

● प्रारम्भका लक्ष्मी-धर्म संवाद, तुलसीस्तव, गोरक्ष योगशास्त्र, राजधर्म, वाणोपनिषद्, आत्मबोध, योगवाशिष्ट सार, वैराग्याम्बर आदिलाई यसै सन्दर्भमा हेर्न सकिन्छ।

● नेपाली साहित्यमा माध्यमिक कालको प्रारम्भ सं. 1940 तिरदेखि भएको मानिन्छ। यसै कालमा नेपाली साहित्यले मुद्रण-युगमा प्रवेश

गरेको र नेपाली पत्रकारिताको समेत उदय भएकाले यो युग धेरै महत्त्वपूर्ण रह्यो।

- हेमराजको चन्द्रिका व्याकरणले नेपाली गद्यलेखनलाई स्थिरीकण तथा स्तरीकरण गर्‍यो। सामजिक स्थिति र बौद्धिक चेतनाको प्रेरणाबाटै नेपाली निबन्धको मध्ययुगीन स्वरूप निर्मित भयो।

- राजनैतिक तथा सामाजिक सुधारवादी निबन्धको प्रकाशन शारदामा हुन सक्नु स्वाभाविकै थियो। अधुनिक चेतना भएका लेखहरू शारदाका सहयोगी भएकाले आधुनिक निबन्धको पहिलो प्रकाशन पनि यसै पत्रिकामा भयो।

- सं. 2007 को क्रान्तिपश्चात् जब प्रजातन्त्रको ढोका खुल्यो, लेखकहरू बिषयको खुला मैदानमा उत्रिए। ज्ञान विज्ञान, कला, संस्कृति आदि सबै क्षेत्रतर्फको प्रवेश खुला भयो। चेतना र जागरणको नयाँ वातावरण नेपाली साहित्यको प्रगतिका लागि सौभाग्य थियो ।

- आजको निबन्ध कलात्मक दृष्टिले सुगठित, दृढ एवम् अनुभव र विचारको दृष्टिले याथार्थिक र सन्तुलित रहेको थाहा पाइन्छ ।

- आजको सन्दर्भमा नेपाली निबन्धको खास प्रवृत्ति र प्राप्तिलाई बुँदागत रूपमा यसरी औंल्याउन सकिन्छ। ती हुन् –

1वैयक्ति (क अनुभूतिको प्राधान्य,

2राष्ट्र (, जाति, संस्कृतिर प्रकृति प्रेमको उद्घाटन,

3 विसङ्गत (वर्तमानप्रति वितृष्णा,

4 प्रगतिवादी/स्वच्छन्दतावादी (चेतको विस्तार,

5सरल (, सहज एवं प्रवाहशील काव्यात्मक भाषाशैली, तथा

6 व्यङ्ग्य (विद्रोह भावको प्रधानता र सुधारवादी चेतना,

7 जीवन (जगतको यात्राबाट उत्पन्न परिस्थितिप्रतिको संवेदनशीलता,

8 कर्मशीलता (एवं आशावादी दृष्टिकोणको प्रसार,

9 कतै (अमूर्तता र दुरुहताको प्रदर्शन,

10 मानवीय (मूल्य मान्यताको वकालत तथा अस्मिताको खोजी, तथा

11विश्वव्यापीकरणतर्फको ( अग्रसरता र विश्व बन्धुत्वप्रति आकर्षण आदि

## 6.6 अनुशीलनी

(1) निबन्धको स्वरूपलाई सविस्तार चिनाउनुहोस् ।

(2) नेपाली साहित्यमा निबन्ध परम्पराको ऐतिहासिक आधारहरूबारे प्रकाश पार्नुहोस् ।

(3) नेपाली निबन्ध लेखन साहित्यको काल विभाजनमाथि समीक्षात्मक टिप्पणी लेख्नुहोस् ।

(4) नेपाली निबन्ध विकास परम्परामा पत्र- पत्रिकाको योगदानबारे विवेचना गर्नुहोस्।

(5) आधुनिक नेपाली निबन्धका स्वरूप र प्राप्तीहरूबारे खुलाएर चर्चा गर्नुहोस् ।

## 6.7 अतिरिक्त अध्ययन

1 - भागवत आचार्य **कविता सिद्धान्त र नेपाली कविता एवं निबन्ध**

2 - डा कृष्णदेव शर्मा **समीक्षा सिद्धान्त**

3 - डब्लू एच हड्सन् **एन् इन्ट्रोडक्सन टु स्टडी अफ् लिटरचेर**

4 - कृष्णविलास पौड्याल **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध**

5 - डा. केशवप्रसाद उपाध्याय **साहित्य-प्रकाश**

6 - पारसमणि भण्डारी, यादवप्रकाश लामिछाने, तुलसीराम घिमिरे, सालिकराम पौडयाल र टीका पौडेल **नेपाली नाटक, एकाङ्की र निबन्ध**

7 – प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

8 – डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा **नेपाली साहित्यको संक्षिप्त इतिहास**

9 – रत्नध्वज जोशी **आधुनिक नेपाली साहित्यको झलक**

10 - डा. कुमारबहादुर जोशी, **लक्ष्मी निबन्धसंग्रहका निबन्धहरूमा देवकोटाका काव्य मान्यता**

11 - प्रा. नरेश चन्द्र खाती **अध्ययनः नेपाली निबन्धका**

12 - मोहनराज शर्मा (सं) **नेपाली निबन्ध भाग-1**

13 - रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा**

## 6.8 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

९. निबन्धको व्युत्पत्तिमूलक अर्थ ।

..............................................................................

........

..............................................................................

......

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 6.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१०. निबन्ध लेखनको परम्परामा पाश्चात्य विद्वानहरूको योगदान ।

..............................................................................

.....

..............................................................................

........

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 6.3 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. नेपाली निबन्ध लेखन परम्पराको ऐतिहास आधार

..............................................................................

.....

..............................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 6.3.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. नेपाली निबन्धको आजको सन्दर्भमा मूलभूत स्वरूपगत प्राप्तीहरू ।

..............................................................................

.......

.............................................................................................

...

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 6.3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. आधुनिक नेपाली निबन्ध र निबन्धकारहरू ।

.............................................................................................

......

.............................................................................................

.....

**(प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 6.3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ –7 ,नेपाली निबन्धका मुख्य मुख्य प्रवृत्ति र चरणगत मोडहरू ।

□ □ □ □ □ □


7 1.उद्देश्य

7.2 परिचय

7.3 नेपाली निबन्धका मुख्य मुख्य प्रवृत्ति र चरणगत मोडहरू

7.3.1 पृष्ठभूमि

7.3.2 नेपाली निबन्धका प्रवृत्ति र चरणगत मोडहरू

7.4 उपसंहार

7.5 सार

7.6 अनुशीलनी

7. 7 अतिरिक्त अध्ययन

7.8 मुल्यबृद्धिका निम्ति उत्तर


## 7 1.उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- निबन्धको सामान्य चर्चा
- नेपाली निबन्ध लेखनको पृष्ठभूमि तथा परम्परा
- निबन्धका मुख्य  मुख्य प्रवृत्ति –
- निबन्धका चरणगत मोडहरू

## 7.2 परिचय

निबन्ध संस्कृतको शब्द हो । यसलै नेपाली र हिन्दी साहित्यमा प्रचलित गद्यमय विधा विशेषलाई जनाउँछ । 'निबन्ध' शब्दको अर्थ संस्कृत भाषामा 'बाँध्नु' भन्ने हुन्छ ,'निबन्धीति निबन्ध' अथवा 'निबध्नाति इति निबन्ध' वा 'निबध्नातीति' आदि । निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुना 'नि' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको हो । यसरी व्युत्पादित निबन्ध शब्दका विविध अर्थहरू प्रचलित छन् । यज्ञवल्क्य स्मृतिमा निबन्धो द्रव्यमेव तथा अमरकोशमा अनाहीतस निबन्ध स्मात् भनेको : पाइन्छ । यसका अतिरिक्त साहित्यिक तात्पर्यमा पनि निबन्ध शब्दको प्रयोग भएको छ । साहित्यिक सन्‍दर्भमा प्रयुक्त निबन्ध शब्दले विशिष्ट रूपमा साहित्यिक विधाविशेषलाई जनाउँछ । प्रथमतः निबन्ध शब्दको प्रयोग संस्कृत साहित्यमा भएको हो । पहिला यो शब्द हस्तलिखित भोजपत्र र ताडपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त हुन्थ्यो । पाश्चात्य जगतबटा उदय भएको साहित्यका अन्य विधाहरूमध्ये निबन्ध विधा हो । साहित्यका अन्य विधाहरू सरह यसको आफ्नै छुट्टै विशेषता एवम् महत्तव रहेको पाइन्छ । मान्छेको सोचाइ ,प्रतिभा ,आग्रह ,विचार , खूबी आदिको आँकलनका आधारमा व्यक्ति र विषयको बोध हुने हुँदा कृतिको स्तरीयता र स्तरहीनताका आधारमा निबन्धलाई दुवै जेठो तथा ) विधा मानिएको हो । समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो (कान्छो लगभग बीसदेखि तीस मिनेट समयावधिको सीमामा पढिसकिने गद्यात्मक अभिव्यक्ति हो ।छोटो र छरितो आधुनिक गद्य भाषामा लेखिने साहित्यिक विधाको नाम निबन्ध हो । यसलाई एकप्रकारको कुरा गराइका रूपमा लिइन्छ । मनमा भएका कुराहरूको लिपिबद्ध श्रृङ्खलित रूप नै निबन्ध हो

। हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूमा पस्कने काम गर्नु नै निबन्ध हो । निबन्ध साहित्यका विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो । पाश्चात्य जगतमा फ्रान्‌बेला ,इत अनि भारतीयमूलमा हिन्दी– बङ्गलाहुँदै नेपाली भाषा , साहित्यमा भित्रिने यस विधाले विगतमा धेरै समस्याहरू तथा कठिन्याईंहरूको सामना गर्नु परेको पाइन्छ । तर विश्व समाजमा मानव सोंचको प्रगतीसितै विविध मूल्य र मान्यताहरूको उद्भवको परिणाम फलतः आज आएर यस विधाले पनि साहित्यका अन्य विधाहरू सरह झ्याँगिने र फस्टाउँने सुयोग पाएको देखिन्छ । आजको सन्दर्भमा परम्परागत निबन्ध लेखनको सङ्कुचित विश्वासलाई त्यागेर निबन्धकारहरूले खुलेरै वैश्विक मूल्य र मान्यताहरूलाई आत्मसात गर्दै निबन्ध लेखन परम्परालाई अघि बढाएर लगेका देख्दा यो विधाले निकट भविष्यमा ठुलै फडको मार्न सक्ने प्रचुर सम्भावना देखन्छ । निबन्ध वास्तवमा पाश्चात्य साहित्यको देन हो एवम् जसलाई साहित्यिक बौद्धिकताले विशिष्ट अर्थमा निबन्ध भनेको छ। यस विधाका जन्मदाता थिए फ्रान्सका माइकेल द मोन्तें। ई .1580 मा उनले प्रथमपल्ट ‘एसे’ शब्दको प्रयोग गरेका थिए। हुनत इतिहास पैल्याउँदै जाँदा सोह्रौ शताब्दीभन्दा धेरै वर्षअघि नै ग्रीसका थियोफ्रेटस र प्लुटार्क, रोमका सिसेरो र सेनेकाद्वारा निबन्धहरू लेखिएको पाइन्छतर ती कृतिहरूको , साहित्यिक विधाका रूपमा स्तरीकरण भएको थियो। उनका निबन्धहरूमा आत्माभिव्यक्तिको प्राबल्य थियो। अङ्ग्रेजी साहित्यमा फ्रान्सिस बेकनद्वारा सोह्रौं शताब्दीको पुछारतिर यस विधाको प्रवेश भयो। अङ्ग्रेजी साहित्यमा सत्रौं र अठारौं शताब्दीमा पत्रपत्रिकाको उदयले यस विधाको विकासमा झन् तीव्रता ल्यायो। अङ्ग्रेजी साहित्यमा यस विधाले व्यापक क्षेत्रलाई ओगटयो। यस विधाको लोकप्रियताले सारा विश्वसाहित्यलाई नै

प्रभावित पार्‍यो। आधुनिक कालमा यस विधाको व्यापक सीमाभित्र समीक्षा ,पुस्तक ,समीक्षा-जीवनी ,सम्पादकीय ,लेख ,प्रतिवेदन ,शोधपत्र आदि सबै समेटिएको पाइन्छ। पूर्वीय तथा पाश्चात्य दुवै साहित्यमा गद्यको अस्तित्व प्राचीन कालदेखि नै रहेको पाइन्छ तर साहित्यशास्त्रअनुसार सबै गद्यलाई निबन्ध भनिन्दैन। संस्कृत विधाको आफ्नै रूप-सौष्ठव तथा कला-अनुशासन छ जसको इतिहास खोज्दै जाँदा मोन्तें र बेकनमै पुग्नुपर्ने हुन्छ।मानिसको पहिलो वाणी गद्यमै प्रस्फुटन भएको हो। सभ्यताको प्रारम्भदेखि ज्ञानविज्ञानको दिशामा ऋमशः अगाडि बढ्दै गएको मानिसले एकअर्कालाई चिनाएको नै गद्यको माध्यमले हो। सामान्य व्यवहारदेखि लिएर उच्चकोटिको चिन्तन र मननमा समेत गद्यको प्रभावले गर्दा गद्यकविताको जन्म हुन गएको छ। गद्यमा पनि कविता हुन सक्छ भन्ने उदाहरण पुस्किन ,लु सून आदिले पेस गरिसकेको पाइन्छ। तसर्थ साहित्यमा गद्यले व्यापक क्षेत्र ओगटेको मात्र छैन परन्तु प्रभावको विस्तार पनि गर्दै आएको छ। यही कारणले गर्दा उपन्यासलाई आधुनिक महाकाव्य भनिन थालिएको छ। अतः फ्रान्समा जन्मेर बेलायतबाट हुर्की बढी आएको निबन्ध विधाले पछि भारतीय मूलका विशेष हिन्दी बङ्गला हुँदै नेपाली भाषामा पनि प्रविष्ट हुन पाएपछि भने अन्य साहित्यिक विधाहरू झैं यसको लेखन परम्परा नेपाली भाषामा पनि मौलाएर गएको थाहा लाग्छ ।

## 7.3 नेपाली निबन्धका मुख्य मुख्य प्रवृत्ति र चरणगत मोडहरू

## 7.3.1 पृष्ठभूमि

नेपाली निबन्धका मुख्य मुख्य प्रवृत्ति र चरणगत मोडहरूलाई चर्चा गर्न पूर्व नेपाली निबन्ध लेखनको पृष्ठभूमि तथा परम्परालाई निक्र्यौल गर्न आवश्यक ठहर्दछ । निबन्ध विधा एक प्रकारले भाषागत गद्य रूपको चरमउत्कर्ष मान्दा हुन्छ । विविध लेखनको पूर्वाधार रूपमा गद्य भाषाको विकासको ऐतिहासिक पृष्ठभूमिको पनि त्यतिकै भूमिका रहन पुगेको बुझिन्छ । नेपाली गद्यको प्रमुख विधा निबन्धको ऐतिहासिक आधार खोज्दै जाँदा नेपाली भाषाको इतिहास कोट्ट्याउनुपर्ने हुन्छ। अहिलेसम्मको खोजअनुसार लेख्यसामग्रीको अध्ययन गर्दा नेपाली भाषा प्रारम्भमा गद्यरूपमै व्यक्त भएको देखिन्छ। यस कुराको उदाहरणका निमित्त प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूलाई अघि सार्न सकिन्छ। शाके 603 देखिका ती प्राचीन अभिलेखहरूमा  हुनत साहित्यिकता केही पनि भेटिदैन तर तिनमा हामी नेपाली गद्यभाषाको इतिहास पाउन सक्तछौं। शिलापत्र ,ताम्रपत्र वा सुवर्णपत्रहरूमा प्राचीन नेपाली गद्यभाषा सुरक्षित रहनुले के स्पष्ट पार्दछ भने मानिसमा आफ्नो वाणीलाई अभिव्यक्त गर्ने र विकसित तुल्याउने प्रवृति रहन्छ -त्यो वाणी जुनसुकै विषयसँग पनि सम्बद्ध किन नहोस्। प्रारम्भमा यो प्रवृति सीमित क्षेत्रभित्र खुम्चिएको हुन्छ तर कालक्रममा पछि त्यो क्रमशः विस्तारित हुँदै गएर साहित्यका क्षेत्रमा त्यसले प्रवेश पाउँछ। तसर्थ साहित्यिक निबन्धलाई अभिलेखको प्राचीन परम्परासँग सम्बद्ध गर्नु समीचिन हुन जान्छ।

विक्रमको उन्नाइसौं शताब्दीमा नेपाली गद्यले साहित्यिक रूप पाउनुभन्दा पहिले कुनकुन स्थितिलाई पार गर्दै इतिहासको निर्माण गर्‍यो त्यसको -जानकारी प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूको विश्लेषण गर्दा प्राप्त

हुन्छ। अर्जित ज्ञान तथा विविध चेतनालाई लिपिबद्ध गर्ने जुन चेष्टा एकीकरणपूर्‌्व भयो त्यसलाई नेपाली गद्यबाट पृथक् गर्नु युक्तिसङ्गत हुँदैन। नेपाल एकीकरण अभियानबाट नेपाली मात्रमा जुन प्रकारको सांसकृतिक र राजनैतिक जागरण आयो त्यसको प्रतिबिम्ब समयसापेक्ष नेपाली निबन्धमा गद्यमा संस्कृतिकै प्रभाव प्रत्यक्ष रूपले पर्न थाल्यो। कैयौं वर्षअघिदेखि नेपाली समाजमा संस्कृत शिक्षाको प्रचलन भएकाले सांस्कृतिक परम्परालाई प्रतिबिम्बित गर्ने संस्कृतका कृतिहरू नेपालीमा अनूदित हुनुस्वाभाविकै थियो। प्रारम्भिक कालमा आख्यानको फाँटतर्फ . एकातिर पुराण आदिका धार्मिक कथाहरू नेपालीमा अनूदित भए भने अर्कातिर योग तथा अध्यात्म विआख्यानेतर फाँटतर्फषयका धार्मिक पुस्तकहरू अनूदित भएर गयो। प्रारम्भका लक्ष्मी ,धर्म संवाद-तुलसीस्तव , ,गोरक्ष योगशास्त्रराजधर्म ,वाणोपनिषद् ,आत्मबोध ,योगवाशिष्ट सार , वैराग्याम्बर आदिलाई यसै सन्दर्भमा हेर्न सकिन्छ। संस्कृतबाट सोझै गृहीत यी गद्यहरू तत्कालीन बौद्धिक परिवेशका अनुकूल थिए। त्यस बेला संस्कृत बाङ्मयको प्रभाव कति धेरै थियो। भने राजनैतिक शिक्षाको मूल स्रोतका रूपमा पनि संस्कृतलाई नै लिएको थियो। यसरी हेर्दा प्रारम्भका नेपाली गद्यमा तत्कालीन बौद्धिक वातावरण प्रतिबिम्बित भएको पाइन्छ।

नेपाली साहित्यमा माध्यमिक कालको प्रारम्भ सं1940 . तिरदेखि भएको मानिन्छ। यसै कालमा नेपाली साहित्यले मुद्रणयुगमा प्रवेश गरेको र - नेपाली पत्रकारिताको समेत उदय भएकाले यो युग धेरै महत्त्वपूर्ण रह्यो। साहित्यिक विकासका लागि संस्थागत सङ्गठनको प्रयास पनि यसै ) महत्त्वपूर्ण छैन। आख्यानेतर कालमा हुन कमNonfiction) नेपाली गद्यमा दुई महत्त्वपूर्ण अध्यायको प्रारम्भ यसै कालमा भयोः ती थिए) -1( सं. 1943 देखि नेपाली पत्रपत्रिकाको प्रकाशनारम्भ हुनु र )2( सं .1969 मा

हेमराजको चन्द्रिका व्याकरणको प्रकाशन हुनु। सं .1970 मा गो .भा .प्र को स् .स.थापनाले पनि नेपाली गद्यको विकास र समृद्धिमा ठूलो योगदान दियो। नेपाली कथाझैं नेपाली निबन्ध पनि पत्रकारितासँग सम्बद्ध हुन थालेपछि नै स्वरूपात्मक विकासतर्फ अग्रसर भएको थियो। गोर्खापत्र , ,माधवीचन्द्र ,गोर्खाली ,चन्द्रिका ,जन्मभूमि ,गोर्खा संसार ,नेपाली साहित्य सम्मेलन पत्रिका आदिमा प्राकाशित भएका निबन्धहरू यस कुरामा प्रमाणका रूपमा हामी अघि उभिएका पाइन्छन्। त्यस बेला नेपालमा जहानियाँ राणाशासन भएको हुँदा बौद्धिक वातावरण शून्यप्रायःनै रहेको थाहा लाग्छ। नेपाली जनतालाई बौद्धिक वातावरणमा राख्नु राणशासनको नीतिको विरूद्ध थियो। त्यसैले गोरखापत्रले नेपाली निबन्धका निमित्त उल्लेखनीय ठोस योगदान दिन सकेन। तर भारतका दार्जीलिङबनारस देहरादूनतिर बस्ने नेपालीहरू भने जातीय उन्नतिको , चेत्नाद्वारा प्रेरित थिए। भारतका ती ठाउँहरूमा बौद्धिक जागरणका लागि अनेक प्रयासहरू भए ,जसमध्ये एउटा थियो पत्रपत्रिकाको प्रकाशन तथा सम्पादन। यस्ता प्रयासहरू नेपाली निबन्धको स्वरूपात्मक विकासका लागि वरदान सिद्ध हुँदै गएको देखिन्छ। त्यसैले नेपाली निबन्धको इतिहासमा सर्वप्रथम भारतबाट प्रकाशित भएका पत्रपत्रिकाहरूबाटै परम्पराको निर्माण भएको पाइन्छ। हेमराजको चन्द्रिका व्याकरणले नेपाली गद्यलेखनलाई स्थिरीकण तथा स्तरीकरण गर्‍यो। छन्दविधान , लय ,सङ्गति-अलङ्गारप्र-योग र संरचनागत सीमाले गर्दा पद्य रचनालाई व्याकरणको नियमभित्र अनिवार्य रूपले बाँध्न सकिदैन तर गद्य रचनामा यस्ता कालविधान रहने भएको हुँदा व्याकरणको बढी चासो रहेको हुन्छ। गद्यको रचनाविधानमा शब्दावली )Vocabulary), वाक्यगठन ,अनुच्छेद योजना र आन्तरिक सङ्गठनदेखि लिएर वर्णविन्यास र

लेखनपद्धतिसमेतको अनिवार्य अपेक्षा रहेको हुन्छ। हेमराजको चन्द्रिका व्याकरणको परम्परालाई नेपाली बौद्धिकवर्गले अहिलेसम्म मान्यता दिनु यस कुराको प्रमाण हो। गो .भा .प्र .पछि ने) .स. भा .प्र .सएक (. जसले प्रकाशित गरेका विभिन्न ,सक्रय प्रकाशन संस्था पनि थियो विषयका पाठय तथा अन्य पुस्तकहरूबाट तत्कालीन शैक्षिक वातावरणको परिचय पाउन सकिन्छ। यस समितिको कार्यक्षेत्र केवल काव्य वा साहित्यमा मात्र सीमित थिएन। वाङ्मयका प्रायः सबै पक्षमा यस समितिले तत्कालीन परिस्थितिअनुकूल योगदान दियो। यस समितिले नेपाली भाषाको स्तरीकरणका लागि गरेको प्रयास ऐतिहासिक महत्त्वको थियो। यसले प्रकाशित गरेका पुस्तकहरू हेर्दा के देखिन्छ भने नेपाली गद्यसाहित्यलाई शिक्षाका रूपमा प्रयोग गरेर अधिराज्यभर राष्ट्रभाषा नेपालीको प्रचार गर्ने सत्प्रयास यस संस्थाले प्रथमपल्ट गर्‍यो। सामजिक स्थिति र बौद्धिक चेतनाको प्रेरणाबाटै नेपाली निबन्धको मध्ययुगीन स्वरूप निर्मित भयो। नेपालमा राणशासकको बढ्दो अन्याय र अत्याचारबाट जब नेपाली जनता ज्यादै पीडित हुन थाले आन्तरिक राजनैतिक सङ्गठनको फलस्वरूप अनेक क्रियाकलापहरू हुन थाले , परिस्थितिवश मध्यमवर्गीय चेतनाले मूर्त रूप लियो र शासकवर्गप्रति त्यस चेतनाले आक्रोश व्यक्त गर्न थाल्यो। देशमा अप्रत्यक्ष रूपले बौद्धिक वातावरणको निर्माण भयो। छिमेकमा भइरहेको स्वन्त्रतासङ्ग्रामले पनि नेपाली जनतालाई सङ्गठनका निमित्त प्रेरणा दिइरहेको थियो। सङ्गठनलाई फुटाल्ने शासकवर्गको शक्ति पनि कम सानो थिएन किनभने त्यस वर्गले भित्रभित्रै छिमेकी भारतमा राज्य गरी बसेका अङ्ग्रेजहरूको समर्थन र सहयोग पाएको थियो। जनतालाई सदा मूर्ख बनाई त्यसमाथि बुई चढ्ने राणवर्गको नीतिले गर्दा बौद्धिक परिवेशका निमित्त त्यस बेला

बिलकुल प्रतिकूल स्थिति थियो। ज्ञानका क्षेत्रमा निषेधका सीमाहरू यथेष्ट थिए तर यति भएर पनि त्यस वर्गकै नीतिका कसूरले गर्दा देशको मध्यमवर्ग झन् झन् चेतनशील बन्दै थियो। यी चेतनशील वर्ग शासकवर्गसङ्गको शीतयुद्धमा सङ्लग्न चोखो भोकले कुतकुत्याइसकेको थियो। सं. 1997 को शहीदकाण्ड देशमा चेतनाको वृद्धिका लागि उत्प्रेरक बन्यो। यसरी देशमा राजनैतिक वातावरण जटिल बनिरहेको र मध्यमवर्गीय चेतना बौद्धिकतातर्फ अग्रसर भइरहेको स्थितिमा सं .1991 मा शारदाको प्रकाशन भयो। नेपाली साहित्यको इतिहासमा यस पत्रिकाको प्रकाशन एक सुनौला घटना थियो। नेपाली समाजलाई नै आधुनिकीकरण गर्ने जुन मनोकामना त्यस बेलाको चेतनशीलवर्गमा थियोत्यसको , मूर्तरूप यस पत्रिकामा प्रकाशित कृतिहरूमा देखा पर्‍यो। नेपाली कथाझैं न्ध पनि आधुनिक स्वरूप लिएर प्रथमपल्ट यसै पत्रिकामा नेपाली निब देखा पर्नु ऐतिहासिक घटना हो।

राजनैतिक तथा सामाजिक सुधारवादी निबन्धको प्रकाशन शारदामा हुन सक्नु स्वाभाविकै थियो। नेको सेन्सरसीपको कैंची ज्यादै लाग्ने .स.प्र.भा. पत्रिकामा छापिनै निबन्धहरू यस-भएको हुँदा त्यस्ता सुधारवादी लेख पाउँदैनथे। परिस्थिति जटिल भए पनि दीर्घायुका लागि यो पत्रिका विवश थियो। त्यसैले एकातिर शासकवर्गको जयजयकार गर्दै अर्कातिर यो -निर्माणमा परम्परालाई अघि बढाउँदै -पत्रिका राष्ट्रिय साहित्यको इतिहास थियो। चेतनशील लेखकवर्गको सहयोग र योगदान पाएकैले गर्दा यो पत्रिका दीर्घकालतक जीवित रह्यो पनि । अधुनिक चेतना भएका लेखहरू शारदाका सहयोगी भएकाले आधुनिक निबन्धको पहिलो प्रकाशन पनि यसै पत्रिकामा भयो। सं .2007 सम्म शासकवर्गसङ्गको आन्तरिक सङ्घर्षमै नेपालीहरूको समय व्यतीत भयो। लेखकहरू विषयको

व्यापकतातर्फ जान व्याकुल रहे ,तर शासनतन्त्र व्यवधानका रूपमा खड़ा भयो। देशको इतिहास अँध्यारो बाटो भएर हिडिरहेको बखतमा लेखकहरूले प्रयास गर्दागर्दै पनि साँघुरो विषयमा सीमित हुनु स्वाभाविकै हो। सं . 2007 को क्रान्तिपश्चात् जब प्रजातन्त्रको ढोका खुल्यो ,लेखकहरू बिषयको खुला मैदानमा उत्रिए। यस इतिहासलाई हेर्दा क्रान्तिपश्चात् आधुनिकताका विविध पक्ष र प्रवृत्तिहरू नेपाली निबन्धमा देखा परेको पाइन्छ। प्रजातान्त्रिक वातावरणमा सबैका निम्ति सुधार शब्द प्रिय भयो। निषेधका सीमाहरू भत्किए। ज्ञान विज्ञान ,कला ,संस्कृति आदि सबै क्षेत्रतर्फको प्रवेश खुला भयो। चेतना र जागरणको नयाँ वातावरण नेपाली साहित्यको प्रगतिका लागि सौभाग्य थियो । सं .2007 को क्रान्तिपश्चात् शैक्षिक सुधारअन्तर्गत अङ्ग्रेजी शिक्षाको प्रचार र सर्वसाधारणका निमित पाठशालाको स्थापना जस्ता महत्त्वपूर्ण कार्य भए। यस प्रकारको परिणाम स्वरूपग लेखकवर्गको मानसिक चेतनामा प्राश्चात्य साहित्यको जुन प्रभाव पर्‍यो ,त्यसले नेपाली निबन्ध साहित्यलाई अरू प्रगतिपथमा अग्रसर गरायो। शिक्षाका रूपमा साहित्यलाई प्रयोग गर्ने प्रवृत्तिमा तीव्रता आउनु पनि नेपाली निबन्ध साहित्यको सौभाग्यको लक्षण थियो। क्रान्ति पश्चात् नेपाली पत्रकारितामा पनि सक्रियता आयो। यसले चिन्तन र विचारको संसारमा नयाँ हलचल ल्यायो। राजनैतिक र सामाजिक सुधारदेखि लिएर कुतत्त्व वा खराबीको कड़ा आलोचना गर्ने तथा असन्तोष र आक्रोश व्यक्त गर्ने व्यङ्गय प्रहार गर्नेजस्ता स्वतन्त्रताको जुन उपभोग नेपालीले गर्‍यो , नेपाली निबन्धमा ती कुराहरूको प्रतिबिम्ब नपरिरहन सकेन। व्यङ्गयको सशक्तता र व्यापकता नेपाली निबन्धले पायो। भाषिक सबलतालाई निबन्धकारहरूले झनै मन पराए। साहित्यको समृद्धिमा प्रकाशन-प्रकाशनका निमित्त एकातिर-व्यवस्थाको महत्त्वपूर्ण भूमिमा हुन्छ। निबन्ध

अर्कातिर नेपाली भाषा प्रचारक सङ्घ ,विभिन्न पत्रपत्रिकाहरू छँदै थिए रोयलनेपाल एकेडेमी अहिलेको नेपाल राजकीय प्रज्ञा)प्रतिष्ठान(, साभ्यता प्रकाशन र अरू प्राइवेट प्रकाशन संस्थाहरूको स्थापनाले निबन्धसङ्ग्रहको प्रकाशनमा सहयोग पुग्यो। क्रान्ति पश्चात्को जागरण युगमा निबन्धकारहरूकै रूचिमा विविधता आयो। ज्ञानको खोजमा लेखहरू चारै दिशातर्फ हान्निए। यसो हुँदा इतिहास ,संस्कृति ,धर्म ,समाजशस्त्र ,कला दर्शन आदि सबै विषयका निबन्धकारहरू नेपाली वाङ्मयले भेट्टायो। यसरी नेपालको बौद्धिक वातावरणमा परिमाणका साथै गुणको वृद्धि हुँदै जानु नेपाली निबन्धको क्रमिक विकासको पृष्ठभूमि थियो। वर्तमान स्थितिलाई हेर्दा नेपाली कविता ,कथा र उपन्यास जति उन्नत अवस्थामा छ , त्यसको तुलनामा नेपाली निबन्धको स्थिति सन्तोषप्रद देखिदैन। पाठकको सङ्ख्यामा परिमितता हुनु नेपाली निबन्धको दुर्भाग्य हो। वहुविध लेखकहरूलाई मोहनी लगाएर आकर्षित गर्न नसक्नु यस विधाको कमजोरी हो। विषयलाई रूचिपूर्ण बनाउन सकिन्छ तर यसो गर्न गद्यलेखनको अभ्यास अनिवार्य हुन्छ भन्ने विश्वास लेखकहरूमा जन्माउन सक्यो भने यो विझा अझै विकासको सोपानमा उक्लँदै जान सक्छ। हालचाहिँ यसको टाक्सिएको पिलन्धरे अनुहार हेर्दा सहानुभूति दिन मन लाग्छ।

नेपाली निबन्धको इतिहास पनि नेपाली कथा र उपन्यासको इतिहास जत्तिकै लामो छ भने पनि हुन्छ। अधुनिक नेपालको जन्म हुनुभन्दा अघिमा अभिलेख तथा ज्योतिष ,औषधिमूलो र नीति विषयक ग्रन्थादिलाई निबन्ध मान्न सकिदैन। यी सामग्रीहरू नेपाली गद्यका पृष्ठभूमिका प्राचीन स्रोत मात्र हुन्। ऐतिहासिक स्रोत खोज्दै जाँदा नेपाली निबन्धको प्रारम्भ बिन्दु पृथ्वीनारायण शाहदेवको 'दिव्योपदेश' (1831) मा फेला पर्दछ ,किनभने साहित्यिक गुण र कलात्मक अभिव्यञ्जनाको

संयोजन यसै गद्यकृतिमा भएको छ। यसै धारमा नेपाली निबन्धको कालविभाजनलाई क्रमैले (क) पृष्ठभूमिकाल वा प्रारम्भिक कालः 1831 देखि 1957 सम्म, (ख) निर्माणकाल वा माध्यमिक कालः 1958 देखि 1991 सम्म र (ग) विकासकाल वा आधुनिक कालः 1992 देखि हालसम्म भित्र राखेर अध्ययन गर्न सकिन्छ -

**(क) पृष्ठभूमिकाल वा प्रारम्भिक कालः 1831 देखि 1957 सम्म-** आधुनिक साहित्यशास्त्र अनुसार पृष्ठभूमिकालीन गद्यकृतिहरूलाई निबन्ध मान्न नसकिए तापनि ती कृतिहरू आख्यानेतर भएकाले विकासक्रमको प्रथम चरणमा राख्नु उपयुक्त हुन्छ। नेपाली गद्यको विकासको क्रमसँगै नेपाली निबन्धको पनि इतिहास जोड़िएकाले ती आख्यानेतर कृतिहरूलाई पृथक् गर्नु उपयुक्त हुँदैन। यस दृष्टिबाट दिव्योपदेश (1831) बाटै चर्चा सुरू गर्नुपर्ने हुन्छ। विचारको प्रस्तुति र आन्तरिक सङ्गठनका दृष्टिले यो कृति ऐतिहासिक महत्त्वको छ। यसपछि रामभद्र पाध्या रेग्मीको लक्ष्मी - धर्म संवाद (1851) मा पनि गद्य-प्रयोगको राम्रो नमुना पाइन्छ। यसपछि दैवज्ञ ज्योतिनरसिंहको तुलसीस्तव (1866) देखा पर्‌यो। वाणीविलास पाँडेको बाग्मतीपुल स्तम्भअभिलेख (1838) लाई गद्यको सुन्दर नमुना मान्न सकिन्छ। यसपछिका महत्त्वपूर्ण गद्यकविहरूमा क्रमशः दैवज्ञकेसरी अर्ज्यालको गोरत्रयोग शास्त्र (1877), यदुनाथ उपाध्यायको रतिकोषसार (1885), ललितत्रिपुरसुन्दरीको राजधर्म (1888 पूर्व), सुन्दरानन्द बाँडाको त्रिरत्नसौन्दर्यगाथा (1881-90 तिर) र सन्त शशिधारको वाणोपनिषद् (1881) लाई लिन सकिन्छ। नेपाली आख्यानेतर गद्यमा भएको विविध शौलीको प्रयोगको चित्र यी कृतिहरूले प्रस्तुत गर्दछन्। पृष्ठभूमि कालमा आध्यात्मिक विषयवस्तु निकै लोकप्रिय रह्यो भन्ने कुराको प्रमाणस्वरूप योगी अम्बरगीरका ब्रह्मयज्ञ उपनिषद् (1891),

योगवाशिष्टसार (1912) आदि, भवानीदत्त पाँडेको आत्मबोध (1893 पूर्व), शशिधरका वैराग्याम्बर (1906 पूर्व) र जसमनि जोगशास्त्र (1900 पूर्व), रघुवीरसिंहको शान्तिशतक (1909) आदिलाई अघि सार्न सकिन्छ। साहित्यिक गुणका दृष्टिले यस कालमा देखा परेका महत्त्वपूर्ण गद्यकृतिहरू थिए- बेनामी जङ्गबहादुरको बेलायत यात्रा (1910), बेनामी बत्तीस सालको रोजनाम्चा (1932), मोतीराम भट्टको कवि भानुभक्त आचार्यको जीवन चरित्र (1948) र चिरञ्जीवी शर्माको आफ्नु कथा (1955)। यी कृतिहरू नेपाली गद्यको ऐतिहासिक विकासका महत्वपूर्ण उपलब्धि मान्नको कारण के हो भने यी कृतिहरूको नेपाली गद्यको फाँटलाई विस्तारित गरेका छन्। यात्रा तथा जीवनी- साहित्यसँग नै सम्बन्धित भएतापनि नेपाली गद्यविकासको प्रावह यो कृतिहरूमा प्रतिबिम्बित भएको पाइन्छ। पृष्ठभूमि कालमा नेपाली गद्यको जुन रूप तथा प्रकृति रहेको पाइन्छ त्यससँग नेपाली निबन्धलाई श्रृङ्खलाबद्ध गर्नु ऐतिहासिक दृष्टिले औचित्यपूर्ण हुन्छ।

**(ख) निर्माणकाल वा माध्यमिक कालः 1958 देखि 1991 सम्म-** पत्रकारितासँग सम्बद्ध हुन थालेपछि नेपाली निबन्धको इतिहासमा निर्माणकाल को निरूपण भयो। यस कुराको स्थापनाको आधारस्वरूप गोरखापत्र (1958) मा प्रकाशित गद्यकृतिहरूलाई लिन सकिन्छ। गोर्खा भारत जीवन (1943) र सुधासागर (1955) का प्रतिहरू अप्राप्य रहेको हुँदा यस निर्माण कालको इतिहासलाई लम्ब्याएर लान सकिन्दैन, जे भए पनि गोर्खापत्रमा प्रकाशित आख्यानेतर गद्यरचनाहरू निबन्ध वा प्रबन्धका निकै नजिक छन्। मौलिक नेपाली निबन्धको परम्परा यसै पत्रिकाबाट सुरू गरिएको पाइने हुनाले पनि ती गद्यरचनाहरूको ऐतिहासिक मूल्य छ। यसमा नीति र नैतिकताका साथै व्यावहारिक जीवनमा उपयोगी हुने

विषयका निबन्धहरू पनि प्रकाशित भएका छन्। सं. 1966 मा मातृभाषाको उन्नति शीर्षकको एक ज्यादै महत्त्वपूर्ण लेख यसमा छापिएको छ। यसमा देखिएका धेरैजसो लेखहरू बेनामी भए तापनि शम्भुप्रसाद ढुङ्गेल र वैजनाथ सेढाईका लेखहरू पनि यसमा छापिएका छन्। मोटामोटी रूपमा यसमा प्रकाशित निर्माणकालीन गद्यरचनाहरू यस प्रकार छन् । छि मूर्ख पछि बुद्दिमान् (1959), नैराश्य परम सुखम् (1959), कृषि वृत्तान्त (1959), हिन्दुस्थानमा सुवीवरहरूको इतिहास (1960), वसन्तवर्णनम् (1961), शिक्षोपदेश (1966), निद्रा (1966), मातृभाषाको उन्नति (1966), बोलीको संस्कार (1966), श्रीवसन्त पञ्चमी (1966), दूधको गुण अवगुणप (1967), दुःख र सुख (1976), धन र त्यसको उपयोग (1967), व्यापार (1967), मासु (1967), कर्महेतु (1968), भलाइ (1968), विज्ञापन शिल्प (1970), बफादारी (1970), शिशु शिक्षा (1970), मनको नाप (1970), हावा (1973), आदि। यी सबै कृतिहरू बेनामी छन्। नामाङ्कित गद्यकृतिहरूमा बेंकटेश्वरको सपना (1970), शम्भुप्रसाद ढुङ्गेलका समय (1976), प्रभात (1967), हर्दम याद राख्नुपर्ने कुरा (1976) र कविताको फल (1977) तथा वैजनाथ भएका छन्। यस पत्रिकाबाट नेपाली निबन्धको प्रारम्भिक रूपरेखा निर्माण भएको छ। यस रूपरेखालाई विस्तार रूप दिनमा यसपछिका पत्रिकाहरूको महत्त्वपूर्ण भूमिका छ।

नेपाली निबन्धको इतिहास पनि नेपाली पत्रकारिताको इतिहाससँग सम्बद्ध छ। गोरखापत्रपछि क्रमशः सुन्दरी (1963) र माधवी (1965) यी दुई पत्रिकाहरूले यस बिधालाई विकसित अवस्थातिर अग्रसर गराए। सुन्दरी मा प्रकाशित बेसरी (1963-65) लाई उत्कष्ट गरी देशको उन्नति (1965)। यसरी यी प्रकाशित सामग्रीलाई हेर्दा सुन्दरीले नेपाली गद्यतर्फ दिएको

योगदानलाई बिर्सन सकिदैन। यसरी नै माधवीमा प्रकाशित राममणि र रामप्रसाद सत्यालका निबन्धहरूमा गहन विचारको उद्रेक पाइन्छ। राममणिको कविता रीति ले नेपाली निबन्धलाई ऐतिहासिक महत्त्वको योगदान दिएको छ। यसमा प्रकाशित निबन्धहरू यस प्रकार छन्-

राममणि आ दी.का शरदऋतु चर्या (1965), भीष्म पञ्चक (1965), पृथिवी (1965), कविता रीति (1965-66), काश्मीरको वर्णन (1965), सत्य (1965), मातृभाषाको आवश्यकता (1965), विवेक (1965) आदि, पु. रामप्रसाद सत्यालका कुराको विचार (1965), श्रम (1965), माया (1965-66) आदि। नेपाली निबन्धको गद्यशैलीमा क्रमशः परिमार्जन उन थालेको तथ्यको सङ्केत यी कृतिहरूका साथै अन्य गद्यकारहरूका कृतिहरूले दिन्छन्। खास गरीकन त्यस कालमा जय पृथ्वीबहादुर सिंह मानसिह अधिकारी हरिहर आचार्य दीक्षित, दुर्गादेवी आचार्य दीक्षित र कुलचन्द्र गौतमबाट नेपाली गद्यको विकासमा ठूलो योगदान भएको छ।

सं. 1971 मा चन्द्र पत्रिकाको प्रकाशन भयो। यो गद्यप्रधान पत्रिका थियो जसमा पद्मनाभ सापकोटा, सूर्यवित्रम ज्ञवाली, वैजनाथ सेढाई र पारसमणि प्रधानका लेख-निबन्धहरू छापिएका छन्। पठित नेपालीहरूका हातमा परेर नै नेपाली निबन्धमा कलात्मक सजीवता आयो र विषयगत विविधताको पनि प्रधान्य रह्यो। चन्द्रमा प्रकाशित निबन्धहरू यस कुराको साक्षी छन्। यसमा प्रकाशित निबन्धहरू यस प्रकार छन्—

सुकेशीको स्त्रीशिक्षा (1971), पद्मनाभ सापकोटाका नेपालको अर्थशास्त्र (1971), परिश्रमको विभाग (1979), र व्यापारे पर्द्धते लक्ष्मी...(1979), बेनामी मित्रता (1979) र भारतमा वीरपूजा (1979), सूर्यविक्रम ज्ञवालीको सोक्रटिजको बहस (1979), बेनामी गोर्खा भाषाको उन्नति विवेचना (1979), वैजनाथ सेढाईको हेमन्त ऋतु वर्णन (1979), प्रसमान

प्रधान उर्फ पारसमणि प्रधानका ध्यवसाय (1972) र विधा (1972), सुर्यनारायण प्रधानको सत्यता (1972) र वैजनाथ सेढाईको ईश्वरका उपरको विश्वास (1972)। सं. 1972 मा प्रकाशित गोर्खाली पत्रिकामा पनि पद्मनाभ सापकोटा र सूर्यविक्रम ज्ञवालीको निबन्धहरू प्रकाशित भए। पद्मनाभ सापकोटाको मातृभाषा भन्ने निबन्ध निकै राम्रो छ। साथै देवीप्रसाद सापकोटा र मणिसिंह गुरूङका गहकिला लेख-निबन्धहरू पनि यसमा प्रकाशित भए। चन्द्रिका (1974) लाई निबन्ध प्रधान पत्रिका भन्न सकिन्छ। यसमा प्रकाशित निबन्धहरूले इतिहासलाई निकै नै विकसित तुल्याएको देखिन्छ। विशेष गरेर शम्भुप्रसाद ढुङ्गेलका निबन्धहरूमा निकै राम्रो गद्यशैलीको प्रयोग भएको पाइन्छ। उनका 3 निबन्धहरू यसमा प्रकाशित भएका छन्, ती हुन् - चन्द्रिका (1975), प्रेम (1975) र महेन्द्र मल्ली (1975)। यसमा मनुष्य खघोत र अरू छद्मनामका निबन्धहरू पनि प्रकाशित भएका छन्। जस्तै-जूनकीरी (1975), अब ता लाज भयो (1975), एक शेष (1975), धैर्य धारण गर (1975) आदि। मणिसिंह गुरूङ सूर्यविक्रम ज्ञवाली, दुर्गादेवी आ.दी. र मणिनारायण प्रधानका रोचक निबन्धका साथै मीनबहादुर भट्ट, प्रतिमान लामा, रामचन्द्र उपाध्याय, प्रभाकर आदिका निबन्धहरू पनि यसमा प्रकाशित छन्। भारतका विभिन्न ठाउँहरूबाट जति पनि पत्रिकाहरू प्रकाशित भए तिनले नेपाली निबन्धको श्रृङ्खलालाई जोड्दै इतिहास निर्माण गरे। चन्द्रिकाको प्रकाशनपछिका जन्मभूमि (1979), गोर्खासंसार (1983), नेपाली साहित्य सम्मेलन पत्रिका (1985) आदि पत्रिकाहरूको योगदानलाई यस्तै ऐतिहासिक मूल्यका दृष्टिले हेर्न सकिन्छ। जन्मभूमिमा कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारीजस्ताका विचारात्मक तथा भावात्मक निबन्धहरू प्रकाशित भए। गोर्खासंसारमा समाज र जातिको

सुधार गर्ने विषययुक्त निबन्धहरू प्रकाशित भएः जस्तै-वेदनिधि शार्माको जातीय रोगको अचुक औषधि (1986), हैकमसिंह राईको गोर्खा समाज सुधारको आवश्यकता (1986) आदि। खड्गबहादुर क्षेत्रीको हाम्रो देश औ जातिको वर्तमान अवस्था (1986), विधावतीको उन्नतिको आवश्यक अङ्ग (1986) आदि दार्जीलिङबाट प्रकाशित भएको नेपाली साहित्य सम्मेलन पत्रिकामा त्यहाँका पठितहरूका बौद्धिक ओजयुक्त निबन्धहरू प्रकाशित भए। यस पत्रिकामा सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान, रूपनारायण सिंहजस्ता भाषासेनानीहरूका निबन्धहरू प्रकाशित छन्। निर्माणकाल मा चन्द्रिका पत्रिकाबाट नेपाली निबन्धमा आधुनिकताको सङ्क्रमण हुन थालेको देखिन्छ जसको अरू स्पष्ट आभास नेपाली साहित्य सम्मेलन पत्रिकामा प्रकाशित निबन्धहरूमा पाइन्छ।

(ग) विकासकाल वा आधुनिक कालः 1992 देखि हालसम्म-

लक्ष्मीप्रसाद देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन्। शारदा (1991) मा प्रकाशित उनको पहिले निबन्ध आषाढ़को पन्ध्र (1992) नै पहिलो आधुनिक निबन्ध हो। यसभन्दा अघि नै प्रकाशित भएको बालकृष्ण समको बर्दाहामा शिकार (1991) निबन्ध नभएर कथा थियो। सर्वप्रथम देवकोटाले पाश्चात्य ढङ्गको पूर्ण निजात्मक निबन्ध नेपाली साहित्यलाई दिए। उनको गद्यशैलीमा पद्धतिमूलक आधार पाइन्छ र विषयवस्तुमा नवीन मानसिक चेतना अभिव्यक्त भएको पाइन्छ। नीति, शिक्षा तथा सुधारका भावनालाई सूक्तिमय ढङ्गमा लिपिबद्ध गर्ने मध्ययुगी प्रवृत्तिको अन्त्य देवकोटाबाट भयो। उनले अन्तर्हृदयका भावनालाई कलात्मक मूल्यका साथ संयोजन गरे। यही नै नेपाली निबन्धको इतिहासमा आधुनिकताको प्रतिष्ठापनको समय थियो। आषाढको पन्ध्र पछि देवकोटाले आधुनिक भावनालाई अरू निबन्धहरूमा व्यक्त गर्दै जुन

प्रकारको परम्पराको सिलसिला बसाए त्यसबाट नेपाली निबन्धको विकास प्रक्रियामा तीव्रता आयो। सं. 1990 को दशक नेपाली गद्यको महत्त्वपूर्ण समय थियो, किनकि यो साहित्यक आधुनिक वादको युग थियो। यसै दशकको दोस्रो वर्षमा प्रथम बालकृष्ण समद्वारा लिखित बर्दहामा शिकार लाई कथा मान्नाको धार स्वयम् यो कृति शिकार-कथा हुनु नै हुँदै होः यसका साथै यो कृति कथा नै हो भन्ने स्वीकारोक्ति पनि स्वयम् लेखकद्वारा भएको पाइन्छ। समले नै मेरो कविताको आराधन (उपासना-2) मा मैले एउटा वर्णनात्मक कथा प्रारम्भ गरें- बर्दहामा शिकार। त्यो आफ्नै किसिमको पहिलो छोटो कथा थियो, भनेका छन्। समले आफ्नो डायरी अप्रकाशितमा पनि यस कृतिलाई कथा नै भनेका छन्। शारदा पत्रिकाको जुन अङ्कको (अर्थात् वर्ष 1, अङ्क 1) जुन पृष्ठमा कथाहरूमध्येको एक टुक्रा भनेर लेखिएको पनि छ। आधुनिक निबन्धकारका रूपमा लक्ष्मीप्रसाद देवकोटा देखा परेपछि अरू पनि थुप्रै प्रतिभाहरू यस विधातर्फ देखा परे, ती थिए- बालकृष्ण सम, रामकृष्ण शर्मा, हृदयचन्द्रसिंह प्रधान, भीमनिधि तिवारी, केशवराज पिंड़ाली, सागरमणि आ.दी., भवानी भिक्षु, बाबुराम आचार्य, रूपनारायण सिंह, बोधविक्रम अधिकारी, भेषराज शर्मा आदि। अग्रज निबन्धकारहरूमा वैजनाथ सेढाई, सूर्यविक्रम ज्ञवाली र पारसमणि प्रघान पनि आफ्नो साहित्य साधनाको प्रक्रियामा यस दशकमा उत्कृष्ट निबन्ध लिएर देखा परे। निबन्ध प्रकाशनका दृष्टिले निकै उर्वर देखिएको यस दशकमा शुक्रराज शास्त्री, टुकराज पद्मराज मिश्र, कविप्रसाद गौतम, जनकराज श्रेष्ठ, पिनाकीप्रसाद शर्मा, प्रेमराज शर्मा, हरिनाथ खनाल, शेषरज दली, रामशङ्कर सेढाई जोशीका साथै भक्तबहादुर राणा, जितेन्द्रबहादुर शाह, गङ्गाविक्रम, फत्तेबहादुर सिंह, क्षितीशचन्द्र चक्रवर्ती, पूर्णबहादुर,

भोजबहादुरसिंह न्यौपाने, दुर्गाप्रसाद भट्टाराई, ज्ञानप्रसाद शर्मा, सत्यनारायण, हरिप्रसाद राय, खगेन्द्रराज बी.ए., एल्.पी. सापकोटा, भरत जङ्गबहादुर बस्नेत, खडानन्द शर्मा, सिलवाल पण्डित आदिका वर्णनात्मक तथा भाव वा विचारप्रधान निबन्धहरू पनि देखा परे। यस दशकमा खास गरीकन शारदा र त्यसपछि उद्योग, उदय, नेबुला, परिवर्तन, खोजी पत्रिकाहरूले नेपाली निबन्धको विकासमा महत्त्वपूर्ण योगदान दिएका थिए। यसै दशकमा लक्ष्मीप्रसाद देवकोटाद्वारा अनूदित प्रसिद्ध प्रबन्धसङ्ग्रह (1998) र ने. भा. प्र. स. द्वारा प्रकाशित नेपाली गद्य सङ्ग्रह (भाग 1) ले पनि नेपाली निबन्धको गतिशील स्वरूपमा मद्दत पुर्‍याए। सं. 2000 को अघिल्लो दशकमै प्रसिद्ध निबन्धकारहरूको लेखनकार्य जारी नै भयो। यसबाट नेपाली निबन्धको आधुनिक इतिहास रूपायित हुँदै थियो भने नयाँ निबन्धकारहरूमा हास्यतर्फ अच्छा राई रसिक र विविध विषययुक्त फाँटतर्फ लवबहादुर कपिल, चूडानाथ, कृष्णबम मल्ल, माधवलाल कर्माचार्य, रत्नध्वज जोशी, सत्यमोहन जोशी, ईश्वर बराल आदि देखा परे। क्रान्तिपूर्वकालसम्म निजात्मकका साथै परात्मक निबन्धको परम्पारमा एउटा राम्रो परम्परा बसिसकेको पाइन्छ। यस दशकमा एउटा महत्त्वपूर्ण कृति लक्ष्मी निबन्धसङ्ग्रह (2002) का साथै नेपाली गद्यसङ्ग्रह भाग 2 (2002) र भेषराज शर्माको के कस्तो ? (2003), हृदयचन्द्रसिंह प्रधानका भूस्वर्ग (2003) र तीस रूपियाँ नोट (2004) आदि पनि प्रकाशित भए। विशेष गरेर साहित्य स्रोत (2003 तिर) र युगवाणी (2004) पत्रिकाहरूको प्रकाशन यस दशकको नेपाली निबन्धको विकासका सन्दर्भमा विशेष उल्लेखनीय छन्। नेपाली साहित्यका अरू विधाझैं निबन्धको गतिमा पनि सं. 2007 को क्रान्तिपछि यथेष्ट भिन्नता आयो। ज्ञानविज्ञानका हरेक क्षेत्रमा आएको

जागरणले गर्दा क्रान्ति उत्तरकालमा खास गरीकन परात्मक निबन्धको फाँट विस्तृत हुँदै गयो। यस कालमा भाव संवेदनामूलक निबन्धभन्दा बौद्धिक घनत्वद्वारा सिञ्चित निबन्धहरू बढी फस्टाए। प्रजातान्त्रिक वातावरणमा स्वभावैले ध्ययन, मनन र नयाँ कुराको खोजप्रति झुकाउ रह्यो। त्यसैले नेपाली निबन्ध पनि बढी गाद्यिक इन्द्रबहादुर राई, तारानाथ शर्मा, बद्रीनाथ भट्टराई, महानन्द, कृष्णचन्द्रसिंह प्रधान, विपिनदेव ढुङ्गेल, कृष्णप्रसाद ज्ञवाली, भाइचन्द्र प्रधान कमलमणि दीक्षित, चितरञ्जन नेपाली, राजेश्वर देवकोटा, जनकलाल शर्मा छविलाल पोख्रेल, नयराज पन्त, शङ्कर लामिछाने, गोविन्दप्रसाद लोहनी, धर्मराज थापा, मदनमणि अग्निराज श्रेष्ठ, हर्कजङ्गसिंह क्षेत्री, हरिप्रसाद प्रधान, श्यामप्रसाद, बालकृष्ण पोखरेल, भैरव आर्यल, एम.एम.गुरूङ आदि निबन्धकारहरू देखा परे। यी निबन्धकारहरूलाई सौन्दर्यमूलक भावना जति प्रिय छ त्यति नै प्रिय वस्तुतथ्यमूलक विचार पनि छ। वास्तवमा निबन्धका उपविधाहरूको खास विकास क्रान्तिउत्तर कालमा नै भएको देखिन्छ।

सं. 2007 पछिको उदार शिक्षा नीतिले गर्दा बौद्धिक वातावरणमा जुन प्रकारको उत्साह र गम्भीरता देखा पर्‍यो त्यसले गर्दा नेपाली निबन्धले पनि सम्पूर्ण वाङ्मयको परिक्रमा गर्न थाल्यो। कला, संस्कृति, इतिहास, समाजशास्त्र, नृतत्त्व शास्त्र आदिमा समेत चिन्तन-मननको प्रक्रिया सुरू भयो। भाषाशास्त्र र लोकसाहित्यका क्षेत्रमा अध्ययन तथा खोजको नयाँ जागृति आयो। यस्तो पृष्ठभूमिले गर्दा नेपाली निबन्ध झन् झन् सम्पन्न बन्दै गयो। नेपाली निबन्धलाई यसरी सम्पन्नतातिर अग्रसर गराउने निबन्धकारहरू थिए- धनवज्र वज्राचार्य, ढुण्डिराज भण्डारी, हरिहरराज जोशी, गोपालदास, अरूणचन्द्र प्रधान, नरबहादुर दाहाल, जगतबहादुर

सिंह, ज्ञानमणि नेपाल, गणेशलाल सुब्बा, राजनारायण प्रधान, ईश्वरवल्लभ, देवीप्रसाद भण्डारी, गोविन्द भट्ट, टी. डी. लेप्चा, जी. छिरिङ, आनन्ददेव भट्ट, माधवप्रसाद देवकोटा, वल्लभमणि दाहाल, शिवगोपाल रिसाल, काजीमान कन्दङवा, रमेश विकल, माधव घिमिरे, देवेन्द्रराज उपाध्याय, गोपीमाधव देवकोटा, जगदीश शमशेर, जनार्दन सम, डिल्लीराम तिमिल्सिना, नीरविक्रम प्यासी, पारिजात, लोकराज बराल, लीलासिंह कर्मा, मोदनाथ प्रश्रित, शिवकुमार राई, नारदकुमार ओझा आदि। क्रान्तिउत्तर कालमा हास्य तथा व्यङ्गययुक्त निबन्ध जन् फस्टायो। राष्ट्रिय चेतनालाई वृद्धि गर्ने किसिमका निबन्धहरू पनि यथेष्ट देखा परे। देशको सांस्कृतिक महिमालाई उच्च पार्ने उद्देश्यभित्र बाँधिएका निबन्धहरू पनि देखा परे। अनि लेखकको सिर्जनशील व्यक्तित्वको उद्घाटन गर्ने सौन्दर्यमुखी निबन्धहरूको पनि निकै राम्रो परम्परा देखा पर्‍यो। यस क्रममा निबन्धका क्षेत्रका एउटा फाँट लिएर श्याम गोतामे, रामकुमार पाँडे, घटोत्कच शर्मा, अनिकाले औझा, चोलेश्वर शर्मा, मोहनराज शर्मा, ध.च.गोतामे, विष्णु नवीन, विनोद तिमिल्सिना, विश्व शाक्य, खेममणि काफ्ले आदि देखा परे भने अर्को ज्यादै महत्त्वपूर्ण फाँट लिएर डोरबहादुर विष्ट, नगेन्द्र, साफल्य, राजेश्वर देवकोटा, हरिराम जोशी, दिनेशराज पन्त, महेशराज पन्त, रमेशजङ्ग थापा, धनशमशेर, शान्त सुरभ, हृषीकेश उपाध्याय, भूपहरि पौडेल, नयनाथ पौडेल, शङ्करमान राजवंशी, मोहनबहादुर मल्ल, रामजी तिवरी, कुमार प्रधान, चूडामणि बन्धु, शिवराज आचार्य, भैरवबहादुर थापा, रत्नाकर देवकोटा, सुवि शाह, प्रिन्सेप शाह, पूर्णप्रकाश नेपाल, टङ्क वी. आर्य आदि देखा परे। सङ्ख्याका दृष्टिले नेपाली निबन्धसङ्ग्रह ज्यादै कम मात्रामा प्रकाशित भएको भए तापनि नेपाली साहित्यमा यो एउटा साझा विधाजस्तो भएको छ। नेपाली कवि,

कथाकार, उपन्यासकार तथा समालोचकहरूमध्ये धेरैले यसतर्फ कलम चलाएका छन्। फेरि साहित्यिक पित्रकाका अतिरिक्त समाचारपत्रहरूमा समेत निबन्ध प्रकाशित हुने गरेको पाइन्छ। प्रचार-प्रसारका जति पनि माध्यमहरू छन् तिनले निबन्धलाई नै बडी प्राथामिकता दिएको पाइन्छ। तर  यसरी नेपाली साहित्यमा निबन्धको सङ्ख्यात्मक वृद्धि देखिए तापनि गुणात्मक स्तरका दृष्टिले नेपाली निबन्ध कम समृद्ध छैन। उत्कृष्ट निबन्ध लेखेर नेपाली निबन्धलाई समृद्ध तुल्याउने निबन्धकारहरूमा हामी नगेन्द्र शर्मा, गणेशबहादुर प्रसाई, दिलबहादुर नेवार, रामलाल धिकारी, नन्द हाङखिम, प्रबल गिरी प्रदीप, वैकुण्ठप्रसाद लाकौल, टेकबहादुर पन्थी, वासुदेव त्रिपाठी, राममणि रिसाल, नारायणबहादुर सिंह, कृष्णबहादुर देउजा, मोहन सिटौला, कुमारबहादुर जोशी, लोकेन्द्रबहादुर चन्द, बाबुलाल प्रधान, नारायम तामाङ, अगमसिंह गिरी, कृष्णप्रसाद पराजुली, हर्षनाथ भट्टाराई, गुमानसिंह चामलिङ्ग, उत्तम कुँवर, युगेश्वरप्रसाद  वर्मा, तुलसी दिवस आदिको नाम लिन सक्तछौं। यसरी नै नेपाली निबन्धको विकासमा ठोस योगदान दिने निबन्धकारहरूमा छविरमण शर्मा, माधवप्रसाद भट्टराई, अमर गुरूङ, भि सुवेदी, योदनाथ प्याकुर्‌याल, ऋभदेव शर्मा, रामशरण दर्नाल, वासु रिमाल यात्री, श्रीप्रसाद गौतम, वरूणकुमार तिवारी, रामचन्द्र न्यौपाने, किशोर नेपाल, कृष्ण तिमिल्सिना, बद्रीनारायण प्रधान, रामचन्द्र गिरी, हरिभक्त न्यौपाने, लोकेशचन्द्र प्रधान, भरतराज पन्त, वीरेन्द्र सुब्बा, काशीनाथ तमोट, डिल्लीराम निर्भीक, आत्माराम शर्मा, रामप्रसाद पोखरेल, दुवसु क्षेत्री, लीला उदासी, वि. विकास, नन्दराम ल्मसाल, मोहनप्रसाद खनाल, ऋषिकेशवराज रेग्मी, राजकुमार पोखरेल, कृष्णप्रसाद काफ्ले, हंसपुरे सुवेदी, घनश्याम राजकर्णिकार, जगदीश घिमिरे, हरि वन्दी, वसन्तकुमार शर्मा, कुमारधर शर्मा ज्ञानी, जगन्नाथ

त्रिपाठी, केदार न्यौपाने, कुलप्रसाद खनाल, श्याम धिकारी, देवीप्रसाद वनवासी, क महानन्द पौड्याल, विक्रम रूपासा, सूर्यकला, कृष्णाप्रसाद काफ्ले, जगत क्षेत्री, विश्व शाक्य, घनश्याम कँडेल, अच्युतरमण दिकारी, लक्खीदेवी सुन्दास, समीरण क्षेत्री, सूर्यकला, विष्णुराम राई, कुमार घिसिङ, रूपराम देवान, दिलप्रसाद राना, घटराज भट्टराई, शरद्चन्द्र भट्टराई, नरेन्द्रराज पौडेल, खेल कोइराला बन्धु, गणेस भण्डारी, रमा शर्मा, सरोजकुमार शाक्य, प्रकाश ए, राज, मुकुन्दशरण उपाध्याय, खेमराज केसवशरण, वासुदेव शर्मा, ध्रवकृष्ण दीप, कृष्ण धरावासी, मदनमोहन मिश्र, मनुजबाबु मिश्र, गणेश निरौला, जगमान गुरूङ, इमानसिंह चेमजोङ, खोमराज नेपाल, तारामणि दाहाल, प्रफुल्लकुमार मौन, दिनेश सत्याल, फणीन्द्र नेपाल, प्रतीक ढकाल, जैनेन्द्र जीवन, विमल निभा, राजव, राजेन्द्र सुवेदी, वानीरा गिरि, सुनिल, जनार्दन आचार्य, सागर आदिलाई लिन सकिन्छ।

अतः समग्रमा के भन्न सकिन्छ भने नेपाली भाषाको भाषिक स्थिति, राजनैतिक तथा सांस्कृतिक परिवेशअनुकूल निर्मित नेपाली गद्यको प्राचीन परम्परा नै नेपाली निबन्धको पृष्ठभूमि हो। सामाजिक बनोटअनुरूप विभिन्न समयमा आएको परिवर्तनको प्रभाव  नेपाली निबन्धमा पर्‍यो। त्यसैले नेपाली निबन्ध गतिशील स्वरूपको बन्दै बिकासक्रममा अग्रसर भयो। सर्वप्रथम ख्यानेतर गद्यबाट प्रारमभिक रूपरेखा तयार भएको नेपाली निबन्धमा पत्रपत्रिकाको प्रकाशन आरम्भ हुन थालेपछि सिलसिलाबद्ध परम्पराको निर्माण भयो। यस विधासँग नेपाली मानसिकता तथा बौद्धिकता निरन्तर रूपले संलग्न हुँदै गएकोले खास गरीकन सं. 2007 को क्रान्तिपश्चात् वृहत् वाङ्मयको परिक्रमामा यो विधा विस्तारित भयो। समग्रह इतिहासको अवलोकन गर्दा लेखकको आत्मपरक भावक्रियाका

साथै अर्जित ज्ञानको अभिव्यञ्जना आधुनिक नेपाली निबन्धमा भएको पाइन्छ। तर वर्तमान समयमा आख्यानको तुलनामा यसको गति मन्दझैँ प्रतीत हुन्छ तैपनि एक-दुई उज्ज्वल प्रतिभा यस विधातर्फ बढि नै रहेको पाइन्छ।

अतः आजको सन्दर्भमा नेपाली निबन्धको खास प्रवृत्ति र प्राप्तिलाई बुँदागत रूपमा यसरी औँल्याउन सकिन्छ। ती हुन् -1वैयक्ति (क अनुभूतिको प्राधान्य ,2राष्ट्र (, जाति, संस्कृतिर प्रकृति प्रेमको उद्घाटन ,3 ( विसङ्गतवर्तमानप्रति वितृष्णा ,4 प्रगतिवादी/स्वच्छन्दतावादी (चेतको विस्तार ,5सरल (, सहज एवं प्रवाहशील काव्यात्मक भाषाशैली ,6 ( व्यङ्ग्यविद्रोह भावको प्रधानता र सुधारवादी चेतना ,7 जीवन (जगतको यात्राबाट उत्पन्न परिस्थितिप्रतिको संवेदनशीलता ,8 कर्मशीलता (एवं आशावादी दृष्टिकोणको प्रसार ,9 (कतै अमूर्तता र दुरुहताको प्रदर्शन ,10 ( मानवीयमूल्य मान्यताको वकालत तथा अस्मिताको खोजी तथा ,11 ( विश्वव्यापीकरणतर्फको अग्रसरता र विश्व बन्धुत्वप्रति आकर्षण आदि ।

### 7.3.2 नेपाली निबन्धका प्रवृत्ति र चरणगत मोडहरू

नेपाली जनमानस 1971-90 का कालावधिकाबिज घटेका कतिपय राष्ट्रिय तथा अन्तरराष्ट्रिय घटना अथवा परिस्थितिले अभूतपूर्व रूपले उन्मन्थित भइरह्यो। नेपालका निम्ति राजविरुद्धाचारी ठहरिएका सुब्बा देवीप्रसाद अधिकारी औ खर्दार कृष्णप्रसाद कोइरालाद्वारा प्रधानमन्त्री चन्द्रशमशेरका विरुद्ध बनारसमा राजनैतिक सयत्रता; बनारसमा नै पद्मनाभ सापकोटा 'विज्ञानविलास'सूर्यविक्रम ,मणिसिंह गुरुङ ,धरणीधर शर्मा कोइराला , ज्ञवालीहरूका प्रखर समाजमनस्कताको उद्भासन गर्ने रचनादिको प्रकाशन; प्रथम विश्वयुद्ध )1971 (75- ले आविर्भूत अन्तरराष्ट्रिय परिवेश; 1979 मा

देहरादूनमा अखिल भारतीय गोर्खा लीग को (संक्षेपमा गोर्खा लीग) स्थापना; नेपाली जातिको बौद्धिक जागरणसांस्कृतिक ,सामाजिक शोधन , ,आर्थिक उन्नयन गराउन खोज्ने गोर्खाली ,राजनैतिक उन्मीलन ,उत्थान तरुण गोर्खाजस् ,गोर्खा संसार ,जन्मभूमिता सावधि पत्रपत्रिकाका लेख , 1970 मा काठमाडौंमा गोर्खा )1987 मा नेपालीभाषा प्रकाशिनी समिति ( औ1975 मा त्रिचन्द्र कलेज तथा 1985 मा दार्जीलिङमा नेपाली साहित्य सम्मेलनका स्थापनाले नेपालीमा पश्चिमा संसारमा प्रचलित शिक्षाप्रणालीको प्रसार तथा नेपाली भाषाका प्रति श्रद्धा एवं आत्ममानको उन्मेष; दीर्घदृष्टि महात्मा गान्धीका नेतृत्वमा घनायमान भारतीय स्वतन्त्रता सङ्ग्रामले सिर्जेको वैप्लविक राजनैतिक चिन्ताधारा; धरमशालाका गीतकार अनरेरी कप्तान बहादुरसिंह बराल )1948-2019औ ( रङ्गकर्मी एवं गायक मास्टर मित्रसेन थापा )1952-2003का नेपालीमा ( ,भजन ,सांस्कृतिक प्रबोधन गराउने गीत सामाजिक औनाटकका मञ्चन तथा अन्य क्रियाकलाप; 1990 का भुइँचालोले नेपाली समाजमा सहकारिताएकता आदिको महत्त्वानुभव यस्ता यावत् तत्वले ,सङ्गठन , आच्छन्न यो बीसवर्षे कालावधि नेपालका हुन् अथवा नेपालबाहिरका भावकारी भयो। तदानीन्तन नेपाली सर्वत्रका जनताका निम्ति प्रशस्त प्र निबन्धका क्षेत्रमा हुन थालेका विविध प्रयोगबाट यस प्रभावको साक्षिता मनग्गे पाइन्छ पनि।

नेपाली निबन्धका सृष्टिपर्यायको निर्माण 1991 मा शारदा प्रकाशित हुनअघिका सावधि पत्रपत्रिका औ अन्य प्रकाशनले भएको हो तथा तिनताकका निबन्ध प्रायशः वर्णनात्मक औ इतिवृत्तात्मक भए तापनि तिनैले नेपाली निबन्धको जग हालिने काम भएको हो भन्नुपर्दा संशयले धरमराउनु परोइन। निबन्धकारहरूमध्ये राजा जयपृथ्वीबहादुर सिंह ,

पद्मनाभ सापकोटा'विज्ञानविलास'विद्यावती मुख्यशः ,सूर्यविक्रम ज्ञवाली , लक्षित भए। राजा जयपृथ्वीबहादुर सिंहले पदार्थतत्वविवेकले सामान्य विज्ञान तथा शिक्षादर्पणले इतिहासका अतिरिक्त अन्य विषयवस्तुका लघु य) आकारका लेखको परिवेशन गरेर शैक्षिक निबन्धको प्रतिरूपथार्थतः प्रबन्धदिए। शम्भुप्रसाद ढुङ्गायलले आत्मकथा लेखिने शैलीमा रोचक ( निबन्धको एउटा मात्र रचना गरे तापनि त्यसले आफ्ना खालको पहिले रम्यरचनाको अवतारण गऱ्यो। ठाकुर चन्दनसिंहले मुख्यतः राजनैतिक उदबोधन औ सामाजिक जागरण अनि पद्मनाभ सापकोटा 'विज्ञानविलास'ले यी विषयद्वयका अतिरिक्त अर्थनतिभाषा औ साहित्य , तथा साहित्यका केही विधाका लेख लेखर आधुनिकीकृत हुन खोज्ने युवमनीषाको स्पृहणीय प्रकाशन गरे। तिनले गरेझैं सूर्यविक्रम ज्ञवालीले ,संस्कृति ,पनि युवावस्थामा नै प्रौढ़बुद्धिको चमत्कार देखाएर इतिहास समीक्षा आदि विषयका प्रसादगुणसम्पन्न निबन्ध लेखेर आफ्ना दौंतारी अथवा समकालीन लेखकहरूलाई शैलीशिल्पले उछिने। नभन्दै पद्मनाभ सापकोटा 'विज्ञानविलास' औ सूर्यविक्रम ज्ञवालीलाई आधुनिक नेपाली निबन्धका पथिकृत मानेका खण्डमा मर्यादाको अतिक्रमण गरेको ठहरिओइन।

प्रथम विश्वयुद्ध टुङ्गिएपछि भारतमा स्वतन्त्रताप्राप्तिका निम्ति महात्मा गान्धीका नेतृत्वमा सञ्चालित जुनजुन क्रियाविधयुक्त सङ्ग्राम प्रचण्ड हुँदै - गयो त्यसले भारतमा नै जन्मी हुर्केका नेपाली हुन् अथवा केही कालदेखि त्यहाँ विभिन्न ठाउँमा बसोबास गर्ने नेपाली हुन् तीमध्ये विशेषतः तन्नेरीहरूप्रभावित हुन थाले। तदनुसार समग्र नेपाली समाजमा जागरणको शङ्खघोष गर्न एकातिर देहरादूनका ठाकुर चन्दनसिंह , ,छविलाल उपाध्याय ,आसामका अगमसिंह गिरी ,नाहनकी विद्यावती

महानन्द सापकोटा आदि अघि सरे भने अर्कातिर ,मणिसिंह गुरुङ बनारसमा जन्मी त्यहीँ शिक्षा पाउने सूर्यविक्रम ज्ञवालीबनारसमा नै , केही कालदेखि बसोबास गर्ने सुब्बा देवीप्रसाद सापकोटाका प्रखरव्युत्पन्न पुत्र पद्मनाभ सापकोटा'विज्ञानविलास'खर्दार कृष्णप्रसाद कोइरालाका , यी टाठा नेपालीहरू भआरतीय – भतिजा धरणीधर शर्मा कोइराला स्वतन्त्रतासङ्ग्रामले प्रभावित भई नेपालऔ समग्र नेपाली समाजमा जागरणको बिकुल फुक्न अघि सरे। फलस्वरूप भारतका नेपाली हुन् अथवा नेपाल अधिराज्यका नेपाली आधुनिक शिक्षाप्राप्तमध्ये धेरैजसो उक्त चेतन व्यक्तिका क्रियाकलापले उदबुद्ध हुन थाले। गोर्खालीचन्द्रिका औ , जन्मभूमिमा प्रकाशित कतिपय रचनाले सो बहुविध संसूचित हुन्छ। गैह्र नेपालीका जागरणलाई अझै तिक्खर तुल्याउने उपकरणको कडीका नै रूपमा देखा परेका गोर्खा संसार ,तरुण गोर्खा औ पुस ,1988 देखि प्रकाशित नेपाली साहित्य सम्मेलन पत्रिकाका लेख पर्यालोच्य हुन्छन्।

'गोर्खापत्र' औ दार्जीलिङबाट 1958 देखि तीस वर्षसम्म पादरी गङ्गाप्रसाद प्रधानका सम्पादकत्वमा प्रकाशित 'गोर्खे खबर कागत' बाहेक 1990 सम्मका नेपाली सावधि पत्रपत्रिकामध्ये सबैभन्दा लोकप्रिय मात्र होइन प्रभावकारीसमेत गोर्खा संसार थियो। यो भनाइ यसमा विभिन्न ठाउँका लेखकका प्रकाशित रचना औ ती रचनाका विवक्षाबाट सहजसिद्ध हुन्छ पनि। आदौ सातदिने तथा कालान्तरमा जुलाई ,1929 देखि महिनावारी भई छापिने यस पत्रको ध्येयध्यान थियो समस्त नेपालीलाई राजनैतिक चेतना औ अधिकारका भवानाले उदबुद्ध पार्नु। तदनुसार यसले सामाजिक उन्नयन औ राजनैतिक विषयसित सम्बद्ध लेखलाई बढ़ी ठाउँ दिएर नेपालीहरूका मानसमा बिजुलीसञ्चार गराउने तत्परता देखायो। यसका विशेषतः पहिला ,था सम्पादक क्रमशः ठाकुर चन्दनसिंहतेस्रा औ चौ ,

नन्दराम थापा औ मानसिंह अधिकारीका सामयिक सामाजिक औ राजनैतिक विषयका विचारोत्तेजक सम्पादकीय अथवा अन्य लेखमा यो कुरो नानाविधेन व्यञ्जित छ। वस्तुतः 1966 मा नै मानसिंह अधिकारीले औपदेशिक भागीरथीशिक्षा लेखेर परम्परागत मूल्य औ मान्यताले पुरुषशासित नारीजातिलाई अँध्यारादेखि उज्यालातिर लाग्ने बाटो देखाउने मनस्कताको परिचय दिइसकेका थिए। गोर्खा संसारले समय समयमा खड्गबहादुर छेत्री (शिलाङ), गङ्गाधर उपाध्याय गौहा)टी(, गर्जध्वज राय (त्रिपुरा ,कुमिल्ला), डम्बरसिंह गुरुङ (भुटान), नीलकण्ठ उपाध्याय (वकलोह), प्रेमसिंह आले (बर्मा ,भामो), मणिसिंह गुरुङ (शिलाङ), मानवीरसिंह रसाइली (गान्तोक), रामसिंह (कराची), रामसिंह गोर्खा (शिमला ,ठियोग), विद्यावती (नाहन), वेदनिधि शर्मा रा)ँची(, शेरबहादुर छेत्री (पेशावर), हरकधोज लिम्बू (धरमशाला), हर्कजङ्गसिंह क्षत्री टिस्टा ) (ब्रिज, हर्षबहादुर राई (कोहिमा), हैकमसिंह राई ,कैंजलेबस्ती) आदिका निबन्धका प्रकाशनद्वारा आफ्नो ध्येय असन्दिग्ध (जलपाइगुडी रूपले छर्लङ्ग्यायो। निबन्धकारहरूमध्ये खड्गबहाद ुर छेत्री हाई स्कूलका ) (छात्र, विद्यावती (वाग्मी छोरी आर्यसमाजी बाबुकी), वेदनिधि शर्मा तथा हैकमसिंह राईलाई सोद्देश्यमूलक भावात्मकरागात्मक तथा व्यङ्ग्यात्मक , निबन्धकारका पथिकृत माने अतिशयोक्ति होइन। समानतः मुटु छुने औ मथिङ्गलको उन्मन्थन गर्ने ओजपूर्ण र आकर ्षक तथा वागविदग्ध शैलीले महामनस्का कौमारी विद्यावतीले आफ्ना अप्रितम निबन्धद्वारा तर्कपूर्ण भाषणकलाको प्रशस्त चमत्कार देखाइन्।

निबन्धका क्षेत्रमा मात्र होइन गोर्खा संसारले कविता औ कथाका क्षेत्रमा समेत नेपाली जनजीवनकोमनस्कता एवं मनस्विताको भावना ,मनीषा , एवं कामनाकोआर्ति एवं दुर्गगतिको यथार्थाश्रित चित्रण गरेर नेपाली ,

Notes

साहित्यमा यथार्थवादका नवसम्प्रदायको प्रवर्तन गऱ्यो। निबन्धमा झैं कविता तथा कथा यी दुवै विधाका अधिकांश रचनामा पनि तन्द्रालीन औ पश्चातपद हुन् अथवा चेतन प्रगतिकामी सबै प्रकारका नेपालीलाई आत्मोन्नयनका निम्ति अनुप्राणित गर्ने भाव मुख्यशः अन्तर्निहित छ। प्रायशः रचनाकारहरू स्वजातिका बौद्धिकआर्थिक औ ,सामाजिक , राजनैतिक समस्या अथवा प्रश्नले उद्दीप्त थिए।काठमाडौंबाट 24 वैशाख , 1958 देखि प्रकाशित 'गोर्खापत्र'बाहेक जम्मै नेपाली पत्रपत्रिका भारतका बनारसखरस ,ाङदार्जीलिङबाट प्रकाशित भएथे। भारतीय ,कलकत्ता , नेपालीहरू विदेशी शासक अङ्ग्रेजका अधीन भए तापनि स्वतन्त्र देश नेपालका नागरिकभन्दा कता हो कता स्वतन्त्र भई लेख्न सक्थे। तर द्वितीयतः राणाशासनले गर्दा ती रूद्धगति थिए। ,एकतः शिक्षाका अभावले राणा शासकहरूलाई नेपालमा मात्र होइन भारतमा समेत नेपालीहरूको बौद्धिक जागरण काम्य थिएन। फलस्वरूप स्वतन्त्र देश भए तापनि नेपालका निवासी परतन्त्रवत थिए। तसर्थ ती आफूखुश लेख्न फुका थिएनन्। राणाशासनद्वारा लादिएका नानावली निरोध औ यमन छिँवल्नु नेपालवासीका निम्ति चिताई सक्नाको थिएन। एक त आर्थिक दैन्यले जर्जर र पछ्यौटे नेपालीत्यसमाथि सञ्चार व्यवस्थाको दारुण असुविधा , र शिक्षाका नगण्य सुविधाले गर्दा नेपालमा पत्रपत्रिका चलाउनु सितिमिति सकिने कुरो थिएन। उसैले सरकारी पत्र'गोर्खापत्र'बाहेक जनतापुत्रका सबैजसो पत्रपत्रिकाको अकाल मृत्यु हुनु अचम्मलाग्दो कुरो थिएन। चर्चित कालावधिमा के स्पष्ट भइसकेको थियो भने भारत तथा नेपालमा जेजस्तो राजनैतिक औ सामाजिक परिस्थिति भए तापनि दुवै देशका सबै साधारण नेपाली केही पथप्रदर्शकका प्रयासले गर्दा भने जागरणका शङ्खघोषले ब्यूँझदै जऱ्याकजुरूक हुँदै जुर्मुराउन थालेका थिए। नेपाली साहित्यिक

विधाका प्रसङ्गमा भने विशेषतः निबन्धका निम्ति चाहिने भाषासरणिको निर्माण भर्खरै हुन थालेथ्यो। तर राणातन्त्रचाहिँ विकासेच्छु नेपाली समाजलाई अन्धकारमा नै जाकेर राख्न कटिबद्ध थियो। फलस्वरूप निबन्धले साहित्यगुण विशिष्ट निजात्मकताले युक्त हुने सुयोगका निम्ति पर्खनुपर्‍यो। शारदाले सो पर्खाइको अवधि छोट्‌ट्याइदियो। आधुनिक नेपाली साहित्यको दिग्वलय स्पष्टतः दृष्टोगोचर पारिदिने यस मासिक पत्रिकाले निबन्धलाई पनि आधुनिकताशील बनाउने काम मनग्गे गर्‍यो।

नेपाली साहित्यको आधुनिक स्वरूप अङ्ग्रेजी साहित्यका अनुशीलनको परिणाम थियो। नेपालमा अङ्ग्रेजी शिक्षाको विधिवत् आरम्भ काठमाडौँस्थित दरबार स्कूलका स्थापनाले भए तापनि सो शिक्षा अति सीमित मात्र होइन त्यसका प्रापक पनि सीमित सामाजिक वर्गका अथवा क्षेत्रका हुन्थे। 1975 मा त्रिचन्द्र कलेजको स्थापना भएपछि चाहिँ स्नातकस्तरसम्म अङ्ग्रेजी साहित्यको पठनपाठन हुन थाल्दा साहित्यका नवीन विधाको परिचय पाउने अनि तिनले प्रेरित भई आफ्ना भाषामा तदनुसार रचना गर्ने नेपालीको सङ्ख्या बढ़्न थाल्यो। वर्तमान निरङ्कुश राणाशासनले गर्दा नेपालमा जनजीवन मध्ययुगी सामन्ती चौगिर्दाभित्र निरुद्ध भए तापनि कालधर्म ठम्याउने दुनियाँदारका आँखा अलिअलि गर्दै - उघ्रँदै थिए। अनेक प्रकारका विधिनिषेधको साङ्लो चुँडाल्ने आँट गर्न ती उद्यत हुँदै थिए। यी कुरा तिनताक प्रकाशित पत्रपत्रिकाका रचनाद्वारा प्रकट पवहुन्छ। ती पत्रपत्रा फाट्टफुट्ट निस्कँदै अल्पिँदै गए तापनि अादबाहेक सबैजसोले दुनियाँदारलाई सकेसम्म जोस्याउनेजगाउने काम गरे। केवल - तिनको अल्पायु नेपाली निबन्धका लघुसङ्ख्याको कारणत्व भइदियो। आफ्ना पूर्वग अथवा समकालीन पत्रपत्रिकाभन्दा धेरै बढ़ी दीर्घायु हुने ।शारदाले एकनिष्ठ भएर आधुनिक नेपाली साहित्यको पोषण गर्न सक्यो

यो कुरो नेपाली अङ्ग्रेजीबाजहरूका वर्धमान सङ्ख्या औ दत्तांशले सम्भव भएको थियो।

यस प्रसङ्गमा कुन कुराको पनि उल्लेख गर्न सकिन्छ भने शारदा प्रकाशनपूर्व नेपाली निबन्धका विधोचित संरचनाशिल्प तथा शैलीको , क्विशेषता थाहा पाउने व्यक्ति नेपालमा नगण्य थिए। अधिकांश साषर नेपाली हिन्दी भाषामा प्रकाशित धर्मग्रन्थकिस्साकहानी अथवा जासूसी , उपन्यास पढ़ेर मनोरञ्जन गर्थे। यस्ता परिस्थितिमा शारदाको प्रकाशन अर्थात् 1991 साल मानस्तरीय गुणयुक्त नेपाली निजात्मक निबन्धका निम्ति सृष्टिलग्न भयो।

शारदाले गर्दा आधुनिक नेपाली साहित्यले नाना दिशातिर हाङाबिङा फैलाउन पाउँदा निबन्धले पनि उदभिन्न औ पल्लवित हुने सुयोग पायो। यसै पत्रिकाद्वारा निबन्धकारले व्यक्तिसत्ताको उदभास गर्न बाटो पइल्याए। यसका प्राथमिक कालदेखिका निबन्धले यो जाहेर गरेका छन्। नभन्दै 1991-2000 सम्मका अनेक निबन्ध उल्लेखनीय छन्। जस्तै बालकृष्ण – समको वृत्तान्तधर्मी'बर्दहामा शिकार'नरेन्द्रमणि आचार्य दीक्षितको , आत्मालापी शैलीमा प्रस्तुत आध्यात्मिक प्रवचन'संसार एक नाट्यशाला हो' बोधविक्रम अधिकारीकृत ,'कवितामातासँग मेरो गन्थन-' र 'फलामे औँठी'लिखित (पौड्याल) निजी पत्राचारका पारामा प्रेमराज शर्मा , हास्यदीप्त व्यङ्ग्यगर्भ'पण्डितजीको चिट्ठी'अदालती ढाँचामा सिलवाल , पण्डितविरचित वेदान्ती तत्वचिन्तन'वेदान्तविवादको मिसिल' , लक्ष्मीप्रसाद देवकोटाका काव्यात्मक छटापूर्ण निजात्मक भावसंवलित 'आषाढको पन्ध्र', 'फूल' ,'निद्रा' ,'बेलामा' तथा परात्मक वृत्तान्तयुक्त 'भलादमी' सत्यनारायणको सरल हास्यव्यङ्ग्यको रचना ,'पातमा भात' , गङ्गाविक्रम सिजापतिकृत'निर्वासित विहग' रामजङ्गबहादुर सिंहलिखित ,

‘जीवनरहस्य’ हरिनाथ खनालको भावात्मक रम्यरचना ,‘कुलबहादुरको कुटुरी’बाबुर ,ाम आचार्यको शोधलेख ‘सगरमाथा या झ्यामोलोङमा’ , सागरमणि आचार्य दीक्षितले प्रस्तुत गरेको‘कलङ्गा दुर्ग’ नामक ऐतिहासिक वृत्तान्त भिक्षुको यात्रानुभूति ,‘शिमलासम्म’ रामकृष्ण शर्माको , ‘अङ्ग्रेजी साहित्यको प्रभाव’ ,‘कविको धन’ ,‘नाटकसम्बन्धी छोटो लेख’ , ‘जीवन र साहित्य’ आदि समीक्षात्मक निबन्धभेषराज शर्माका , अर्थशास्त्रसम्बन्धी नानाविध वैचारिक लेख इत्यादि। यी विविध शैली औ आकारप्रकारका रचनाले निबन्धको फाँट प्रशस्त बढ़ाइदिए।

उक्त निबन्धकारमध्ये बोधविक्रम अधिकारीप्रेमराज शर्मा औ हरिनाथ , खनालले लघु आकारका निबन्ध लेखेरपनि हास्य औ व्यङ्ग्यका उपयुक्त सरल चपल आहाने साधुभाषाको प्रशस्त लालित्य देखाए। ठट्यौलीपूर्ण शैली यी तीनैजनाको समान विशेषता हो। ती सूरित्रय अति थोरै भन्थे तर प्रचुर भावको परिवेशन गरेर त्यसैले ती चित्ताकर्षी भए। विनोदी स्वभावका वागमी बोधविक्रम अधिकारी लाक्षणिक प्रयोग गर्नामा खप्पिस थिए। तिनका निबन्ध प्रतीकधर्मी हुनाका साथै वक्रोक्तिले उत्पन्न छन्। नभन्दै ती निबन्ध सरल औ तरल वागमिता एवं भाव भरिला रसिला कथात्मकताले विशिष्ट छन्। ती गीतिकाव्यकै लघु व्याप्तिका औ एकप्रवण भावावेगले संवाहित छन्। बोधविक्रमका निबन्धमा पाइएझैं प्रेमराज शर्माका निबन्धमा स्वतःस्फूर्त गफगराइ मुखरित छ। व्यङ्ग्य औ विनोदवक्रताले पनि परिपूर्ण ती निबन्धको पारा ठट्यौलो छ भने भाषा झरिलो औ विवरण चटकिलोअनि वृत्तान्त पत्यारिलो। पाठकलाई प्रेमराज , शर्मा व्यङ्ग्यरूपी कोर्रा ठोक्छन् भने बोधविक्रमचाहिँ फूलका हलुका हनाइले खुत्रुक्क पार्छन्।

शारदाका प्राथमिक कालमा )1991 बालकृष्ण समको (2000-'बर्दहामा शिकार' भन्ने एउटा मात्र निबन्ध देखिन्छ। कालान्तरमा भने केही स्वरचित नाटकका भूमिका औ अन्यत्र पत्रपत्रिकामा तिनका निबन्ध पाइन्छन्। तिनले लेखेका निबन्धको सङ्ख्या सानो छ तर प्रत्येक निबन्ध प्रवीण उस्तादी हातको प्रमाण दिन्छ। संवेदनशील कविको मनोहारी कथन , कुशल तूलिकानियोक्ताको ,को विस्मयकर वागविधानतेजस्वी वागमी व्युत्पन्न ,विज्ञ दार्शनिकको गूढ गम्भीर चिन्तन ,परिमित चित्राङ्कन यस्ता विविध उपकरणले ,तार्किकको समतोल विवेचन पाठकलाई चकित पार्ने सीप तिनका अन्य विधामा झैं निबन्धधमा पनि प्रदर्शित छ। यस प्रकार तिनका व्यक्तित्वमा रसज्ञ कविसूक्ष्मदर्शी ,विचक्षण धीमान , निपुण चित्रकार सबै एकाकार भएका छन्। ,रौँचिरूवा तर्कशास्त्री ,तत्ववेत्ता विवरणात्मक र विचारात्मक नि ,तिनका भावात्मकबन्धबाट बहुरूप व्यक्तित्वको सम्भ्रमकारी एकाकृति अग्रतः लक्ष्य हुन्छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेख्ता साहित्यको जुन स्कन्ध छोए पनि त्यसलाई अपरिमेय प्रतिभाले महिमोज्ज्वल बनाइदिए। नेपालीमा गुणसम्मपन्न निजात्मक निबन्धका पनि ती उदाहरणयोग्य लेखक हुन्। तिनैका निबन्धमा अङ्ग्रेजी निबन्धमा विशिष्ट रूपले प्रयुक्त रम्य निजात्मकता आदीपित भयो। आत्मरागरञ्जित तिनका निबन्ध संवेदनाशील काव्यधार्मिताहास्यव्यङ्ग्यको इतस्तत ,उड्डीयमान कल्पना , यस्ता ,कौतुकमय विनोदोक्ति औ करुणरस ,गुलाफी छेड घोचपेच ,विकिरण तत्वले समाच्छन्न छन्। यसप्रकार अङ्ग्रेजी निबन्धकार चार्लस् ल्यामका निबन्धमा पाइने पारा नेपाली साहित्यका गौरवस्तम्भ लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा पनि परिव्याप्त छ। व्यक्तिसत्ताको निर्बाध प्रसर गर्ने

यी युगधर कृतिका निबन्धमा समकालीन नेपालका सामाजिक , राजनैतिक औ ,सांस्कृतिकआर्थिक स्थितिको दिग्वलय देखिन्छ।

बालकृष्ण सम औ लक्ष्मीप्रसाद देवकोटाका निबन्ध चक्रपाणि चालिसे , प्रेमराज शर्माहरूका निबन्धका ,सूर्यविक्रम ज्ञवाली ,शम्भुप्रसाद ढुङ्ग्याल प्रगमनसूचक हुन्। बालकृष्ण सम जे लेख्थे त्यसलाई प्रशस्त सीप लाएर कुँदी चिल्ल्याई सकेसम्मनिर्दोष एवं संसिद्ध बनाई चिटिक्क पार्थे। त्यसैले अन्य विधामा झैं तिनले निबन्धमा पनि प्रकृष्ट शैलीको सृष्टि गर्न सके। स्वतःस्फूर्तताजन्य उल्लासवृत्तिले गर्दा यथेच्छाचारी भई लक्ष्मीप्रसाद देवकोटाले भाषाप्रयोगका विषयमा अनेक असङ्ख्येय प्रमाद गरे। फलस्वरूप तिनका रचनामा परिष्कृत शैली टाढ़ाको वस्तु भयो। आफ्ना भावलाई यथार्थ अभिव्यक्ति दिन यदृच्छा गर्दा तिनले कति भाँडिम जुलुम गरे भन्ने बुझ्न तिनका निबन्ध हेरे हुन्छ।

अन्य निजात्मक निबन्धकारमध्ये हृदयचन्द्रसिंह प्रधानकृष्णचन्द्रसिंह , बालकृष्ण ,नगेन्द्र शर्मा ,प्रधानपोखरेल ,भैरव अर्याल ,तारानाथ शर्मा , रामलाल अधिकारी आदि उल्लेखनीय छन्। अवक्र ,कृष्णप्रसाद ज्ञवाली निर्भूषण प्रसादगुणसम्पन्न शैलीमा लिखित हृदयचन्द्रसिंहका निबन्धको विशेषता हो शुद्धमति मित्रको सुगम्य निश्छल कुरागराई। निजात्मक निबन्धमा निबन्धकारको विषय स्वयमेव हो भन्ने सिद्धान्तको अक्षरशः पालन तिनले गरे। आफ्नो शारीरिक होस् अथवा मानसिक न्यूनता , दुर्बलता किंवा अक्षमता; विफलता होस् अथवा विवशता; त्रुटि विच्युति , लत जे होस् ,दोष; हर्षग्लानि जेसुकै ,मनोल्लास ,बिस्मात ,विषाद ,शोक , होस् तिनले कुनै थोक नलुकाई आफ्ना व्यक्तित्वका थरीथरीका पाटाको - प्रस्टाप्रस्टी विज्ञापन गरे। त्यसरी आफूलाई उदाङ्ग पार्दा तिनले आफ्नै आफैलाई छासी गिज्याई गिल्ला गरी व्यङ्ग्यको तारो ,खिसीट्यूरी गरी

बनाए। आफ्ना अग्रज हृदयचन्द्रसिंह प्रधानका झैं कृष्णचन्द्रसिंह प्रधानले निबन्धमा जतिसुकै निजत्वकोउदभासन गरे तापनि आफ्नो वैयक्तिक बानीबेहोराभावप्रवणताको परिचय दिएर अन्तःकरण ,मिजास मानसिकता , आख्यायकको ,फोई आफ्ना नालीबेलीको भेद खोलेनन्। कविसुलभ संवेदना कालधर्म ठम्याउने चनाखा व्यक्तिको समाजमनस्कता औ ,कथावतारणा अनुसन्धानी समीक्ष ,अन्तश्चैतन्ययुक्त मीमांसाकको गभीर ज्ञानयुक्त सविश्लेषण विवेचनाचिन्तकको ,कुशल रकमीको तर्कपूर्ण बुँदाकेलाइ , वाकशिल्पीको मनोज्ञ भावकुँदाइ तिनका निबन्धमा ,तात्विक घोराइ अनपकारी उपहास औ ,प्रायशः पाइने वस्तु हुन्। त्यहाँ सूक्ष्म व्यङ्ग्य बुद्धिविलास सबै थोकको परिपा ,आभासात्मक हास्यरसठ पनि तिनले पारेका छन्। निबन्धका क्षेत्रमा शङ्कर लामिछानेले एउटा गजबको नौलो छाँट देखाएथे भने कृष्णचन्द्रसिंह प्रधानले अर्को किसिमको छाँटा शैलीको उदभावन गरेका छन्।

उपर्युक्त निबन्धकारहरूमध्ये कृष्णप्रसाद ज्ञवालीको आफ्नै स्वत्व छ। काव्यात्मक संवेदनासम्पन्न यी निबन्धकारका शैलीमा प्रायशः रसोल्लासपूर्ण भङ्गीमा समाच्छन्न हुन्छ। यी कुराको निदर्शना हो 'परेवाको कलरव'। परिमार्जित साधुभाषामा लेख्ने पटुता अर्जेका यी झैं शब्दार्थज्ञ नेपाली निबन्धकार बडै छैनन्।

नगेन्द्र शर्मा,भैरव अर्याल ,तारानाथ शर्मा ,बालकृष्ण पोखरेल , रामलाल अधिकारीहरूले कटुमधुर अनुभवको व्याख्यासहित वृतान्त लोभनीय पाराले प्रस्तुत गरेका छन्। तिनले सामाजिक विसङ्गति औ विकृतिपरम्परा , अथवा रूढीको अन्धपालन आदिको तीव्र भर्त्सना गर्नाका अतिरिक्त विषम समस्याको चित्रण निर्व्याज रू ,विवशता ,कहर ,स्वानुभूत सकसपले गरेका छन्। सरल इतिवृत्तनिवेदन नगेन्द्र शर्मा औ रामलाल अधिकारी

गर्छन् भने बालकृष्ण पोखरेल खरा पाण्डित्यले रौसिन औ झटारो हान्न चुक्तैनन्। व्यङ्ग्याश्री भई समाज औ जनजीवनका अनेक उज्यालाअँध्यारा - पक्षको अनावरण गर्नामा भैरव अर्यालले निक्कै बठ्याइँ देखाए। रूष्ट हुँदा होस् अथवा तुष्ट हुँदा जुन बेला जुन विषय समाए पनि त्यसलाई वाकशक्ति सम्पन्नताले गुणविशिष्ट पार्ने शिल्प तारानाथ शर्माले पाएका छन्। तिनको निरीक्षा परीक्षा गर्ने धीशक्ति विछट्ट तीक्ष्ण छ र शैली विशदप्रभ गहनागुरियाले झरिझुट्ट औ चिरिचिट्ट। कृतविद्यरसज ,ज्ञ , चनाखा औ माप्पाका तारानाथ शर्मालाई निबन्धलेखनमा ,शब्दार्थवित उछिन्ने देखा परेका छैननन्। तिनको शैली अनुकरणीय छ। अधुना नेपाली भाषाको नैपुण्ययुक्त प्रकृत प्रयोग गर्नेहरूमध्ये तिनलाई अग्रवर्ती मान्न सकिन्छ।

आत्मकथामा पनि कथयिता आफ्ना बारे नै कुरा गर्छ तर निजात्मक निबन्ध औ आत्मकथा बेग्लाबेग्लै प्रकृतिका विधा हुन्। निजात्मक निबन्धमा निबन्धकार प्रशस्त फुक्ने ,उल्लसित भई खेलालु हुने , विभावनाले सुरेलिने अवकाश पाउँछ तर आत्मकथामा वृत्तान्तका निम्ति विहित मर्यादाले कथयिता बाँधिन्छ। यसो भए तापनि कथयिता जति संवेदनशीलहुन्छ त्यति नै त्यसको आत्मकथा 'रम्यरचनाका कोटिमा उक्लन्छ। यो कुरो पाद्री गङ्गाप्रसाद प्रधान औ विश्वेप्रसाद कोइरालाका स्वकीय जीवनकथाद्वारा स्पष्ट हुन्छ। काशीनाथ आचार्य दीक्षितचिरञ्जीवी , मित्रसेन थापाहरू उक्त दुई आत्मकथाकारझैं संवेदनशीलचाहिँ हुन ,पौड्याल सकेनन्। पाद्री गङ्गाप्रसाद प्रधानका झैं मित्रसेन थापाका लेखाइमा भणिताको वक्रता छैन। सरल इतिवृत्तनिवेदन नै तिनको प्रवणता हो। काशीनाथ आचार्य दीक्षित औ चिरञ्जीवी पौड्यालका विवेच्य व्यक्ति विशेषतः आफू नभई अरू हुन् र तिनका वर्ण्य विषयको मूलाधार हो

आफूले देखेका औ भोगेका घटनाको विवृत्ति। त्यहाँ मन्मयताभन्दा बढी तन्मयता पाइन्छ पनि। विश्वेश्वरप्रसाद कोइरालाका आत्मकथाको केन्द्रिकता मन्मयता हो। राजनीतिमा नलाग्नुपरेको भए ती बहूत्पादक साहित्यकार हुने थिए होलान् भन्ने कुरा तिनका कथाउपन्यास आदिबाट , सहजै अनुमित हुन्छ। सक्रिय राजनैतिक नेता भए तापनि तिनले साहित्यका लेखनदेखि नन्दनतत्वलाई कवै पाखा लाग्न दिएनन्। समसामयिक घटनालाई कसरी मन्मय पारी आत्मकथामा जड़ान गर्दै नन्दनतत्वले विशिष्ट बनाउन सकिन्छ सो तिनको मेरो जीवनकथा मजाले प्रस्ट्याउँछ।

नेपालीमा परात्मक विषयलाई आत्मकथात्मक बनाउने जुन कौतुकमय पाराको अभिनव प्रयोग शम्भुप्रसाद ढुङ्ग्यालले 'महेन्द्रमल्ली' लेखेर गरेथे त्यसको समरूप समस्वाद बान्गी चक्रपाणि चालिसे औ रूद्रराज पाण्डेका कृति 'खाँड़ीको टोपी' औ 'गुन्द्रुकको पुकार'मा पाइन्छ। पत्र अथवा सम्बोधनका माध्यमले पनि निजात्मक निबन्धको रचना गर्न सकिन्छ। 'गुन्द्रुकको पुकार'(रूद्रराज पाण्डे) , 'पण्डितजीको चिट्ठी'प्रेमराज शर्मा ) (पौड़्याल, 'हावाबाजी'(नारायणप्रसाद भट्टराई) , 'श्री मोहन प्रभुको ३ स्वर्गारोहण'(गणेशमान सिंह) , 'आफ्नै लेखनीको परामर्श'रामकृष्ण ) (शर्मा, 'धर्म कमाउन विदेश जाने बाबुसितको गन्थन'बालकृष्ण ) (पोखरेल, 'परन्नोस्' (भैरव अर्याल) – यस्ता निबन्धबाट आफ्नाआफ्ना - विचारको जाहेरी गर्दै रचयिताहरूले स्वकीय चारित्रिक स्वभावको अनावरणसमेत गरेका छन्।

निजात्कताको अनावरण यात्राविवरणमा पनि गर्न सकिन्छ। यात्राका अनुभवले जुन लेखक जति भावनाशील हुन्छ त्यति नै त्यसको निजात्मकता उदभासित। यो कुरो छिरीङ वाङ्ग्दी अच्छा राई ,भिक्षु ,

'रसिक' गङ्गाराम ,'सानुभाइ' शर्माहरूका भ्रमणवृत्तान्तबाट संप्रकट हुन्छ। छिरीङ वाङ्ग्दीको 'मेरो चीनभ्रमण' साधारण वृत्तान्त हो भने अच्छा राई 'रसिक'कृत 'छैटौं अधिवेशन' अपेक्षाकृत आत्मरागरञ्जित। यात्राका निम्ति घरदेखि टाढ़िँदा स्वजनपरिजन औ स्वस्थानदेखि वियुक्त यात्रिका दुःसह - नौला ठाउँ-वेदनाले अभिभूत एवं भावार्द्र हुन्छ भने यात्राक्रममा नौलाहेर्न औ किसिम किसिमका अनुभव सँगाल्न पाइने सम्भावनाले उच्छलित पुलकित। अनि फेरि ती सबैदेखि छुट्टिँदा शोकान्वित। यसप्रकार पालैपालो मोहप्राप्ति औ हरण ,आमोद-आह्लाद ,बाधा-विघ्न ,उमङ्ग-उल्लास ,ममता- अथवा लाभालाभले भावान्वित भई यात्रिक चिन्तनशील हुन्छ अनि संसारमाप्रत्येक वस्तुका अनित्यता अथवा अचिरस्थायित्वका बोधले दार्शनिक किंवा आध्यात्मिक हुनपुग्छ। भिक्षुको सोही चित्तवृत्ति 'शिमलासम्म' भन्ने अप्रतिम रचनामा परिदर्शित छ। नभन्दै रोमान्सिक भिक्षुले भावुकता औ करुणरसको सेचनतात्विक ,दार्शनिक तर्कवितर्क , बन्धलाई युगपत पर्येषणा औ अन्तरालोकनद्वारा यस नि ,मीमांसा ,जिज्ञासा मर्मस्पर्शी बनाएका छन्। ,चित्तद्रावक ,भावार्द्रकारीगङ्गाराम 'सानुभाइ' शर्मा मूलतः व्यङ्ग्यकार हुन्। तिनको 'यात्रासंस्मरण' हास्यव्यङ्ग्यका निम्ति लेखिएको हो। तिनको यात्रा यथार्थ नभई कल्पनाविलासको उत्पादन हो भन्ने कुरो सहजै अनुमित हुन्छ।

संस्कृतमा 'स्थानभ्रष्टाः न शोभन्ते केशाः दन्ताः नखाः नराः' भन्ने सुभाषित छ। अर्थात् स्थानच्युत केशनङ औ मानिस अशोभन ,दाँत , हुन्छन्। स्थानभ्रष्टको एउटा अर्थ हो मर्यादाको अतिक्रमण वा उल्लङ्घन। नु जुन कुरो जहाँ जस्तो रहनु वा हुनुपुर्ने हो सो त्यहाँ नरहनु अथवा नहु स्वाभाविक मानिन्न। स्थानच्युतिबाट विपर्यय ,नैयमिक अर्थात् विहित वििवक्षित हुन्छ। स्थानस्खलितठाउ ,ँ न ठहरका केशनङ औ ,दाँत ,

मानिस उपहास्य हुन्छ। यस प्रकार स्थानभ्रष्टता अर्थात् वैपरीत्य किंवा अन्यथाभाव हास्यव्यङ्ग्यको जनयिता हो।हास्यव्यङ्ग्यको सर्जक ठट्यौलोपरिहासवेदी हुनु स्वाभाविक हो। देशकालोत्पन्न सामाजिक , ,व्यत्यय व्यतिक्रम ,विसङ्गति-विकृतिभ्रष्टाचारदुर्गति प्रत्येक ,दुर्नीति , खौरन अथवा ,थोक उसको तारो हो। उपहास्य व्यक्तिलाई छेड हान्न स्त खोइरो खन्न ऊ तम्सिन्छ तर पूर्वाग्रहग्र ,त्यसको खिसीट्यूरी गर्न ,नभई। उसको तारो स्वयं आफू पनि हुन सक्छ। स्वयं हुस्सू हुँदा जिल्लाराम पर्दा ऊ आफैला ,हिस्सिँदाई छास्न ,गिज्याउन ,खिज्याउन , गिल्ला गर्नसम्म हच्कँदैन। त्यस पाराले लिखित निबन्ध निश्छल निजात्मक निबन्धका कोटिमा दर्ता हुन्छ।चनाखो ,टाठोबाठो हुनु , खस्रो चाम्रो हुनु कठोर कोमल ,माप्पाको हुनु ,सूरो ,तीखो यथावसर खरो हुनु व्यङ्ग्यकारका निम्ति आवश्यक गुण हुन्।जुन लेखक अनुप्रास , ह्रस्वोक्ति आदि अनेकविध ,अतिशयोक्ति ,व्याजोक्ति ,उत्प्रेक्षा ,रूपक ,यमक अलङ्कारको प्रयोग एवं नान्दनिक तत्वको सन्निवेश गर्न जति सिपालु ,विभावना ,त्यति नै उसको हास्यव्यङ्ग्य तिक्खर हुन्छ। उल्लास हुन्छ शब ,बुद्धिविलासको चमत्कार ,कल्पनाशीलता्दार्थको सम्यक ज्ञान , वाग्धाराको समुचित प्रयोगसामर्थ्यले उसको शैली ,टुक्का ,उखान ,आह्रान अनि हास्यव्यङ्ग्य प्रभावकारी। ,गत्यात्मक औ चित्ताकर्षी हुन्छ ,जीवन्त

नेपालीमा हास्यव्यङ्ग्यको प्रथम प्रयोग शक्तिवल्लभ अर्ज्यालले गरे। 1855 मा संस्कृतमा स्वरचित हास्यकदम्ब भन्ने नाटकको नेपाली अनुवाद आफैले गरेर तिनले हास्यव्यङ्ग्यको अवतारण गरे। लाजभाँड़का भन्नुनभन्नु फोहोरी कुराले यस कृतिको हास्यव्यङ्ग्य अति दूषित हुनाले शक्तिवल्लभलाई आदर्श हास्यव्यङ्ग्यकार मान्न सकिन्छ। शक्तिवल्लभका दीर्घ समयपछि नेपाली हास्यव्यङ्ग्यका क्षेत्रमा 1986 मा देखा परेका

व्यक्ति राँचीले वेदनिधि शर्मा हुन्। तिनको एक मात्र रचना 'जातीय रोगको अचूक औषधि' देखिएको छ। तर त्यसमा हास्यव्यङ्ग्यका निम्ति वाञ्छित अनेक तत्व उपन्यस्त छन्। त्यसले यथार्थतः हास्यव्यङ्ग्यको प्रतिमान प्रस्तुत गऱ्यो। अनि पालो आयो नन्दनीय हास्यव्यङ्ग्यकार बोधविक्रम अधिकारी औ प्रेमराज शर्मा पौड्यालको। आधुनिक हास्यव्यङ्ग्यका निबन्धकारमध्ये सर्वप्रथम उल्लेखनीय व्यक्ति केशवराज पिँडाली हुन्। यस क्षेत्रका अन्य प्रमुख निबन्धकारका हारमा नारायणप्रसाद भट्टराई , ,गणेशमान सिंह ,न्द्रसिंह प्रधानहृदयच वासुदेव लुइँटेल ,दाताराम शर्मा , भैरव अर्याल औ भारतका अच्छा राई'रसिक' तथा गङ्गाराम 'भानुभाइ' शर्मालाई राखिन्छ। वर्तमान कालका नवप्रयोक्ताहरूमध्ये रामकुमार पाण्डे , को फाँट हरि वन्दी आदिले हास्यव्यङ्ग्य ,श्याम गोतामे ,नरेन्द्रराज पौडेल बढ़ाएका छन्।

वाकपटु एवं शब्दार्थज्ञानी केशवराज पिँडाली औ वासुदेव लुइँटेलका हास्यव्यङ्ग्यात्मक निबन्धमा यथाप्रयोजन खरता शिष्टताचपलता , कठोरता कोमलता आदि अनेक तत्व पटेर लाग्छन्। समयका ,तीक्ष्णता गतिका साथ तालमेल राखेर दीर्घकालदेखि केशवराज पिँडालीले बहूत्पादकताले खम्मिरा हास्यव्यङ्ग्यकारको भूयोभूयः प्रमाण दिएका छन्। देशकालोत्पन्न तालबेतालका जीवनप्रणाली ,विषम विकट सामाजिक , ,जनजीवनमा व्याप्त आर्ति असुस्थि ,राजनैतिक औ आर्थिक समस्या आकुलता आदिको समरस चित्रण गर्न ,चित्तविभ्रम ,बित्पात-उत्पात औ वासुदेव लुइँटेल सिद्धहस्त छन केशवराज पिँडाली्। विनोदपूर्ण कौतुक , अनुक्त परन्तु अनुमेय विवक्षा यिनका ,तेजित व्यङ्ग्य ,सरस हास्य निबन्धमा सहजसंश्लिष्ट छन्। छोटा हुन् अथवा लामा तर संरचनाका दृष्टिले उत्तमाङ्ग हास्यव्यङ्ग्यात्मक निबन्धले यी दुवै देशकालज्ञ निबन्धकारले

ताको मनग्गे परिचय दिएका छन्।प्रौढ़राणाशासित नेपालमा राजनैतिक परिस्थितिका विषयमा स्वतन्त्रतापूर्वक विचार प्रकट गर्ने अधिकारदेखि दुनियाँदार वञ्चित थिए। भारतमा प्राप्त स्वतन्त्रताको उपयोग गरी नारायणप्रसाद भट्टराई औ गणेशमान सिंहले स्वदेशलाई उम्काउने उद्देश्यले हास्यव्यङ्ग्यात्मक निबन्ध लेखे। यिनको 'हावाबाजी' औ 'श्री 3 मोहन प्रभुको स्वर्गारोहण' नामक निबन्धका लक्ष्य स्पष्टतः तिनताकका राणाप्रधानमन्त्री मोहनशमशेर हुन्। गणेशमान सिंहकृत 'श्री 3 मोहन प्रभुको स्वर्गारोहण' विद्रोहध्वनन औ तदयोग्य ओजस्वलताले विशिष्ट छ।

नारायणप्रसाद भट्टराई औ गणेशमान सिंहले निबन्धकारको प्रचुर धनसम्पत्ति पाएका थिए। नारायणप्रसाद भट्टराईको 'हावाबाजी'बाहेक अन्य निबन्धबारे थाहा पाइएको छैन। नेपाल राट्रिय विद्यापीठका द्वितीय एवं तृतीय उपाधिवितरणोत्सवका अवसरमा त्यसका कुलपतिका हैसियतले काठमाडौंमा 2011 मा गणेशमान सिंहले गरेको दीक्षान्त भाषण देशकालसम्बद्ध शैक्षिक विषयको महत्त्वपूर्ण लिखत हो। यसलाई निबन्धगोत्रीय रचना मान्न सकिन्छ। यस प्रकार यस दीक्षान्त भाषण औ पूर्वोत्त 'श्री 3 मोहन प्रभुको स्वर्गारोहण'बाट गणेशमान सिंहको निबन्धकारिता उत्तम गुणको पाइन्छ। तर विश्रुत नेता हुनाले राजनीतिमा नै अहर्निष सक्रिय हुनुपर्दा तिनले अन्य निबन्धको रचना गर्ने अवकाश पाएनहुन्।

सर्वथा नौला ढाँचाका परात्मक निबन्ध  भीमनिधि तिवारीकृत)'खुशामद' औ इन्द्र राईकृत 'आधुनिक शिक्षक' लगायत अर्थशास्त्रसम्बन्धी लेख ( 'सहकारी समाजको प्रयोजन' पद्मनाभ सापकोटा) 'विज्ञानविलास' औ ( 'आर्थिक जागरण'(भेषराज शर्मा) , सम्पादकीय  ,ठाकुर चन्दनसिंह) 'नेपालमा के हुनुपर्छ?' औ मणिसिंह गुरुङ 'जापानसन्धि-जर्मन-'(, भूमिका

दिलुसिंह राईको)'सत्यार्थ प्रकाशको भूमिका-'(, अन्तर्वार्ता आलोचक ) (शङ्कर लामिछानेको प्रस्तुति ,प्रधान हृदयचन्द्रसिंह, संस्मरण चोकबहादुर थापाकृत)'स्मृतिका केही चित्र' औ कमल दीक्षितलिखित '1936 सालका आषाढमा' नेपाली संस्कृतिसम्बन्धी ,'रसमय नेपाली जीवन' (सूर्यविक्रम ज्ञवाली), 'दौरा सुरुवाल' औ (रामलाल अधिकारी) 'बरपीपलको बिहे'(शर्मा चन्द्रकुमार) , नेपाली इतिहाससम्बद्ध आलेख्य 'बाग्मती सेतूत्सर्ग'(वाणीविलास पाँडे) , बाबुराम आचार्यकृत 'नेपाल निर्माताहरू' औ सागरमणि आचार्य दीक्षित प्रस्तुत 'कलङ्गारक्षा' यस्ता रचनाले नेपाली निबन्धलाई मलजल दिई झाँगिलो पार्ने काम प्रशस्त गरेका छन्।

साहित्यव्याकरण औ छन्दका लेखले पनि नेपाली निबन्धको फाँट ,भाषा , जस्तैः साहित्यका विषयमा राममणि आचार्य ,निकै बढ़ाएका छन् दीक्षितकृत'कवितारीति' औ रामकृष्ण शर्माको 'आफ्नै लेखनीको परामर्श' , भाषाको विवेचना'विद्या र गोरखा भाषाको दुर्दशा'हरिहर आचार्य ) (दीक्षित, 'गोर्खा भाषा की उन्नति'(कृष्णचन्द्र शर्मा अर्ज्याल) , 'मातृभाषा' (पारसमणि प्रधान), 'नेपालीको माया मार्‌यौ?'पुष्करशमशेर जङ्गबहादुर ) (राणा, 'बाघचाल'यी निबन्ध केवल दृष्टान्तस्वरूप हुन्। -(शिवराज शर्मा) यस विषयमा लेखेहरूको सङ्ख्या दिनानुदिन बढ़्दो छ। बरू नेपाली छन्दका विषयमा लेखिएका निबन्धको सङ्ख्या नाम मात्रको छ। यस विषयमा महानन्द सापकोटाकृत 'हाम्रो झ्याउरे'लाई उछिन्ने अर्को लेख होओइन। जगदीशशमशेर राणाले 'मुक्तक छन्द' मा कवितामा छन्दोन्मुक्तिका औचित्यको सावधारण वकालत गरेका छन्। शुष्क विवरणयुक्त निबन्ध साहित्यगुणविशिष्ट मानिन्न। पाइन हुने निबन्ध रसिलाप्रसादगुणले भावभरिला औ रोचक हुन्छन्। यसप्रकारका निबन्धको , सङ्ख्या दिनानुदिन वृद्धिशील हुँदैछ।

## 7.4 उपसंहार

नेपाली निबन्धको प्राथमिक कालावधिमा निबन्धका निम्ति गद्यशैली निर्मित भयो। यो कालावधि थियो सामाजिक जागरणको। यसका परिवेशमा निबन्धमा औपदेशिक सोद्देश्यता नै बढ़ी मुखरित हुँदा कलापक्ष उति दीप्त हुन सकेन। निबन्धकार प्रायशः स्थूल वर्णनतिर केन्द्रित भए। त्यसो हुनाले तिनका लेखाइमा तर्कप्रधान वक्तृताशैलीको आधिक्य पाइन्छ। निबन्धको माध्यमिक कालावधिमा गद्यशैलीको मनोरम विकास भयो। तदनुसार त्यसले निबन्धलाई विकासशील हुने अवसर दियो। चिन्तनशीलता औ व्यक्तिसत्ताका प्रमाणीकरण यी दुवै तत्वले निबन्धकार सञ्चारित भए। तिनका समाजसापेक्ष निबन्धमा रागात्मकता पनि विमिश्रण भयो। यसका अतिरिक्त निबन्धमा सरस कौतुकमय औ विनोदपूर्ण भणिता पनि प्रक्षिप्त हुन थाल्यो। निबन्धको आधुनिक काल 1991 देखि आरम्भ हुन्छ। निबन्धकारहरूले निजात्मकतासामाजिक , सोद्देश्यता औ रागतत्वलाई समानतः सँगेट्ने चित्तवृत्ति देखाए। यसै कालमा हास्यव्यङ्ग्यको यथार्थतः विकास भयो। निबन्धकारहरू कलात्मक ले।शैलीतिर पनि क्रमशः ढल्कन था 2007 मा राणातन्त्रको अवसान भएपछि निबन्धका निम्ति सारा पूर्वकालीन अवरोधक तत्व स्वतः पन्छिए। निजात्मकताले बल्ल प्रश्रय पायो। फलस्वरूप हास्यव्यङ्ग्यका निम्ति पनि यथापेक्षित अवकाश निबन्धकारहरूले पाए। नेपाली निबन्धका विकासका निम्ति सावधि पत्रपत्रिकाको दुर्मूल्य प्रदान बिर्सन सकिन्न। यो कुरो सुन्दरीमाधव ,ीगोर्खा संसार ,जन्मभूमि ,चन्द्रिका ,चन्द्र ,गोर्खाली , नेपाली साहित्य ,को प्रदान मात्र होइन ती पछिका शारदा-औ तरुण गोर्खा ,युगवाणी ,साहित्य स्रोत ,गोर्खा ,गोर्खा सेवक ,उद्योग ,सम्मेलन पत्रिका

प्रभात आदिको पनि महत्त्वपूर्ण भयो। ,भारती ,पुरुषार्थ 2007 देखि नेपाली जीवनमा नौलो वसन्त आयो। यसै परिवेशमा प्रगतिजागरण आदि , निस्के। नवीन प्रजन्मका युवकहरूले अनेक पत्रपत्रिका निकाले र नेपालीहरूले कालधर्मलाई कति ठम्याएका रहेछन् भन्ने कुरो पनि दै बिलाउँदै गए। यसो हुने कारणको अर्थ बुझिन्छ। धेरै पत्रपत्रिका निस्कँ धेरैले गरिसकेका छन्। तापनि नेपाली मनीषा दमित भएन। जागृति , स्वतन्त्र ,दियालो ,नौलो पाइलो ,सुस्केरा ,कोसेली ,नवप्रभात ,जनसाहित्य जाग्रत गोर्खा इत्यादि पत्रपत्रिकालाई यस भनाइका सत्यंकारका ,नेपाली ,रूपरेखा ,निबन्धका श्रीवृद्धि निम्ति धरती निम्ति अघि सार्न सकिन्छ। म ,रचना ुकुट ,फूलपाती आदिले गरेभन्दा बढ़ी काम नेपाली ,सिउँड़ी , गरिमा आदिले गरिरहेछन्। ,अभिव्यक्ति ,मधुपर्कप्रस्तुत सङ्ग्रह नेपाली गद्य औ निबन्धको इदमित्थम् ग्रन्थ होइन। यसमा राखिनुपर्ने गद्यका कतिन्। त्यस्तै केही प्रतिनिधि निबन्धकार पनि कति कृति छुटे हुन-परेनन् ह ोलान्। यस्तो च्युति जानाजान प्रमादवश गरिएको होइन। यो मेरो विशुद्ध अज्ञान हो। समग्रमा हेर्दा हाम्रो हास्यव्यङ्ग्यसाहित्यलाई तीन - मनोरञ्जनप्रधान हास्योत्पादक – खण्डमा वर्गीकृत गर्न सकिन्छ -साहित्यिक मूल्यको व्यङ्ग्यप्रधान हास्यव्यङ्ग्य ,साहित्य-हास्यव्यङ्ग्य साहित्य र विविध। छासछुस घोचपेच गरेर अथवा पाकपुक हानेर वा सामान्य कुरालाई पनि अतिरञ्जकताका साथ ठट्यौले भाषामा बोलेर हास्य सिर्जना गर्नेतर्फ हास्यव्यङ्ग्यकारहरू आकर्षित देखिन्छन्। यसलाई जोड दिने क्रियाकलापमा हास्यव्यङ्ग्यसम्बन्धी संस्थासमूहहरूले पनि , सघाइदिएका छन्। साहित्यिक मूल्यका व्यङ्ग्यप्रधान हास्यव्यङ्ग्य साहित्यतर्फ हास्यव्यङ्ग्यकार लेखक प्रतिबद्ध नरहेका होइननन्तर , लेखकका रचना स्तरीय छन् र -साहित्यकार व्यङ्ग्य ,केहीलाई छाड़ेर

ई त्यति महत्त्व दिएनन् जति व्यङ्ग्यलाई। साहित्यिक। यिनीहरूले हास्यला
समष्टिमायस खण्डको दोस्रो चरणदेखि निबन्धले हास्यव्यङ्ग्य साहित्यमा
जुन अग्रणी स्थान राखेर आइरहेको छ यसको वर्चस्विता आज पनि
कायम नै छ। हास्यव्यङ्ग्यलाई शाश्वततास्तरीयता र मानक रूप दिने ,
क मूल्य हो। यसको रिक्ततामा तत्व त्यसमा निहित हुने साहित्यि
हास्यव्यङ्ग्यको तौल घट्छदिगो नरहने र त्यसको ,आयु क्षीण हुन्छ ,
सार्वजीनता ,साहित्यिक मर्यादा कायम हुन सक्तैन। त्यस्तै मानवीय मूल्य
चिन्तनद्वारा प्रबोधित नभई तिनीहरूको ,महत्ताबारेको सोच-र मानव
यथार्थताप्रति इमानदार हुन निरपेक्षतामा मानवीय मूल्य र सामाजिक
सक्तैनौं। त्यसलाई ठम्याउन पनि गाह्रै पर्छप्रतिशोधात्मक भावसंस्कार र ,
जो हास्यव्यङ्ग्यकारको निमित्त ,सङ्कीर्णताहरूबाट मुक्त हुन पनि सक्तैनौं
सचेत -आवश्यक छ। यसप्रकारको साहित्यिक दायित्व र समाज
मा समसामयिक यथार्थ र दृष्टिकोणअन्तर्गत सहजतया रचिने साहित्य
विसङ्गतिहरूका प्रति जुन आलोचनात्मक प्रतिक्रिया व्यक्तिने गर्छ ,
धेरै मात्रामा प्रभावकारी र स्तरीय देखिन्छ। – व्यङ्ग्य व्यक्तिने गर्छ
शायद त्यसैले हो कि तेस्रो चरणका हास्यव्यङ्ग्यकारले आफ्ना पूर्ववर्ती
ध चौड्याउन र उँचाइ थप्न सकेका हास्यव्यङ्ग्यकारले स्थापित गरेको साँ
छैनन्। त्यसैको वरिपरि फेरो लगाइरहेका प्रतीत हुन्छन्। हाँस्नुहँसाउनु ,
,र हान्नु हास्यव्यङ्ग्यभित्रै पर्ने उद्देश्य हो। यसको पनि आफ्नो स्तर हुन्छ
मानवीयता हुन्छ। महत्ता त त्यसले अर्थ्याउन खोज्ने ,मूल्य हुन्छ
व्यञ्जना हो जसको कटुतापूर्ण अनुभूति पाठकमा आशयको विनोदपूर्ण
गराएरउपहास्य सत्यको साक्षात्कारले आनन्दको पनि सिर्जना गर्दछ। तर
मनोरञ्जनकै अर्थमा हास्यव्यङ्ग्य भनेको यही हो भन्ने ठट्यौले सोच र
समझदारीमा हास्यव्यङ्ग्यको उत्थान कति सम्भव होला विचारणीय छ।

साहित्यिक मर्यादा र मानवीय मूल्यद्वारा स्थापित हुने स्तरमान यसको पनि आफ्नो हुन्छ। हास्यव्यङ्ग्यले परिभाषित गर्ने यस अर्थको सापेक्षताअनुकूल सिर्जना हुने संरचनाले हास्यव्यङ्ग्य साहित्यलाई उठाउँछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ।

नेपाली निबन्धको वर्तमान अत्यन्त उर्वर, सशक्त एवं प्राप्तिपूर्ण बन्न पुगेको छ। असङ्ख्य निबन्धकारहरू निबन्ध सिर्जनामा कटिबद्ध बनेका छन्। एकातिर प्रौढ तथा युवा दुवै पुस्ताको उपस्थिति चर्चा योग्य छ भने अर्कातिर नारी र पुरुष दुवैवर्गका स्रष्टाहरू निबन्ध लेखनमा सक्रिय छन्। यो अत्यन्त प्रशंसनीय पक्ष हो। अतः नेपाली निबन्धका उद्भवदेखि विकासको मार्गतिर विविध चरण र मोढहरू पार गर्दै अग्रसरित हुँदा आज सम्ममा देखिएका प्रवृत्ति र प्राप्तिलाई बुँदागत रूपमा निम्न प्रकारले औंल्याउन सकिन्छ -

1वैयक्ति (क अनुभूतिको प्राधान्य

2राष्ट्र (, जाति, संस्कृतिर प्रकृति प्रेमको उद्घाटन

3 विसङ्गत (वर्तमानप्रति वितृष्णा

4 / स्वच्छन्दतावादी (प्रगतिवादी चेतको विस्तार

5सरल (, सहज एवं प्रवाहशील काव्यात्मक भाषाशैली

6 व्यङ्ग्य (विद्रोह भावको प्रधानता र सुधारवादी चेतना

7 जीवन (जगतको यात्राबाट उत्पन्न परिस्थितिप्रतिको संवेदनशीलता

8 कर्मशीलता (एवं आशावादी दृष्टिकोणको प्रसार

9 कतै (अमूर्तता र दुरुहताको प्रदर्शन

Notes

10 मानवीय (मूल्य मान्यताको वकालत तथा अस्मिताको खोजी

11 विश्वव्यापीकरणतर्फको (अग्रसरता र विश्व बन्धुत्वप्रति आकर्षण

12 सामाजिक (मूल्य मान्यतामा देखापरेको विचलन प्रतिनैराश्य

13 राष्ट्रिय (राजनीतिक परिदृश्य प्रतिको टिप्पणी र युगबोधको अभिव्यक्ति आदि।

## 7.5 सार

- अहिलेसम्मको खोजअनुसार लेख्यसामग्रीको अध्ययन गर्दा नेपाली भाषा प्रारम्भमा गद्यरूपमै व्यक्त भएको देखिन्छ।

- प्राचीन नेपाली अभिलेख तथा ग्रन्थहरूलाई अघि सार्न सकिन्छ। शाके 603 देखिका ती प्राचीन अभिलेखहरूमा हुनत साहित्यिकता केही पनि भेटिदैन तर तिनमा हामी नेपाली गद्यभाषाको इतिहास पाउन सक्तछौं।

- प्रारम्भिक कालमा आख्यानको फाँटतर्फ एकातिर पुराण आदिका धार्मिक कथाहरू नेपालीमा अनूदित भए भने आख्यानेतर फाँटतर्फ अर्कातिर योग तथा अध्यात्म विषयका धार्मिक पुस्तकहरू अनूदित भएर गयो।

- प्रारम्भका लक्ष्मी ,धर्म संवाद-तुलसीस्तवग ,ोरक्ष योगशास्त्र ,राजधर्म , वाणोपनिषद् ,आत्मबोध ,योगवाशिष्ट सार ,वैराग्याम्बर आदिलाई यसै सन्दर्भमा हेर्न सकिन्छ।

- नेपाली साहित्यमा माध्यमिक कालको प्रारम्भ सं1940 . तिरदेखि भएको मानिन्छ। यसै कालमा नेपाली साहित्यले मुद्रणयुगमा प्रवेश - गरेको र नेपाली पत्रकारिताको समेत उदय भएकाले यो युग धेरै महत्त्वपूर्ण रह्यो।

- सं .2007 को क्रान्तिपश्चात् शैक्षिक सुधारअन्तर्गत अङ्ग्रेजी शिक्षाको प्रचार र सर्वसाधारणका निमित पाठशालाको स्थापना जस्ता महत्त्वपूर्ण कार्य भए। यस प्रकारको परिणाम स्वरूपग लेखकवर्गको मानसिक

चेतनामा प्राश्चात्य साहित्यको जुन प्रभाव पर्‍यो त्यसले नेपाली निबन्ध , साहित्यलाई अरू प्रगतिपथमा अग्रसर गरायो।

● अधुनिक नेपालको जन्म हुनुभन्दा अघिमा अभिलेख तथा ज्योतिष , औषधिमूलो र नीति विषयक ग्रन्थादिलाई निबन्ध मान्न सकिदैन। यी सामग्रीहरू नेपाली गद्यका पृष्ठभूमिका प्राचीन स्रोत मात्र हुन्।

● ऐतिहासिक स्रोत खोज्दै जाँदा नेपाली निबन्धको प्रारम्भ बिन्दु पृथ्वीनारायण शाहदेवको 'दिव्योपदेश' (1831) मा फेला पर्दछ ,किनभने साहित्यिक गुण र कलात्मक अभिव्यञ्जनाको संयोजन यसै गद्यकृतिमा भएको छ।

● लक्ष्मीप्रसाद देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन्। शारदा )1991 (मा प्रकाशित उनको पहिले निबन्ध आषाढ़को पन्ध्र )1992नै ( पहिलो आधुनिक निबन्ध हो।

● नेपाली भाषाको भाषिक स्थितिराजनैतिक तथा सांस्कृति ,क परिवेशअनुकूल निर्मित नेपाली गद्यको प्राचीन परम्परा नै नेपाली निबन्धको पृष्ठभूमि हो।

● सामाजिक बनोटअनुरूप विभिन्न समयमा आएको परिवर्तनको प्रभाव नेपाली निबन्धमा पर्‍यो। त्यसैले नेपाली निबन्ध गतिशील स्वरूपको बन्दै बिकासक्रममा अग्रसर भयो।

● नेपाली निबन्धको वर्तमान अत्यन्त उर्वर, सशक्त एवं प्राप्तिपूर्ण बन्न पुगेको छ। असङ्ख्य निबन्धकारहरू निबन्ध सिर्जनामा कटिबद्ध बनेका छन्। एकातिर प्रौढ तथा युवा दुवै पुस्ताको उपस्थिति चर्चा योग्य छ भने अर्कातिर नारी र पुरुष दुवैवर्गका स्रष्टाहरू निबन्ध लेखनमा सक्रिय छन्।

● नेपाली निबन्ध लेखनको दिशामा निबन्धकारहरूले नवनव अन्वेषण - तथा मूल्य र मान्यताहरूलाई प्रविष्ट गराउँदै निबन्धको वर्तमान स्वरूप र स्थितिलाई भरिलो पार्न सक्षम रहेका थाहा पाइन्छ ।

## 7.6 अनुशीलनी

) 1 (नेपाली साहित्यमा निबन्ध परम्पराको ऐतिहासिक आधारहरूबारे प्रकाश पार्नुहोस् ।

)2 (नेपाली निबन्ध लेखन साहित्यको माध्यमिककालबारे खुलस्त पारेर चर्चा गर्नुहोस् ।

)3 (नेपाली निबन्ध विकास परम्परामा पत्रपत्रिकाको प्रकाशनले पुर्याएको - योगदानबारे विवेचना गर्नुहोस्।

नेपाली निबन्ध लेखनको क्षेत्रमा विविध चरणमा देखापर्ने (4) निबन्धकारहरूका बारे समीक्षात्कम चर्चा गर्नुहोस् ।

)5 (आजको सन्दर्भमा नेपाली निबन्धले प्राप्त गरेको स्वरूप र प्राप्तीहरूबारे खुलाएर चर्चा गर्नुहोस् ।

## 7. 7 अतिरिक्त अध्ययन

1 विद्यापति दाहाल - **साहित्य विमर्श**

2 भागवत आचार्य - **कविता सिद्धान्त र नेपाली कविता एवं निबन्ध**

3 -डा कृष्णदेव शर्मा **समीक्षा सिद्धान्त**

4 डब्लू एच हड्सन् - **एन् इन्ट्रोडक्सन टु स्टडी अफ् लिटरचेर**

5 कृष्णविलास पौड्याल - **नेपाली लोकसाहित्य पूर्वआधुनिक साहित्य तथा**

**आधुनिक नेपाली निबन्ध**

6 केशवप्रसाद उपाध्याय .डा - **साहित्य प्रकाश-**

7 ,तुलसीराम घिमिरे ,यादवप्रकाश लामिछाने ,पारसमणि भण्डारी -

सालिकराम पौडयाल र टीका पौडेल **नेपाली नाटक एकाङ्की र ,निबन्ध**

8 नरेश चन्द्र खाती .प्रा – **अध्ययनः नेपाली निबन्धका**

9 दयाराम श्रेष्ठ र .डा – **नेपाली साहित्यको संक्षिप्त इतिहास**

प्रामोहनराज शर्मा .

10 रत्नध्वज जोशी – **आधुनिक नेपाली साहित्यको झलक**

11 ,कुमारबहादुर जोशी .डा - **लक्ष्मी निबन्धसंग्रहका निबन्धहरूमा देवकोटाका काव्य मान्यता**

12 नरेश चन्द्र खाती .प्रा - **अध्ययनः नेपाली निबन्धका**

13 (सं) मोहनराज शर्मा - **नेपाली निबन्ध भाग 1-**

14 रामलाल अधिकारी - **नेपाली निबन्ध यात्रा**

## 7.8 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

११. निबन्धबारे सामन्य परिचय ।

.........................................................................................

.........................................................................................

.................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 7.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१२. निबन्धको पृष्ठभूमिकालीन स्वरूप ।

.........................................................................................

.........................................................................................

.................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 7.4.1 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. नेपाली निबन्ध लेखनको काल विभाजन

..........................................................................................

..........................................................................................

................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 7.4.1 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. माध्यमिककालीन नेपाली निबन्धकारहरू

..........................................................................................

..........................................................................................

........................**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 7.4.1 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. नेपाली निबन्धको आधुनिक काल

..........................................................................................

..........................................................................................

................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 7.4.1 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5 नेपाली निबन्धका प्रवृत्ति र चरणगत मोडहरू । .

..........................................................................................

..........................................................................................

............

**(प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 7.4.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

6 नेपाली निबन्धको आजको सन्दर्भमा मूलभूत स्वरूपगत प्राप्तीहरू । .

.......................................................................................

........

.......................................................................................

........

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 7.4.2 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**